## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)
### तृतीय पत्र
# नेपालमा बौद्ध समाज

**समग्र उद्देश्य**

विद्यार्थीहरूले नेपालमा बौद्ध समुदायभित्र विभिन्न जातजातीका बौद्धहरूको जनजीवन शैली, संस्कृति, प्रचलित चाडपर्व, संस्कारको अध्ययन गरी नेपालमा प्रचलित बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध संस्कार, बौद्ध आचरणबारे ज्ञान पाउनेछन्।

**सिकाइगत उद्देश्यहरू**

१. नेपालमा नेवार जातिले परम्परादेखि अँगाल्दै आएको बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध संस्कार तथा बौद्ध आचरणबारे ज्ञान पाउनेछन्।
२. नेपालमा तामांग जातिले परम्परादेखि अँगाल्दै आएको बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध संस्कार तथा बौद्ध आचरणबारे ज्ञान पाउनेछन्।
३. नेपालमा गुरुङ्ग जातिले परम्परादेखि अँगाल्दै आएको बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध संस्कार तथा बौद्ध आचरणबारे ज्ञान पाउनेछन्।
४. नेपालमा मगर जातिले परम्परादेखि अँगाल्दै आएको बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध संस्कार तथा बौद्ध आचरणबारे ज्ञान पाउनेछन्।
५. नेपालमा शेर्पा जातिले परम्परादेखि अँगाल्दै आएको बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध संस्कार तथा बौद्ध आचरणबारे ज्ञान पाउनेछन्।
६. नेपालमा थारु जातिले परम्परादेखि अँगाल्दै आएको बुद्धधर्म, बौद्ध संस्कृति, बौद्ध संस्कार तथा बौद्ध आचरणबारे ज्ञान पाउनेछन्।
७. नेपालमा वर्तमान समयमा थेरवाद बुद्धधर्मको लोकप्रियता, व्यापकता, थेरवादी परम्पराको अभ्यास तथा आचरणबारे विस्तृत ज्ञान पाउनेछन्।


**अखिल नेपाल भिक्षु महासंघ**
**नेपाल बौद्ध परियत्ति शिक्षा**

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com



परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)
नेपालमा बौद्ध समाज


"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा


परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)
तृतीय पत्र
नेपालमा बौद्ध समाज
अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा



Dhamma.Digital
https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)

## तृतीय पत्र

# नेपालमा बौद्ध समाज

Dhamma.Digital

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**डा. सबिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यसामग्री समिति

प्रकाशनार्थ आर्थिक सहयोग : **सरश्वति तुलाधर सपरिवार**

**दाता परिवारलाई साधुवाद ।।**

परियति सद्धम्मकोविद मध्यम वर्ष, तेश्रो पत्रको यस पाठ्यपुस्तक प्रकाशनार्थ आफ्नो पुजनीय माता **सरश्वति तुलाधर** को चन्द्ररथारोहण (दोस्रो जंको) को शुभ उपलक्ष्यमा उहाँको दीर्धायु र आरोग्यको कामना गर्दै आर्थिक सहयोग गर्नुहुने

*छोरीहरू : चन्द्र देवी कंसाकार, कन्चन लता ताम्राकार*
*किर्ती बनिया, सुचिता तुलाधर, न्हसला श्रेष्ठ*

सर्वाधिकार : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

Dhamma.Digital

प्रथम संस्करण : १००० प्रति
बु.सं. २५६८
वि.सं.२०८१
ने.सं. ११४५
ई.सं. २०२५

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, ल.पु.

सहयोगार्थ मूल्य : १५०/-

(नोट : यस पुस्तक विक्रि भएको रकम पुनःसंस्करणको लागि प्रयोग हुनेछ)

https://dhamma.digital

# साधुवाद

नेपालको बुद्धशाशनमा ऐतिहासिक संस्था, 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अतुलनीय योगदान दिएर जानुभएका अति पूज्यनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्ममित्र धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको शुरुवाट गर्दछौं ।

नेपालमा बौद्ध समाज शिर्षकको प्रस्तुत पुस्तक, 'अखिल नेपाल भिक्षु महासंघ' द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म कोविद मध्यम वर्ष (तह ९)' को तृतीय पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो । यस पाठ्यपुस्तकको पाठ्यसामग्रीमा *एकाइ १ नेवार बौद्ध समाज*को पाठ्यसामग्री डा.त्रिरत्न मानन्धर र उष्णीष तारा तुलाधरले लेख्नुभएको हो । *एकाइ २ तामाङ्ग बौद्ध समाज*को पाठ्यसामग्री भिक्षु ज्ञानेन्द्र स्थविरले लेख्नुभएको हो । यस एकाइ २ को 'पृष्ठभूमि' धर्मरत्न शाक्यको लेखनबाट लिइएको हो । *एकाइ ३ गुरुङ्ग बौद्ध समाज*को पाठ्यसामग्री देवेन्द्र बज्राचार्यले लेख्नुभएको हो । यस एकाइ ३ को 'पृष्ठभूमि' शिर्षक भिक्षु सुदर्शन महास्थविरको लेखनबाट लिइएको हो । *एकाइ ३ मगर बौद्ध समाज*को पाठ्यसामग्री टि.बि. पुनले लेख्नुभएको हो । यस एकाइ ३ को 'पृष्ठभूमि' शिर्षक भिक्षु सुदर्शन महास्थविरको लेखनबाट लिइएको हो । *एकाइ ४ थारु बौद्ध समाज*को पाठ्यसामग्री भिक्षु सिरि वजिर स्थविरले लेख्नुभएको हो । यस एकाइ ४ को 'पृष्ठभूमि' शिर्षक भिक्षु सुदर्शन महास्थविरको लेखनबाट लिइएको हो । *एकाइ ४ शेर्पा बौद्ध समाज*को पाठ्यसामग्री भिक्षु ज्ञानेन्द्र स्थविरले लेख्नुभएको हो । *एकाइ ५ नेपाली बौद्ध समाजमा थेरवाद परम्पराको व्यापकता* पाठ्यसामग्री डा. त्रिरत्न मानन्धरले लेख्नुभएको हो ।

https://dhamma.digital

यस पाठ्यपुस्तक प्रकाशन हुनाले ‘नेपाल बौद्ध परियत्ति शिक्षा’ का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ। यस पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्नुहुने सरश्वति तुलाधर परिवारलाई हार्दिक धन्यवाद दिन्छौं। पुस्तक प्रकाशनको क्रममा प्रेस सम्बन्धी कार्य निपुणताका साथ गर्नुहुने आइडियल प्रेसका विनोद महर्जन प्रमुख प्रेसका सम्पूर्ण कार्यदललाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

अन्तमा पुनः एकपटक ‘नेपाल बौद्ध परियत्ति शिक्षा’ को पाठ्यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षु संघ, श्रद्धेय गुरुमां संघ तथा श्रद्धालु महानुभावहरूलाई मैत्रीपूर्ण साधुवाद।

बु.सं. २५६८ — प्रधान सम्पादक प्रमुख
वि.सं.२०८१, असार — सम्पादक मण्डल

Dhamma.Digital

https://dhamma.digital

# प्रकाशकीय

'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रस्तुत गर्न पाउँदा धर्मप्रीतिको अनुभव भएको छ। यस पुस्तक अध्ययन गरेर धेरैभन्दा धेरै विद्यार्थीहरू लाभान्वित हने अपेक्षा गरेका छौं।

वि.सं. २०१९ मा स्थापना भएको 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा'को अध्ययन अध्यापनद्वारा नेपालमा बहुसंख्यक अध्ययनार्थीहरूले बुद्धशिक्षालाई गहन रूपमा सिक्ने अवसर प्राप्त गरेको छ। 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक तयार गर्न विगतका समयदेखि वर्तमानसम्म धेरैजना भिक्षुहरू, अनागारिका गुरुमांहरू, उपासक तथा उपासिकाहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदै आउनुभएको छ।

हाम्रा परमपुज्य गुरुवर्गहरू भिक्षु बुद्धघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर, भिक्षु ज्ञाणपूर्णिक महास्थविर, अनागारिका सुशिला तथा श्रद्धालु धर्मभिरु उपासक धर्मरत्न शाक्य जसले परियत्ति शिक्षाको लागि पुसतकहरू श्रृजना गर्नुभयो, उहाँ गुरुहरूको गुणानुस्मरण गर्दै उहाँहरूले देखाउनुभएको मार्गमा पाइला चाल्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई निरन्तर अगाडि बढाइरहनु भएको चतुपरिषदलाई साधुवाद दिन्छौं। 'नेपाल बौद्ध परियत्ति शिक्षा' को लागि पाठ्यपुस्तक निर्माण गर्ने वृहत कार्यमा विगतका समयदेखि आजसम्म पाठ्यसामग्री लेखन, पाठ्यसामग्री अनुवाददेखि लिएर आवश्यक परिमार्जन, संशोधन, सल्लाह सुझाव दिँदै सँधैभरि योगदान दिँदै आउनुभएका भिक्षु, अनागारिका गुरुमांहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। पाठ्यसामग्री लेखन, अनुवाद, अनुसन्धान, सम्पादन, शुद्धाशुद्धि, टाइपिङ्ग, प्रुफ रिडिङ्ग आदि विविध कार्यमा सँधैभरि सहयोग गर्दै आउनुभएका श्रद्धालु उपासक

https://dhamma.digital

उपासिकाहरूप्रति मैत्रीपूर्ण साधुवाद ।

'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' को वर्तमान कार्यकारिणि समितिमा रही यस पाठ्यपुस्तक प्रकाशन कार्य सम्पन्न गर्नुभएका कार्यकारिणि समितिका संयोजक भिक्षु धर्मगुप्त महास्थविर प्रमुख बाँकी सदस्यहरुको अथक प्रयास प्रशंसनीय रहेको छ ।

यो पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने सरश्वति तुलाधर परिवारप्रति साधुवाद व्यक्त गर्दछौं । प्रेस सम्बन्धि कार्य गरी निरन्तर सहयोग गरिरहनुभएका आईडियल प्रिन्टिङ्ग प्रेस परिवारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस शैक्षिक संस्थामा संलग्न भिक्षु, अनागारिका, उपासक तथा उपासिका वर्गले अनवरत रूपमा सेवा गर्दै आएको तथा उस्तै दाताहरूबाट पनि निरन्तर रूपमा दान दातव्यको पुण्य कार्य भइरहेको कुरा उल्लेखनीय छ । यस्तै पुण्यकार्यको फलस्वरूप परियत्ति शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पाठ्यपुस्तक तथा सामग्री आपूर्ति हुँदै आएको छ । यो नेपालको बौद्ध समुदायको लागि धर्म गौरवको कुरा हो । नेपालको बौद्ध जगतका उनै श्रद्धालु महानुभावहरूको निस्वार्थ सेवा, अथक प्रयासको फलस्वरूप नेपाल बौद्ध परियत्ति शिक्षाले सफलपूर्वक ६ दशक पार गरिसक्यो । यस्तै श्रद्धालुहरूको आस्था, त्याग, मेहनतकै आडमा भविष्यका दिनपनि यस ऐतिहासिक संस्थालाई निरन्तररूपले अगाडि बढाउने छौं भन्ने हाम्रो संकल्प रहेको छ ।

बु.सं. २५६८ **अखिल नेपाल भिक्षु महासंघ**

वि.सं. २०८१ **नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

# दाता परिवारबाट केही शब्द

'अखिल नेपाल भिक्षु महासंघ' द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को व्यापक प्रचार प्रसारबाट नेपालमा बुद्धधर्म शुद्ध रूपले बुझ्न र बुझाउन ठोस योगदान पुगेको कुरा सर्वविदित छ। यस महत्वपूर्ण शासनिक कार्य भविष्यमा पनि निरन्तर अगाडि बढोस् भन्ने कामना गर्दै 'परियत्ति सद्धम्म कोविद' मध्यम वर्षको तृतीय पत्र 'नेपालमा बौद्ध समाज' विषयको यस पाठ्यपुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने अवसर मिलेकोमा हाम्रो परिवार अति हर्षित छौं।

हाम्रो पूज्यनीय माता सरश्वति तुलाधरको चन्द्ररथारोहण (दोश्रो जंको) को शुभ उपलक्ष्यमा धर्मचित्तले गरिएको यस पुण्य कार्यको फलद्वारा उहाँको दीर्घायु र आरोग्यको कामना गर्दछौं।

यस पाठ्यपुस्तक प्रकाशनद्वारा बुद्धधर्म प्रचार प्रसार कार्यमा 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई थप सहयोग मिल्नेछ भनी विश्वास लिएका छौं।

**चन्द्र देवी कंसाकार**
**कन्चन लता ताम्राकार**
**किर्ति बनिया**
**सुचिता तुलाधर**
**न्हसला श्रेष्ठ**

Dhamma.Digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## तृतीय पत्र
# नेपालमा बौद्ध समाज

## विषय सूचि


| | पृष्ठ |
|---|---|
| एकाइ १ : नेवार बौद्ध समाज | १ |
| एकाइ २ : तामांग बौद्ध समाज | ४९ |
| एकाइ ३ (क) गुरुंग बौद्ध समाज | ७९ |
| (ख) मगर बौद्ध समाज | ९९ |
| एकाइ ४ (क) थारु बौद्ध समाज | १११ |
| (ख) शेर्पा बौद्ध समाज | १२५ |
| एकाइ ५ : नेपाली बौद्ध समाजमा थेरवादी परम्पराको व्यापकता | १३३ |


Dhamma.Digital

https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## तृतीय पत्र

# नेपालमा बौद्ध समाज

## एकाइ १ : नेवार बौद्ध समाज

लेखक :

डा. त्रिरत्न मानन्धर

उष्णीष तारा तुलाधर

https://dhamma.digital

# एकाइ १ : नेवार बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

नेपालका आदिबासी जातिहरूमध्ये नेवार एक प्रमुख जाति हो । नेपाल देशको नाम, इतिहास, संस्कृति यसै जातिसँग गाँसिएको छ । नेपालको नाम 'नेपाल' नै नेवार आदिबासी जातिको नामबाट रहन गएको देखिन्छ । यस जातिको आफ्नो मौलिक भाषा, कला, संस्कृति, लिपि रहेका छन् । यस जातिले विकास गरेका आर्थिक, सामाजिक, राजनीतिक सभ्यता नै नेवार हुनुको परिचय र आधार हो । नेवार जातिहरू आफ्नो संस्कृति, कला, साहित्य, व्यापार, कृषि, पहिरन तथा खानाका विभिन्न परिकारका कारणले विश्वमा चिनिने जाति हुनपुगेको छ । यी जातिहरू आर्थिक र सामाजिक रूपले अव्वल रहेको कुरा यू. एन. डी. पि. को वार्षिक मानव विकास परिसूचकांकमा उललेख गरेको छ। नेपालको छैंठौं ठुलो जनजातिमा सुचिकृत यी जातिहरूको जनसंख्या सन् २०११ अनुसार १३ लाख रहेको थियो ।

नेवार एउटा यस्तो समुदाय हो जसले आफ्नै राजकिय सत्ताको लामो इतिहास बोकेको छ । नेपालको इतिहासमा अठारौं शताब्दीको उत्तरार्धसम्म राज्य संचालनमा नेवारहरूकै प्रभुत्व रहेको पाइन्छ । नेपालका प्राचीन सबै राजबंशहरू–गोपाल र महिषपालबंश, किरात, लिच्छिवि, ठकुरी, मल्ल आदि नेवार समुदायका हुन् । ती जातिहरू अहिलेसम्म पनि विद्यमान रहेको छ ।

नेवारहरू धेरै अगाडिदेखि नेपाल मण्डलमा बसोवास गरिरहेको जाति हुन् । पृथ्वी नारायण शाहको आक्रमण पछि यी जातिहरूलाई राज्यले विभिन्न तवरले अपेक्षा गर्दा पनि यिनीहरूले आफ्नो गरिमामय संस्कृति र रहनसहनलाई प्रभावित पार्न दिएन । यिनीहरू बसोवास गर्ने नेपाल मण्डलको कुरा गर्दा उत्तरमा तिव्वत, पूर्वमा किराती राज्य,



https://dhamma.digital

दक्षिणमा मकवानपुर र पश्चिममा त्रिशुलीसम्म यिनीहरूको बसोवास थियो ।

नेवारहरू आर्थिक रूपले समृद्ध जाति हुनुमा उनीहरू सामाजिक रूपमा एकता भएर रहने र परिवार सबै आबद्ध भई पुर्ख्यौलि व्यवसायलाई निरन्तरता दिनेगरेको कारण मानिन्छ । व्यापार, शिल्पकला, माटोको भाँडो बनाउने, बुनकर, रंगाउने कार्य, कृषि आदि सबै आवश्यक व्यवसायहरू नेवार समुदायले पुर्ख्यौली रूपमा गरिंदै आइरहेको र त्यस कार्यको निरन्तरताबाट प्राप्त विशेषज्ञता हासिल गर्न सफल भएको छ ।

काठमाडौं उपत्यकाको तीन शहरहरूमध्ये सबभन्दा ठुलो स्मारकको रूपमा रहेको स्वयम्भू र बौद्ध काठमाडौंमा पर्दछन् भने बढी संख्यामा बुद्धधर्मका स्मारकहरू भएको शहरको रूपमा ललितपुरलाई चिनिन्छ । अशोकबाट निर्मित भनिएका स्तुपहरू, महाबौद्ध चैत्य आदि स्मारकले ललितपुरलाई महत्वपूर्ण बौद्धस्थलको रूपमा परिचित गराएको छ ।

नेवारको मूलभाषा तिब्बत बर्मेली भाषा समुहभित्रको मानिए पनि किरांतकालमा पालि, लिच्छविकालमा संस्कृत र मल्लकालमा मैथलि, खस र फारसी, उर्दू र अन्य भाषाभाषीको संयोजन हुंदै नेपालभाषाको रूपमा वर्तमान अवस्था आएको छ। नेपालभाषाको अभिलेखको कुरा गर्दा १२ औं शताब्दीको उकुबहालको ताडपत्रमा हस्तलिखित वाक्यहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ । चौंधौं देखी अठारौं शताव्दी सम्म यो भाषा राजकीय भाषाको रूपमा यसको प्रयोग गरिएको थियो । यस भाषाको प्रमाणको रूपमा ढुंगामा कुंदिएको अभिलेख, ताम्रपत्र, विभिन्न हस्तलिखित ग्रन्थहरू, पत्रहरू, सरकारी दस्तावेज आदिलाई लिन सकिन्छ ।

लिपिको कुरा गर्दा नेवारहरूको लिपि ब्राम्हिलिपिबाट विकास भएको मानिन्छ । यस लिपिबाट नेपालभाषा मात्र नभई संस्कृत भाषा पनि लेख्ने गरिन्थ्यो । विशेष गरी रञ्जना लिपि, भुजिंमोल, प्रचलित लिपि, तथा नेपाल आखलहरू नेवारहरूको लिपिको रूपमा लिइन्छ ।



https://dhamma.digital

नेपालभाषाको रञ्जना लिपि संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरेर नेपाललाई छुट्टै स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्रको दर्जा लिन सक्षम भएको थियो । हिन्दूस्थानीको धर्म हिन्दू, भनिएझैं नेपालका आदिवासी नेवारले मान्ने धर्म भनेको बौद्ध र शैव हुन् । नेपालभित्र प्रचलित चन्द्रमासको आधारमा गणना गरिने संवत् नेपाल संवत् हो, जुन नेपालको मौलिक संवत हुन जसको प्रचलन सम्पूर्ण नेपालवासीको ऋण चुक्ता गरी राष्ट्रिय विभूति शंखधर साख्वाःले शुरू गराउनु भएको थियो

नेवारहरू वास्तुकलामा उत्कृष्ट थिए। उनीहरूले नेपाल मण्डलमा निर्माण गरेका पैगोडा, स्तुप, शिखरशैलीका मन्दिरहरू, चैत्यहरू अनुपम छन् । बहुछाना भएको मन्दिर निर्माण नेवारहरूले आफ्नै प्रविधिले बनाएको देखिन्छ । नेवारहरूको वास्तुकला भारत, चीन, जापानसम्म पनि फैलिएको थियो । नेपालको कलाकार अरनिको १३ औं शताव्दीमा तिव्वत पुग्दा त्यहाँका सम्राट कुबलाई खां धेरै प्रभावित भएको थियो । पाटनका नेवार समुदायका यिनले चीनको प्रख्यात सेतो चैत्य बनाउनु भएको थियो। हाल नेपालका ७ वटा संरचनालाई युनेस्कोले विश्वसम्पदा अन्तर्गत राखिएको छ । तिनीहरूमध्ये अधिकाँश नेवारहरूले निर्माण गरेका संरचनाहरू पर्दछन् । नेवारहरूले बनाएको २५०० भन्दा बढी स्तुप, मन्दिर आदि संरचनाले नेपाललाई सांस्कृतिक तथा कलामा रूपमा धनी बनाएको छ।

**चाडपर्व :**

नेवारहरूलाई विभिन्न प्रकारका चाडपर्व मनाउने जातिको रूपमा लिइन्छ । विशेष गरी मोहनी, स्वन्ति(तिहार), न्हूदं(म्हपूजा), किजापुजा, सापारू गथांमुगः,जनबहाः द्यः जात्रा, बुंगद्य जात्रा, विस्का जात्रा सिठी नखः, गठाँमुगः, पञ्चदान, इन्द्रजात्रा, कुमारीजात्रा, मोहनी, स्वन्ति, यमरीपुन्ही पाँहाचह्रे इत्यादी नेवारहरूको चाँडपर्व हुन् । प्रत्येक चाँडपर्वमा चेलीहरूलाई बोलाउने चलन नेवार समाजको विशेषता हुन् ।



https://dhamma.digital

**नेवार र नेवारजातिको विकासक्रम :**

प्राचीन समयमा नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) एउटा ठूलो तलाउको रूपमा रहेका थियो भन्ने कुरा यहाँ भएको तलैया माटो तथा यसको भौगोलिक बनावटबाट नै स्पष्ट पार्दछ। काठमाडौं उपत्यकाको निर्माण महाचीनबाट आउनुभएका मन्जुश्रीले तालको रूपमा भएको काठमाडौंको पानी चोभारको गल्छीबाट निकाली बसोबास गर्न योग्य उपत्यका बनाएपछि मानव बस्तीको विकास साथसाथै नेवारहरूको सभ्यताको शुरूवाट भएको हो भन्ने सहजै अनुमान गर्न सकिन्छ। उनीहरूले मूर्त अमूर्त सम्पदाहरू निर्माण गरे। यहाँको मन्दिर, सत्तल, पाटीपौवाहरू मूर्त सम्पत्ति हुन भने यहांका भाषा साहित्य, कला, जात्रा, चांडपर्वहरू नेपालकै अमूल्य अमूर्त सांस्कृतिक धरोहरहरू हुन्। नेवारहरूको उच्चस्तरीय सांस्कृतिक सम्पदाहरूले गर्दा नै धेरै मानिसहरू उत्तर, दक्षिण, पूर्व र पश्चिमबाट आएर बसोबास गर्न आएर कालान्तरमा नेवार नै भएर बस्न थालेका हुन्।

उपत्यकामा ग्वाल/गोपालिहरूले (यदुबंशी यादब) पहिले बस्ती बसाली उनीहरूमध्येबाट नै भुक्तमान भन्ने व्यक्तिले यस ठाउंको पहिला राजा भई शासन गरेका थिए। गोपालीहरूको वंशलाई नै वंशावलीहरूमा गोपालवंशी (गाई पालकहरूको वंश) भनिएको पाइन्छ। गोपालवंशीपछि अहिर वंशी/महिषपाल वंशी (भैंसी पालकहरूको वंशी) ३ जना राजाहरूले राज्य गरेका थिए। यी गोपालि र महिषपाल वंशका सन्तानहरू नै नेवार समुदायका वर्तमान 'सापु' (गाई पालक) र 'मेपु' (भैंसीपालक) हुन् भन्ने कुराको सजिलै विश्वास गर्न सकिन्छ। गोपाल र महिषपाल राजाहरूपछि किरातहरूले नेपाल उपत्यकाको शासन आफ्ना हातमा लिए। त्यसपछि क्रमशः लिच्छवि, ठकुरी मल्ल इत्यादि वंशका राजाहरूले तत्कालीन नेपालमा राज्य गरेका थिए। यी सबै वंशजहरू र अन्य निवासीहरूको सन्तानहरू नै वर्तमान नेवार समुदायका अभिन्न अंगको रूपमा बिद्यमान रहेका पाइन्छ।



https://dhamma.digital

**नेवारहरुको वसोवास स्थल :**

नेपाल मण्डल नेवारहरूको हजारौं वर्षदेखि बसोवास भइरहेको क्षेत्र हो । काठमाडौं उपत्यका नेवारहरूको मुख्य बसोवास स्थल हो । यसअन्तर्गत कान्तिपुर, भक्तपुर, ललितपुर, ठिमी, चोभार, बुंगमति, थानकोट, कीर्तिपुर उपत्यकाको मूख्य स्थलहरू हुन् । उपत्यका बाहेक उपत्यकाभन्दा बाहिर, बनेपा, धुलिखेल, नुवाकोट, नाला, पनौति, दोलखा, चित्लागं, भीमफेडी, पोखरा, तानसेन, भोजपुर, चैनपुर, स्यांजा आदि पनि नेवारहरूको बसोवास भएको ठाउँको रूपमा रहेको छ । बागलुंग, सिलगढी, बन्दिपुर आदि पनि नेवारहरूको वसोवास भएको ठाउँहरू हुन् । नेवारहरू बस्ने ठाउँमा बहुतल्ले घरहरू मात्र नभई चोक, बहा, बही, पाटी, पौवा, डबली, धारा, बजार आदिहरू हुने गर्छन् ।

नेपाल बाहिरको कुरा गर्दा पश्चिम बंगाल, आसाम, मणिपूर, सिक्किम, दार्जिलिंग, कालिंम्पोगका साथै ल्हासा, चीन, भूटानमा पनि नेवारहरू बसोवास गरिरहेका छन् । वर्तमान अवस्थामा यूरोप, अमेरिका, क्यानाडा अष्ट्रेलिया आदि देशहरूमा पनि नेवारहरूले आफ्नो संस्कृति र परम्परालाई मानेर बसोवास गरिरहेको छ ।

राष्ट्रिय जनगणना वि.सं २०७८ अनुसार नेपालको जनंसख्या (२,९१, ९२, ४८०) दुई करोड एकानब्बे लाख बयानब्बे हजार चार सय असि रहेको छ, जसमध्ये पुरूष ४८.९८ प्रतिशत (१,४२,५३,५५१) र महिला ५१.०२ प्रतिशत (१,४९,११,०२७) रहेका छन् । जस अनुसार नेवार जातिको जनसंख्या १३,४१,३६३ देखिएको छ । यस गणनामा देशभित्र अक्सर बसोबास गर्ने ब्यक्तिहरूले बोल्ने मातृभाषाको संख्या १२४ वटा देखिएकोमा नेवार भाषा बोल्ने जनसंख्या २.९६ प्रतिशत रहेका छन् । बौद्ध धर्मालम्वीहरूको संख्या २३,९३,५४९ कूल जनसंख्याको ८.२१ प्रतिशत रहेका छन् ।

**स्वयम्भू पुराणमा नेपाल मण्डल र नेवारहरु :**

नेपाल मण्डलको स्थापनासँगै स्वयम्भूको इतिहास गाँसेको



https://dhamma.digital

स्वयम्भू पुराण ग्रन्थले नेपाल मण्डल कसरी विकास भएको हो भन्ने विषयलाई प्रस्तुत गरिएको छ । स्वयम्भू पुराण नेपाल मण्डलको इतिहासभन्दा अगाडिको बौद्ध ग्रन्थ मानिएको छ। स्वयम्भू, उपत्यकामा रहेका सबै नेवार र गैर नेवारसमुदायले समेत पुज्दै आएको प्राचीन र पवित्र बौद्धस्थल हो । यस ग्रन्थमा सप्त बुद्ध- विपश्वी, शिखी, विश्वभू, क्रकुछन्द, कनकमुनी, काश्यप, र शाक्यमुनी बुद्धकोबारेमा उल्लेख गरिएको छ ।

सत्ययुगमा नेपाल देशको उपत्यका स्वनिगःको चारैतिर जामाच्व, ध्यानाच्व, फुलच्व, सिद्धि फुलच्व र चण्डागिरी तथा हिमाल पर्वतले चारैतिर घेरिएको पुष्करणी नागदह थियो । दहको बिचमा साम्हेगु पर्वत ( गाइको जिउको आकार) थियो । यस पर्वतको नाम सत्ययुगमा पद्मगिरि, त्रेतायुगमा गोश्रृङ्ग, द्वापरयुगमा वज्रकुट, कलियुगमा गोपुच्छ रहेको थियो । पौराणिक कालदेखि नै यो दह बोधिसत्वहरूको तीर्थस्थल भएको रहेछ ।

यस नागदहको वर्णन सुनी बन्धुमती नगरमा बस्नुभएका विपश्वी बुद्ध आफ्ना अनुयायीहरूसाथ तीर्थयात्राको क्रममा यस दहमा आई स्नान गरी जामाच्व चढी त्यहाँबाट दृष्यावलोकन गरी कमलको फुल बीजारोपन गर्नुभएको थियो । बीजारोपनपछि यहाँ सहष्रदल कमल फुली त्यस बीचबाट ज्योतिरूप स्वयम्भू धर्मधातु उत्पत्ति हुनेछ भनी भविष्यवाणी गर्नुभएको थियो । त्यस्तै यस नेपाल मण्डल र ज्योतिरूप स्वयम्भू बुद्ध बोधिसत्वहरूको सम्यक सम्बोधि लाभ गर्नको लागि धार्मिक स्थल हुनेछ भन्नुभएको थियो ।

महायान बुद्धधर्ममा मन्जुश्रीलाई बुद्धभन्दा माथी राखी पुज्ने समेत गरिन्छ । उहाँले सबै बुद्धमा भएको गुण र ज्ञानलाई सजिलो ढंगले तत्कालीन समाजमा फैलाउन सफल हुनुभएकोले बुद्धधर्मका बाटोलाई फैलाउने अभिभावकको रूपमा भुमिका निभाउनुभएको मानिन्छ । प्रज्ञापारमिता ज्ञानलाई समाजमा रूपान्तरित गर्न उहाँको महत्वपूर्ण भूमिका रहेको छ । स्वयम्भू पुराणका अनुसार नेपाल त्यस्तो देश हो



https://dhamma.digital

जसलाई बुद्धभूमीको रूपमा स्थापना गर्न मन्जुश्रीले ठूलो मिहेनत गर्नुभएको थियो ।

**नेवार राज्यको शुरुवात :**

नेवार राज्यको शुरूवाटको कुरा गर्दा आदिम पूर्खाहरू, किरात नेवारहरू, लिच्छविहरू, बैश ठकुरी र थकू जुजुहरू, मल्ल र सिहंहरूको वर्णन आवश्यक हुन्छ । तलाउको रूपमा रहेको नेपाल उपत्यकाको पानीले चोभार गल्छीबाट निकास पाए पश्चात् करिब ३ हजार बर्ष पहिले यहाँ मानवबस्तीको विकास भएको विश्वास गरिन्छ । त्यसरी मानवबस्तीको विकास गर्नेकार्यमा गोपाली र महिषपालहरू (नेपाल भाषामा क्रमशः सापु र मेपु भनिने) लाई जान्छ जसलाई वर्तमान नेवार समुदायको आदिम पुर्खाहरूको रूपमा लिन सकिन्छ । यो गोपाली र महिषपाली वंशका राजाहरूले नै नेपाल उपत्यकाको इतिहासको शुरूवाटको समयमा राज्य संचालन गरेका थिए ।

**किराँत नेवारहरु :**

गोपाली र महिषपालीहरूपछि किराँतीहरूले शासनभार आफ्नो हातमा लिएका थिए । यी किराँतीहरूलाई नै बाबुराम आचार्यले 'किरात नेवार' र नेपालको आदिम जाति हुन् भन्ने विचार व्यक्त गर्नुभएको छ । किराँत वंशका २९ जना राजाहरूले राज्य गरेका थिए । उनीहरूले गोकर्णमा राजधानी बनाई सोही ठाउँबाट देशको शासन संचालन गरेका थिए । साथै आफुले विस्थापित गरेका गोपाली र महिषपालीहरूको जमिन आफ्नो हातपारी उनीहरूलाई आफ्नो जमिनको कृषक मजदूरको रूपमा कार्य गर्न बाध्य पारे । फलस्वरूप उनीहरूको सन्तान वर्तमान ज्यापु/महर्जन वर्गमा समाहित हुन पुगे । साथै नेपाल उपत्यका बाहिर सुनकोशीको किनारसम्म पनि किरांत नेवारहरूको बस्ती फैलिएको थियो ।

किरात कालमा अधिक संख्यामा रहेका गोपाली र महिषपालीहरूले बोल्ने आभीर भाषालाई नै किरातहरूले अंगिकार गरेका थिए । तथापि



https://dhamma.digital

उक्त भाषामा किरातहरूको भाषाको पनि प्रभाव पर्नगएको फलस्वरूप गोपाली/महिषपाली र किरातीहरूको भाषाहरूको समिश्रणबाट एक प्रकारको नयाँ भाषाको श्रृजना भएको आभाष पाइन्छ । यसै नयाँ भाषालाई पछि कालान्तरमा नेपालभाषा भनिएको हो । सो भाषा बोल्ने किरांतहरू पनि नेवार समुदायमा समाहित हुन गएको थियो । विक्रम सम्बत् पूर्वको दोस्रो शताब्दीतिर नेपाल उपत्यकामा बुद्धधर्मको निकै मात्रामा प्रचार प्रसार भएको थियो । यसले गर्दा तत्कालीन नेवारहरूको संस्कृति शान्तिमय हुन गएको थियो ।

**लिच्छविहरू :**

बैशालीबाट पलायन भई नेपाल उपत्यका प्रवेश गरेका लिच्छविहरू र अन्य समुहहरूको साथमा (बिशेषतः विदेहहरू) ले ' किरात नेवारहरू'लाई सजिलैसित पराजित गरी शासन सत्ता आफ्नो हातमा लिन सफल भएका थिए । लिच्छविहरू क्षेत्रीय थिए भने विदेहहरू ब्राह्मण वर्गका थिए । जे भएतापनि अलपसंख्यामा रहेका लिच्छविहरूले बहुसंख्यामा रहेका स्थानीय किरात नेवारहरूको भाषा बोल्न र उनीहरूको संस्कृतिलाई अपनाउन बाध्य भएका थिए । फलस्वरूप कालान्तरमा यी लिच्छविहरू पनि नेवार समुदायमा विलिन हुन पुगे ।

**बैश ठकुरी र थकु जुजुहरू :**

लिच्छविकालको अन्तिम समयमा पुनः एकपटक बुद्धधर्मको प्रचार प्रसार निकै मात्रामा भयो । यस धर्मको शान्तिवादी नीतिबाट लिच्छविहरू पनि प्रभावित भए । नवौं शताब्दीमा उत्तरी भारतबाट ब्यापार व्यबसायको खोजीमा नेपाल उपत्यका प्रवेश गरेका बैश ठकुरीहरूले सैनिक सेवामा प्रवेश गरी क्रमशः क्षत्रीयत्वका गुण विकास गरी क्षत्रीय नै बने । यी बैश ठकुरीहरूले लिच्छविह¿लाई हराई शासन सत्ता आफ्नो हातमा लिन सफल भएका थिए । यसै वंशका पहिला राजा राघवदेवको शासनकालमा नै शंखधर साख्वाले नेपाल सम्वत चलाएका थिए ।

सत्ता प्राप्त गरिसकेपछि यिनीहरूले लिच्छविहरूलाई शासन



https://dhamma.digital

व्यवस्थाबाट पूर्णरूपमा बिस्थापित गर्नुको साथै सबै किसिमका राजनीतिक अधिकारबाट समेत वञ्चित गरी केवल शिल्प, व्यापार व्यबसाय र खेतिपाति सम्बन्धी क्षेत्रहरूमा मात्र कार्यरत रहन बाध्य बनाइयो । बौद्धधर्मालम्बी लिच्छविका सन्तानहरू भने आजका उदासहरूमा सम्मिलित हुन पुगेको आभाष पाइन्छ । मध्यकालको शुरूवाटसंगै यिनीहरूको शासनकालमा दुईवटा राजवंशहरू “देव” र “मल्ल” देखापरे । देववंशको राजा हुंदा मल्लवंशको युवराज हुने र मल्लवंशका राजा हुंदा देववंशको युवराज हुने एक किसिमको अनौठो प्रचलन चलेको थियो । त्यस्तै बैश ठकुरीहरूको केन्द्रिय सरकार कमजोर भएकोले कान्तिपुर, भक्तपुर र ललितपुरको टोल-टोलमा पुस्तौनी शासकहरूको बोलवाला चलेको थियो । थकुजुजु (ठकुरी मल्ल) भनिने यस्ता टोलिया राजाहरू कान्तिपुरमा मात्र १२ जना थिए । कालान्तरमा थकुजुजु लगायत बैश ठकुरीहरूले पनि नेपाल भाषा र नेवारी संस्कृति अंगिकार गरी नेवार समाजमा मिसिन पुगे र उनीहरू वर्तमान नेवार समाजका अभिन्न अंग बन्न पुगे ।

**मल्ल र सिंहहरू :**

बाह्रौं शताब्दिको अन्त्यतिर बैश ठकुरीहरूलाई मल्लवंशका राजाहरूले शासन सत्ताबाट विस्थापित गरी सम्पूर्ण शासनाधिकार आफ्नै हातमा लिए । भारतबाट नै नेपाल उपत्यका प्रवेश गरेका यी मल्ल वंशका राजाहरू अठारौं शताब्दीका उत्तरार्धसम्म नेपालमा शासन गरेका थिए । यी मल्ल राजाहरू राजपुत/क्षेत्री/ठकुरी नै हुन् । तथापि यिनीहरूले नेपालभाषा र नेवारी संस्कृति अंगिकार गरी नेवार राजाको रूपमा रूपान्तरण भए । मध्यकालमा जयस्थिति मल्लले नेवार समाजलाई शैव र बौद्ध दुई वर्गमा विभाजन गरेदेखि नै विस्तारै नेवार समाजमा शैव र बौद्धको फाटो पर्न थालेको देखिन्छ ।

**नेवारहरू प्रारम्भकालदेखि नै बुद्धधर्मका अनुयायी थिए :**

नेवार जातिको बुद्धधर्मसँग धेरै अगाडिदेखी नै सम्बन्ध रहिआएको छ । बुद्धकालमा नेपालमण्डलमा किरातीहरूको शासन थियो र त्यसबेला



https://dhamma.digital

राजा स्थुँकोले शासन गर्नुभएको थियो। भगवान् बुद्धको जीवमानकालमै नेपाल मण्डलका नेवारहरूको कपिलवस्तु र तत्कालीन वाराणसी, मगध आदि क्षेत्रमा व्यापारी सम्बन्ध भएको र व्यापारीहरू आवत जावत भएर व्यापार हुने कुरा इतिहासकारहरूले बताउने गर्दछ। त्यसमाथि पनि शाक्यहरूलाई कपिलवस्तुबाट विडुडभले आमहत्या गरेपछि भागेर धेरै मात्रामा शाक्यहरू नेपाल मण्डल प्रवेश गरेको र भगवान् बुद्धका नीजि सचिव आनन्द जो कपिलवस्तुकै राजकुमार थियो उहाँ भिक्षु संघमा प्रवेश गर्नुभई बहुश्रुतधारीमा एतदग्ग प्राप्त गर्नुभएको थियो। बुद्धको परिनिर्वाण पछि भिक्षु आनन्दको नेपाल आगमनको कुरा सर्वास्तिवाद मूल विनयले उल्लेख गरेको छ। यसरी एकजना बहुश्रुत भिक्षुको नेपाल मण्डलमा आगमनले यहाँका मानिसहरूलाई बुद्धधर्मको बारेमा जानकारी नदिने तर कुरै भएन। यसरी किरातकालदेखि नै बुद्धधर्मको उपस्थिति यहाँ थियो भन्न सकिन्छ। भिक्षु आनन्दको आगमन र उहाँको धर्मदेशनाबाट दिक्षित जनहरू प्रारम्भिक बुद्धधर्मका अनुयायी हुने नै भयो। प्रारम्भिक बुद्धधर्म भनेको थेरवादसँग सम्बन्धित धर्मको रूपमा लिने गरेको छ।

कालान्तरमा भारतमा विकास भएका विभिन्न धर्मनिकायलाई पनि आफ्नो अनूकुल अनुसार आत्मसात गरी विभिन्न रूपमा बुद्धधर्मका अनुयायीको रूपमा गुणधर्म पालनमा निरन्तरता दिएको थियो। आजकालको परम्परागत बुद्धधर्म भारतमा पछि विकास भएको महायान र वज्रयानको स्वरूप हो। थेरवादको पूनर्जागरण भन्दा अगाडि अधिकाँस नेवारहरू परम्परागत बुद्धधर्मका अनुयायी थिए।

## थेरवादको पुनर्जागरणबाट नेपालमा बुद्धधर्मको प्रचार प्रसारमा गतिमान :

नेपालमा स्थविरवाद बुद्धधर्मको पुनः प्रवेश बीसौं इसवी शताब्दीमा प्रारम्भमा भएको हो। त्यति बेला भारतमा बुद्धधर्मको पुनरूद्धारकका रूपमा महाबोधि सोसाइटीको स्थापना गरी अनागारिक धर्मपालले धार्मिक अभियान संचालन गरिरहेको बेला नेपालबाट कलकत्तामा अध्ययनका लागि पुगेका जगत्मान बैद्य धर्मपालको



https://dhamma.digital

अभियानसँग प्रभावित भए। वहाँ धर्मपालकै अनुकरण गरी पहेंलो लुगा प्रयोग गरी धर्मादित्य धर्माचार्यमा परिणत भए। यसपछि पटक पटक नेपाल फर्किदा पञ्चशीलको अभियान थालनी गर्न बुद्धोपासक संघजस्ता संघ संस्था स्थापना गरी नेवारहरूबीच धर्म र भाषाको जागरण ल्याउने काम गरे। नेपालमा बुद्धपुर्णिमा सार्वजनिक रूपमा मनाउने पहल भए। पुणर्जागरणकै दौरानमा तिब्बतको केरूङ्गबाट स्वयम्भू दर्शनको लागि आएका क्यान्छे लामाको प्रभावले वि.सं. १९८१ फागुण महिनामा प्रेमबहादुर श्रेष्ठ (महाप्रज्ञा) लगायत ५ जनाले महायानी परम्परा अनुसार प्रव्रजित दीक्षा प्राप्त गरे भने श्री ३ चन्द्र शमशेरको शासन कालमा वि.सं. १९८२ श्रावण महिनामा यी पाँचै जनालाई देश निकाला गरियो।

महाप्रज्ञाले निर्वासनपछि भारतमा धर्मयात्रा र धर्म अध्ययनकै दौरानमा वि.सं. १९८५ मा बर्मेली भिक्षु चन्द्रमणी महास्थविर समक्ष कुशीनगरमा थेरवादी परम्परा अनुसार नेपालकै प्रथम श्रामणेर प्रवज्यादीक्षा प्राप्त गरे। यसको तीन वर्षपछि बैशाख पूर्णिमाका दिन बर्माको रंगूनमा उपसम्पदादीक्षा प्राप्त गरी नेपालमा थेरवादको पुनः प्रवेशपछि नेपालको थेरवादी इतिहासमै पहिलो भिक्षु भए। उनकै प्रेरणामा बि.स. १९८७ मा प्रज्ञानन्दले प्रवज्या धारण गरी नेपालकै इतिहासमा जयस्थिति मल्लको शासनपछि लोप भएको शुद्ध बुद्धधर्मको परम्परालाई पुनः स्थापना गर्ने उद्देश्य बोकी पितवस्त्रधारी स्थविरवादी भिक्षुको रूपमा काठमाडौं उपत्यकामा भिक्षाटन यात्रा गरी थेरवादको जग बसाले।

भिक्षु धर्मालोकको सक्रियतामा वि.सं. १९९४ मा स्वयम्भू ज्ञानमाला भजन खलःको स्थापनाले नेवार बौद्धमार्गीहरूबीच नौलो जागरणको शुरूवाट भयो र धर्म, भाषा, समाज, राजनैतिक रूपमै चेतनाको विकास भयो। स्वयम्भूस्थित किण्डोल विहार प्रचार-प्रसारको केन्द्रविन्दुमा सिमित भइरहँदा आनन्दकुटी विहार नेपालकै ऐतिहासिक थेरवादी विहारको रूपमा भिक्षु धर्मालोकले स्थापना गरे। राणा प्रशासनमा धर्म र भाषाका माध्यमबाट संगठित हुंदै गए भन्ने मानसिकताको प्रभाव पऱ्यो र आडम्वर मत चलाए भन्ने आरोप सहित श्री ३ जुद्ध शम्शेरको



https://dhamma.digital

समयमा वि.सं. २००१ श्रावण १५ गते चारजना भिक्षु र चारजना श्रामणेरहरूलाई देश निकाला गरियो । यस कदमले नेवार बौद्धहरूलाई भारतीय भूमिमा बसेर जागरणमूलक संस्था सन् १९४४ नोबेम्बर ३० मा दिन धर्मोदय सभा जस्ता संस्था गठन गर्न टेवा मिल्यो । संचार माध्यमको रूपमा यस संस्थाले बुद्धधर्म र नेपालभाषा सम्बन्धि पत्रपत्रिकाहरू प्रकाशन गरी जनचेतना फैलाउन सजिलो हुन पुग्यो ।

राणाशासनको अन्त्यकालमा पुनर्जागृत थेरवादभित्र जोस जाँगरयुक्त अवस्थामा थुप्रै कृयाकलाप संगै सामाजिक, धार्मिक, भाषिक कृयाकलापहरू एकपछि अर्को हुँदै गए । नारीहरूमा पनि जागरण देखियो, वि.स. १९९८ मा रत्नपाली, धर्मपाली, संघपाली नेपालकै प्रथम अनागारिका प्रव्रजित दीक्षा प्राप्त गर्न सफल भयो । यसप्रकार थेरवादको पुनः प्रवेशले परम्परागत बुद्धधर्मको सोचमा समेत प्रभाव पऱ्यो । त्यसो त शुरूवाटमा थेरवादको कूल क्षेत्र परम्परागत बुद्धधर्म मै आवद्ध नेवार क्षेत्र नै हो, यसमा द्विविधा छैन ।

यसरी नेवारहरूले नेपालमा बुद्धधर्मलाई निरन्तता दिनको लागि विभिन्न प्रयासहरू गरेका थिए । परम्परागत बुद्धधर्म होस वा थेरवाद दुवै निकायको विकासमा नेवार बौद्धहरूको ठुलो योगदान रहेको छ । विभिन्न बज्राचार्यगुरूहरूबाट पनि विभिन्न कालखण्डमा धर्मलाई रक्षागर्ने कार्य भएका थिए भने धर्मलाई अझ गतिमान बनाउनको लाथि थेरवादको पुनर्जागरण पश्चात यसले अझ फराकिलो तवरले धर्मलाई गतिमान गरेर अगाडी बढिरहेको निष्कर्श निकाल्न सकिन्छ ।

**नेवारहरूको संस्कार पद्धति :**

नेवार समाजमा जन्मदेखि मृत्युसम्मको विभिन्न संस्कारलाई महत्वका साथ सम्पादन गर्दछन् । जातकर्म, नामाकरण, अन्नप्राशन, इहि, बाह्रातयेगु, चुडाकर्म, कय्ता बीगु, विवाह, जंक्व, मृत्यु संस्कार आदि नेवारहरूले आफ्नो जीवनकालमा गरिने संस्कारहरू हुन् । ती संस्कारहरू वज्राचार्य गुरूहरू तथा कतिपय संस्कारहरू हाल थेरवादी भिक्षुहरूको निर्देशनमा पनि गर्ने चलन रहेको पाइन्छ ।



https://dhamma.digital

**नेवार बौद्ध समाजका आर्थिक गतिविधिहरू :**

नेवारहरू स्थानिय वासिन्दा भएकोले नेपाल मण्डलका आवश्यकताको लागि आफ्नै प्रयासले विभिन्न वस्तुहरू उत्पादन गर्ने र उपभोग गर्ने परम्परा रहको छ । विभिन्न नेवार समुदायहरूले आर्थिक गतिविधिको लागि विभिन्न कार्यकलापहरू गरिंदै आइरहेको छ । नेवार बौद्ध समुदायमा आफूले गर्ने आजीविकाको आधारमा जातिहरू रहेका हुन्छन् र ती समुदायले अर्थ व्यवस्था स्वावलम्बि हुने तवरले एक अर्कासँग पूरक भएर कार्य गरिरहेका हुन्छन् । तल उल्लेखित बौद्ध जातिहरूले नेवार समुदायलाई स्वाबलम्बि अर्थ व्यवस्थाको लागि विभिन्न कार्यहरू गर्दै आइरहेका छन् ।

बज्राचार्य : बुद्धधर्मका धार्मिक गुरूको रूपमा कथावाचन, जन्मपत्रि, सारिरीक व्याधिको उपचार, कर्मकाण्ड आदि कार्यकलाप गर्ने ।

बरे वा शाक्य : विभिन्न धातुहरूको काम, सुनका गरगहना बनाउने ।

बनिया : विभिन्न जडीबुटीहरूको व्यापार गर्ने, विभिन्न रोगहरू निकोपार्ने औषधि उपलव्ध गर्ने ।

स्थापित : काठको कार्य वा सिकर्मी ।

सिलन्था : बौद्ध अभ्यासको लागि आवश्यक विशेष कपडाहरू बुन्ने ।

शिखाकार : विभिन्न चैत्यमा गजुर राख्ने र घरहरूमा विभिन्न प्रकारका छानाहरू राख्ने ।

कंसाकार : काँसको कार्य गर्ने ।

तुलाधर : दैनिक उपभोग्य वस्तुको व्यापार गर्ने ।

शिलाकार : प्रस्तरको कार्य गर्ने । चैत्य बहालहरूमा राख्नको लागि आवश्यक विभिन्न खम्बाहरू बनाउने

बज्रकर्मी (लेपिका) : चैत्य, मन्दिर, घरमा बज्रको लेपन गर्ने ।



https://dhamma.digital

मधिकर्मी (हलवाई) : विभिन्न पर्वहरूको लागी आवश्यक मिठाईहरू बनाउने ।

पुलुपुलु : विशेष किसिमको बत्ति बनाउने जसलाई महादीप भनिन्छ र अन्येष्ठि क्रियामा यसको प्रयोग गरिन्छ ।

तत्ति : मृतक शरीरलाई छोप्नको लागि विशेष पहेंलो रंगको विशेष किसिमको कपडा बुन्ने, जुन वस्त्र नातेदारहरूले मृतक शरीरमा वस्त्रले ओढाइदिन्छन् ।

सायमि : तेल उत्पादक । दैनिक आवश्यकताको रूपमा तोरीको तेल र विभिन्न पर्वहरूमा बाल्नको लागि तीलको तेलको उत्पादन गर्ने ।

ज्यापु : खेतमा काम गरी आवश्यक खाद्यान्नहरू उत्पादन गर्ने ।

मालाकार (गथु) : विभिन्न पर्वहरूमा आवश्यक फुलहरूको उत्पादन गर्ने ।

डंगोल : भूमिको नापी गर्ने ।

खुसः धानबाट चामल उत्पादन गर्ने ।

रञ्जितकार : कपडामा रंगाउने कार्य गर्ने ।

नकर्मी : फलामको काम गर्ने ।

जोशी : ज्यातिषिको काम गर्ने

प्रधान : विभिन्न धार्मिक र सांस्कृतिक कर्मकाण्डमा सरकारको तर्फबाट प्रतिनिधित्व वा साक्षी वस्ने ।

बाटाजु : मृतकको नाउँमा विभिन्न दानहरू -(घर दान, गाई दान ) लिने तथा रातो मछिन्द्रनाथको रथ परिक्रमा गराउँदा अगाडि बसेर नेतृत्व गर्ने ।

भम्बः भर्खरै जन्मेको बच्चाको साल नालहरू काट्ने र बच्चाहरूको रोगहरूको उपचार गर्ने ।

कुम्भ वा प्रजापति : माटाको भाँडोहरू बनाउने ।



https://dhamma.digital

नौ : कपाल तथा नङ.काट्ने कार्यमा विशेषज्ञ तथा हाडजोर्नीको उपचार गर्ने ।

डकर्मी : विभिन्न किसिमका घरहरू, चैत्यहरू बनाउने

भाः ऊनको काम तथा अन्येष्ठिक्रिया सहयोगी भएर काम गर्ने ।

भुजं : नाय्खिं बजाएर विभिन्न पर्वहरूमा नेतृत्वगर्ने यस समुदायले शवयात्रामा नाय्खिं बजाउने र भर्खर जन्मेको बच्चाको काटेको नाल (पिचा)लाई व्यवस्थापन गर्ने कार्य गर्ने ।

जोगी : देवाली आदि पर्वहरूमा मुहाली बजाउने, मान्छे मर्दा सातदिनको संस्कारमा सहयोग गर्ने ।

देउलाः विभिन्न पीठहरूको रक्षागर्ने, सरसफाईको कार्य तथा व्छासःमा राखेको सामग्रीहरूको व्यवस्थापन गर्ने ।

काः विभिन्न पुजा तथा बज्राचार्यहरूको शवयात्रामा काः भन्ने लामो बाजा बजाउने ।

नेकु : बालिनाली राम्रो होस भनेर खेत जोत्नु अगाडी लोकेश्वरको चित्र बनाउने ।

ताम्राकार : दैनिक आवश्यकता पूर्ति गर्न र पुजाआजाको लागि आवश्यक विभिन्न सरसामानहरू जस्तै कलश, मुकुट, मण्डल, बनाउने ।

ग्वाः कुखुरा, हाँस पालेर पोल्ट्रीको कार्य गर्ने ।

कुलु : विभिन्न सांस्कृतिक पर्वहरू जस्तै गुँला, यँलामा बजाउने विभिन्न प्रकारका बाद्यहरू, धिमे, क्वंचाखिं, खिं, नायखिं, धाः, आदि बनाउने, मर्मत गर्ने ।

मू वा मुनिकार : विभिन्न पर्वहरूको लागि आवश्यक फुलहरू उत्पादन गर्ने ।

थकमी : विभिन्न धातुजन्य कार्य गर्ने । विशेष गरी भान्छाको लागि आवश्यक वर्तन, खेतीपातिको लागि आवश्यक ज्यावल, मुर्तिहरू बनाउनको लागि आवश्यक धातुहरूको व्यवस्थापन गर्ने ।



https://dhamma.digital

थकू -(मल्ल): विभिन्न पर्वहरूमा नेतृत्वगर्ने ।

व्दिं : काठमाडौंको पश्चिममा बसोबास गर्ने यिनिहरूले तिहारको लागि घरघरमा सजावतको लागि आवश्यक फूलको उत्पादन र विक्रि गर्ने ।

भोस्या : काठलाई विभिन्न नापमा काटेर काठको संरचना बनाउने । विशेष गरी जन्को (बुढो पास्नी) को लागि आवश्यक रथ निर्माण आदि कार्य गर्ने ।

यसरी नेपाल मण्डलका नेवार समुदायहरूबाट गरिने विभिन्न आर्थिक क्रियाकलापहरूबाट देशको उत्पादनकार्यमा महत्वपूर्ण योगदान भैरहेको अवस्था छ । ती समुदायहरूले गर्ने आर्थिक गतिविधि श्रम विभाजनको महत्वपूर्ण नमुनाको रूपमा लिन सकिन्छ । स्वतन्त्र र स्वाबलम्बि अर्थ व्यवस्थाको आदर्शको रूपमा लिन सकिने उनीहरूको आर्थिक कार्यकलापले विभिन्न वस्तुहरूको आयात प्रतिस्थापन गर्न समेत सघाई रहेका हुन्छ। यसले समुदायलाई मात्र नभई समग्र देशको आर्थिक विकासको लागि नै सघाइरहेको छ।

## नेवार बौद्ध संस्कृति

### क) गुंला पर्व

**परिचय :**

गुंला पर्व प्राचीन कालदेखि नेपालमण्डलका बौद्धहरूले मनाउँदै आइराखेको एक महत्वपूर्ण पर्व हो। गुंला श्रावण शुक्लपक्ष प्रतिपदादेखि भाद्र कृष्णपक्ष औंशीसम्म एक महिना मनाउने गरिन्छ। यस महिनाभरी नेपालमण्डलका बौद्धहरूले विभिन्न धाार्मिक कार्यहरू गर्ने भएकोले 'गुँला धर्म' पनि भनिन्छ । गुँला धर्मभित्र बौद्ध संस्कृति तथा बौद्ध दर्शन दुवै भित्रिएको छ। संस्कृति भनेको व्यक्ति विशेष र जाति विशेष मात्र नभई देशको पहिचान हो । एकजनाको प्रयासले मात्र संस्कृति बन्ने नभई समूहगत रूपमा संस्कृतिले आकार लिंदै जान्छ।



https://dhamma.digital

धर्म र दर्शनको माध्यमबाट संस्कृति बन्दछ भने आ-आफ्नो संस्कृति अनुसार कलाकौशल र समाजको संरचना बन्दछ। उदाहरणको रूपमा स्वयम्भू चैत्यलाई लिन सकिन्छ जुन बौद्ध कलाकौशलबाट परिपूर्ण छ । संस्कृतिभित्रको शिक्षाले मानिसको आदर्श तथा विचारको विकास हुँदैजान्छ। संस्कृतिलाई जीवन्तता दिने क्रममा नेपालका बौद्धमार्गीहरूले गुंला पर्व वर्षेनी मनाउँदै आइरहेको छ । यो महिनामा प्रमुखरूपमा स्वयम्भू महाचैत्यमा मेला लाग्दछ ।

बिहान सबेरै काठमाडौंका विभिन्न ठाउँबाट धाः बाजा (गुंला बाजा), धिमे बाजा आदि बजाउँदै स्वयम्भू चैत्यलाई परिक्रमा गर्दछन् । बिहान सबेरै उपत्यका भित्र रहेका बहाः-बहीहरूमा स्तोत्र पाठ, नवग्रन्थ पाठ, प्रवचन, भजन आदि गर्ने गरिन्छ । यसको साथै थेरवादी विहार हरूमा बुद्धपूजा, प्रवचन, ध्यान, परित्राण पाठ गर्ने गरिन्छ । यसरी गुंला महिनाभरी बौद्धमार्गीहरूले सकेसम्म धार्मिक कार्यगरी पुण्य संचय गर्दछन्। गुंला महिनाभित्र विभिन्न चाडपर्वहरू पर्दछन् जस्तै नागपञ्चमी, गुंपुन्हि, सापारू, पञ्चदान, मतयाः, बुबाको मुख हेर्ने। यी चाडपर्वहरूले आ-आफ्नै विशेषता बोकेको छ।

## गुंला पर्वबारे विभिन्न अवधारणा :

पहिला पहिलादेखि निरन्तर रूपमा मनाउँदै आइराखेको गुंला धर्म किन मनाइयो भन्ने विषयमा विभिन्न विचारधाराहरू रहेका छन् । भगवान् बुद्धले बैसाख पूर्णिमाको दिन बोधिज्ञान प्राप्त गनुभयो तर उहाँले तत्काल धर्मोपदेश गर्नुभएन किनभने यस अज्ञानरूपी तृष्णा तथा मोहजालमा भुलेर बसेकाहरूले बुद्धले साक्षात्कार गर्नुभएको गम्भीर धर्मदर्शनलाई बुझ्न गाह्रो हुने कुरा उहाँले महसूस गर्नुभएको थियो । यो कुरा सहम्पति ब्रम्हाले थाहापाइ यस लोकमा बुद्धको गम्भीर ज्ञानलाई बुझ्नसक्ने तीक्ष्ण बुद्धि भएकाहरू छन् भनी धर्मोपदेश गर्नको लागि अनुरोध गरेपछि बुद्धले सम्पूर्ण देव तथा मनुष्यको हितको लागि आषाढ पूर्णिमाको दिन धर्मचक्रप्रवर्तन गर्नुभयो । यहि खुशीयालीमा देव



https://dhamma.digital

मनुष्यहरूले गुंला महिनाभरी धार्मिक महोत्सव गर्दै आइराखेको हो भन्ने विश्वास गरिन्छ ।

त्यस्तै यस श्रावण महिना वर्षा ऋतुको याम, धेरै पानीपर्ने र गर्मी हुने भएकोले विभिन्न रोग लाग्ने समय हो । प्राकृतिक विपत्ति जस्तै बाढी पहिरो गई घर, खेत बगाउन सक्ने समय हो । यस्ता रोगव्याधि, प्राकृतिक विपत्ति हटेर जाओस् भन्ने मनसायका साथ धर्मकर्म गर्ने चलन रहँदै आएको छ । गुंला (धान रोप्ने) सिनाज्या सकिने महिना हो । धान रोप्ने क्रममा कीतपतङ्गहरूको ज्यान जान सक्छ । जान अनजानमा गरेका यस्ता पापको प्रायश्चित स्वरूप र यसरी हत्या भएका प्राणीहरूले सुगती प्राप्त गरोस् भन्ने अभिप्रायले पनि गुंलाधर्म मनाइन्छ भन्ने गरिन्छ ।

**गुंला महिनाभरी गरिने धार्मिक क्रियाकलापहरू :**

बौद्धधर्मावलम्बीहरूले आफ्नो श्रद्धाअनुसार गुंला पर्व मनाउँदै आइराखेका छन् जुन यसप्रकार छन्:

१. **स्वयम्भू दर्शन -** गुंलामा विशेषगरी स्वयम्भूमा मेला लाग्ने गर्दछ । भक्तजनहरू गुंला महिनाभरी बिहान स्वयम्भू परिक्रमा गर्न जान्छन् । कोहि गुंला बाजासँगै स्वयम्भू जान्छन् । स्वयम्भू महाचैत्यमा बिराजमान अमिताभ बुद्धको सन्मुख स्तोत्र पाठ गर्छन् । स्वयम्भूमा पाटन, भक्तपुरका भक्तजनहरू पनि बाजा गाजासहित स्वयम्भू परिक्रमा गर्न आउँछन् ।

२. **बुद्धपूजा र धर्मदेशना -** थेरवादी विहारहरूमा गुंला महिनाभरी उपासक-उपासिकाहरू सहभागी गराई भन्ते, गुरूमांहरूद्वारा बुद्धपूजा तथा धर्मदेशनाको कार्यक्रम गरिन्छ । उपासक-उपासिकाहरूले आ-आफ्नो श्रद्धाअनुरूप भन्ते, गुरूमांहरूलाई दान, दक्षिणा दिई इच्छा हुनेले जलपान, भोजन दान गरी पुण्य संचय गर्दछन् ।

३. **नवग्रन्थ पाठ -** बहाः बहीहरूमा महायान बुद्धधर्मको नौ



https://dhamma.digital

पवित्र ग्रन्थहरू प्रज्ञापारमिता, ललितविस्तर, लंकावतारसूत्र, सुवर्णप्रभाससूत्र, तथागतगुह्यक, दशभूमीकसूत्र, सद्धर्मपुण्डरीकसूत्र, गण्डव्यूह, समाधिराजसूत्र पाठ गर्ने तथा प्रवचन दिने आदि कार्यक्रम हुन्छ ।

४. **बोगी वनेगु -** पाटनमा भक्तजनहरू बिहान सबेरै समूहगत रूपमा गीत गाउँदै चैत्यहरू दर्शन गर्न जाने गरिन्छ । यसलाई बोगी वनेगु भनिन्छ ।

५. **ब्रत बस्ने -** गुंला महिनाभरी कोहि दिनको एकछाक मात्र खाएर ब्रत बस्ने, कोहि पाँच दिनमा एकपल्ट एकाहार गर्ने ब्रत बसिन्छ भने पाटनको हिरण्यवर्ण महाविहार, चोभारको आनन्दादि लोकेश्वरको सतलमा गुंला एकमहिना सम्म 'माय् अपसं' (मासोपवास)बस्ने चलन पनि छ । यस ब्रत बस्दा महिनादिनसम्म जलमात्र सेवन गरी बस्ने गरिन्छ ।

६. **लखः चैत्य थायेगु -** कोहि बौद्धहरूको घरमा गुंला महिनाभरी चैत्यको साँचोबाट स-साना सवालाख चैत्य निर्माण गर्ने परम्परा पनि छ । यसरी एक महिनाभरी निर्माण गरिएका सवालाख चैत्यहरू गुंलापछि बिसर्जन पूजा गरी समापन गरिन्छ ।

७. **न्यकू पुइगु (श्रृंगभेरी बजाउने) -** श्रृंगभेरी अवदान अनुसार गुंलामा स्वयम्भू महाचैत्यमा दिवंगत व्यक्तिहरूका नाममा परिवारका सदस्यहरूले न्यकू पूजा गरी, न्यकू बाजा बजाउन लगाइ चैत्य परिक्रमा गर्ने परम्परा रहेको बुझिन्छ । नेकू बाजासँगै अरू बाजा पनि बजाइ, नामसंगीति पाठ गरेमा पुण्य प्राप्त भई दिवंतगको उद्धार हुन्छ भन्ने विश्वास गरिन्छ ।

८. **त्यागशील धर्म -** गुंला महिनाभर श्रद्धालुहरूमध्ये कोहिले मासु, मदिरा, चुरोट आदि त्याग गरी कुशल कर्म संचय गर्ने धर्म अभ्यास गरिन्छ । कोहिले घरमै बसेर भएपनि गुंलाभर ध्यान अभ्यास गर्ने अधिष्ठान गर्छन् । कोहि अष्टशील पालन गरी शुद्ध धार्मिक जीवन जिउने प्रयास गर्छन् ।



https://dhamma.digital

गुंलाधर्मले नेपालमण्डलको बौद्ध समाजमा धार्मिक चेतना अभिवृद्धि गर्ने र शुद्ध, नैतिक जीवनयापन गर्न मार्ग दर्शन गर्ने काममा महत्वपूर्ण योगदान पुऱ्याइरहेको पाइन्छ ।

**गुंला महिनामा पर्ने चाडपर्वहरूः**

१. **नागपञ्चमी -** श्रावण शुक्लपक्ष पञ्चमीको दिन नागपञ्चमीको रूपमा मान्दै आइराखेको छ। उक्त दिन नागको पूजा गरी नागको तस्वीर घरको मूलढोकामाथि टाँस्ने चलन छ । बौद्धमार्गीहरूले भन्दा हिन्दूमार्गीहरूले नागको पूजा गर्ने चलन रहेको छ । बौद्ध साहित्यको अध्ययन गर्दा बुद्धधर्ममा पनि नागलाई महत्वपूर्ण स्थान दिइएको पाइन्छ । सिद्धार्थ गौतमको जन्म हुँदा नन्द र उपनन्द नामक नागराजाहरूले उष्ण र शितल जलबाट नुहाइ दिएका थिए । बुद्धत्व प्राप्तीको छैठौं सप्ताहमा मुचलिन्द वृक्षमुनि विमुक्ति धर्मको सुखानुभव गरिरहेको बखत घनघोर वर्षा हुँदा त्यस रूखमुनि रहेका नागराजाले छहारी दिएको थियो । यसैगरी नेपालको बज्रयानी समाजमा नागको पूजाबाट सहकाल हुन्छ भन्ने विश्वास गरिन्छ ।

२. **यल पञ्चदान -** श्रावण शुक्लपक्ष अष्टमीको दिन हरेक वर्ष ललितपुरमा मनाउने पञ्चदान 'यल पञ्चदान' हो । काठमाडौं, भक्तपुर, ठिमी, बनेपा, पनौति आदि स्थानमा श्रावण कृष्ण त्रयोदशीका दिन पञ्चदान मनाइन्छ । पञ्चदानको एकदिन अगावै पञ्चदान गर्नेहरूको घरमा शुद्धिकरण गरी दीपंकर बुद्ध, बोधिसत्वका मूर्तिहरू, पौभा आदि सजाएर राखिन्छ । भोलिपल्ट पञ्चदान लिन आउने बज्राचार्य, शाक्यहरूलाई दिनभर पञ्चदान गर्छन् ।

३. **गुंपुन्हि -** श्रावण शुक्ल पूर्णिमाको दिन मनाउने चाडलाई नेवार समाजमा गुंपुन्हि भनेर प्रसिद्ध छ । गुंपुन्हिको तीन/चार दिन अगाडि श्रावण शुक्लपक्ष द्वादशीका दिन नेपालमण्डलभित्रका



https://dhamma.digital

विहार (बहाः) हरूमा रहेका दीपंकर बुद्धको प्रतिमालाई वस्त्र तथा गरगहनाले सजाएर बहाःको दलान कोठामा प्रदर्शनको लागि राखिएको हुन्छ। यसलाई 'बहिद्यो ब्वयेगु' भनिन्छ। यसको साथै स्वर्ण अक्षरले लेखिएको प्रज्ञापारमिता ग्रन्थ काठमाडौंको विक्रमशील महाविहार (थंबही), इटुंबहाल, पाटनको हिरण्यवर्ण महाविहारमा प्रदर्शन गरेर राखिएको हुन्छ। यो दिन नौ प्रकारका गेडागुडीको क्वाति पकाएर खाने पनि चलन छ।

गुंपुन्हिको दिन साँखुको मणिचूड पर्वतमा मेला लाग्दछ। शाक्यमुनि बुद्ध पूवर्जन्ममा मणिचूड राजकुमारको रूपमा जन्मनु भएको थियो। उनले दान पारमिताको चर्या गर्ने क्रममा यस दिन मणिचूड पर्वतमा आफ्नो टाउको चिरेर आफूसँग भएको मणि दान लिन आउनेलाई दिएको भन्ने कुरा बौद्ध जातकमा उल्लेख छ। त्यसकारण मणिचूड पर्वतमा यस दिन हरेक वर्ष मेला लाग्ने गर्दछ। गुंपुन्हिको दिन ब्राम्हणहरूको पनि चाड हो। यस दिन ब्राम्हणहरूले वर्षदिनभरी लगाइराखेको जनै फेर्ने दिन हो। यसको साथै ब्राम्हणहरूले रक्षामन्त्र पढेर सर्वसाधारणको हातमा जनै बाँधिदिन्छ। यसकारण गुंपुन्हिलाई जनै पूर्णिमा पनि भनेर मान्दै आइराखेको।

४. **गाईजात्रा (सापारू) -** भाद्र कृष्णपक्ष प्रतिपदाको दिनलाई सापारू वा गाईजात्रा भनेर मान्दै आइराखेको छ। यो गुंपुन्हिको भोलिपल्ट मनाइन्छ। बौद्धहरूमा बज्राचार्य, शाक्य, उराय्, मानन्धर जातिहरू दिउँसो गुंला बाजा बजाएर बहाः बहि परिक्रमा गरी बहिद्यो हेर्न जान्छन्। बज्राचार्य, शाक्य तथा उराय् जातिले गाईजात्रा मनाइएको पाइँदैन। अरू जातिहरूले आफ्नो धार्मिक मान्यताअनुसार यो दिनमा दिवंगत हुनेको आत्मालाई स्वर्गमा पठाउने परम्परा रहेको छ। यसदिन यमराजले स्वर्गको ढोका खोलिदिन्छ भन्ने विश्वास स्वरूप यो दिन गाई पठायो भने दिवंगतको आत्मा स्वर्गमा पुगी उनीहरू तरेर जान्छ भन्ने परम्परागत धारण रहेको छ। सापारूको



https://dhamma.digital

भोलिपल्टलाई दथुसायाः भनिन्छ । यो दिन काठमाडौंको जीवित देवी कुमारीलाई खतमा राखी इटुंबहाल, छुस्याबहाल, मुस्याबहाल, थँबहीमा बहिद्यो देखाउन लाने चलन रहेको छ ।

५. **मतयाः -** भाद्र कृष्णपक्ष द्वितीया गाईजात्राको भोलिपल्ट पाटनमा मात्र मनाउने पर्व मतयाः हो । मतयाःको अर्थ दीपयात्रा हो । एक वर्षभरीमा आफ्नो परिवारभित्र दिवंगत भएकाहरू सुखावती भुवन (स्वर्ग) मा बास लिन पाओस् भनी परिवारजनले पाटनभित्र रहेका जति पनि चैत्य, विहार, बौद्ध मूर्तिहरू छन् त्यसको परिक्रमा गरी बत्ती बाल्ने परम्परा छ । मतयाः यात्रामा सांस्कृतिक बाजागाजा पनि समावेश हुन्छन् । यस यात्रामा पाटन सहित काठमाडौं, भक्तपुरका नरनारीहरू पनि आफ्नो इच्छाअनुसार सहभागी हुन्छन् ।

६. **पञ्चदान -** भाद्र कृष्णपक्ष त्रयोदशीको दिन पाटन बाहेक काठमाडौं, भक्तपुर, ठिमी आदि स्थानमा पञ्चदान पर्व मनाउँछन् । बौद्ध धारणाअनुसार यस दिन सत्ययुगको उदय भएको विश्वास रहेको छ । उक्त दिन दान गरेमा सत्ययुगमा दान गरेको फल प्राप्त हुन्छ भन्ने मान्यता रहेको छ । पञ्चदानमा विशेषगरी पाँच प्रकारका वस्तुहरू अन्न, गेडागुडी, पान (पिउने पदार्थ), लेख्ने वस्तु, औषधी दान दिने गर्दछन् यसको साथै दैनिक जीवनमा उपयोगी सामाग्रीहरू दान दिन गरिन्छ । यसरी पाँच प्रकारका वस्तुहरू दान दिने भएकोले यो पर्वलाई 'पञ्चदान' भनिएको हो भन्ने जनधारणा छ । यस दिन घर घरमा विशेषगरी दीपंकर बुद्धको प्रतिमाको साथै बोधिसत्व तथा पौभा प्रदर्शन गरी दानशाला बनाइन्छ । दानशालामा आफ्नो श्रद्धा अनुसार दान प्रदान गर्ने वस्तुहरू राखिन्छ । सर्वप्रथम दीपंकर बुद्ध तथा बोधिसत्वहरूको पूजा गरी पञ्चदान गरिन्छ । त्यसपछि दानशालामा आउनुभएका बज्राचार्य, शाक्यभिक्षुहरूलाई पूजागरी पञ्चदान प्रदान गरिन्छ । यसदिन क्षीर भोजन पनि गराइन्छ ।

७. **बुबाको मुख हेर्ने -** हाम्रो नेपाली समाजमा आमा-बुबाको सम्मान



https://dhamma.digital

स्वरूप आमा-बुबा दुवैको मुख हेर्ने छुट्टाछुट्टै दिन रहेको छ। आमाको मुख चाहिँ बैशाख कृष्णपक्ष औंशीको दिन हेर्ने गरिन्छ भने भाद्र कृष्णपक्ष औंशीको दिनलाई बुबाको मुख हेर्ने दिनको रूपमा लिइन्छ। यस दिनलाई कुशे औंशी, गोकर्ण औंशी पनि भनिन्छ। यो दिन छोराछोरीले आफूलाई जन्म दिने बुबाको दीर्घायु कामना गरी उहाँहरू मार्फत आशिर्वाद लिने दिन हो। यस दिन बुबालाई मनपर्ने मिठाई, फलफूल आदि खानेकुरा दिई मुख हेरिन्छ। बुबा दिवंगत भइसकेका छोराछोरीहरूले बज्राचार्य गुरूहरूलाई पिताको नाममा आ-आफ्नो श्रद्धाअनुसार सिन्हा वा निसला दान गर्छन्। कसैले थेरवादी विहारहरूमा गई भिक्षु-भिक्षुणीहरूलाई दान प्रदान गर्छन्। कसैले गोकर्ण तीर्थमा गई स्नान गरी बज्राचार्य गुरूलाई दिवंगत पिताको नाममा दान गर्छन् भने कसैले श्राद्ध पनि गर्छन्।

८. **गुंलाधर्म समाप्ति -** श्रावण शुक्लपक्ष प्रतिपदा देखि शुरू भई एक महिना गुंलाधर्म मनाई भाद्र शुक्लपक्ष प्रतिपदाको दिन समाप्ति हुन्छ। एक महिनासम्म गरेको धार्मिक कार्य यस दिन समापन गरी भोज गरिन्छ। यसलाई पारू भ्वय् भनिन्छ। एक महिनाभरी द्यो थायेगु गर्नेहरूले पनि यस दिन पूजा गरेर समापन गरिन्छ।

## ख) पञ्चदान

**परिचय :**

पञ्चदान नेपालमण्डलका बौद्धहरूले विशेष पर्वको रूपमा मान्दै आइराखेको छ। पञ्चदानलाई स्थानीय भाषामा 'पंजरा' भन्ने गरिन्छ। यो पर्व हरेक वर्ष श्रावण शुक्ल अष्टमी (गुंलाथ्व अष्टमी) का दिन पाटनमा मनाइन्छ र श्रावण कृष्ण त्रयोदशी (गुंलागाः त्रयोदशी) का दिन काठमाडौं, भक्तपुर, ठिमी, बनेपा, पनौति आदि स्थानमा मनाइन्छ। पञ्चदानमा विशेषगरी पाँच प्रकारका वस्तुहरू अन्न, गेडागुडी, पान (पिउने पदार्थ), लेख्ने वस्तु, औषधी दान दिने गर्दछन् यसको साथै दैनिक जीवनमा उपयोगी सामाग्रीहरू दान दिने गरिन्छन्। यसको अलावा



https://dhamma.digital

दक्षिणा पनि दिइन्छ। पञ्चदानलाई यसरी पनि अर्थ्याएको पाइन्छ। 'पं' को अर्थ पृथ्वी तथा 'ज' को अर्थ उत्पन्न भएको, त्यसकारण पृथ्वीद्वारा उत्पन्न फूल, फलफूल, अन्न आदि दान दिने भएकोले पंचदान भनिन्छ। यस दिन खीर दान पनि गरिन्छ।

पञ्चदानका लागि पाँचवटा दिनहरूलाई पवित्र दिनको रूपमा लिइन्छ । ती हुन् - श्रावण कृष्ण त्रयोदशी पूर्वान्ह समय सत्ययुग उदय भएको दिन, माघ पूर्णिमा मध्यान्हको समय त्रेतायुग उदय भएको दिन, बैसाख शुक्ल तृतीयाको सन्ध्याकाल द्वापरयुग उदय भएको दिन, कार्तिक शुक्ल नवमीको अर्धरात्री कलियुग उदय भएको दिन र श्रावण शुक्ल अष्टमी दीपंकर बुद्धले सर्वानन्द राजा र लक्ष्मीथकूँबाट दान ग्रहण गर्नुभएको दिन। राजा, रानी, मन्त्री, प्रजागण मिली सर्वानन्द राजाले यी पाँच दिनहरूमा दीपंकर बुद्ध सहित भिक्षुसंघलाई पिण्डपात्र प्रदान गरको कुरा सर्वानन्दनृपावदानमा उल्लेख गरिएको छ।

पञ्चदानको दिन घर घरमा विशेषगरी दीपंकर बुद्धको प्रतिमा प्रदर्शन गर्ने गरिन्छ यसको साथै बोधिसत्व तथा पौभा सहित दानशाला बनाइन्छ। आजभोलि सामूहिक रूपमा पञ्चदान दिने चलन पनि रहँदै आएको छ। दानशालामा आफ्नो श्रद्धा अनुसार माथि उल्लेखित दान प्रदान गर्ने वस्तुहरू राखिन्छ। सर्वप्रथम दीपंकर बुद्ध तथा बोधिसत्वहरूको पूजा गरी पञ्चदान गरिन्छ त्यसपछि दानशालामा आउनुभएका बज्राचार्य, शाक्यभिक्षुहरूलाई पूजा गरी पञ्चदान प्रदान गरिन्छ। यस दिन क्षीर भोजन पनि गराइन्छ। पञ्चदान ग्रहण गर्ने क्रममा बज्राचार्य तथा शाक्यभिक्षुहरूले दानगाथा पढ्नुभई दान ग्रहण गर्नुहुन्छ। दान ग्रहण गरिसकेपछि दाताको जय होस् भनी आशिर्वाद दिनुहुन्छ।

**दानको महत्व :**

बुद्धधर्ममा दानको ठूलो महत्व रहेको छ। निर्वाणमा पुग्न दश पारमिता धर्मको अभ्यास गर्नुपर्दछ। ती पारमिता धर्महरूमध्ये पहिलो नै दान पारमिता हो। निस्वार्थ भावले आफूसँग भएको वस्तु त्याग



https://dhamma.digital

गर्नु, अर्पण गर्नु दान हो। बौद्धमार्गीहरू बुद्धशासनमा समर्पित गृहत्यागी भिक्षुसंघलाई आवश्यक पर्ने भौतिक वस्तुहरू दान गर्दा ठूलो पुण्य प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ। मल्लकालको राजनैतिक कारणले गर्दा उपत्यकामा गृहस्थ बौद्ध भिक्षुहरूको परम्परा प्रचलनमा आएको थियो। बज्रयानी सिद्धान्त अनुरूप बज्राचार्य, शाक्य जातिले जीवनमा प्रवज्या संवर संस्कार धारण गरी चार दिन भिक्षु बनी त्यसपछि चीवर त्यागी गृहस्थ भै सम्यक् आजिविकाको जीवनयापन गर्ने गरेको पाइन्छ। तिनका लागि भिक्षाटन गर्नु आवश्यक रहेन। धार्मिक मूल्य मान्यताको अभ्यास अवबोध गर्न वर्षको एकदिन पञ्चदानको दिन शाक्य र बज्राचार्यहरू घरघरमा गएर भिक्षा ग्रहण गर्ने गरिन्छ। भिक्षा ग्रहण गर्ने बज्राचार्य, शाक्य भिक्षुहरूलाई दीपंकर बुद्धको सर्वसंघको रूपमा दाताहरूले दान दिने गरिन्छ। यी गृहस्थ भिक्षुहरू त्रिरत्नको शरण गई, पञ्चशील ग्रहण गरी, प्रव्रज्या संवर लिइसकेका हुनुपर्छ। प्रव्रज्या संवरको अभिषेक नलिएकाहरू सर्वसंघभित्र पर्दैनन्। त्यसैले यिनीहरू पञ्चदान ग्रहण गर्न योग्य ठहरिंदैनन्। बज्रयानी परम्पराअनुसार आचार्यभिषेक लिइसकेका तथा श्रामणेर अभिषेक प्रव्रज्या लिइसकेका बज्राचार्य तथा शाक्य भिक्षुहरूले दान ग्रहण गर्छन्।

**पञ्चदानमा दीपंकर बुद्धको स्थान :**

बुद्धवंशमा उल्लेख भएअनुसार दीपंकर बुद्ध २८ जना मानुषी बुद्धहरूमध्ये चौथो बुद्ध हुनुहुन्छ। दीपंकर बुद्धले भविष्यमा गौतम बुद्ध हुने सुमेध ऋषिलाई बुद्ध हुनेछ भनी नियत ब्याधि (भविष्यवाणी) गर्नुभएको थियो। यसकारण अतीत बुद्धहरूको स्मरण गर्ने क्रममा दीपंकर बुद्धको नाम अगाडि आउने गर्दछ। यसैकारण हुनसक्दछ कि पञ्चदान, नवदान (नदाँ), सम्यक् दानमा दीपंकर बुद्धलाई प्रमुख गरी दान दिने परम्परा नेपालमण्डलको बुद्धधर्ममा चल्दै आइराखेको छ।

पञ्चदानको दिन दीपंकर बुद्धलाई किन महत्व दिइयो भन्ने बारेमा एक पौराणिक कथा पनि जोडिएर आएको छ। सत्य युगमा दीपावती नामक नगरमा दीपंकर बुद्धको जन्म भयो। त्यस बखत दीपावती



https://dhamma.digital

नगरमा सर्वानन्द राजाले राज्य गर्दै आइरहेको थियो । एकदिन राजाको मनमा धर्मचित्त उत्पन्न भई दीपंकर बुद्ध सहित भिक्षुसंघलाई दान प्रदान गर्ने इच्छा उत्पन्न भयो । सोहि अनुरूप राजाले दानशाला बनाउन लगाइ बुद्ध प्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरे । दीपंकर बुद्ध भिक्षुसंघ सहित राजा सर्वानन्दद्वारा निर्माण गरिएको सुसज्जित दानशालामा जानुभयो । बुद्धले त्यहाँ एक अति दुःखी दरिद्र लक्ष्मीथकूँ नामक महिला पनि दान दिने इच्छा गरेर आफूले मेहेनत गरी दान दिने वस्तुहरू जम्मा पारीराखेको थाहा पाउनुभयो । दीपंकर बुद्धले उक्त दरिद्र महिलाको श्रद्धा तथा परिश्रमलाई महत्व दिनुभई उनको घरमुनि जानुभई पहिले लक्ष्मीथकूँसित दान लिनुभयो त्यसपछि राजाको दानशालामा जानुभई दान ग्रहण गर्नुभयो । यो देखि राजा सर्वानन्द आश्चर्य मानी बुद्धसित यसको कारण सोधे । दीपंकर बुद्धले लक्ष्मीथकूँले आफ्नो परिश्रमद्वारा प्राप्त गरेको वस्तुलाई श्रद्धायुक्त चित्तले दान दिन आएको कारण उनको दानलाई महत्व दिनुभई सर्वप्रथम दान ग्रहण गर्नुभएको कुरा प्रकाश पार्नुभयो । दीपंकर बुद्धको यस कुराबाट प्रेरित भई राजालाई पनि आफ्नो परिश्रमद्वारा दान दिने इच्छा उत्पन्न भयो । एकदिन उनी भेष बदली फलामको काम गर्ने ठाउँमा मजदुरी काम गरी पैसा जम्मा गरेर त्यसमा नपुग थपेर एकदिन दीपंकर बुद्ध तथा भिक्षुसंलाई निमन्त्रणा गरी दान प्रदान गरे । यसप्रकार राजा र लक्ष्मीथकूँले दान गरेको घटनालाई स्मरण गरी दानशालामा दीपंकर बुद्धलाई पूजा गर्ने प्रचलन रहको देखिन्छ । पौराणिक कथाअनुसार दीपंकर बुद्धको पालादेखि पञ्चदान गर्ने परम्पराको थालनी भएको उल्लेख भएतापनि ऐतिहासिक दृष्टिकोणबाट दशौं एघारौं शताब्दीदेखि मात्र पञ्चदान गर्ने परम्परा शुरूआत भएको देखिन्छ ।

**पञ्चदानको प्रकारः**

पञ्चदान तीन प्रकारका छन् १. वार्षिक पञ्चदान, २. ऐच्छिक पञ्चदान, ३. संस्कारगत पञ्चदान वा विशेष पञ्चदान ।



https://dhamma.digital

१. **वार्षिक पञ्चदानः** हरेक वर्ष श्रावण शुक्ल अष्टमीका दिन पाटनमा मनाइने पञ्चदान, हरेक वर्ष श्रावण कृष्ण त्रयोदशीका दिन काठमाडौं, ठिमी, भक्तपुर आदि ठाउँहरूमा मनाइने पञ्चदान वार्षिक पञ्चदान हो ।

२. **ऐच्छिक पञ्चदानः** वार्षिक पञ्चदान बाहेक अन्य कुनै पनि दिनमा पञ्चदान गर्ने इच्छुक व्यक्तिले पञ्चदान आयोजना गर्न सकिन्छ । यो भव्य रूपमा गरिन्छ, यसलाई ऐच्छिक पञ्चदान भनिन्छ । ऐच्छिक पञ्चदान सम्पन्न गर्नका लागि एक वर्ष अगाडिदेखि तयारी गर्नुपर्दछ । काठमाडौंमा ऐच्छिक पञ्चदान गर्दा एक वर्ष अगाडि स्वयम्भू भगवानलाई ग्वेदाँ (पान, सुपारी, दक्षिणा) चढाइ निमन्त्रणा गरिन्छ । दाताले दीपंकर बुद्धको प्रतिमा तयार गर्नुपर्दछ । पञ्चदानको एक दिन अगाडि नै भव्य दानशाला बनाइ स्वयम्भू भगवान बिराजमान गराउनु पर्छ । चारदिन आगाडिदेखि नेपालमण्डलका सम्पूर्ण बज्राचार्य, शाक्य भिक्षुहरूलाई पञ्चदानको लागि निमन्त्रणा गर्नुपर्छ । पञ्चदान लिन आउनेहरू मध्ये पहिलो पुग्ने व्यक्तिलाई दाताले घर, खेत, वस्त्र, बेलाति, सुन, चाँदी, अन्न आदि दान गर्नुपर्छ । दिनभरी दान गरेर बाँकी रहेको दान सामग्री अन्तिममा आउने व्यक्ति (फूबरे)लाई दिएर पञ्चदान कार्य पूरा गरिन्छ । भोलिपल्ट बाजा गाजा सहित श्री स्वयम्भु भगवान्लाई एक रात द्योछेँमा राखी अर्को दिन स्वयम्भू मै फिर्ता लगिन्छ । दान गर्नाको पुण्यले स्वर्गमा पुगिन्छ भन्ने विश्वास गरिन्छ । यही विश्वास अनुरूप ऐच्छिक पञ्चदान गर्ने व्यक्ति सोही वर्ष इन्द्रजात्राको दिन मुकुन्दो लगाएर दागीं बनेर नगर परिक्रमा गरिन्छ र स्वर्ग पुगेको विश्वास गरिन्छ । पाटनमा ऐच्छिक पञ्चदान गर्दा आफ्नै विहार (बहाः)को मूल देवतालाई दानशालामा बिराजमान गराइन्छ । ऐच्छिक पञ्चदान गर्नेले एक वर्षपछि फेरि दरू पञ्चदान गनुपर्दछ ।

३. **संस्कारगत पञ्चदान वा विशेष पञ्चदानः** नेपालमण्डलका बौद्ध



https://dhamma.digital

समुदायमा भीमरथारोहण, विवाह, ब्रतवन्ध, अन्नप्राशन आदि संस्कार सम्पन्न गरेको अवसर पारेर विहारका संघ सदस्यहरूलाई संस्कारगत पञ्चदान दिने प्रचलन पाइन्छ। संस्कार कर्मको पूजा विधि सम्पन्न भइसकेपछि आमन्त्रित संघ सदस्यहरूलाई आसनमा बसाली पञ्चदान दिने गरिन्छ। गुलुपाभरी चामल, दक्षिणा हालेर दान दिइन्छ, यसको साथै अन्य वस्तुहरू पनि दिइन्छ। गुरूजुहरूले दान गाथा पढ्दै दान लिन्छन्। यो भव्य हुँदैन। परिवारभित्रका सदस्यहरूले आफ्नो श्रद्धा अनुरूप दान दिने गरिन्छ।

**कान्तिपुर, ललितपुर, भक्तपुर र थिमिमा मनाइने पञ्चदानः**

१. **कान्तिपुरको पञ्चदानः** कान्तिपुर महानगर काठमाडौंमा वर्षको एक पटक श्रावण कृष्ण त्रयोदशीका दिन पञ्चदान पर्व मनाइन्छ। काठमाडौंका बौद्धहरूले पञ्चदानको एकदिन अघि नै दीपंकर बुद्ध, बोधिसत्व तथा पौभाहरू प्रदर्शन गरेर घरको बैठक वा दलानमा दानशाला बनाइन्छ र दियो, धूप पनि बालेर राखिन्छ। आफ्नो श्रद्धाअनुसार दान दिने वस्तुहरू जस्तै धान, चामल, गहुँ, फलफुल, मिठाइ, दक्षिणा, बिस्कुट, जुस आदि ठिक पारेर राख्छन्। पञ्चदानको दिन बिहान सबेरै स्वयम्भू महाचैत्यको पूजा गरी त्यहाँ रहेका गुरूज्यूहरूलाई दान दिई घर फर्कन्छन्। आफ्नो घरको दानशालामा विराजमान बुद्ध, बोधिसत्वहरूको पूजा गरी घरमा दान गाथा पढ्दै दान ग्रहण गर्न आउनु भएका बज्राचार्य, शाक्यभिक्षुहरूलाई दान गर्छन्। दान लिन आएकाहरूलाई दानशाला दिनभरी नै खुल्ला राख्छन्। काठमाडौंको विभिन्न बहाः बहीहरूमा पञ्चदान गर्नको लागि गुठी पनि राखिएको हुन्छ।

२. **ललितपुरको पञ्चदानः** पाटनमा हरेक वर्ष श्रावण शुक्ल अष्टमीका दिन पञ्चदान पर्व मनाइन्छ। यस पञ्चदानलाई 'यल पञ्चदान' भन्ने गरिन्छ। सर्वानन्दनृपावदानअनुसार यस दिन सर्वानन्द राजा र गुइतबहीका लक्ष्मीथकूले दीपंकर बुद्ध सहित भिक्षुसंघलाई



https://dhamma.digital

पिण्डपात्र दान गरेका थिए । यही घटनाको स्मरण स्वरूप गुइतः बहीमा लक्ष्मीथकूँको शालिक राखेर दान दिने प्रचलन चलेको थियो । पाटनमा पञ्चदानको दिन दाताहरूले बहाः बही घरको दलान चोकहरूमा दीपंकर बुद्ध प्रतिमा प्रदर्शन गरी दान गर्न बसेका हुन्छन् । बज्राचार्य र शाक्यभिक्षुहरू दानगाथा पाठ गर्दै दान ग्रहण गर्न जान्छन् । स्थविर आजुहरू कोतः लिई पञ्चदान थाप्न जान्छन् । कुनै कुनै विहारमा चक्रेश्वर आजु र अन्य स्थविरहरू एकै ठाउँमा जम्मा भएर पञ्चदान लिन्छन् । हिरण्यवर्ण महाविहारका स्थविरहरू पञ्चबुद्ध अंकित मुकुट र जामा लगाई क्रमबद्धरूपमा बसेर कोतःमा पञ्चदान थाप्ने गर्दछन् । यस दिनको अपरान्हतिर वंकुली बहालमा राखिने २ फीट जति अग्लो ढलोटको दीपंकर बुद्धलाई परिक्रमा गराई पञ्चदान लिन लगाइन्छ । यसलाई फूबरे भनिन्छ । यसपछि पाटनको पञ्चदान समापन हुन्छ ।

३. **भक्तपुरको पञ्चदानः** भक्तपुरमा पनि श्रावण कृष्ण त्रयोदशीका दिन पञ्चदान पर्व मनाइन्छ । यस दिन भक्तपुरको दीपंकर विहार, मंगल धर्मद्वीप विहार, चतुर्ब्रम्ह विहार, जयकीर्ति विहार र बौद्ध समकृत विहार गरी पाँच विहारबाट पाँचजना दीपंकर बुद्धका प्रतिमाहरूलाई वस्त्र गहनाले सुसज्जित पारी विभिन्न बाजा गाजा सहित जात्रा गरी भक्तपुरको सूर्यमढी टोलमा पुऱ्याइन्छ । यहाँ पनि बाजा गाजा सहित दीपंकर बुद्धहरूलाई स्वागत गरी सूर्यमढी टोलको डबलीमा बिराजमान गराइन्छ । सूर्यमढीस्थित आदिपद्म महाविहारका मूल गुरूजुद्वारा पञ्चदान आरम्भ भएपछि घर घरबाट पूजा सामग्री ल्याइ बुद्धहरूको पूजा गरिन्छ । यहाँको पूजा सकिएपछि पाँचैजना बुद्धहरूलाई भक्तपुरको बाजा गाजा सहित विभिन्न टोल, चोकलगायत ठाउँठाउँमा परिक्रमा गराइन्छ । विभिन्न ठाउँमा दीपंकर बुद्धहरूलाई विश्राम गराई स्थानीय बासिन्दाहरूद्वारा स्वागत गरी पञ्चदान ग्रहण गराइन्छ । दाताहरूले धान, चामल, गेडागुडी सहित जमिनबाट उब्जने खाद्यपदार्थहरू जस्तै काँक्रो,



https://dhamma.digital

नासपाती, पिंडालु, तरूल आदि पनि दान गरिन्छ। ६२ ठाउँहरूमा विश्राम गराई अन्तमा टौमढी टोल पुगेपछि परिक्रमा पूरा हुन्छ। यसरी भक्तपुरमा मनाइने पञ्चदान पर्वको छुट्टै विशेषता र सांस्कृतिक विविधता पाइन्छ।

४. **थिमिको पञ्चदानः** थिमिमा पनि श्रावण कृष्ण त्रयोदशीका दिन पञ्चदान पर्व मनाइन्छ। यस दिन हेर नीलवर्ण महाविहार (याचिं बहाः)मा अवस्थित थिमिको मूल दीपंकर बुद्धलाई बहाःको बाहिर प्रदर्शन गरेर राखिन्छ । बिहान हेमवर्ण महाविहार (तःबहाः)को एकजना दीपंकर बुद्ध र गुणकीर्ति महाविहार (दिगु बहाः)को दईजना दीपंकर बुद्ध गरी तीनजना दीपंकर बुद्धहरूलाई हेमवर्ण महाविहारमा प्रदर्शन गरेर राखिन्छ। दिउँसो यी तीन बुद्धहरूलाई बाजा गाजा सहित थिमि, नगदेश, बोडेको विभिन्न टोलहरूमा परिक्रमा गराई पञ्चदान ग्रहण गराइन्छ । पञ्चदानको पालो पर्ने बज्राचार्य, शाक्यहरू दीपंकर बुद्धहरूक सँगसँगै पञ्चदान ग्रहण गर्छन् । अरू बज्राचार्य, शाक्यहरू आफू आफू पञ्चदान लिन जान्छन्। साँझ परेपछि तीनै जना दीपंकर बुद्धहरू विस्तारै नाच्दै फर्कन्छन् । हेर नीलवर्ण महाविहार बाहिर पुगेपछि त्यहाँ प्रदर्शित मूल दीपंकर बुद्धलाई तीनै जना दीपंकरहरूले पालैपालो ढोगेर आ-आफ्नो विहार फर्कन्छन्। तीनजनामध्ये सबभन्दा सानो गुणकीर्ति महाविहारको दीपंकरले तीन पटक ढोग गर्छ । यस पञ्चदान पर्व थिमिको एउटा जात्राको रूपमा निरन्तर रूपमा चल्दै आइराखेको छ। यस जात्रालाई 'अजाजु द्यो' को जात्रा भनेर पनि प्रसिद्ध छ।

## ग) मतयाः

**परिचय :**

मतयाः नेपालका बौद्धमार्गीहरूले गर्ने एक महत्वपूर्ण पर्व हो । यस पर्व श्रावण कृष्णपक्ष द्वितीया (गुंलागाः द्वितीया) को दिन पाटन



https://dhamma.digital

क्षेत्रभरीमा प्रतिस्था गरिएका बुद्ध, बोधिसत्व, चैत्य, धर्मधातु, बज्रधातुको दर्शन तथा पूजा गरी मतयाः जाने चलन छ । यस दिन विशेषरूपमा दीप अर्थात् बत्ती बालेर अर्पण गर्ने हुनाले यस पर्वलाई मतयाः अर्थात् दीपयात्रा भनिन्छ । यो पाटनमा मात्र मनाउने एक मौलिक पर्व हो । यस दिन एक वर्ष भित्र परिवारभित्र दिवंगत भएकाहरूको दुर्गतिमोचन भई सुखावतीमा बास पाओस् भन्ने कामना गरी परिवारजन मतयाःमा सहभागी हुन्छन् । यसको साथै परिवारको सुख, समृद्धि, शान्ति प्राप्ति होस् भन्ने अभिप्रायले मतयाःमा भाग लिई पुण्य कार्य गर्दछन् । त्यसकारण मतयाःमा भाग लिनेहरू धेरै हुन्छन् । यस यात्रामा हिन्दू बौद्ध सबै जातजाति र वर्गका युवा युवतीहरूले ठूलौ उत्साह र उमंगका साथ भाग लिन्छन् । मतयाः जाने क्रममा भक्तजनहरूले आ-आफ्नो श्रद्धाअनुसार दियो, धूप, दक्षिणा, मिठाइ, पिण्डपात्र चैत्य तथा बुद्ध, बोधिसत्वहरूको प्रतिमामा चढाउँछन् । यसको साथै दुर्गति परिशोधन धारणी पाठ गर्दै वा धारणी लेखिएको पुस्तक चढाएर सर्व प्राणीको सुगती कामना गरी मतयाः जाने परम्परा रहेको छ । यस दीपयात्रामा नेकू बाजा बजाएर परिक्रमा गर्ने भएकोले नेकूजात्रा र श्रृंगभेरी जात्रा पनि भनिन्छ ।

**मतयाःको उत्पत्तिबारे प्राचीन अवधारणा :**

मतयाः पर्व कसरी प्रचलनमा आयो भन्ने बारे विभिन्न अवधारणा देखिन्छ । बौद्ध गन्थ ललितविस्तरअनुसार सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्तिका लागि तपस्या गर्नुहुंदा मारगणले तपस्या भंग गर्न कोसिस गरेका थिए । तर सिद्धार्थले समाधि बलद्वारा मारमाथि विजय प्राप्त गर्नुभएको थियो । त्यसैले बुद्धले मार विजय गर्नुभएको उपलक्ष्यमा यस पर्व मनाउने गरेको विश्वास छ । अर्को कथनअनुसार तुषिता भुवनमा बस्नुभएका श्वेतकेतु बोधिसत्वले देवदेवीहरूको अनुरोधमा पृथ्वीलोकमा जन्म लिई बुद्धत्व प्राप्त गर्ने अठोट गर्नुभएको खुशीयालीमा देवताहरूले दीपावली गरेको सम्झनास्वरूप मतयाः पर्व मनाउने गरेको भन्ने मान्यता छ ।

यस दीपयात्रालाई नेकूजात्रा र श्रृंगभेरी जात्रा किन भनियो भन्ने बारे रोचक कथा रहेको छ । शशिपटन नगरका राजा सिंहकेतुले



https://dhamma.digital

शिकार जाँदा निर्दोष पशुहरूको हत्या गर्थे । उनी रानी सुलक्षणाले जति सम्झाए पनि राजाले सुन्दैनथे । यसरी दिन बित्दै गयो । आ-आफ्नो आयु सकिएर दुवैको मृत्यु भयो । दुवैजना एकजना ब्राम्हणको घरमा जन्मिन पुगे । राजा भैंसी भएर र रानी ब्राम्हणकी रूपवती नामकी छोरी भएर जन्मे । रूपवतीमा पूर्वानुस्मृतिको शक्ति थियो र उनले भैंसीलाई आफ्नो पूर्वजन्मको पति भनेर चिनी भैंसीलाई स्याहारसुसार गरी सेवातहल गरिरहे । एकदिन भैंसीको भीरबाट खसी मृत्यु भयो । यसले रूपवतीलाई ठूलो दुःख भयो । भैंसीको उद्धार गर्ने विचारले नदिको छेउमा गई बालुवाको चैत्य बनाइन् । उक्त चैत्यको गर्भभित्र भैंसीको हड्डी सबै बटुलेर राखी चैत्यमा पञ्चोपचार पूजा गरी भैंसीको एउटा सिंगले चैत्यमा पानी चढाइन् र अर्को सिंगले श्रृंगभेरी नेकू बजाएर एक महिनाभरी चैत्य प्रदक्षिणा गरिन् । यस पुण्यको प्रभावले उनको पूर्वपति सिंहकेतु धर्मशील नामले रूपवतीको अगाडी प्रकट हुन आए । धर्मशीलले पछि आफ्नो नाम 'भद्रश्रृंङ्गी' भनी नामाकरण गरे । त्यसकारण चैत्य प्रदक्षिणा गरी पूजा गरिने मतयाःलाई नेकूयात्रा र श्रृंगभेरी जात्रा पनि भन्ने गरिन्छ ।

**मतयाःको ऐतिहासिकता :**

ऐतिहासिक दृष्टिकोणबाट हेर्दा मतयाः कहिलेदेखि शुरू भयो भन्ने बारेमा प्रमाणिक आधार प्राप्त छैन । तर पनि विभिन्न विद्वानहरूको बुझाइमा लिच्छवी कालदेखि मतयाःको शुरूआत भएको विश्वास रहेको छ । यो जात्रा परापूर्वकालदेखि चलेर बिचमा बन्द भई ठकुरी राजा गुणकामदेवले पुनः चलाएको भन्ने मान्यता रहेको छ । अर्को कथन अनुसार ललितपुरका प्रसिद्ध राजा सिद्धिनरसिंह मल्लको पालामा महामारीको कारण धेरै धनजनको नाश भएको थियो । राजाले महामारी शान्त पार्नको लागि राजगुरू, बज्राचार्य गुरूहरूसित सरसल्लाह गरी ललितपुरभित्रका सम्पूर्ण चैत्य, बुद्ध, बोधिसत्वका मूर्तिहरूमा नेकू बाजा बजाएर महामारी शान्त भएर जाओस् भनी कामना गरेका थिए । त्यसपछि महामारी शान्त भएर गयो भन्ने जनविश्वास रहेको छ ।



https://dhamma.digital

राजाले यसलाई संरक्षण तथा निरन्तरता दिन गुथिको पनि व्यवस्था गरिदिएका थिए । नेकू बाजा बजाउने कार्य सम्पन्न गर्न ललितपुरका १० टोलका नाइकेहरूसित पनि सरसल्लाह गरेका थिए । यस मतयाः पर्व संचालन गर्न आजसम्म पनि क्षेत्रगत आधारमा दश समूहको व्यवस्था गरिएको छ । यी समूहद्वारा प्रत्येक वर्ष पालै पालो मतयाः आयोजना गर्ने गरिन्छ । ती दश समूहहरू यसप्रकार छन् - १. मंगः बजाः २. चत्रबही ३. इखाछेँ ४. बूबाहाः ५. हौगः ६. बकुबाहाः ७. इखालखु ८. क्वबहाः ९. सौगः १०. नकबही ।

यसरी पालैसित मतया आयोजन ागर्ने भएकोले १० वर्षमा एक पटक 'मतयाः पाः' (मतयाः गर्ने पालो) आउँछ । यस दश समूहभित्र गैरबौद्ध समुदाय पनि समावेश छन् । त्यसकारण बौद्ध, हिन्दू सबैले श्रद्धा एवम् आस्थापूर्वक भाग लिन्छन् ।

**मतयाःमा सांस्कृतिक पक्ष :**

मतयाःमा विभिन्न सांस्कृतिक बाजाहरू पनि सहभागी हुने भएकोले यसलाई सांस्कृतिक यात्राको रूपमा पनि लिन सकिन्छ । यसमध्ये नवबाजा र नेकूबाजालाई प्रमुख बाजाको रूपमा लिइएको छ । मतयाः पालो परेका समूहले सर्वप्रथम नवबाजाको प्रशिक्षण दिई नवबाजा बजाउने जनशक्ति तयार पार्छ । नवबाजाभित्र दमोखिं, धाः, बाँसुरी, ताः, भ्याली आदि नौ प्रकारका बाजा हुन्छन् । नवबाजा विशेषगरी गुंलामा बजाइन्छ । नवबाजा टोलीले चार ठाउँ गरी चार पटक बाजा बजाइन्छ । १. मतयाःको दिन कुम्भेश्वरमा २. कृष्णाष्टमीको दिन श्री कृष्ण मन्दिर अगाडि ३. गुंलामा स्वयम्भुमा ४. रातो मच्छेन्द्रनाथको अगाडि । यसको अतिरिक्त नवबाजा टोलीले गुंलाथ्व प्रतिपदादेखि आठ दिनसम्म दमोखिं र नेकू बाजा बजाइ 'बोगी वनेगु' भनी बिहान सबेरै ललितपुरको बहाःबही, चैत्य दर्शन गर्न जाने चलन छ । यो यात्रा बिहान ७-८ बजेसम्ममा जति देवता दर्शन गर्न भ्याउँछन् त्यति गरेर अर्को दिन फेरी जहाँबाट रोकेको हो त्यहि ठाउँबाट शुरू गर्छन् । मतयाःमा घुम्ने सबै ठाउँमा आठ दिन भित्रमा घुमेर पूरा गरिन्छ ।



https://dhamma.digital

**मतयाः यात्रा :**

मतयाःको दिन बिहान सबेरै मतयाः पालो परेको ठाउँमा भक्तजनहरू भेला हुन्छन्। सबैले आ-आफ्नो श्रद्धाअनुसार पूजा साम्रगीहरू र चढाउने वस्तुहरू बोकेका हुन्छन् । मतयाः जानेहरू कोहि दिवंगत भएका आफन्तको नाममा बत्ती चढाउनको लागि जान्छन् भने कोहि आफ्नो इच्छाअनुसार परिवारमा सुख, शान्ति छाओस् र आफूलाई राम्रो होस् भन्ने कामनाका साथ मतयाः जाने गरिन्छ। सर्वप्रथम मतयाः पालो पर्ने गुरू बज्राचार्यले चैत्य, बुद्ध मूर्ति पूजा गरी मतयाः यात्रा शुभारम्भ गर्छ । त्यसपछि सहभागीहरूले आफूले बोकेका पूजा सामग्री चढाइ मतयाः जाने गरिन्छ। मतयाःमा चढाउने वस्तुहरूमध्ये दीप, धूप, कपूर, इताः, अबीर, नैवद्य, धान, चामल, फूल, अमला, पैसा, मिठाइ, फलफूल आदि चढाउने गर्छन् । यस यात्रामा विभिन्न पूजा सामग्रीका अलावा दीप अनिवार्य रहेको छ। कोहि कोहिले मतयाः जानु अघि चैत्य अगाडि १०८ वटा देवा (दियो) बालेर जाने गर्छन्। कोहि बिहानदेखि पानी एक थोपा पनि नपिइ निराहार यात्रा गर्छन्। यस यात्रामा ललितपुरको सम्पूर्ण बहाःबही, शाखा बाहाः, ननी, चोक आदिमा प्रतिष्ठापित बुद्ध, बोधिसत्व, चैत्य, धर्मधातु, बज्रधातु सहित प्रसिद्ध चार अशोक स्तूप पनि परिक्रमा गर्छन्। यो यात्रा पूर्व निर्धारित मार्गबाट गरिन्छ। यस यात्रामा परिक्रमा गर्ने देवालयहरू करीब दुई हजार जति समावेश भएको पाइन्छ । यसमध्ये कुनै कुनै अस्थायी रूपमा मतयाःको अवसरमा मात्र प्रदर्शन गरिएका देव देवीका प्रतिमाहरू पनि हुन्छन्।

मतयाःमा सांस्कृतिक बाजाका टोलीहरू पनि समावेश हुने हुनाले बाटो नै झकीझकाउ हुन्छ । मतयाःमा आउनेहरूलाई थुप्रै स्थानीय बासिन्दाहरूले स्वागत गर्छन् । आजभोलि विभिन्न संघ-संस्थाहरूको आयोजनामा यात्रीहरूलाई ठाउँ ठाउँमा पानी, जुस पिउने बन्दोवस्त पनि गरिएको हुन्छ। भक्तजनहरूमध्ये कोहि भजन गायन गर्दै, कोही स्तोत्र वाचन गर्दै जाने गर्छन् । कोही थरी थरीका अनौठा भेषभूषा लगाएर हाँस्य व्यंगको रूपमा आउँछन् भने कोही नाच्दै आउँछन्। कोहिले जोडा

लुगा लगाएर सुकुन्दा बालेर आउँछ भने कोहिले पूजा सामग्री राखेर कलः (टोकरी) बोकेर आउँछ ।  मतयाः यात्रा जहाँबाट प्रारम्भ भएको हो निर्धारित मार्गबाट घुमेर सोहि स्थानमा पुगेपछि पूर्ण हुन्छ । यस यात्रा पूर्ण गर्न करीब १३-१४ घण्टा लागेतापनि पूर्ण हुँदा आफूले ठूलो पुण्यकर्म गर्न पाएको मानी खुशी तथा सन्तोष अनुभव गर्छन् । अन्तमा सहभागीहरू सबैलाई मतयाः पालाःहरूले टिका लगाई मिठाइ दिई बिदा गर्छन् । मतयाः यात्रामा सहभागी भएकाहरू सबै गुंला भित्रमा बदेगां (बाँडागाउँ) को चैत्य र श्री स्वयम्भू चैत्य दर्शन गर्नुपर्छ, त्यसपछि मात्र मतयाःको धार्मिक कार्य पूर्ण हुने नियम रहेको छ । उनीहरू सकेसम्म पञ्चदानको दिनमा स्वयम्भू जान्छन् र अर्को दिनमा बदेगां जान्छन् । बदेगांको चैत्य र विहार लिच्छवी राजा वृषदेवले निर्माण गरेका थिए । कोहि विद्वानका अनुसार यो मतयाः पर्वसँग राजा वृषदेव पनि सम्बद्ध छ त्यसकारण बदेगांको चैत्य मतयाःसित जोडिन पुगेको हो ।

यसप्रकार एक महत्वपूर्ण बौद्ध परम्पराको रूपमा मतयाः पर्व आजसम्म पनि निरन्तररूपले मान्दै आइरहेको छ । नेवार बौद्धहरूले दिवंगतको स्मरणमा सुगतिको कामना गर्दै 'दीप' प्रज्वलित गरी चैत्य परिक्रमा गर्ने मतयाः वा दीपयात्रा नेपालको मौलिक परम्परा हो ।

## घ) नदां (नवदान)

दाताले आफ्नो इच्छाअनुसार कुनै दिनमा विशेष प्रकारले दानशाला निर्माण गरी बिहानदेखिन बेलुकीसम्म आएका बज्राचार्य, शाक्यभिक्षुहरूलाई दिइने दानलाई 'नरां पञ्जरां' भनिन्छ । प्राचीन कालमा सर्वानन्द राजालाई दीपंकर तथागतले आफ्नै मेहेनतको कमाइबाट दान गरेमा दानको फल महान हुन्छ भनी आज्ञा हुनुभएको थियो । बुद्धको यही वचनलाई शिरोपर गरी उनी एकदिन कामीको ज्यासलमा फलामको काम गरी आफ्नै पसिनाद्वारा कमाएको धनले ठूलो श्रद्धा चित्तद्वारा दीपंकर बुद्धसहित भिक्षुसंघलाई पञ्चदान गरेका थिए । फलाम पिटेर कमाएको पैसाले दान गरेको हुनाले नदां भनियो भन्ने भनाइ रहेको छ । नेवारीमा



https://dhamma.digital

'न' को अर्थ फलाम हो । 'दां' को अर्थ दान हुन आउँछ । यसैबाट नदां हुन गएको विश्वास गरिन्छ । अर्को कथनअनुसार नौथरीका दानको अर्थमा नवदानबाट नदां हुन गयो भन्ने भनाइ रहेको छ । नदां ऐच्छिक पञ्चदान हो ।

बोधिसत्व भूमिमा उल्लेख भएअनुसार नवदान यसप्रकार छन् -

१. स्वभाव दान - आफ्नो शरीरप्रति आशक्ति नराखी सम्पूर्ण वस्तुको त्याग गरी मैत्री, करूणा, मुदिता र उपेक्षा भावनाको अभ्यास गर्नु
२. सर्वदान - घरवार परिवारजन सबै त्यागेर तपस्वी जीवन बिताइ, चाहेमा आफ्नो शरीरको अङ्ग प्रत्यङ्ग समेत दान दिन तत्पर रहनु
३. दुष्कर दान - आफ्नो सुख अरूलाई दिई अरूको दुःख आफूले लिनु, मृत्युदण्डमा परेकालाई बचाउन आफूले मृत्यु वरण गर्नु
४. सर्वतोमुख दान - भिक्षाबाट प्राप्त वस्तु आमा-बुबा तथा दीन-दुःखीहरूलाई दिनु
५. सत्पुरूष दान - आफूलाई सही मार्ग देखाउने कल्याणमित्र तथा गुरूलाई दान गर्नु
६. सर्वाकार दान - आफूसित भएका सबै प्रकारका वस्तुहरू सदैव दान गर्न तत्पर हुनु
७. विधातीर्थिक दान - याचकहरूलाई खाने, पिउने, जग्गा, घर, वस्त्र, अलंकार आदि समभावले दान गर्नु
८. अमुख, मुखदान - अभयदान, धर्मदान गर्नु
९. विशुद्ध दान - पक्षपात नगरी सबैप्रति समभाव राखी श्रद्धा चित्तद्वारा दानको फलको आशा नगरी पूर्णरूपले त्याग चित्तद्वारा दान गर्नु ।

## ङ) सम्यक् महादान पर्व

**परिचय :**

साधारणतया सम्यक् शब्दको अर्थ ठीक/मनासिव भनेर बुझ्न



https://dhamma.digital

सकिन्छ। तर बौद्ध दृष्टिकोणअनुसार यथार्थरूपले सुखशान्तिको अभिलाषा गर्नेहरूले ठीक तरीकाले जीवनयापन गर्ने मार्गलाई 'सम्यक्' शब्द प्रयोग गरिएको छ । सम्यक् दान भन्नाले सम्यक् कर्म सम्यक् उद्योग गरी जम्मा गरेको धनद्रव्यद्वारा स्वार्थ त्याग गरी परोपकार गर्नु, सबैको कल्याणको कामना गरी शुद्ध चित्तले दान दिनु हो । सम्यक् दान ग्रहण गर्नेहरू पनि राग द्वेष रहित भई प्राणीप्रति बोधिचित्त राखी दानपतिप्रति भित्रीमनदेखि शुभचिन्तक भई आशिर्वाद दिई प्रसन्नपूर्वक दान ग्रहण गर्ने हुनुपर्छ । बुद्धले आफूले बताउनु भएको सम्यक् धर्मले युगयुगसम्म निरन्तरता पाओस् भनी बौद्धसंघ स्थापना गर्नुभएको थियो । यस संघमा विशेष गरी बुद्धले आज्ञा हुनुभएका सम्यक्धर्मलाई राम्ररी प्रतिपादन गर्न सक्ने बुद्धको आन्तरिक भावनालाई बुझ्न सक्ने प्रतिभावान अध्ययनशील भिक्षुहरू थिए। श्रद्धावान जनसमाजले आर्यसंघलाई घर घरमा निमन्त्रणा दिई सद्धर्म श्रवण गरी भोजन दान गर्दथे । बुद्धले आज्ञा हुनुभएका आदि मध्य अन्तसम्म पनि कल्याण हुने, परिशुद्ध, परिपूर्ण सम्यक् धर्मलाई पालन गर्ने सम्यक आर्यसंघलाई आदरसत्कारपूर्वक निमन्त्रणा गरी भोजन गराउनेलाई सम्यक् भोजन, सम्यक् दान, सम्यक् धर्म भनी प्रसिद्ध छ। परम्पराअनुसार स्वयम्भूको मुनी भुइखेलमा दीपंकर बुद्ध, बुद्ध, बोधिसत्वहरू विराजमान गराइ बौद्ध संघलाई सम्मानपूर्वक संघ भोजन गराइ सम्यक् महादान गरिन्छ । उपत्यकाका बौद्ध धर्मावलम्बीहरूले यसलाई श्रद्धापूर्वक मान्दै आइराखेको छ । प्राचीन अवधारणाअनुसार सत्ययुगमा दीपंकर बुद्धको पालादेखि सम्यक् दान गरिंदै आएको विश्वास गरिन्छ तर ऐतिहासिक दृष्टिकोणबाट लिच्छवी राजा वृषदेवको पालादेखि सम्यक् दानको परम्परा चल्दै आएको पाइन्छ । सम्यक् दानमा पनि पञ्चदानमा जस्तै दीपंकर बुद्धलाई प्रमुख स्थान दिइएको पाइन्छ । दीपंकर बुद्ध सहित बुद्ध बोधिसत्वहरू निमन्त्रणा गरी सम्यक् दानको आयोजना गरिन्छ । यो पर्व उपत्यकाका तीनैवटा शहरहरूमा उत्साह उमङ्गका साथ मनाउने गरिन्छ । काठमाडौंमा बार्ह वर्षको एकचोटि माघ संक्रान्तिको दिन स्वयम्भूको भुईखेलमा सम्यक् मनाउने परम्परा



https://dhamma.digital

छ। ललितपुरमा प्रत्येक पाँच वर्षको एकचोटि फागुन शुक्ल चौथीको दिन सम्यक् मनाउने गरिन्छ। भक्तपुरमा एक गुठि अन्तरगत हरेक वर्ष माघ संक्रान्तिको दिन सम्यक् मनाउने परम्परा छ।

**काठमाडौंको सम्यक् महादान :**

नेपालको इतिहासमा लिच्छवी राजाहरूले बुद्धधर्मको उत्थानमा धेरै योगदान दिएर गएको पाइन्छ। सुगतशासन पक्षपाती भनेर प्रसिद्ध राजा वृषदेवले बौद्ध चैत्यहरू निर्माण गरेका थिए। उनको शासनकालमा सुन्दर नामक सार्थबाहु महाजनले रत्नाकार समुद्रमा व्यापार गर्न गई धेरै धन कमाएर नेपाल आई चैत्य निर्माण गरेका थिए। चैत्य निर्माण कार्य सुसम्पन्न भएको उपलक्ष्यमा भव्यरूपले दानशाला बनाइ आर्य भिक्षुसंघलाई निमन्त्रणा गरी सम्यक्दान नवदान (नदां) गरी खीर भोजन गराएका थिए। लिच्छवी राजा शिवदेवले पनि आफ्ना पुर्खाहरू वृषदेव, शंकरदेव, धर्मदेव, मानदेवहरूले बौद्ध विहारहरू निर्माण गरेर गए जस्तै उनले पनि सोहि परम्परानुसार श्रद्धाभक्तिका साथ विहार निर्माण गरी प्रतिष्ठा गरेको उपलक्ष्यमा आर्यसंघलाई संघभोजन गरको कुरा वंशावलीमा उल्लेख खः। यसै क्रममा काठमाडौंमा सम्यक् गर्दा नेपालका राजालाई प्रमुख अतिथिको रूपमा निमन्त्रणा गरी सम्यक् मण्डपको सिंहासनमा विराजमान गराउने चलन छ। यस सम्यक् महादान संचालन गर्न सम्यक् महादान गुथिको व्यवस्था गरिएको छ।

काठमाडौंमा हरेक १२ वर्षको एकपल्ट माघ १ गतेको दिन दीपंकर बुद्ध, स्वयम्भू भगवान, बौद्ध देवदेवीहरू सहित बज्राचार्य, शाक्यभिक्षु आदिलाई निमन्त्रणा गरी स्वयम्भू डाँडाको मुनि भुइखेलमा सम्यक् महादान गरिन्छ। भुइखेललाई पवित्र स्थानको रूपमा लिइएको छ। प्राचीन अवधारणा अनुसार गुरू महामञ्जुश्रीले मञ्जुपत्तन सहर निर्माण गरेपछि नेपालका सर्वप्रथम राजा घोषित गरेका धर्माकर राजालाई भुइखेलमा शुभराज्याभिषेक प्रदान गरेको स्थानको रूपमा मान्दै आइराखेको छ। बौद्धहरूले महान् धार्मिक उत्सव यसै स्थानमा गर्दै आएको पाइन्छ।



https://dhamma.digital

काठमाडौंको सम्यक् श्री ५ पृथ्वीनारायण शाहले काठमाडौं विजय गर्नुपूर्व इतुंबहाः, वटुबहाः र लगंबहाः गरी तीन बहाःहरूको आयोजनामा चारवर्षमा एक पटक पालै पालो सम्यक् महादान गर्दै आइरहेका थिए। त्यसबेला आफ्नो अनुकूल स्थानमा सम्यक् गर्दथे। इतुँबहाःको पालोमा बुराँख्योमा, वटुबहाःको पालोमा प्यूखाबहाःमा र लगंबहाःको पालोमा खुशिबहीमा सम्यक् महादान हुन्थ्यो। तर पृथ्वीनारायण शाहले उपत्यका विजय प्राप्त गरी नेपालका राजा बनेपछि राजनैतिक अस्थिरताका कारण सम्यक् गर्ने परम्परा बन्द हुनपुग्यो। पछि यस कुरा राजाले थाहा पाई तीनै बहाःका सम्यक् गुथिलाई बोलाई वि.सं. १८३१ मा रू. १६०/- जरिवाना गराई तिनै गुथि मिली परापूर्व रीत अनुसार गुथि चलाउनु भनी आदेश दिएका थिए। पृथ्वीनारायण शाहको राज्यकालदेखि काठमाडौंमा १२ वर्षमा एकचोटि भुइखेलमा सम्यक् महादान गर्ने परम्पराको थालनी भयो। यस सम्यक्मा राजा स्वयंले पनि भाग लिएका थिए।

काठमाडौंमा सम्यक् गर्नु एक वर्ष अगाडि माघ संक्रान्तिको दिन बाजागाजाका साथ सम्यक् आयोजकहरू श्री स्वयम्भू भगवानलाई 'ग्वय्दाँ' चढाइ निमन्त्रणा गर्न जान्छन्। ग्वय्दाँमा दीप, धूप, फूल, फलफूल, मिठाइ आदि राखी चढाइन्छ। दशवटा सुपारी, दक्षिणा, किसली राखेर चढाइन्छ र बज्राचार्य गुरूद्वारा कलश पूजा गरिन्छ। यस्तैगरी हारती अजिमा, श्रीमहामञ्जुश्री, श्रीवसुन्धरादेवी, शान्तिपुर गरी स्वयम्भूमा विराजमान देवदेवताहरूलाई दशवटा सुपारी, दक्षिणा, किसली सहित ग्वय्दाँ राखी निमन्त्रणा गरिन्छ। त्यसपछि विजेश्वरी देवीलाई पनि पूजा गरी ग्वेदाँ राखिन्छ। यस्तैगरी इतुंबहाः, वटुबहाः, लगंबहाःको दीपंकर तथागत, क्वाचपालदेवता, जनबहाःको करूणामयलाई पूजा गरी ग्वय्दाँ राखिन्छ। त्यसपछि नेपालका राष्ट्रनायक श्री ५ महाराजाधिराजलाई देवतुल्य सम्झी उनको चरणकमलमा पनि माघ संक्रन्तिको दिन नै पूजा गरी ग्वय्दाँ राखी निमन्त्रणा गरिन्छ।

ग्वय्दाँ राख्ने कार्यविधि सकिएपछि वर्षदिनभरी सम्यक्को लागि तयारी गरिन्छ। फागुण चैत्र महिनातिर दाउरा जम्मा गरी पूजा गरिन्छ।



https://dhamma.digital

अन्न जस्तै धान, चामल, गहुँ आदि जम्मा गरी सुरक्षित राखिन्छ, गुठीको लागि तोकिएको जग्गामा मूला रोप्ने, चूलो बनाएर पूजा गर्ने, माटाका भाँडाकुँडा बनाउन माटोको पूजा गर्ने, भुइखेल शुद्धि गर्ने, नागदेवता पूजा गर्ने आदि कार्यहरू गरिन्छ। यस महान् शुभकार्य सम्पन्न गर्न विभिन्न समुदायले एउटा एउटा जिम्मेवारी लिई कामलाई अघि बढाइन्छ। जस्तै आर्यसंघलाई सम्यक् भोजन पस्कन असनको तुलाधरहरूले लप्ते (टपरी) ओछ्याउँछ, दूध र सक्खर पानी हाल्न ज्याठाको कुम्हाहरूले सलिंचा (माटाको पाला) राख्छन्। नरदेवीको तुलाधरहरूले भोजन पस्किदिन्छन्। इतुंबहाःका शाक्यहरूले पकाएको मूला हालिदिन्छन्। स्थापित शिल्पकार हरूले सम्यक्को लागि विशेष मञ्च तयार पार्छन्। यसका अलावा अरू पनि जाति समुदायले कामका जिम्मा लिएका हुन्छन्, यसरी सबै मिलेर बडो उत्साहपूर्वक सम्यक् महादानको लागि जिम्मेवारी लिन्छन्।

सम्यक् समारोहको चारदिन अगाडि श्रीस्वयम्भू भगवान्, हारती अजिमा, शान्तिपुर, महामञ्जुश्री सहित स्वयम्भूमा अवस्थित सबै देवताहरूलाई निमन्त्रणा पूजा गरी राजाको हजुरीयामा पनि निमन्त्रणा चढाइन्छ। सम्यक्को एकदिन अगाडि श्रीस्वयम्भू भगवान सहित आमन्त्रित सबै देवताहरू ल्याई हनुमानढोका दरवार प्रांगणमा एकरात विराजमान गराइन्छ। यहाँ आयोजक तथा भक्तजनहरूले पञ्चदान दिई दानप्रदान गर्छन्। भोलिपल्ट बिहान सबै देवताहरूलाई विधिवत् पूजा गरी बाजागाजाका साथ प्याफल, नरदेवी, ताम्सिपाखा, दल्लु हुँदै भुईखेलमा लगिन्छ। देवताहरूलाई स्वागतद्वारमा विधिवत् लसकुस गरी भईखेलभित्र पुऱ्याइन्छ, श्रीस्वयम्भू भगवान्लाई पश्चिमतिर फर्काइ आसनमा विराजमान गराइन्छ। एवंप्रकार सबै देवताहरूलाई मर्यादाक्रम अनुसार लहरै आ-आफ्नो स्थानमा विराजमान गराइन्छ। त्यसपछि श्रीस्वयम्भू भगवान् अगाडि इन्द्रकलश, पूर्णकलश स्थापना गरी पूजा गरिन्छ।

सम्यक्को परम्पराअनुसार राजालाई पनि स्वागतद्वारमा पुगेपछि विधिपूर्वक पंचताल बाजा बजाइ मङ्गलाष्टक गाथा पढी लसकुस



https://dhamma.digital

गरी राजसिंहासनमा विराजमान गराइन्छ । राजा विराजमान भएपछि राजश्री सम्मानअनुसार सेनाको ३१ तोप सलामी चढाइन्छ । राजालाई इन्द्रकलशाभिषेक चढाइन्छ । सम्यक् महादान गुथिको महत्व एवं परम्पराको विषयमा दानपत्र वाचन गरी अर्पण गरिन्छ । त्यहाँ रहेका सबैले राजालाई भक्तिपूर्वक ढोग गर्छन् । यस विधि सकिएपछि राजालाई सम्यक् भोजन अर्पण गरिन्छ । यसप्रकार राजालाई स्वागत सत्कार गरिसकेपछि आमन्त्रित सम्पूर्ण देव देवीहरू तथा गुरू बज्राचार्य, शाक्यभिक्षुहरूलाई पहिला पञ्चदान गरिन्छ । त्यसपछि सम्यक् भोजन दान शुरू हुन्छ । यस कार्य सम्पन्न गर्न जिम्मा लिएका समूहहरूले आ-आफ्नो जिम्मेवारी अनुरूप सहयोग गर्छन् । जस्तै असनका तुलाधरहरूले भोजन राख्नको निम्ति टपरी राख्दै जान्छन् । ज्याठाका कुम्हालेहरूले सली (माटाका पाला) राख्दै जान्छन् । नरदेवीको तुलाधरहरूले भोजन राख्न ल्याउँछन् । इतुंबहाःका शाक्यहरूले मूलाको तरकारी राख्छन् । वलाछि टोलका सिलालिकहरूले मिठाइ, वटु र ज्याःबहाःका शाक्यहरूले दूध, इतुंबहाः र झोछेँका बनियाहरूले सक्खर पानी राख्दै ल्याउँछन् । केलटोलको कंसाकारहरूले १२ प्रकारका दाल राख्छन् ।

सम्यक्को कार्यक्रम सकिएपछि सम्यक्को परम्पराअनुसार श्री स्वयम्भू भगवान्लाई किलागलको द्योछेँमा एक रात विश्राम गराई भोलिपल्ट बिहान पूजा गरी बाजा गाजाका साथ स्वयम्भूमा फिर्ता लगिन्छ । दीपंकर बुद्धहरूलाई चाहिँ सोहि दिनमा आ-आफ्नो स्थानमा फिर्ता लैजान्छन् ।

सम्यक्को भोलिपल्ट अर्थात् माघ २ गते श्रीस्वयम्भू भगवानलाई माथि स्वयम्भूमा पुऱ्याएपछि फेरी आर्य भिक्षुणीसंघको समान आदर सत्कारस्वरूप 'मिसा सम्यक्' (महिला सम्यक्) हुन्छ । नेपालको बुद्धधर्ममा सर्वप्रथम भिक्षुणी बनेका 'भिक्षुणी चूडा' को प्रतिनिधिस्वरूप श्री हारती देवीलाई पूजा गरी खटमा बसाली छत्र ओढाइ बाद्यबादन सहित जात्रा गरी भुइखेलमा विराजमान गराई विधिपूर्वक पूजा गरिन्छ । पूजा सकिएपछि महिला बज्राचार्य, शाक्यहरू लस्करै बसी मिसा सम्यक्



https://dhamma.digital

गरिन्छ । यो कार्यक्रम सकिएपछि हारती देवीलाई बिदाबाजी गरी माथि स्वयम्भूमा फिर्ता लगिन्छ । सम्यक्‌को सम्पूर्ण काम सकिएपछि अन्तमा यस कार्यमा सहयोग गर्ने सबै बसी भोज खान्छन् ।

सम्यक् गरेको ठिक एक वर्षपछि अर्थात् अर्को वर्षको माघ संक्रान्तिको दिन वार्षिकोत्सवको रूपमा श्री स्वयम्भू भगवान, हारती माता, गुरू महामञ्जुश्रीलाई पूजा गरी खट जात्रा गरी तल भुईखेलमा ल्याई लसकुस गरी आसनमा विराजमान गराई सम्यक्‌को दरू मनाइन्छ। यस कार्यक्रममा सम्यक् गर्दाखेरी बाँकी भएको वस्तुहरू दान गरिन्छ । सम्यक् दानको लागि त्याग गरिसकेको वस्तुहरू आफूले उपभोग गरेमा सम्यक्संकल्प विशुद्ध हुँदैन भन्ने भावनाका साथ बाँकी रहेका सबै वस्तुहरू दान दिई दरू मनाइन्छ । यसले विशुद्ध दानपारमिता चर्याको महत्वलाई झल्काउँछ । दरू गरेपछि मात्र सम्यक् महादानको कार्यक्रम सम्पूर्ण भएको मानिन्छ ।

यसको अलावा व्यक्तिगतरूपले ऐच्छिक सम्यक् पनि गरिन्छ । ऐच्छिक सम्यक् आयोजना गर्दा इतुंबहाः, लगंबहाः, वटुबहाःका गुथियार हरूसित सल्लाह गरेर आयोजना गरिन्छ । आयोजकले एउटा सम्यक् देवता दीपंकर बुद्ध प्रतिमा पनि स्थापना गर्ने परम्परा छ । यसमा गर्ने सबै विधिहरू तथा कामहरू नियमित सम्यक्‌मा जस्तै हो ।

**ललितपुरको सम्यक् महादान :**

ललितपुरमा प्रत्येक पाँच वर्षको एकचोटि फागुन शुक्ल चौथीको दिन सम्यक् मनाउने गरिन्छ । यसलाई ईल्हने सम्यक् पनि भनिन्छ । नागबहाःलाई स्थानीय भाषामा ईल्हने पनि भनिन्छ । त्यसैले पाटनमा मनाउने सम्यक् 'इतिल्हने सम्यक' नामले पनि प्रख्यात छ । पाटनको हिरण्यवर्ण महाविहारको एक इकाइ 'ईतिल्हने सम्यक् महादान आयोजक समिति'को आर्थिक सहयोगद्वारा यस महाविहारबाट सम्यक् महादान मनाउँदै आइराखेको छ । नेपालमा थकुरीवंशी शासनकालमा बाह्रौं शताब्दीतिर राजा भास्करदेवले पाटनमा हिरण्यवर्ण महाविहार निर्माण



https://dhamma.digital

गरेका थिए। थकुरी राजाहरू बौद्धधर्मप्रति समर्पित थिए। भास्करदेवका सन्ततिहरूले दान कार्यलाई निरन्तरता दिन गुथिको व्यवस्था गरेर गएका छन्। ललितपुरमा सम्यक्को शुरूआत पनि थकुरी शासनकालमा भएको मान्यता रहेको छ।

चौधौं शताब्दीताका थकुरी राजा भरी भारादको शासनकालमा थकुरीवंशमा दरिद्रताले छायो। धेरै दुःख कष्ट गरेपनि खानलाई पुग्दैनथ्यो। अन्तमा उनले गोबरको गुँइथा (सप्पा) जम्मा गरी कमाएरसम्म खानुपर्‍यो। गोबर खोजेर ल्याइ कसैले पनि नदेख्ने गरी ढुकुटीमा राखी ढुकुटीको साँचो पनि लुकाएर राख्थे। आफ्नो श्रीमतीलाई समेत यस्तो दरिद्रताको कुरा लुकाएर राखेको थियो। एकदिन नुहाउनको लागि बाग्मती नदीमा जाँदा ढुकुटीको साँचो लुकाउन बिर्सेछ। श्रीमतीले साँचो देखी ढोका खोलेर हेर्दा उनले गोबरको ठाउँमा सबै सुन देखी। उनले आफ्नो पतिले गाली गर्ला भनी हतपत ताल्चा मारी साँचो पहिले कै ठाउँमा राख्दिइन्। पति चाहिँ नुहाएर फर्केपछि सबै कुरा सुनाइन्। उनी पनि आश्चर्य मानी ढुकुटीमा गएर हेर्न जाँदा आफूले परिश्रम गरी जम्मा गरेर थुपारेको सबै गोबर सुन भएको देखे। यतिका धन सम्पत्ति दुईजनाले मात्र खाएर सिद्धिंदैन यस श्रीसम्पत्ति सार हुने, आफ्नो परिश्रम पनि सफल हुने, आफ्ना पूर्वजको पनि कीर्ति स्थिर हुने गरी पुण्य कार्य गर्नुपर्‍यो भनी सल्लाह भयो। श्रीमतीले संसारमा विष्णु धर्म पालन गर्नुपर्छ, यसकको लागि सम्पत्ति खर्च गर्न पाएमा उत्तम हुन्छ भने। तर लोग्नेले पुर्खाहरूले पालन गरेको बुद्धधर्मको सेवा गर्नुपर्छ भने। यसमा दुवैको मनमुताव भयो। अन्तमा दुवैले एउटा सम्झौता गरे। लोग्नेले कपूरको बिरूवा र स्वास्नीले तुलसीको बिरूवा सँगै रोप्ने। यदि कपूरको बिरूवा चाँडै अंकुरायो भने बौद्धधर्म अनुसार पुण्यकार्य गर्ने र तुलसीको बिरूवा चाँडै सप्रे भने वैष्णवधर्म अनुसार पुण्यकार्य गर्ने। तर कपूरको बोट चाँडै अंकुरायो।

भरी भारादको इच्छा अनुरूप आफ्ना पुर्खाद्वारा निर्मित भास्करदेव संस्कारित श्री हिरण्यवर्ण महाविहारमा विराजमान शाक्यमुनि बुद्धलाई पूजा



https://dhamma.digital

गरी पाटनमा प्रतिष्ठित सम्पूर्ण बौद्ध विहारका सम्यक्‌देवता श्रीदीपंकर तथागत, बुद्ध, बोधिसत्व, आर्यतारा आदि देवदेवीहरू तथा आर्यसंघलाई निमन्त्रणा गरी सम्यक् महादान गर्ने निर्णय भयो । जसअनुसार फागुण शुक्ल तृतीयाको राती ईल्हनेमा सम्पूर्ण देवदवीलाई निमन्त्रणा दिई दीपदान गरी पूजा गरी यसको भोलिपल्ट चतुर्थीको दिन निमन्त्रित देवदेवी तथा आर्य संघलाई विधि अनुसार सम्यक् पूजा, सम्यक् महादान गरियो । भरी भारादले यस सम्यक् महादान भोजन गुथि चिरस्थायी होउन् भन्ने उद्देश्यका साथ जग्गा आयस्ता राखी गुथिलाई चाहिने आवश्यक सामग्री बनाएर गएका छन् । यसको अलावा विधिविधान तथा थितिरीति चलनको पनि पुस्तक लेखाइ वर्षै पिच्छे ईल्हने सम्यक् मनाउने व्यवस्था गरेर गएका छन् ।

पाटनमा सम्यक् महादान गर्ने एकहप्ता अगाडि सम्यक् महादान आयोजना हुँदैछ भन्ने सूचना स्वरूप देव मनुष्यलाई शब्दघोष सुनाउनको लागि नाग बहाःको बयल सँगै अग्लो बाँस राखी त्यसमा घण्ट, डमरू तथा अनेक देवदेवी र मङ्गल चिन्ह अंकित झण्डा फहराइन्छ । यसलाई हलिपता ब्वयेकेगु भनिन्छ । श्रीपञ्चमीको दिनदेखि तयारी शुरू गरिन्छ । नागबहाःको फलैंचामा चित्रण गरिएका एक जोडी नागलाई जीवन्यास झिकी पुनचित्रण गरी जीवन्यास राखिन्छ । किंवदन्तीअनुसार सम्यक्‌को समयमा एक जोडी नाग आएर अन्नको भकारीमा बसेका थिए । यिनीहरूले कसैलाई पनि हानी गरेनन्, अन्न पनि जति झिकेपनि घटेन । नागहरूको कारण यस्तो चमत्कार भएको विश्वास गरी उनीहरू गइसकेपछि फलैंचामा जोडी नागको चित्र बनाएर पूजा गरियो । सम्यक्‌को समय यस चित्रमा पुनः चित्रण गरी पूजा गर्ने चलन रहेको छ ।

सम्यक् महादानको एकदिन अगाडी फागुन शुक्ल तृतीयाको दिन राती निमन्त्रणा गरिएका दीपंकर बुद्ध, बसुन्धरा देवी, आर्यतारा तथा बुद्ध, बोधिसत्वका प्रतिमाहरू पाटन दरवार क्षेत्रमा विराजमान गराइन्छ । त्यसपछि सबै देवदवीलाई नागबहाः ल्याइन्छ । नागबहाःको दक्षिणी मूल ढोकामा लसकुस गरी नागबहाः भित्र सबैलाई लस्करै



https://dhamma.digital

राखिन्छ। सम्यक्मा करीब सयभन्दा बढी देवदेवीहरू हुन्छन्। भोलिपल्ट चतुर्थीका दिन बिहान नागबहाःभित्र भजन, स्तोत्र पाठ, दीप प्रज्वलन भइरहन्छ, भक्तजनहरू पूजा, पञ्चदान चढाउन आउँछन्। दिउँसो मूल सम्यक् महादान कार्यक्रम हुन्छ। कार्यक्रम सकिएपछि देवदेवीहरूलाई आ-आफ्नो विहारहरूमा लैजान्छन्। हिरण्यवर्ण महाविहारको क्वाःपाद्यो सम्यक् पर्वको मूल संरक्षकको रूपमा लिइएकोले मूल पालाको घरमा एकरात राखेर मन्दिरमा विराजमान गराइन्छ।

**भक्तपुरको सम्यक् महादान :**

भक्तपुरमा प्रत्येक वर्ष माघ संक्रान्तिको दिन सम्यक् महादान मनाउँदै आइराखेको छ। भक्तपुरको प्रसिद्ध एवम् ऐतिहासिक स्थान साखकोथाका पुर्खाहरूले आजसम्म पनि परम्परागत सम्यक् मनाउँदै आइराखेका छन्। साखकोथाको बारेमा रोचक कथा रहेको छ। एक समय भक्तपुरका राजालाई कारणवश धेरै धनको आवश्यकता भएको कारण त्यस देशका धनाढ्य महाजनसित ऋण लिएछ। राजाले महाजनसित यदि भाखापत्र अनुसार ठीक समयमा ऋण तिर्न नसके के गर्ने भनेर सोधे। महाजनले यदि राजाले ऋण तिर्न नसके पानीमा थुनेर भएपनि असूल उपर गर्नेछु भनी जवाफ दिए। राजाले कसरी यिनले मलाई पानीमा थुनेर असूल गर्नेछ भनी विचार गरी ऋण नतिरीकन झुल्याइरहे। महाजनले भाखाभित्र ऋण नतिरेको थाहा पाई ऊ चलाख भएर राजालाई एकदिन आफ्नो घरमा नआइ नहुने किसिमबाट निमन्त्रणा पठायो। राजाले निमन्त्रणा स्वीकार गरी महाजनको घरमा आएपछि महाजनले अनेक किसिमबाट कुरा गरी ऋणको विषयमा पनि कुरा अगाडी सारे। तर पनि राजाले ऋण तिर्ने नामै लिएन। त्यसपछि महाजनले आफ्नो पैसा असूल गर्नको लागि आफ्नो तान्त्रिक शक्तिद्वारा राजा बसीरहेको सिंहासनको चारैतिर नागसाधन गरीराखेको नागकलशबाट पानी निकाली राजालाई बिचमा पारी दिए। राजाले यस्तो चमत्कार भएको देखी आफ्नो बेइज्जत हुने डरले दर्बारमा मानिसलाई पैसा लिन पठाएर महाजनलाई तिरी दिए। यसरी राजालाई पानीभित्र थुनेको साखकोठा आजसम्म



https://dhamma.digital

पनि भक्तपुरमा रहेको विश्वास गरिन्छ । साखकोठाको अर्थ यस प्रकार लिइएको छ - साख शब्दको अर्थ ऋण हो र ऋण लेनदेन हुने ठाउँ भएकोले साखकोठा भनिएको हो ।

महाजनले आफ्नो पैसा फिर्ता पाएपछि दानमध्ये महादानको रूपमा रहेको सम्यक्दान मनाउने शुभसंकल्प गरे । उनले सम्यक्दानको निम्ति भक्तपुरका सम्पूर्ण बौद्धविहारका आर्यसंघ बौद्धसंघ तथा श्री दीपंकर तथागतहरू निमन्त्रणा गरी भविष्यमा पनि सम्यक् आयोजना गर्नको लागि आयस्ताको व्यवस्था गरिदिए । यही आयस्ताले आजसम्म पनि प्रत्येक वर्ष माघ संक्रान्तिको दिन सम्यक् मनाउँदै आइरहेको छ । साखकोठाका वंशजहरूले पञ्चदानको दिन, सम्यक्को दिन मूल दीपंकर तथागतलाई विधिपूर्वक स्वागतसत्कार गरी पूजा गरी बिदा दिने परम्परा आजसम्म पनि कायमै छ ।

भक्तपुरको सम्यक्दान थथुबही भुइखेलमा सम्पन्न गरिन्छ । दीपंकर विहार, मंगल धर्मद्वीप विहार, चतुर्ब्रम्ह विहार, जयकीर्ति विहार र बौद्ध समकृत विहारका पाँच दीपंकर बुद्धहरू, सम्यक् देवता चार जना, सुवर्ण चैत्य, हेबज्रनैरात्मा, लोकेश्वर, प्रसन्नशील महाविहारको क्वापाद्यो, स्थविर आजु, थिमी जीस्वांबहाःका उपाध्याय, कुल पुरोहित, बज्राचार्य तथा शाक्य कुलपुत्रहरूलाई लस्करै राखेर सम्यक्दान गरिन्छ । कुल पुरोहित सम्मलाई पूरा सम्यकदान गरिन्छ भने संघ सदस्यहरूलाई पञ्चदान प्रदान गरिन्छ ।

माघ संक्रान्तिको एक दिन अघि सम्यक् दानको पालो पर्ने घरको जेष्ठ व्यक्ति र सम्यक् गुथिका पाँचजना स्थविरहरूले कुलदेवता नैरात्मा, लोकेश्वर, भक्तपुरको मूल दीपंकर, चतुब्रम्ह विहार, थथुबहि र कुथुबहीका दीपंकर तथा संघ सदस्यहरूलाई ग्वयदाँ राखी निमन्त्रणा गरिन्छ । सम्यक्दानको दिनमा बिहान गुथियारहरू सबै थुथुबहीमा पुगेपछि मूल आचार्यले थथुबहीको क्वापाःद्यो अगाडि कलश पूजा गरी होम गरी कलशले भूमिशोधन गरिन्छ । यसपछि सम्यक्दानको पालो पर्ने जेष्ठ व्यक्तिले आमन्त्रित सबै देवताहरूलाई पञ्चोपचार पूजा गर्छ ।



https://dhamma.digital

सुवर्ण पाथी र काठको पाथीमा चामल र धान भरेर दान गर्छन् । मूल दीपंकरलाई सुवर्ण पाथीमा एक पाथी धान राखी दक्षिणा राखेर दान गरिन्छ । नैरात्मा, लोकेश्वर, सुवर्ण चैत्य, चार दीपंकर तथागतहरूलाई काठको पाथीमा धान भरी दक्षिणा राखी दान दिइन्छ । यसपछि सम्यक् पालो पर्ने परिवारले यथा श्रद्धा फलफूल, मिठाइहरू दान गर्छन् । यसपछि सबै देवताहरू तथा संघ सदस्यहरूलाई विभिन्न परिकारहरू राखेर भोजन दान गरिन्छ । दिनभरीको दानप्रदान कार्यक्रम सकिएपछि सबै देवताहरू आ-आफ्नो स्थानमा फर्कन्छन् ।

**सन्दर्भ सामग्री :**


१. शाक्य, हेमराज, 'सम्यक् महादान गुथि', काठमाडौंः जगतधर तुलाधर, ई.सं. १९८०

२. बज्राचार्य, चुन्दा, 'नेवाः तजिलजिइ नखःचखः', काठमाडौं : नेपालभाषा एकेदमि, ई.सं. २०००

३. शाक्य, तीर्थरत्न, 'नेपाल मण्डलका बौद्धहरूको धार्मिक अभ्यास र जीवन शैली', काठमाडौं : बुद्धधर्म अध्ययन गोष्ठी, ई.सं. २००८

४. ताम्राकार, रत्नतारा 'तजिलजिया न्हाय्कं', काठमाडौं : विश्वव्यापी शान्ति अभियान, ई.सं. २००९

५. बज्राचार्य, नरेश मान, 'बज्रयान नेपाल', काठमाडौं : त्रिरत्न प्रकाशन, ई.सं. २०१२

६. बज्राचार्य, रञ्जना, 'नेवाः बौद्ध समाजय् अन्त्येष्टी संस्कार व दीप प्रज्वलनया परम्परा', ललितपुर : पद्म धाख्वाः व राजेन्द्र धाख्वाः, ई.सं. २०१३




https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## तृतीय पत्र
# नेपालमा बौद्ध समाज

## एकाइ २ : तामाङ्ग बौद्ध समाज

Dhamma.Digital

लेखक : भिक्षु ज्ञानेन्द्र स्थविर

'पृष्ठभूमि' अंशको श्रोत : धर्मरत्न शाक्य

https://dhamma.digital

# एकाइ २ : नेपालमा तामाङ बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

## (क) पृष्ठभूमि

तामाङ्ग बौद्ध जातिको पूर्वजहरूको उद्गम स्थान तिब्बत (भोट) र उनीहरूको पूर्वज श्रंग्चंगगम्पो भन्ने गरिन्छ। त्यस्तै नै श्रंग्चंगगम्पाको पूर्वज महापण्डित राहुल सांस्कृत्यायनको तिब्बतमा बुद्धधर्म अनुसार कोशल राजा प्रसेनजित पुत्र भने पनि यसमा शंका छैन, उनीहरूको वंश र प्रदेश उन्नत अवस्थाको हो । साँच्चै भन्ने हो भने तामाङ्ग यो भन्दा पुरानो जाति हुनसक्छ।

जुन समयमा नेपालमा अंशुबर्माले राज्य गरिराखेका थिए । त्यो समयमा तिब्बतको राजा श्रंग्चंगगम्पो पनि भारतको हर्षबर्धन जस्तै आफ्नो राज्यमा सीमा बढाउने इच्छाले सुसंगठित सैन्यहरू बनाएर आफ्नो राज्यलाई उत्तरमा चीन, तुर्किस्तानमा र पश्चिममा गिलगिल सम्म जित्यो । त्यतिबेला पनि चीन सम्राटका छोरी कोजो र नेपालका राजकुमारी भृकुटी विवाह गरी आफ्नो राज्यलाई झन सुरक्षित गऱ्यो ।

त्यतिबेला चीन र नेपालमा बुद्धधर्मको प्रभाव धेरै माथि पुगेको समय भएकोले चीनको राजकुमारीले चीनमा पुगिराखेको शाक्यमुनिको प्रतिमा दाइजोको रूपमा लिएर आयो। त्यस्तै नै नेपालबाट पनि अक्षोम्य बुद्ध, मैत्रेय बोधिसत्व र चन्दनको ताराको प्रतिमा दाइजोको रूपमा तिब्बतमा लिएर गयो । राजा श्रंग्चंगगम्पोको राज्यमा त्यतिबेला भूत, प्रेत पूजा; वायु मशान साधन गरी उनीहरूबाट चमत्कार देखाई रोगको उपचार गर्ने बोन धर्मको प्रभाव भएको हो । कुनै आफ्नो लिपि र साहित्य नभई अशिक्षाको कारणले सभ्यता भन्ने ने नभएको समय थियो, त्यतिबेला । यस्तो समयमा दुईजना राजकुमारीहरूको प्रयासले



https://dhamma.digital

राजा श्रंग्चंगगम्पोलाई आफूले लिएर गएको बुद्धधर्मको परिचय दिँदा त्यसबाट धेरै नै प्रभावित हुनुभयो । अनि चीनको राजकन्याले लिएर गएको शाक्यमुनिको प्रतिमा ल्हासाको उत्तरपट्टि र-म-छे विहार बनाई स्थापना गऱ्यो। त्यस्तै नै भृकुटीले लगेको प्रतिमा स्थापना गर्न ल्हासाको बिचमा एउटा पोखरीलाई पुरी खुलु सनङ विहार बनाई स्थापना गऱ्यो।

त्यतिबेला उक्त प्रभावशाली श्रंग्चंगगम्पो राजको कुशल नेतृत्वमा विश्वासी थोन्मि भन्ने विद्वानले उक्त विशाल राज्य संचालन गर्न र बुद्धधर्मको बारेमा लेख्न तिब्बतलाई आफ्नो लिपिको आवश्यकता देखाई तिब्बतको लागि एउटा लिपि पनि बनायो । उक्त लिपिलाई स्वयं राजाले पनि अध्ययन गरी बुद्धधर्मको पुस्तक तिब्बति भाषामा अनवाद गर्नमा प्रेरणा दिई तिब्बती लिपिमा बुद्धधर्म तिब्बती भाषामा राख्ने प्रारम्भ गऱ्यो । त्यति मात्र होइन स्वयं श्रंग्चंगगम्पोले बुद्धधर्ममा दीक्षित भई देशना बुद्धधर्मको बिज रोपिदिनुभयो। फलस्वरूप तिब्बतका अशिक्षित जनता र नवगठित राज्यलाई बुद्धधर्मले एउटा ठूलो उपकार पनि गऱ्यो ।

यसप्रकारले तीनवटा पुस्तासम्म निर्विघ्न पूर्वक बुद्धधर्मको प्रगति भईसकेपछि चार पुस्ताका राजाको पालामा एकपटक त्यहाँको पुरानो बोन धर्मका मन्त्रीहरूले बुद्धधर्मलाई तिब्बतमा ठाउँ दिएन। परन्तु पाँचौं पुस्ताका राजा नालन्दाका प्रसिद्ध आचार्य शान्तरक्षितलाई तिब्बतमा लगी त्यहाँ भएकाहरूलाई त्यहीँ नै भिक्षु बनाई शिक्षा-दीक्षा दिई बुद्धधर्मको शासन पुनरूत्थान गर्नमा सफल भयो। उहाँको कुशल नेतृत्वमा त्यहाँ विहारहरू पनि निर्माण हुँदै गयो । त्यहाँ फेरि एकपटक बुद्धधर्मको ग्रन्थहरू अनुवाद गर्ने काम तीव्ररूपमा अगाडि बढ्दै गयो । उहाँकै शिष्य पद्मसम्भव (गुरू रिम्पोछे) को तन्त्र प्रधान निंग्मापा सम्प्रदायले तिब्बतमा जरा गाडेर देखभरि बुद्धधर्मको प्रचारप्रसार गरिदियो। तिब्बतमा बुद्धधर्मले यति जरा गाड्यो नि बुद्धधर्म उनीहरूको अशिक्षित समाजलाई धेरै परिवर्त गरिदियो । धार्मिक, आर्थिक र सामाजिक स्तरमा धेरै नै उन्नत अवस्थामा पुऱ्याइदियो ।



https://dhamma.digital

अंशुबर्माको पालामा शुरू भएको तिब्बत-नेपाल सम्बन्ध नरेन्द्रदेव राजाको पालामा झन सुदृढ भयो । तिब्बतीय जनताहरू नेपालमा आवागमन भयो । त्यति मात्र होइन तिब्बतका बौद्धहरू नेपाल आउने, नेपाल भई फेरि भारतमा जाने, नेपालको शीलमञ्जु जस्ता विद्वानहरू तिब्बतमा गई धर्म प्रचार गर्न जाने, फेरि भारतको विद्वानहरू नेपाल भई तिब्बत जाने आदि कारणले गर्दा नेपालको धार्मिक सम्बन्ध झन् झन् कसिलो हुँदै गयो । जसले गर्दा तिब्बतीहरू वर्तमान नेपालको उत्तरपट्टिको हिमालयको काखमा भएको पहाड प्रदेशमा बिस्तारै बिस्तारै बास गर्दै ल्यायो । यही क्रममा तामाङ्गहरू पनि हिमालबाट तल आएको भन्न थाल्यो । तर यस विषयमा अनुसन्धान धेरै गर्न बाँकी नै छ ।

यसो पनि भन्ने गरिन्छ कि यसै क्रममा एकपटक तिब्बतमा गलङमरम (ग्याल्वे लाङ् डरम्) भन्ने एकजना बुद्धधर्ममा विरोधी राजा भए । राज्यको मोहले गर्दा उसले आफ्नो राज्यासन बलियो पार्नका निम्ति उसले आफ्नो राज्यमा बौद्धहरूलाई साह्रै दमन र शोषण नीति अँगाल्यो । अनुवादकहरूको घरमा आगो लगाइदियो, बुद्धधर्म पढाउने पाठशाला नष्ट गरिदियो, भिक्षुहरूलाई गृहस्थ बनाइदियो । यसमा विरोध गर्नेहरूलाई नभए धनुष वाण समाउन लगाई शिकारी हुन बाध्य गरायो नभए मारिदियो । विहारमा भएको बुद्धमूर्ति पन्छाइदियो, कुनै विहारको ढोका बन्द गरी त्यहाँ रक्सीले मस्त भईरहेका भिक्षुहरूको चित्र बनाइदियो । यसो भएकोले कुनै कुनै भिक्षुहरू आफूले सक्दो पुस्तकहरू लिई भाग्यो । लान नसकेको पुस्तकहरू ल्हासामा ढुङ्गाको मुनि सुरक्षाको निम्ति लुकाएर गयो । परन्तु यो अत्याचार लामो समयसम्म रहेन । त्यसबेला द्पल्-ग्यि-र्दो-जे (ल्हालुं पाल्गिदोर्जे) भन्ने एकजना भिक्षुले सेतो वस्त्र लगाई (भिक्षुत्व त्यागी) बाहिर उसले कालो वस्त्र लगाई कालो नै रंगाएको घोडा चढी गलङमरम (लाङ् डरम्) राजालाई नाटकीय ढंगले वन्दना गरेजस्तो गरी वाणले हानी मारिदियो । यति गरेपछि त्यो भिक्षु त्यहाँबाट भाग्यो । लखेटेर गएको सैनिकहरूलाई छलाएर नदी तर्न खोज्दा कालो वस्त्र बगाई रंगले रंगाएको घोडाको रंग पनि बगाइसकेपछि चिन्न



https://dhamma.digital

नसकि बची आफ्नो ठाउँमा पुगेर आफूले सक्दो बुद्धधर्मका पुस्तकहरू लिएर तिब्बतको राज्य सिमाना नाघेर गयो । यसप्रकार उक्त युवकले आफूलाई र बुद्धधर्मको पुस्तक बचाउनको लागि सफल भयो । पछि सोही युवक फेरि भिक्षु भई तिब्बतमा शान्तरक्षितको परम्परा अगाडि बढाउने भयो । तिब्बतमा फेरि एकपटक बुद्धधर्म प्रचारको काम भयो । क्रमशः विभिन्न विद्वानहरूको बौद्धग्रन्थहरू अनुवाद पनि हुँदै गयो ।

सन् १२९० मा जन्म भएको रिन्छेन् ग्रुब (रिन्छेन् दुब् रत्नसिद्धि) ले आफ्नो समयको अद्धितीय विद्वान भई सक्य मथेमा भएको विशाल पुस्तक भण्डार देखी अध्ययन गरी उसले आफ्नो समयसम्म प्राप्त भएको सबै पुस्तकहरू संग्रह गरी संग्रह अनुसार स्कंग्युर र स्तंग्युर नामले ग्रन्थ तयार गर्ने काम गऱ्यो । यिनै ग्रन्थ भएकोले आज बुद्ध जन्म भएको नेपाल र बुद्धत्व लाभ गरी ४५ वर्षसम्म स्वयं आफै चारिका गरी धर्म प्रचार गरेको ठाउँ भारतबाट बुद्धधर्म लोप भएको समयमा स्थविवाद बुद्धधर्मलाई श्रीलंका, बर्मा र थाइलैण्डमा सुरक्षित गरे जस्तै महायान बुद्धधर्म चीन र तिब्बतमा सुरक्षित भइराखेको हो ।

यसैप्रकारले खच्चरलाई पुस्तक बोकाई घोडा चढेर आएको अरू भिक्षुहरू क्रमशः नेपालको पहाडी प्रदेशमा बसी आफ्नो धर्म पालन गरेर बस्यो । यसप्रकारले नेपालमा घोडा चढी भागेका भिक्षुहरू नेपालको उत्तरपट्टी सिन्धुपाल्चोक देखि रसुवा, सेतुंग, मनाङ्ग, मुस्ताङ्ग पार गरेर हुम्लासम्म फैलेर गयो । त्यहाँ आफ्नो धर्म पालन गरिबस्यो । यिनीहरूलाई पहिला गुरू भन्ने अर्थमा आएको लामा शब्दले चिन्ने गरेको हो । पछि गएर यिनीहरूको गृहस्थी जातिलाई नै तामाङ्ग भन्ने नामले चिनिन थाल्यो भनेर भनिन्छ । यिनीहरूको जातिको विकास हुँदै जाँदा यिनीहरूको पनि धेरै प्रकारका थरहरू बन्दै गयो । पूर्वकोहरूलाई शेर्पा र पश्चिमकोहरूलाई न्हुपा भनिन थाल्यो । त्यस्तै नै यिनीहरूको थर हिम्धुं, धिम्धुं, थोक्रा, चोदेन, भ्लेनदेन, पाखरीन, थेवा, वायबा, थिं आदि आदि भएर आयो । यिनीहरूको बस्ती बढ्दै आएपछि यिनीहरूले आ-आफ्नो ठाउँमा आफ्नै तरिकाले आफूले नै शासन गर्दै ल्यायो । उनीहरूको



https://dhamma.digital

भाषामा राजालाई ग्ले भनिन्छ। पछि अपभ्रंश भई घले भएको भनेर पनि भन्ने गरिन्छ। यही घले नै पछि धेरै हुँदै आएपछि थर छुटेर बोजोघले, सुरतघले, ग्याल्थाङ् घले, ग्याज्रुंघले आदि थर बन्न गयो।

यिनीहरूले त्यसबेला बसाएको बस्तीको नाम पनि यिनीहरूको आफ्नै भाषामा रहन गएको हो। जस्तै बागमती अञ्चलको हेर्ने हो भने रसुवा जिल्लाको थांबोचेत्, गोल्जुं, गाट्लां, स्याप्रु, भार्खु त्यस्तै नुवाकोटको बोमितांग, सवातङ्, दोलेप्, मानेगाङ्, किस्तां, गोर्स्यां आदि र धाडिङ्गको सेर्तु, झार्लाग्, तिब्लिं आदि आदि। त्यस्तै नै अरू अरू ठाउँको पनि यसरी नै आ-आफ्नो ठाउँमा आ-आफ्नै भाषाले नाम राखेको ठाउँहरूलाई लिएर हामीले यहाँ तामाङ्ग जातिको विकास कहिलेदेखि कहाँ कहाँ हुँदै गएको हो भन्ने कुरा जान्न सक्छौं।

नेपालमा बसिसकेपछि उनीहरूले त्यसबेला त्यो त्यो ठाउँमा शासकहरूसँग मिलेर, कहीं मित लगाएर, कहीँ शासकहरूले नभेट्टाउने ठाउँमा स्वतन्त्ररूपले आफै त्यो ठाउँमा नाइके भएर बस्यो। तर जहाँसम्म बस्यो, त्यहाँसम्म आफ्नो धर्म-संस्कृति अनुरूप गुम्बाहरू बनाई लामाहरूलाई धर्मको नाइके बनाई चाहिने कर्मकाण्ड सबै उनीहरूबाट गराई अरू गृहस्थहरूले कृषि, पशुपालन आदि व्यवसाय गरी गाउँको मुखिया भई आ-आफ्नो समूह बनाई बस्ने गऱ्यो।

यसप्रकारले यिनीहरूले बसाएर गएको गाउँमा भएको र उनीहरू बसोबास गरिसकेपछि बनाएको गुम्बातर्फ मात्र हेर्दै गएमा पनि पहिलादेखिको अर्थात् लिच्छवि कालभन्दा अघि बौद्ध गुम्बा प्रारम्भ भएको जिल्ला लिएमा काठमाडौं, सिन्धु, दोलखा, रसुवा, गोर्खा, मनाङ्ग, मुस्ताङ्ग, डोल्पा र हुम्ला हो। त्यस्तै नै १००० वर्ष यता मल्लको अन्तिमकाल सम्म गुम्बा बनेको जिल्ला नुवाकोट, संखुवासभा, सोलुखुम्बु र मुगु जिल्ला हो। गोर्खाली शाहवंशको पृथ्वीनारायण शाहले नेपालको विजय गरेदेखि राणाशासन शुरू नभएसम्मको समयमा गुम्बा बनेको जिल्ला काभ्रे, रामेछाप, ओखलढुङ्गा, ताप्लेजुङ्ग, इलाम, धादिङ्ग, दार्चुला र जुम्ला हो। राणाकालदेखि २००७ साल अर्थात् प्रजातन्त्र घोषणा नभएसम्म



https://dhamma.digital

पनि गुम्बा बनेको जिल्ला मकवानपुर, पर्वत, धनकुटा, तेह्रथुम, भक्तपुर, पाँचथर, लमजुङ्ग, सर्लाही, सिन्धुली, नवलपरासी, बाजुरा, सुर्खेत, तनहुँ, कास्की, सुनसरी, चितवन, कैलाली, बाग्लुङ्ग र कञ्चनपुर हो ।

यसप्रकारले ७५ वटा जिल्लामध्ये ४५ वटा जिल्लामा मात्र पनि हिजोआज ९८६ वटा जति गुम्बाहरू छन् । ललितपुरदेखि अर्को ३० वटा जिल्लामा कतिवटा गुम्बाहरू छन्, त्यो अनुसन्धान गर्न बाँकी नै छ । यी गुम्बाहरू कुनै सामूहिक छन् भने कुनै गाउँको लामाको व्यक्तिगत रूपमा भइराखेको छ । यी गुम्बाहरू मध्ये निकायको रूपमा हेर्ने भने हो भने निङ्गमापा सम्प्रदायको गुम्बा मात्र ७४८ वटा भन्दा बढी छन्, काक्युपा सम्प्रदायको गुम्बा १२८ वटा भन्दा बढी छन् । अर्को शाक्यपाको गुम्बा २५ वटा, गेलुंपाको गुम्बा १९ वटा र बेन्बोको गुम्बा ५ वटा जति छन् । त्यस्तै अर्को जानकारीमा नआएको गुम्बाहरू धेरै नै छन् ।

यी सबै गुम्बामा लामा गुरूहरूले नै सञ्चालन गरिरहेका छन् । कहिँ कहिँ गुम्बा नभएको बस्ती मात्र भएको ठाउँमा लामाहरू मत्र भएर उनीहरूले नै सबै तामाङ्गहरूको जन्मदेखि मरेपछि सम्मका गर्नुपर्ने सबै कर्मकाण्ड र पूजा-पाठ, धर्म-कर्म गराइरहेको छ । कहिँ कहिँ ठूल्ठूलो गुम्बामा घेलुं र ञानिहरू जम्मा गरेर धर्म सिकाउने पनि गरिरहेको छ । कहिँ कहिँ धर्मशास्त्रलाई भगवान्को रूपमा केवल पूजा मात्र गरी समय-समयमा पर्व पर्वमात्र पाठ गराईरहेको छ ।

आजभोलि यस तामाङ्ग जातिको मुख्य संस्कार कर्मकाण्ड तल उल्लेख गरे जस्तै पाइन्छ :-

१) पाश्नी (ब्यंके) । २) कपाल काट्ने । ३) विवाह । ४) मृत्यु संस्कार । ५) ग्यवा

**१) पाश्नी (ब्यंके) ।**

तामाङ्ग जातिहरूको बच्चा जन्मिसकेपछि ३ दिनदेखि ७ दिनभित्रमा आफ्नो समय अनुकूलको समयमा पाश्नी (ब्यंके) भनेर शुद्ध गर्ने काम गरिन्छ । त्यसबेला घरमा सर-सफाई गरी शुद्ध गरेर (साङ्धुप)



https://dhamma.digital

भनेर धूप दीप बालेर लामाले छोटकरीमा धरमा कुनै नराम्रो र दूषित-कीटाणु बाँकी नरहोस् होम गराइन्छ। अनि कलशमा भएको पानी बच्चा, आमा र बच्चा जन्म भएको घरमा भएका सबै परिवारलाई पिलाई सिङ्गै घरमा हाहा गरी शुद्ध गरिन्छ।

२) **कपाल काट्ने।**

छोरा पाँचवर्ष भएपछि छेवर भनेर कपाल काट्ने कर्म गरिन्छ। त्यतिबेला पनि लामालाई बोलाई (साङ्धुप) भनेर धूप बालेर दो भन्ने सूत्र पाठ गराइन्छ। अनि टासि भन्ने मंगल पाठ गराई यस कर्म पूरा गराइन्छ। त्यतिबेला बच्चाको मामाखलकको आफ्नो दाजुभाईहरू सबै र गन्यमान्यहरूलाई निमन्त्रणा गरी प्रीति भोजन गराइन्छ। आगन्तुक निमन्त्रित व्यक्तिहरूले छेवर गर्ने बच्चालाई टिका लगाई दक्षिणा दिने गरिन्छ।

३) **विवाह।**

उमेर पुगिसकेपछि छोरा वा छोरी दुवैको घरमा पनि आ-आफ्ना कुलको लामालाई बोलई **साङ्धुप** भनेर धूप दीप बाली **टासि** भनेर मंगल पाठ गराइसकेपछि राती बेहुली घरमा ल्याउँछ। सक्नेले घरमा **थिनले जिन्सेक** भनेर १४ थरीका वस्तु तान्त्रिक रूपले होम पनि गरिन्छ। नसक्नेलाई यसमा कर छैन। केवल **टासि** भनेर मंगलपाठ मात्र गराई सकाइन्छ। अनि निमन्त्रित आगन्तुक र आफ्नो घरका दाजु-भाई, टोलका आफन्तहरूलाई आफ्नो गच्छे अनुसार भोजन गराइन्छ।

४) **मृत्यु संस्कार।**

कुनै पनि व्यक्ति परलोक भइसकेपछि सबभन्दा पहिला सक्नेहरूले लामा बोलाई **फोः** भनेर **उल्कान्ति** गरिन्छ। नसक्नेहरूले ज्वाईं र आफ्ना दाजु-भाई त्यस्तै टिमेकीहरूलाई खानापनि गराई मृतक शरीरलाई पहाडको चुचुरोमा लगी ञ्होसेक् भनेर होम गरी जलाइन्छ। तर कुनै कुनैले जमिनमा गाड्ने पनि चलन छ। तीन दिन भईसकेपछि लामा ङोवा गर्ने भनेर विधि गरी नुन, तेल फुकिन्छ। त्यसपछि यस



https://dhamma.digital

दिनदेखि १२ दिनसम्म लामाले दिनका दिन **बर्दो थोटोल्** भन्ने बढी सुनाउने गरिन्छ ।

**५) ग्यवा अर्गु**

यो क्रिया परलोक भएकाको नाममा परिवारले समय अनुकूलको समय मिलाई मृत्यु भएको १० दिनदेखि ४९ दिन भित्र गर्ने क्रिया हो । यो कर्म गर्दा शास्त्रअनुसारले त हिंसाले अलग भई सक्नेहरूले अघिल्लो दिन जोरजाम गरी ग्यवा गर्ने ठाउँमा लामाहरूलाई बोलाई पौभा इत्यादिले सिङ्गरी भोलितिर पूजा शुरू गरी दुईदिनसम्म पूजा गरिन्छ । नसक्नेहरूले एकदिन मात्र पूजा गरी सकाउनेहरू पनि छन् । यसमा लामाजुहरूले पूजा-पाठ गरी परलोक भएकाको लागि अगतिबाट मुक्त गर्ने भनी गर्ने थिति पनि छ ।

यसबेला पनि मृत्यु भएकाको आफन्त, मामा खलक, छोरी-ज्वाईं, इष्टमित्रहरू बेलाई उनीहरूलाई भोजन गराइन्छ । यसरी निमन्त्रणामा आउनेहरूले पनि कुनै न कुनै (चामल, पैसा, रक्सी भएको प्वाङ्) लिएर आउने दस्तुर छ ।

यसको अतिरिक्त यिनीहरूले धर्मको नाममा गर्ने पूजा **गहुँपूजा** अनि कसैको घरमा वा बाहिर मणि छोर्तेन् भनेर गुम्बा चैत्य स्थापना गर्ने बेला ञ्हाप्ने भनेर पनिस्था गर्ने र पाठ गर्नेमा धेरै गरेर **डोमाङ्** भन्ने पुस्तक पाठ गराउने चलन छ । यसमा १०८ वटा ला-लामो सूत्र छ भन्ने गरिन्छ ।

यहाँ विचार गर्नुपर्ने कुरा के छ भने सातौं शताब्दी भन्दा अगाडिदेखि बुद्धधर्मावलम्बी भन्नेहरूले महायान सम्प्रदायको अपार ग्रन्थको भण्डार भएको दलाइ लामा, शाक्य लामा जस्ता धर्मगुरूको र अनेक अवतारी लामाहरूको अनुयायी भएका लामाजुहरू अनुशासन गराइराखेका, धर्मको निम्ति आफ्नो देशमा धर्म विरोधी राजा अत्याचार गरेको बेलामा धर्म रक्षा गर्नको निम्ति धर्मग्रन्थ लिएर देश नै परित्याग गरेर आएका तामाङ्ग जातिहरूले अहिलेसम्म पनि आफूलाई जन्मदेखि



https://dhamma.digital

मरण भएपछि पनि लामा-गुरूहरूबाट संस्कार गराएर पनि आफूलाई बौद्ध भनेर सम्म पनि थाहा नपाइकन बसिराख्नु परेको छ। लामाजुहरूले पनि आफ्नो जय माता भै राखेका तामाङ्गहरूलाई धर्म के हो भनेर बुझाई दिने प्रयास गर्न सकेन, जसले गर्दा बिस्तारै बिस्तारै हिन्दु संस्कारलाई नै बौद्ध संस्कार भन्ने ठानेर व्यवहारमा प्रयोग गरी त्यसैमा नै भुलेर आफ्नो बुद्धधर्म अनि बोद्ध रहनसहनलाई नै छोडेर भ्रममा परी बस्ने गर्न थाल्यो। आफ्नो धर्ममा मिसिराखेको कुरीतिहरू हटाउन नसकेकोले आफ्नो जाति गरीबीको सामना गर्नुपर्ने आदि दुःख भोग्नुपर्ने र वास्तविक आफ्नो धर्म बुझाई दिने नभएकोले धेरैले हेला गरी बसिराख्नु परेको छ। अलिकति पैसा सापट लिएर पछि व्याजको व्याज गरी राम्रो खेत गुमाई बसिराख्नु परेको छ।

आज हामी तामाङ्गहरूले आफ्नो धर्मलाई चिनि आफू विरूद्ध भएको शोषणलाई चिनि आफ्नो जातिलाई सुसंस्कृत गरी बुद्धधर्मको शिक्षा तिब्बत, चीन, जापान, कोरिया, श्रीलंका, थाइलैण्ड, बर्मा, लाओस, र इण्डोनेशिया आदि देशवासीहरूलाई उन्नतशील, प्रगतिशील गरी विश्वमा प्रकाशमान गरे जस्तै हामी तामाङ्ग बौद्धहरू पनि अगाडि बढ्नु पर्ने समय भैसकेको छ। त्यसैले धर्मलाई चिन्नको लागि शिक्षा हासिल गरी बौद्धग्रन्थहरू अध्ययन गरी आफ्ना सन्ततिहरूलाई पनि अध्ययन गराई परस्पर मैत्री (मित्रता) बलियो पारी जीवन सुखमय र शान्तिमय गराउन सक्नुपर्छ। आफ्नो धर्ममा भएको कलुषित कर्मकाण्डलाई चिनेर हटाउन आवश्यक छ। साँच्चैको बहुजन बहुजन हित हुने, कसैलाई पनि हानि नहुने बुद्धवचनलाई आफूले ग्रहण गरी जीवनलाई राम्रो फलदायक बनाउनुपर्छ ।

**अस्तु !**



https://dhamma.digital

# (ख) नेपालमा तामाङ बौद्ध समाज

**परिचय :**

तामाङ जाति नाम (Ethno–name) शब्द हो । Ethnicity अर्थात जाति भन्ने UN को ILO 169 अनुसार कुनै पनि देशमा आदिम काल देखि बस्दै आएको मूल जाति वा आफ्नै छुट्टै पहिचान भएको राष्ट्रलाई बुझाउँदछ। त्यसैले तामाङ जाति एक छुट्टै भाषा, धर्म, लिपि र संस्कृति भएको प्रमुख जाति तथा नेपालका पुराना बासिन्दाहरूमध्ये एक जाति हुन् । तामाङ समुदाय हिमाली पर्वतमालाको मध्यभूखण्डको आदिवासीहरू हुन् । यो जातिले नेपाल अधिराज्यको पूर्वमा लिखुखोलादेखि पश्चिममा बुढीगण्डकीसम्मको पहाडि भूभाग खासगरी काठमाडौं उपत्यकावरिपरिका जिल्लाहरूलाई आफ्नो पुर्ख्यौली भूमि (मूल थलो) मान्दछन् ।

विगतदेखि वर्तमानसम्म काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको तीन सहरहरू लगायत चारै भूभागहरूमा तामाङ जातिको घना बस्ती रहेको पाइन्छ । आज यिनीहरूको वस्ती नेपाल अधिराज्यभर छरिएका छन् । बहुसंख्यक तामाङहरूको ऐतिहासिक थुङ्सा बाब्सा अर्थात् किपट भूमिहरू : काभ्रेपलाञ्चोक सिन्धुपाल्चोक, दोलखा, रामेछाप, नुवाकोट, रसुवा, चितवन, धादिङ, सिन्धुली, आदि रहेका छन् । तामाङहरू नेपाल बाहिर उत्तरपूर्वी भारतको वंगालराज्यको दार्जिलिङ, सिक्किम राज्य, आसम राज्य, भूटान अधिराज्य र बर्मा (म्यानमार) सम्म पनि फैलिएका छन् ।

कालन्तरमा तामाङ जातिलाई मुर्मी र तामक भन्ने गरेको पनि पाइन्छ । मुर्मीको अर्थ सिमानाको बासिन्दा भन्ने हुन्छ भने तामकको अर्थ घोडाचढी सैन्य पनि भन्ने गर्दछन् । मुर्मी र तामाङ बीचमा त्यति भिन्नता छैन । पृथ्वी नारायण शाहले नेपाल एकीकरण नगर्दासम्म तामाङ जातिको कुनै न कुनै संरचनामा गणराज्यहरू सञ्चालनमा थिए । तामाङ जाति मंगोल वंशका हुन् । हेर्दा गहुँगोरो हृष्टपुष्ट र थेप्चो



https://dhamma.digital

नाकका हुन्छन् । यिनीहरूमा १२ तामाङ १८ उपथरलाई मान्यता दिने गर्दछन् । यसलाई ल्हासा रूई (गोत्र) को भनिन्छ । नेपालमा तामाङ जातिको जनसङ्ख्या वि.सं. २०६८ को जनगणना अनुसार १५,३६,६८२ अर्थात ५.८% रहेको पाइन्छ ।

**भेषभूषा तथा गरगहना :**

भेषभूषाका रूपमा प्रचीनकालमा भोटो, बख्खु, कम्मरमा पटुका बाँध्ने गर्दथे। पछि बि.सं.२०३० सालसम्म पुरूषले दौरा सुरूवाल, इष्टकोट लगाएर कम्मरमा पटुका बाँध्ने र खुकुरी भिर्ने गर्दथे। महिलाहरूले सुर्के, स्त्यामा(फरिया), मुगा माला, कानमा चेप्टे सुन, ढुङ्ग्री, नाकमा टुकी, हातमा चाँदीको बाला, सिमाला, ब्युरूमाला शिरवन्दी, औंठी लगाउँछन् । वर्तमान अवस्थामा भने गुन्युचोली लगाउनमा विशेष रूचि राख्दछन्। तर २०५८ सालदेखि नेपाल तामाङ घेदुङले तामाङ जातिको परिचयात्मक भेषभूषा तयार पारेपछि चाडपर्व आदिमा प्रयोग गर्ने गर्दछन् ।

**भाषा र लिपि :**

तामाङ समुदायको मातृभाषालाई तीन तहको लयमा बोल्ने गर्दछन् । जस्तै: १) सातसय ह्योल्मो : खान्दोके भाषाको लय हो । २) बाह्र तेमाल : स्यारफाडे भाषाको लय हो । ३) बिसासय पाल्चोक : पाल्चोके भाषाको लय हो । लिपीको रूपमा तामाङहरूले सम्भोटा लिपीलाई ऐतिहासिक कालदेखी धार्मिक तथा व्यवहारिक रूपमा लिखितमा प्रयोगमा ल्याउने गर्दथे । हाल आएर तामयीग लिपीको पनि विकास गरेको पाइन्छ ।

**लोक बाजाहरू :**

इतिहास कालदेखि तामाङ जातिको मौलिक पहिचान र अस्तित्वमा रहेका साँस्कृतिक चिह्नहरू : डम्फु र टुङ्ना बाजालगायत डोङमेन, ग्यालिङ, मुरली, डिल्बू, काङलिङ, भाटे मादल, पली, पिहुङ जस्ता विभिन्न वाद्यवादनहरू प्रयोग गर्ने गर्दछन् ।



https://dhamma.digital

**तामाङ जातिमा बौद्ध धर्म :**

आदिम कालमा भने उनीहरू प्रकृति पूजक तथा प्रकृतिको नियमलाई आफ्नो आस्था मान्दथे । तामाङ जातिमा गरिने धार्मिक तथा साँस्कृतिक कर्मकाण्डहरूमा एउटै धर्मप्रधान नभई केही मिश्रित संस्कारहरू देखिन्छ। तामाङ जातिमा लामा, बोन्बो तथा ताम्बाको भूमिका सामाजिक तथा साँस्कृतिक कार्यमा उत्तिकै महत्व रहेको पाइन्छ। तसर्थ तामाङ जातिमा बौद्ध धर्मभन्दा पहिले प्रकृतिपूजक (बोन) धर्म मान्ने गरेको पाइन्छ । त्यसपछि बौद्ध धर्मको विकास भएपछि तामाङ जातिले इतिहासदेखि नै बौद्ध धर्मको शिक्षालाई पालना गर्दै आएका थिए । सातौं सताब्दीमा तिब्बतका धर्मराजा श्रङचङ गम्पोका पालामा तिब्बतमा बौद्ध धर्मको विस्तार हुनु अगाडि नै तामाङहरूले बौद्ध धर्म अपनाइसकेका थिए । भारतीय र तिब्बतीय बौद्ध विद्वानहरू आउने जाने क्रममा तामाङ जातिमा पनि बौद्ध धर्मको प्रभाव परेको  अनुमान गर्न सकिन्छ ।

तिब्बतका धेरै बौद्ध भिक्षु तथा तान्त्रिक साधकहरू नेपालको उत्तरी हिमाली क्षेत्रको विभिन्न स्थानमा योग साधना गर्ने गर्दथे । यसक्रममा यस क्षेत्रका आदिवासी तामाङहरूमा पनि यिनै बौद्ध भिक्षुहरूको संगतका कारण बौद्ध धर्मप्रति आकर्षित हुन थालेको पाइन्छ । तामाङ जाति धार्मिक दृष्टिकोणले मूलरूपमा महायानी बौद्ध धर्म अन्र्तगत निङमा सम्प्रदायका अनुयायी हुन् । तिब्बतमा आठौं सताब्दी तिर नै प्रचलितमा रहेको लामा परम्पराको सबैभन्दा पुरानो मत निङमापा मत मान्ने बौद्ध धर्मावलम्बी भएकोले तामाङहरूले पनि धेरै बर्ष पहिले देखी बौद्ध धर्म मान्दै आएको अनुमान गर्न सकिन्छ । बौद्ध धर्म अन्र्तगतको यी तीन निकाय थेरवाद, महायान र बज्रयानका  शिक्षादिक्षालाई पूर्ण आस्था र श्रद्धाका साथ मान्दछन् । तामाङ जातिको संस्कारहरू बौद्ध धर्म अन्र्तगतका महायानी विशेषता अनुसार कर्मकाण्ड गर्ने गर्दछन् । त्यसैले तामाङ जाति जन्मसिद्ध बौद्ध शिक्षाका अनुयायीहरू हुन् भन्न सकिन्छ। धार्मिक चिह्नहरूमा को-को म्हेन्दो, ल्हा म्हेन्दो, स्त्यो मेन्दो र पशुपक्षीहरूमा : मयुर, डाँफे, मुनाल, मृग, कस्तुरी आदि पर्दछन् ।



https://dhamma.digital

तामाङ समाजमा धार्मिक तथा साँस्कृतिक रूपमा हेर्दा पहिले ताम्बा, बोन र बौद्ध धर्म संस्कृतिको समग्र रूपमा नै तामाङ संस्कृति थियो भने यसको साँस्कृतिक पक्षमा ताम्बाको नेतृत्वदायी भूमिका भएपनि बोन र बौद्ध संस्कृतिले तामाङ जातिको धर्मलाई निर्देशित गरिरहेको हुन्थ्यो । हाल आएर ताम्बा संस्कृतिले भन्दा बौद्ध धर्म संस्कृतिले तामाङ संस्कृतिलाई नेतृत्व गरिरहेको छ ।

**तामाङ जातिको इतिहासमा आधारित वंशावली पुस्तक :**

ताम्बा काइतेन ह्वाई रिमठिम, झिक्तेन ताम्छ्योई, रूअीछेन चोप्गे, थुङ्सा बब्साहरूलगायत मौखिक तथा भोटबर्मेली सम्भोटा लिपिमा लेखिएका ग्रन्थहरू सुरक्षित छन् । तामाङ जातिको पहिचानमा आधारित यी ग्रन्थहरूमा लिपिबद्ध गरिएका चोहो(अध्यक्ष), लामा, लोबेन, मुल्मी, गान्बा, बोम्बो, ताम्बा, ङाप्ता, दोप्ता र गउराही आदि मौखिक काइरन(कथन)हरूमा तामाङ जातिको उत्पत्ति र वंशावली लगायत उनीहरूको थातथलो अर्थात् १२ तामाङ १८ जातिका तामाङहरू बारे आ आफ्नो परिचय  गराएको छ ।

विगतदेखि तामाङ बसोबास गरेको गाँउ बस्तीहरूमा सामाजिक रूपका संगठनहरू निर्माण  गरी उक्त संगठनमा चोहो, गउराअी, मुल्मी, दोप्ता, गान्बा, बोम्बो, ताम्बा, लामा, अीद आबद्ध रहेका हुन्छन् । ती संगठनमा आवद्ध भएकाहरूले समाजमा आइपरेका सामाजिक, धार्मिक, तथा साँस्कृतिक जस्ता आदि विषयमा हुने विकृतिहरू विरूद्ध सम्बन्धित गाउँको कुनै एक घरमा भेला भइ बैठक बसी मेलमिलापका लागि सामुहिक छलफल गरी समाधान गर्दथे ।

**संस्कारहरू :**

१. **न्वारान (नामज्युङ, थाप्साङ ठुई)**

तामाङ समाजमा सामान्यतया शिशु जन्मेको तीन दिनमा न्वारन सम्पन्न गरिन्छ । यसबाहेक ५, ७, ९ दिनदेखि ११ दिनसम्ममा पनि न्वारन कार्य गर्दछन् । न्वारान संस्कार गर्नुको मुख्य उद्देश्य आमा,



https://dhamma.digital

शिशु र भूमिलाई शुद्धिकरण गर्नु हो । यसको सामाजिक महत्व भनेको शिशुलाई नाम र जाति दिएर सामाजिकीकरण गराउनु हो । तामाङ समाजमा न्वारान सम्पन्न गर्ने तीन व्यक्तित्वहरू छन् । ती हुन् बौद्ध लामा, बोम्बो र चोहो (मुखिया) । यी तीनमध्ये कुनै एकमार्फत वा परिवारको माग अनुसार तीनै जनाबाट पालैपालो कर्मकाण्ड गराउन सकिन्छ । पालैपालो गराउने भए बोम्बोको काम पहिले  र दोस्रो चोहो अथवा बौद्ध लामा लगाइन्छ ।

तेस्रो दिनमा न्वारान गर्ने भए सुत्केरीलाई विहान सबेरै नुहाइधुवाई गर्न लगाइन्छ । सुत्केरी त्यसपछि आगोको कोइला माथि तीतेपाती र दर्शन ढुंगा राखेर त्यसको वाफले शिशुलाई सेकाउने कार्य गर्दछन् । यस अवसरमा बौद्ध लामा गुरू उपस्थित भए टासी मोलम (मंगल सूत्र) पढ्दछन् । बोम्बो भए टासी व्हाअी (मंगल गीत) सुनाएर दीर्घायु, यश, धन र मानले पूर्ण होस् भनी आशीर्वाद दिन्छन् । बोम्बोले न्वारान गर्दा नाम राखेको पाइँदैन । बौद्ध लामा गुरूहरूबाट न्वारान गर्दा पानी र धूप चढाएर दोर्जे नाम्ज्यूङको ठुई पढ्दछन् । पाठ पढि सकेपछि बौद्ध लामाले कलशको पानीले नवजात  शिशु र आमालाई अभिषेक गर्दछन् र शिशु, आमा र भूमि पवित्र भएको मानिन्छ । त्यस अवसरमा लामाले तिब्बती पात्रो हेरेर शिशुको नाम राख्ने चलन पनि रहेको छ ।

**२. कान ख्वाबा (अन्नप्रासन/पास्नी)**

तामाङ समाजमा न्वारानपछिको दोस्रो संस्कार अन्नप्रासन नै हो । छोरीलाई पाँच महिना र छोरालई ६ महिनामा अन्नप्रासन कार्य गर्दछन् । अन्नप्रासनको दिन, बार र समयको निर्धारण लामाले गर्दछन् । न्वारान बौद्ध लामा र विवाहमा ताम्बा जस्तो अन्नप्रासनमा कुनै विशेष व्यक्ति नभइ नहुने मानिँदैन ।  परिवारका नातासम्बन्धमा सबभन्दा गन्यमान्य बृद्ध ब्यक्तिबाट भात ख्वाउने कार्य शुभारम्भ गरिन्छ ।

**३. छेवर**

जन्मेको ३ बर्षदेखि ७ बर्ष ९ बर्षसम्ममा छेवर कार्य गर्दछन् ।



https://dhamma.digital

कुनै कुनैको उमेर वयस्क भएपछि पनि गरेको देखिन्छ। तामाङ जातिको छेवार महत्वपूर्ण सस्कारको रूपमा लिइन्छ । छोराहरूको मात्र छेवर गरिन्छ। छेवारमा मामाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। बौद्ध लामा गुरूले तिब्बती पात्रो अनुसार साइत निकालेपछि मामाहरूलाई छेवरको दिन र समय जानकारी दिन स्याल्गार पठाइन्छ। मामाको अनुपस्थितिमा छेवर गर्न सकिंदैन र छेवार नभए अरू कर्म गर्न सकिंदैन । मामाको हातबाट शुभ साइत वा लगन ठहर्याइ विशेष गरेर मामाको निर्देशन र सरसल्लाह अनुसार यो कार्य गरिन्छ। मामाकाहातबाट केश मुण्डन गर्ने, नयाँ बस्त्र दिने, टीका लगाउने र दक्षिणा सहित आर्शीवाद दिने यो कार्यमा मामा, बाजे, बज्यै र मामाका सन्तानलाई सगुन लिएर मान्न जाने, निर्देशन लिने र विशेष सम्मान गरिन्छ। विशेष सम्मानका साथ सेलो र डम्फु लिएर मामाहरूलाई स्वागत गरेर ल्याइन्छ। मानमर्यादा पूर्वक आसनमा बसालेर विधिपूर्वक मामाबाट केश मुण्डन गरी छेवरकार्य सम्पन्न भएपछि सम्मानपूर्वक विदाई गर्ने गरिन्छ।

दोस्रोपटक कपाल काट्नका लागि पनि मामालाई पुनः स्याल्गार (अनुरोध सगुन पोङ) राख्नुपर्छ। मामाहरूको अनुकुल समय हेरेर सात दिनसम्ममा पुन भान्जाको दोस्रो पटक कपाल काटी टुपी राख्ने काम गरिन्छ । यति कार्य सम्पन्न भइसकेपछि पूर्णरूपमा छेवार संस्कार सम्पन्न हुन्छ।

Dhamma.Digital

**४. टाप्चे**

छेवर संस्कार सकेपछि बौद्ध धर्मको विद्या आर्जनको लागि गुफा बस्ने चलन रहेको छ। बौद्ध गुरूहरूको आश्रयमा रहेर निश्चित एकान्त ठाउँमा गुफा राख्ने वा बस्ने र विद्या सिक्ने व्यवस्था गर्दछन्। त्यसबेलामा टाप्चे भनेर बौद्ध गुरु लामाले बुद्धधर्मको शरणमा जाओस् भनी टुपी कपाल काटिदिन्छन् । अचेल टाप्चे कार्यपनि अलग्गै नगरी छेवरकै दिनमा सकाउने चलन पनि बढ्दै गएको छ।



https://dhamma.digital

**५. स्यामा पिन्वा (गुन्यु चोलो दिने) :**

छोरीहरूलाई घाँघर(गुन्यु चोलो दिने) चलन पनि रहेको छ । त्यसलाई तामाङहरू 'स्यामा पिन्वा'(फरिया दिएको) भन्दछन् । पहिले पहिले तामाङस्येनीहरू आफैं घरमा कपडा बुन्दथे र दिन्थे । यो पनि छोराको छेवर जस्तै ७ अथवा ९ वर्षको बिजोर वर्षमा दिइन्छ । घाँघर दिन पनि बौद्ध लामा गुरूहरूबाट साइत हेराउने गर्दछन् । लामाले पनि तिब्बती पात्रो हेरेर साइत निकाल्दछन् । लामाले निकालेको साइतमा घाँघर दिने गर्दछन् । पहिले घाँघर दिएपछि कर्म चलाउन योग्य मानिन्थ्यो । तर आजभोली घाँघर दिने परम्परा लोप हुँदै गएको देखिन्छ ।

**६. नाक कान छेड्ने /शरीर खोप्ने**

तामाङ केटाहरूले कान छेडेर मुन्द्रा वा ब्युरू सुन लाउने चलन छ । गहना लगाउने उद्देश्यले नै केटीहरूको कान, नाक पनि छेड्ने गरिन्छ ।

**७. विवाह**

मंगोलियन समुदायका बौद्ध धर्मावलम्बी तथा विभिन्न थर तथा उपथरमा विभाजित तामाङ समुदायको विवाह पद्धतिलाई हेर्दा मागी, चोरी, प्रेम, जारी तथा विधुवा विवाह गर्ने गर्दछन् । यो जातिमा मामाचेला, फुपुचेला, विवाह गर्ने प्रचलन ब्यापक रहेको छ । विवाहको कार्य तयारी भईसकेपछि बस्ने आसन विछ्याई बीचमा 'छयाङ्दिर' (पिर्का जस्तै आकारको बुट्टेदार खुट्टा भएको एक फुट जति अग्लो र दुई फुट जति लामो टेवल) राखी मण्डप तयार गरी वर बधुको अगाडि टेवलमाथि थालमा अक्षता, टीका, कलश, टोटलाको फूल सिउरेको सगुन सहित धूप र दियो बालेर राखिन्छ । विवाह कार्यको शुभारम्भ गर्नका लागि केटाको बुबाले ताम्बा समक्ष स्याल्गार राखेर अनुरोध गर्दछन् । त्यसपछि स्याल्गार छ्योत गरेर ताम्बाले विवाहकार्य शुभारम्भ गर्दछन् । सर्बप्रथम ताम्बाले गान्बा, गान्सोम, लामा, लाब्ताबा, मुल्मी, चोहो, ङाप्ता, गौराई आदि बृद्ध गन्यमान्य मान्यजनहरूको उपस्थीतिमा



https://dhamma.digital

विवाहकार्य सफलतापूर्वक सम्पन्न होस् भनी सम्पूर्ण लोक, पूर्वपश्चिम, उत्तर दक्षिण चारै दिशाको देवी देवतालाई पानी जल चढाउँछौं भनी प्रार्थना गर्दछन् । त्यसपछि सबै देवदेवीलाई साङ(धूप) चढाउने प्रार्थना गर्दछन् र जग्गे (मण्डप)र बर शुद्ध भएको मान्दछन् । नयाँ वस्त्रहरू लगाएर मण्डपमा बसी सकेपछि मामाले वरलाई सेतो फेटा बाँधिदिने गर्दछन् । विवाहमा ताम्बाको भूमिका महत्वपूर्ण मानिन्छ र सबै विवाह कार्यको विधि विधान ताम्बाले नै गर्दछन् र विवाह सम्पन्न गर्दछन् । अहिले चाँहि कहि कतै बौद्ध परम्परालाई अगाल्दै बौद्ध संस्कार अनुसार बौद्ध लामा तथा भिक्षुहरूद्वारा पनि विवाह कार्य सम्पन्न गर्ने गरेको पाइन्छ ।

### ८. अन्त्येष्टि वा मृत्यु संस्कार

मृत्यु संस्कारमा घेवा जस्ता धार्मिक कार्य संचालन गर्नुपर्ने भए घेवा घेन्दुङ बनाउँछन् । यसमा चावै लामा (मूल बौद्ध धर्म गुरू लामा), गान्बा (रीतिथिति जान्ने बुडो माननीय व्यक्ति), ताम्बा (पुर्ख्यौली वा इतिहास जान्ने व्यक्ति), उमजे (बाजा बजाउन जान्ने), कोङ्ग्योर( कर्मकाण्डको चाँजो मिलाउने व्यक्ति), कटौके( हेरबिचार गर्ने ब्यक्ति), स्यान्बा लाइबा (खानपिनको ब्यवस्था गर्ने ब्यक्ति), छ्याङबा (खानपिनको व्यवस्था गर्ने स्त्रीहरू), छ्युमा तथा किसिङवा (दाउरा तथा पानीको संग्रहकर्ताहरू), ब्योन ह्वाबादोर्जे (सुरक्षामा खटेका केटाहरू), बोम्बो (धामी,झाँक्री) र चोहो (सभापति) हुन्छन् ।

कुनै पनि ब्यक्तिको मृत्यु पश्चात बौद्ध परम्पराअनुसार लामा गुरूहरूलाई निमन्त्रण गरी फोवा गर्ने, आफन्तले गच्छे अनुसार १०८ म्हाँरमेन बत्ती, धुप आदि बाल्दछन् । महायानी बौद्ध परम्परा अनुसार अन्त्यष्टि गरी सकेपछि गच्छे अनुसारले १ दिन,२ दिन,३ दिनको घेवा कार्य सम्पन्न गरेर बौद्ध लामा गुरूहरूलाई दानप्रदान गर्दछन्। अन्तिममा ४९ औं दिनको पुण्य कार्य सम्पन्न गरेर मृतकप्रति गर्नुपर्ने सबै पुण्य कार्य सम्पन्न भएको पूर्ण रूपले शुद्धिकरण भएको मान्दछन् ।



https://dhamma.digital

**संस्कारविदहरू :**

तामाङ जातिमा आफ्नो सामाजिक संस्कारहरू संचालन गर्ने संस्कारविद् र तिनका संस्थाहरू छन् । ती हुन् - ताम्बा, बोम्बो र लामा ।

**१. ताम्बा**

"गाउँघरमा तलमाथि परिआएका कुराहरूको फैसला गर्न औं गाउँलाई नियममा राख्न 'गान्बा' को उपाधि खडा गरे । रीमठीम र आफ्नो पुर्ख्यौलीका कुराहरू सुरक्षित राख्न 'ताम्बा'को उपाधि खडा गरे । ताम्बा रूइगी फोला (कुलदेवता) को चलन चलाई वंशावलीको परियचय गराए । तम्बा काइतेनको रचना गरी रिमठिम (रितिथिति) को नियम बनाए । जीग्तेन् ताम्छ्योई लेखी धर्मको रक्षा गरे । रूइछेन च्योप्गो रचना गरी जातको परिचय गराए । ह्वामाको रचना गरी महत्वपूर्ण ह्वाई (गीत/श्लोक/सेलो) बनाई स्वजातिको सेवा गरे । ताम्बा तामाङ जातिको अघुवा हो, आदिकवि हो । ताम्बा व्हाई तामाङ जातिको इतिहास भने हुन्छ । पूर्खा के हो ? धर्म कर्म के हो ? वंश कुटुम्बादि के हुन् ? भन्ने कुरा ताम्बाहरूले नै ताम्बाहरूले बताउने गर्दछन् । ताम्बाहरूको रचनाले गर्दा आज तामाङहरूले ताम्बा व्हाई (ताम्बा गीत/श्लोक/सेलो) मार्फत आफ्नो प्राचीन संस्कृति, संगीत, भाषा, कुलधर्मादिको कुरा भन्न सक्छन् ।" ताम्बाहरू तामाङ जातिको पुर्ख्यौली ज्ञानले मान्य र आदरणीय ठानिन्छन् । परम्परागत रूपमा ताम्बाको ब्यापक प्रचलन भएकोले जुनसुकै ठाउँका तामाङले ताम्बा भनेको के हो सजिलै बुझ्न सक्दछन् । कुनै पनि योग्य व्यक्ति लामो प्रशिक्षण प्रक्रियाबाट दिक्षित भएपछि ताम्बा हुन सक्दछन् । पूर्वमा ताम्बाले गर्ने कार्य लुर्की "सेङ्वा" र "लम्बु" ले पनि गर्दछन् । कर्मकाण्ड गर्न कुनै थान वा मण्डप बनाएको हुँदैन । उपयुक्त जुनसुकै स्थानमा बसेर ताम्बाले कर्मकाण्ड सञ्चालनका लागि आदेश दाताको भूमिका निर्वाह गर्दछन् । घेवा घेन्दुङको गठन गर्ने र कामको बाँडफाट गर्ने तथा घेवा कार्य प्रारम्भ गर्न अनुरोध गर्ने प्रथम व्यक्ति ताम्बा नै हुन्छन् । कामको बाँडफाँट अनुसार काम सम्पन्न नगरे, गर्न लगाउन, भूल सम्झाउने र



https://dhamma.digital

बिगारे दण्ड गर्ने व्यक्ति "ताम्बा" नै हुन्छन् । ताम्बाको साधन भनेको "डम्फु" हो । छेउमा मानामा चामल, सगुन र फूल वा कोको म्हेन्दो सिउरिएको पानीको बुम्बा (कलश) पनि राखिएको हुन्छ । ताम्बाले डम्फु बजाउँदै गीतको लयमा इतिहास बताउने तथा कर्मकाण्ड गर्न आदेश दिने कार्य गर्दछन् । त्यसैले ताम्बालाई तामाङ जातिको सामाजिक एवं धार्मिक जीवनमा ज्यादै महत्वपूर्ण भूमिका र स्थान प्राप्त छ ।

तामाङ संस्कारमा ताम्बाले निम्न भूमिका निर्वाह गर्दछन् ।

१. ताम्बाले न्वारन गर्ने ।

२. कुल पूजा गर्दा ताम्बाबाट सुरूवात गरिन्छ ।

३. छेवर सम्पन्न गराउँछ ।

४. विवाहमा ताम्बाको भूमिका प्रमुख हुन्छ । विवाहमा केटी माग्ने प्रारम्भिक कामदेखि घर दुलहीको रूपमा घर भित्राउनेसम्मको सबै कार्यहरू ताम्बाद्वारा सम्पन्न गरिन्छ ।

५. अन्त्यष्टि क्रियामा घेवा सङ्गठन सञ्चालन गर्नु, लामाले परम्परागत दस्तुर बिराई काम गरेमा स्मरण गराउने र मृतकको छायालाई नाता कुल कुटुम्बबाट अन्तिम विदाई गर्दा मुक्तिको बाटोमा यात्रा गर्दा खाने, पिउने, लगाउने अभाव भई यात्रामा अबरोध नहोस भनी एउटा झोला र उखुको बोट लिएर नाच्दै खाद्यन्न, चामल, पैसा झोलामा थापेर कल्पको गीत (कल्पला ह्वाई) गाउँदै बाटोको लागि खाजा र यात्रा खर्चको लागि भनी दान लिने (थुन्दासोर्वा) कार्य गर्दछन् ।

६. बोम्बो, लम्बु र बौद्ध लामा नहुँदा तीनैको काम ताम्बाले गर्ने गर्दछन् ।

## २. बोम्बो

तामाङ संस्कारको दोस्रो व्यक्तित्व बोम्बो (झाँक्री) हो । तिब्बतीहरू बोम्बोलाई बोन्पो भन्दछन् तर तामाङ बोम्बो को तिब्बतमा भएको संगठित बोन धर्मसँग कुनै पनि किसिमको सम्बन्ध देखिँदैन ।



https://dhamma.digital

ताम्बा, लामाहरू जस्तै बोम्बोहरू पनि लामो प्रशिक्षणबाट हुन्छ। नियन्त्रण नै हुन नसक्ने गरी कम्पन हुने, सपना आउने तथा झुम्म हुने लक्षण देखा पर्दछ र गुरू खोज्न थाल्दछ । गुरूबाट कर्मकाण्ड र त्यसका बिधिहरू, ढ्याङ्ग्रो बजाउने तरिका सिक्ने, र प्रतिष्ठा गर्ने कार्य सम्पन्न भएपछि मात्र बोन्बो बन्दछन् । बोम्बोहरू "दैवी प्रेरणा"का शक्तिले विशिष्ठ स्थान राख्दछन् ।

बोम्बोहरू लामो कपालको टुप्पी पाल्नुका साथै लामो सेतो जामा, रूद्राक्षको माला र दुइ घण्टीमाला अगाडि पछाडि एकअर्को छड्के पारेर लगाउँदछन् । सामान्यतया बिरामीको लक्षणको विचार र नाडीको धड्कन छामेर बोम्बोहरू रोग पत्ता लगाउने र उपचार गर्ने गर्दछन्। त्यसलाई निरूपणको लागि चिन्ता बस्ने गर्दछन् । छारफुक गर्ने देखि लिएर औषधिमुलो गर्ने बैद्यको काम समेत बोम्बोहरूले गर्दछन् । न्वारनदेखि मृत्यु संस्कारसम्म पनि ताम्बा र बोम्बोहरूले महत्वपूर्ण भूमिका खेल्ने गर्दछन्। शिशुहरूको न्वारान गर्दा पहिला पहिला ताम्बा र बोम्बोले वाङसाङ भनेर न्वारान गर्ने प्रचलन थियो। मृत्यु संस्कारहरूमा पनि बोम्बो र बौद्ध लामा गुरूहरू मिलेर संयुक्त रूपमा कर्मकाण्ड गर्ने गरेको पनि पाइन्छ। कुल पूजा, देवी देउराली पूजा, संसारी पूजा जस्ता पूजा आजा गरेर रोग ब्याध रोकथाम गर्ने जस्ता संस्कार बोम्बोहरूले नै गर्ने गर्दछन् । बोम्बोहरूको साधन ड्याङरो र फुर्पा (बर्ज्र) हो ।

### ३. लामा

लामा भन्नाले महायान बुद्ध धर्ममा दिक्षित पुरोहित बुझिन्छ । तामाङ समाजमा लामाहरू बुद्ध धर्मको ज्ञानले मान्य र पूज्य मानिन्छन् । तामाङ जातिको धार्मिक परम्परामा लामा अत्यन्तै सम्मानित पद मान्दछन् र सम्बोधन गर्दा आदारार्थी शब्दहरूको प्रयोग गर्दछन् । लामा बन्नका लागि लामो प्रशिक्षण र औपचारिका प्रतिष्ठापनको आवश्यकता पर्दछ । बुद्ध धर्म अध्ययनका साथ कर्मकाण्डका तौरतरिकाहरू सिक्नका लागि लामाले प्रतिष्ठित बौद्ध आचार्य लामा गुरूहरूबाट वाङ, लुङ लिने र गुफा (छाम) बस्ने गर्दछन् । अधिकांश तामाङहरू लामाहरू महायान बुद्धधर्मको



https://dhamma.digital

पुरानो निकाय निङ्मापा सम्प्रदायसँग सम्बन्धित छन् । उनीहरू विवाह गर्दछन् र परिवारमा बस्दछन् । तामाङ लामाहरू पोसाकले सामान्य मानिसबाट छुट्याउन सकिँदैन । अहिले चाँहि बहुसंख्यक तामाङहरू गुम्बाहरूमा अध्ययन गर्न बस्न थालेकोले महायानका सबै सम्प्रदाय अगालेको पाइन्छ । त्यति मात्र नभई अहिले चेतनाको स्तर बृद्धिसँगै थेरबाद बौद्ध धर्मको अध्ययनमा पनि तामाङहरू प्रसस्तै भेटिन्छन् ।

प्रारम्भमा ताम्बा सस्कृतिको विकास भए पनि क्रमशः बोम्बो र महायान बौद्ध धर्मको विकास भएपछि तामाङ समाजमा बौद्ध धर्मको लामाले ताम्बालाई प्रभावित पारेको पाइन्छ । तामाङ समाजमा बोम्बोको तुलनामा लामाको स्थिति मजबुत देखिन्छ ।

**तामाङ समाजमा बौद्ध लामा गुरुले गर्ने निम्न कार्यहरू गर्दछन् :**

१. बौद्ध लामा गुरूहरूबाट थाप्साङ भनी न्वारान गर्ने प्रचलनको सुरूवात भएको छ । शिशुको जन्म भएपछि नाम्ज्यूङ (न्वारन) ३,५,७,९,११ दिनमा आमा, शिशु र भूमिको शुद्धिकरण तथा नामकरण गर्ने गर्दछन् ।

२. छेवर(तोङसुर) : साइत हेर्ने र बालक, मण्डप र भूमि पवित्र पार्ने र दीर्घ जीवन र शक्ति प्रदान गर्ने आशीर्वाद दिने ।

३. विशेषगरी तामाङ समाजमा मृत्यु संस्कार कार्य गर्नेमा बौद्ध लामा गुरूहरूको प्रमुख भुमिका रहेको हुन्छ । लामाले मृतकको फोवा (टुप्पी निकाल्ने) गर्दछन् । फोवा गर्नाले मृतकको पार्थिव शरीरबाट छायाँ छुटिन्छ भन्ने मानिन्छ । दाह संस्कारपछि लामाले मृतकको अस्थि(हाडको टुक्रा)लाई तामाको पैसासँग काँचो धागोले बाँधेर रूइबा (पुत्ला) बनाउँदछन् । बत्ती बालेर त्यसमा मृतकको छायाँलाई प्रतिस्ठापित गराई अन्तिम विदाई भोज वा पुण्य कार्य(घेवा) सम्पन्न नभएसम्म राख्दछन् । हिमाली बौद्ध परम्परा अनुसार दाहासंस्कार गरेपछि ग्रामिण भेगमा बसोबास गर्ने तामाङ समुदायहरूले आर्थिक अवस्था हेरेर अन्त्यष्टिको दिनबाट नै एक



https://dhamma.digital

दिन, दुई दिन र तीन दिनको घेवा कार्य सम्पन्न गर्ने त्यसपछि उनान्पचास दिनको कार्य गरेर मृत्यु संस्कार सम्पन्न गर्ने गर्दछन् । स्थान र ठाउँ विशेष मृतकको दाहासंस्कार सकेपछि सात सात दिनमा सुर हाल्दै अन्तिम उनान्पचास दिनमा अन्तिम कार्य सम्पन्न गर्दछन् भने कोहिले सात दिन, चौध दिन, एक्काइस दिन र उनान्पचास दिनमा पूर्ण कार्य सम्पन्न गर्दछन् । कुनै ठाउँमा चाहिँ अन्त्यष्टिको १३ औं दिनबाट घेवा कार्य प्रारम्भ गरेर आर्थिक अवस्थाले सके अनुसारले १ दिने, २ दिने र ३ दिने पुण्य कार्य घेवा सम्पन्न गर्दछन् ।

बौद्ध धर्मको महायान सम्प्रदाय भएको कारणले महायानी सम्प्रदायको बुद्ध धर्म अनुसार आफन्त जनको मृत्यु भएपश्चात ४९ औं दिनको पुण्य कार्य गरेर मृतकको अन्तिम संस्कार कार्य सम्पन्न गर्दछन् । बौद्ध लामा गुरूहरूले कर्ताहरूलाई बौद्ध शिक्षा अनुसार ४९ औं दिनसम्म पञ्चशिल पालन गर्न लगाउँदछन् भने कपाल खौरने, सेतो वस्त्र लगाउने, नुन बार्ने, सेतो लुगा लगाउने आदि कार्य गराउँदैनन् ।

४. बालीनाली जोगाउने : समयमा पानी पार्ने, बेसमयमा परेको पानी असिना रोक्ने कार्य गरेबापत लामालाई प्रत्येक घरबाट लामा पाथी दिने चलन रहेको छ ।

## चाडपर्वहरू

### १. लोसार

लोसार (ल्होछार) दुइ शब्द मिलेर बनेको छ । जसको अर्थ भोटभाषासँग सम्बन्धित शेर्पा, भुटानी, योल्मो, डोल्पाली र तामाङ इतयादि भाषाहरूमा **लो** (ल्हो) को अर्थ बर्ष वा साल भन्ने हुन्छ भने **सार** (छार) को अर्थ नयाँ भन्ने हुन्छ । त्यसैले लोसार (ल्होछार)को अर्थ नयाँ बर्ष (वर्ग) वा नयाँ साल भन्ने बुझिन्छ । नयाँ साललाई नै पर्वको रूपमा मनाउने गरिन्छ । लोसार मनाउने समुदायले बौद्ध ज्योतिष



https://dhamma.digital

शास्त्रमा उल्लेख भए अनुसार लो अर्थत बर्ष (वर्ग) लाई १.जिवा, २.लाङ्, ३. ताग, ४. ह्योओी, ५. डुग, ६.डुल, ७. ता, ८. ल्हुग, ९. टे, १०. ज्या, ११. खी, १२. फक् गरी बाह्र ओटा जीवजन्तुका नाम दिएर गन्ने गरिन्छ। बाह्र बर्ष समाप्त भएपछि फेरी उही नाम दोहोरिन्छ । जान लागेको पुरानो बर्षको विदाई गर्नका लागि लोसार आउनुभन्दा दुइ तीन दिन पहिलेदेखि लामाहरू आमन्त्रणगरी भव्य पूजा गरिन्छ। आउन लागेको ल्होछार(नयाँ बर्ष)को स्वागतको लागि ठूलो जमर्को गरिन्छ। कृष्ण पक्षिय चर्तुदशीको दिन अथवा जान लागेको पुरानो बर्षको विदाई कार्यक्रममा थुक्पा खान्छन्। नौ किसिमका विभिन्न चीज(गेडागुडी)हरू हालेर थुग्पा पकाई घरको जहान परिवार सबै एकै ठाउँमा जम्मा भई रमाइलो गरी थुक्पा खाइन्छ।

आउन लागेको लोसारको लागि विशेष गरी घरहरू सजाइन्छ। घरको भित्ता पाखामा स्वस्ति चिह्नहरू कोर्दछन्। खाप्से रोटीहरू पकाएर सजाइनुका साथै विभिन्न किसिमका फलफुल र गेडागुडीहरू पनि सजाउँछन् । लोसारको प्रातकालमा पानी जल लिएर देवतालाई शुद्ध पानी चढाई यो बर्ष मंगलमय वातावरणमा बितोस भनी प्रार्थना गर्छन । विभिन्न चिज विज हालेर बनाएको पीठोको परिकार(क्षेमर) र अमृत खाने गर्दछन्। घर आँगन र डाँडा पाखामा रंगीचंगी ध्वजाहरू फरफहराउँछन् । साङसेरक्येम (कुलदेवता बुझाउन) लगाउँछन् । आफ्नो समूहमा ठूलावडा र गोम्पा तथा बौद्ध (चैत्य) को दर्शन गरी शुभ आर्शिवाद लिन्छन्। घर आँगनमा ध्वजा उठाई साङसेरक्येम पूजा सिद्धिएपछि घरपरिवार सबैले देवताको जय दानवको पराजय भयो भनी जयका प्रतीक सेतो पीठो उडाएर एकदम रमाइलो गर्ने गरिन्छ। दोस्रो दिनबाट गोम्पा वा सार्वजनिक स्थलमा भेलाभइ एक आपसमा शुभकामाना आदानप्रदान गर्दै मौलिक भेषभूषामा उभिएर मिठो मिठो खानेकुराहरू आदान प्रदान गरी लोसार मनाउँदछन् । ज्योतिषशास्त्र र भौगोलिक बस्तुस्थिति अनुसार पुस महिनाको शुक्लपक्षको परेवा तिथिबाट नयाँ वर्ष लागेको हुन्छ। नयाँ बर्षको मतलब चन्द्र, सूर्य र



https://dhamma.digital

अन्य ग्रह नक्षत्रहरू दक्षिण तिर जाने क्रम सिद्धिएर उत्तर तिर फर्केको हुन्छ। यस अवसरमा भूमण्डलमा स्थान जमाएर बसेका सिमेभूमे देवदेवी र नाग नागिनी किरा फट्याङग्राहरू पनि आफ्नो ठाउँ छाडेर अन्यत्र सरेर जान्छन् भनिएको छ । त्यसबेला भौगोलिक बस्तुस्थिति अनुसार बर्ष फिर्ने हुँदा ल्होछार मान्ने गरेको हो । बस्तुस्थिति यस्ता हुन् ता पनि पुसमा पुसको १५ वा १६ गते गुरूङहरूले तमु लोसारको रूपमा भव्य रूपमा लोछार पर्व मान्दछन् । माघमा माघे संक्रान्तीको आसपासमा तामाङ, योल्मो समुदायले सोनाम लोसारको रूपमा लोसार पर्व भव्य मान्ने गरेकाछन् । त्यस्तै गरी छ्योठुल दुछेन फाल्गुनमा भगवान बुद्धले धार्मिक शक्ति प्रदर्शन गरी तैर्थिकहरूलाई हराएकोले ऋद्धि प्रतिहार्य दिवस पारेर शेर्पा लगायतका बौद्ध मार्गीहरूले ग्याल्वो लोसार पर्व मान्ने चलन रहेको छ ।

यसरी नै प्रत्येक बर्ष ल्होछारको आरम्भ हुने गर्छ । जुन तामाङ जातिको नयाँ बर्ष सुरूवात पनि हो । जे जसरी पर्वको रूपमा मानाए पनि ल्होछारले प्रत्येक बर्षमा नयाँ वर्ग(बर्ष)को आरम्भ भयो भन्ने बुझाउँदछ ।

### २. तिमाल जात्रा (बौद्ध, स्वयम्भू जात्रा, मेला)

तामाङहरूले परम्परागत रूपमा प्राचीन कालदेखि मनाउँदै आएको थुप्रै चाडपर्वमध्ये तिमाल जात्रा एउटा प्रमुख पर्व हो । हरेकबर्ष चैत्र पूर्णिमाको अघिल्लो दिन बौद्ध स्तूप र चैत्र पूर्णिमाका दिन बालाजुको बाइसधारा स्नान गर्दै स्वयम्भू स्तूपसम्म लाग्ने यस जात्राको नाम तिमालजात्रा रहनुमा तिमाल भेगका तामाङहरूको परापूर्व कालदेखि नै जात्रामा घना सहभागिता रहनु हो । तिमाल क्षेत्र काभ्रेपलाञ्चोक जिल्लाको झिगु खोला, सुनकोसी र रोसी खोलाको मध्यपहाडी एवं बेंसी भागमा पर्छ । जसलाई तामाङहरूले आफ्नो उद्गम थलोको रूपमा स्वीकार्दै आएका छन् । यस जात्रा मेलामा नेपालका साथै भारत, बर्मा, भुटानदेखि नै तामाङहरू स्वयम्भू र बौद्धमा आउँछन् ।

तिमाल जात्राको उत्पत्ति काठमाडौं उपत्यका दहका रूपमा रहेका



https://dhamma.digital

बेला बन्धुमती नगरबाट आएका विपस्वी बुद्धले जामाचो नागार्जुनको डाँडाबाट यस दहको अवलोकन गरी चैत्र पूर्णिमाका दिन हालको गुह्येश्वरी रहेका ठाउँमा कमलको फूल रोपेकाले त्यसैको स्मरणार्थ जात्रा मनाउन थालिएको मानिएको छ । पछि सोही फूलमा आश्विन शुक्लपूर्णिमाका दिन स्वयम्भूको ज्योति उत्पन्न भएपछि यस ज्योतिको दर्शन गर्न शिखी बुद्ध, विश्वभु बुद्ध, कनकमुनि, काश्यप बुद्ध, लगायत अलौकिक बुद्धहरू र बौद्धधर्माबलम्बीहरू देशदेशावरबाट आएको पाइन्छ। यसबाट तेमाल जात्राको उत्पत्ति स्वयम्भू स्तूप निर्माणको पृष्ठभूमिबाटै भएको अनुमान गर्न सकिन्छ। यति मात्र नभई तिमाल जात्राको प्रारम्भ बौद्ध बौद्ध स्तूपबाट हुने हुँदा यसको उत्पत्ति बौद्ध स्तूपको (ज्यारूङ खस्योर) निर्माणको पृष्ठभूमिसँग पनि गाँसिएको प्रतीत हुन्छ ।

तिमाल जात्रामा सहभागी हुन आउने तामाङहरूले चैत्र पूर्णिमाको अघिल्लो दिन बौद्ध स्तूपमा सबेरैदेखि भीड लाग्छ । त्यहाँ उक्त दिन रातभर मृतकहरूको मुक्तिका लागि बत्ती बाल्ने गरिन्छ । यसरी बत्ती बाल्न आउने तामाङहरू टाढा टाढाबाट आउँदा सामूहिक रूपमा बौद्ध लामा गुरूहरूका साथ रमाइलो गर्दै आउँछन् भने नजीकबाट आउनेहरू चाँहि परिवारसँग आउने गर्दछन् । बत्ति बाल्दै बौद्ध स्तूपको प्रदक्षिणा गरी मानेहरू घुमाउँदै स्तूपको उत्तरतर्फको तेस्रो तल्लामा रहेको १०८ खोपामा दाहिने पारी घुम्दै बौद्ध लामा गुरूलाई मृतकको मुक्तिका लागि पाठपूजा पनि गर्न लगाउँदछन् । यसरी तीर्थस्थलमा बत्तीहरू बाल्दा धर्मका साथै मृतकले मुक्ति पाएर अमिताभ लोक(सुगति, स्वर्ग) मा पुग्छ भन्ने विश्वास गर्दछन् ।

यसै दिन नजीकबाट आउने तामाङहरू आ-आफ्ना घर फर्कन्छन्, टाढाबाट आउनेहरू बौद्ध स्तूपकै पीठमा तामाङ सेलो गाएर रात बिताउँछन् । यसको भोलिपल्ट अर्थात चैत्र पूर्णिमाका दिनमा सबेरै बालाजुको बाइसधारामा स्नान गर्न पुग्दछन् अनि स्वयम्भू स्तूप ज्योतिको दर्शन गर्दछन् । स्वयम्भूमा पनि बौद्ध स्तूपमा पनि गरिएको प्रक्रियाअनुसारै स्वयम्भू महाज्योति रहेको पीठको प्रदक्षिणा गर्दै मृतकको



https://dhamma.digital

मुक्तिका हेतु तयार गरिएका बत्तीहरू बाल्ने गर्छन । मृतकको मुक्तिका लागि लामा गुरूबाट पाठपूजा पनि गराउँछन् र घर फर्कन्छन् । तिमालजात्रामा सहभागीहरू आउँदा पहिलेपहिले तिमालका तामाङहरू बर्षभरि कमाएको धन खर्च गर्थे, तामाङनीहरू बाटाघाटामा सुनमा पाइन हाल्दै नाचगान गर्दै आउने जाने गर्थे र त्यस्तै अरनिको राजमार्ग बन्नु अगाडि यो जात्र भर्न तामाङहरू सल्लाको खोटो बाल्दै आउँथे भन्ने जनश्रुति पाइन्छ । मकानपुर राज्यको अधीनस्त रहेको तिमालका अन्तिम तामाङ राजा रिन्जेन दोर्जेको पाला (वि.सं. १८१९) सम्म यो जात्रामा राजा स्वयं सहभगागी भएको पाइन्छ । पितृ उद्धारको केन्द्रिय सेरोफेरोमा रहेको यो दुइदिने जात्राले तामाङ संस्कृतिको गरिमालाई प्राचीन कालदेखि अहिलेसम्म निरन्तरता दिएको देखिन्छ ।

### ३. नमो बुद्ध जात्रा (कार्तिक पूर्णिमा)

काभ्रेको नमो बुद्धमा हरेक बर्ष कार्तिक पूर्णिमाको दिन लाग्ने मेलाको नाम नै नमोबुद्ध जात्रा हो । तामाङ जातिको बाहुल्यता रहेको क्षेत्रमा अवस्थीत नमोबुद्ध बौद्ध मार्गीहरूको पवित्र तिर्थस्थलको रूपमा रहेको छ । भगवान गौतम बुद्धले पूर्वजन्ममा आफ्नो शरीरबाट मासु र रगत निकालेर बघिनीलाई खुवाइ सो बघिनीलाई उद्धार गरेको हुनाले तामाङहरूले सो धार्मिक स्थललाई तामाल्हुइचयान भन्दछन् । तिब्बती भाषामा यसलाई ताक्मा ल्हेजेन भनिन्छ । तिब्बतमा समेत चर्चित यो तिर्थ स्थल जातक कथामा समेत उल्लेख भएको पाञ्चाल देश थियो भन्न सकिन्छ । पाञ्चाल देशको बारेमा हालसम्म प्रमाणित स्थान नपाइएकोले पनौतीलाई  पाञ्चाल देश मानिएको छ । यसलाई पाञ्चाल देश प्रमाणित गर्ने केही धार्मिक अवशेषहरू तथा राज दरवारका अवशेषहरू भने अद्यावधि देख्न सकिन्छ । त्यसैकारण तामाङहरूले आफ्ना दिवंगत आफन्तहरूको नाममा हरेक बर्षको कार्तिक पूर्णिमाको दिनमा बत्ती बाल्ने गर्दछन् । कार्तिक महिनामा एकादशी देखि पूर्णिमासम्म पाँच दिन यहाँ मेला लाग्ने गर्दछन् ।



https://dhamma.digital

### ४. बौद्ध धर्मसँग सम्बन्धित असिना रोक्ने परम्परा

उच्च हिमाली तथा पहाडी भेगमा असिनाको प्रकोपबाट वालीनालीको रक्षाको गर्नको लागि बौद्ध लामा गुरूहरूद्वारा धार्मिका अनुष्ठान गर्ने परम्परा तामाङ समाजमा प्रचलित छ। प्रायसः असिनाको कारण खेतिपातिमा नोक्सान पुर्याउन सक्ने बैशाख र आश्विन महिनामा यो अनुष्ठान गरिन्छ । खेतिलाई असिनाबाट जोगाउनका लागि यस प्रकारको अनुष्ठान गाउँको लामा वा गाउँमा लामा नभएमा अर्को गाउँको लामाद्वारा भए पनि अनुष्ठान सम्पन्न गर्ने गरिन्छ। यी लामाहरू बाली पाकेर नभित्राउन्जेल अनुष्ठान गरी घरमै बस्ने गर्दछन् । सामान्यतया अनुष्ठान २२ दिनसम्म गरिन्छ पानी पर्न थालेमा ओदान उल्टो पारी आँगनमा राख्ने, भेंडाको रौं पोल्ने, असिना परेमा अगेनुमा हाल्ने गरिन्छ। यस प्रकारको कृयाकलापले असिना नपर्ने र परेमा पनि असिना रोकिने विश्वास गर्दछन्। प्रत्येक घर वा परिवारबाट लामालाई लामा पाथी भनी केही अन्नहरू दान दिने गर्दछन्।

**सन्दर्भ ग्रन्थ :**


१. परशुराम तामाङ, तामाङ जातिका सामाजिक संस्कार

२. मोहन गोले, तामाङको मौलिक संस्कृति ।

३. रूद्रसिंह तामाङ, तामाङ जातिमा बौद्ध धर्म

४. रवीन्द्र तामाङ, तामाङ रीमठीम

५. भक्तराज गोले, नेपाली तामाङ राष्ट्रमा प्रचलित बौद्ध तथा बोन धर्म संस्कृति एक अध्ययन, सोधपत्र २०७३

६. गुगल विकिपिडिया

७. मोक्तान डुपवा॰ल तामाङ, तामाङ संस्कृति

८. गोपाल फ्यूबा तामाङ, तामाङहरूको सामाजिक संस्कार र परिवर्तन

९. फूर्पा तामाङ, रसुवाली तामाङ जातिका सामाजिक संस्कार

१०. परशुराम तामाङ, ताम्बा काईतेन वि.सं. २०५७




https://dhamma.digital

**अभ्यास**

१. तामाङ जातिको परिचय दिइ उक्त जातिमा बौद्ध धर्मको प्रभाव कस्तो रहेको छ विवेचना गर्नुहोस् ।

२. तामाङ जातिले कसरी बौद्ध धर्म अगाल्न पुगे उल्लेख गर्नुहोस् ।

३. तामाङहरूको धर्म सस्कारहरूको चर्चा गर्नुहोस् ।

४. तामाङहरूले बौद्ध संस्कृतिसँग सम्बन्धित रहेर मान्ने गरेका चाडपर्व र जात्रा तथा परम्पराहरूको विश्लेषण गर्नुहोस् ।

५. तामाङ संस्कारविदहरूको उल्लेख गर्दै कुनै एकको विवेचना गर्नुहोस् ।

६. बौद्ध लामा गुरूले तामाङ जातिमा कस्ता संस्कार कार्य गर्दछन् उल्लेख गर्नुहोस् ।

७. तामाङ जातिमा बौद्ध लामा गुरूको प्रमुख भूमिका रहने मृत्यु संस्कारको बारेमा चर्चा गर्नुहोस् ।

नोट : 'नेपालमा तामाङ बौद्ध समाज' सम्बन्धी यो पाठ्यसामग्री भिक्षु सुद्धर्शनद्वारा लिखित पृष्ठभूमि र लेखक भिक्षु ज्ञानेन्द्रद्वारा लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल ।

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## तृतीय पत्र
# नेपालमा बौद्ध समाज

## एकाइ ३ (क) : गुरुङ्ग बौद्ध समाज

Dhamma.Digital

लेखक : देवेन्द्र वज्राचार्य

'पृष्ठभूमि' अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ ३ (क) : नेपालमा गुरुङ्ग बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

## (क) पृष्ठभूमि

नेपालका मूल जनजाति बौद्धहरूमध्ये अहिलेसम्म पनि आफूलाई बोद्ध भनिरहेका जाति गुरूङ्ग पनि हो। यी अन्नपूर्ण मनासलु र हिमालचुली पहाडको दक्षिणतिर बस्ने हुन् भनिन्छ तर आजकाल पूर्वी पहाडको ठाउँ ठाउँमा पुगेका छन्। कतिपय गुरूङ्गहरू काठमाडौं उपत्यकामा र मधेशका फाँटमा पनि पुगेका छन् । गुरूङ्गहरूको थितिरीति चलिरहेको संस्कार स्वरूपलाई मनन गरेमा यिनीहरूमा मूल धर्म अनि पछि स्वीकार गरेका धर्मलाई देख्न सक्दैनौं । अझ दक्षिणतिर फैलिएका गुरूङ्गहरूको मात्र चालाबाला हेर्ने हो भने यी कुन धर्मबाट बुद्धधर्ममा परिवर्तित भएका हुन् भनी थाहा पाउन सकिंदैन । किनकि गुरूङ्गजातिहरूले आफ्नो आसपास भएका जनजातिहरूको संस्कारलाई पनि स्वीकार गरेका छन् । त्यस्तै नै सेनामा भर्ना भएर अलि सम्पन्न हुनासाथ हिन्दू धर्मको चालबाला अपनाएका (दुत्यंवपिं) पनि छन् । विशेष गरी नेपालको शाहीसेनाको उच्च हिन्दू वर्गहरूको सत्संगतले यिनीहरूले हिन्दू धर्मलाई आफ्नो नै सम्झी बाहुन पुरोहितहरूले जस्तै संस्कार गराएका छन् ।

गुरूङ्ग जाति साँच्चै भन्ने हो भने बोम्पो भन्ने पुरानो धर्मका अनुयायी हुन् । बोम्पो धर्म तिब्बतको पुरानो धर्मको नै अर्को रूप हो । यी भूतप्रेत, देवदेवीको तर्फबाट सुख दुःख हुने मान्ने झाँक्रीहरू जस्तै हुन् । जसरी तिब्बतीहरूले बोन धर्मलाई छोडी बुद्धधर्मलाई आफ्नो माने, त्यस्तै नै यिनीहरूले बोम्पो धर्मलाई छोडी बुद्धधर्मलाई आफ्नो मानेका हुन् ।

गुरूङ्गहरूको मुख्य पेशा कृषि हो । यिनीहरूले पशु पालन



https://dhamma.digital

गर्छन् । अनि पशु पाल्नेहरूले कुकुर पाल्ने काम पनि गर्छन् ।

गुरूङ्ग जातिहरूको चारजाते सोह्रजाते भनी दुई जाति छन् । अनि चारजातेहरूले आफूहरूलाई सोह्रजातेहरूभन्दा माथिल्लो जाति भनी पनि मादन्छन् । चारजातेहरूमा घले, गादाने, लामा, लामिछाने हुन् भने सोह्रजातेहरूमा घ्याब्रे, क्याब्रे, रूकुम्चे, दुर्चे, योङ्ग, थोरामी आदि हुन् । यिनीहरूका आफ्ना पुरोहितहरूलाई घ्याब्रे भन्ने चलन छ । खालि लामाहरूको मात्र पुरोहित लामा हुन्छ । गुरूङ्ग जातिको मामाचेला चेली, फुपुचेला चेलीसँग विवाह हुन्छ । यसबाट थाहा हुन्छ कि गुरूङ्गहरू सात पुस्ता रगतको नाता भएकासँग विवाह गर्न नहुने हिन्दूहरू अवश्य होइनन् । अझ मामाचेला चेली, फुपुचेला चेली विवाहको सम्बन्ध तोडी अरूसँग विवाह गऱ्यो भने समाजलाई दोषसमेत दिने कुनै कुनै गुरूङ्ग जातिको व्यवहारमा अहिलेसम्म भएकोले यिनीहरू अहिन्दू संस्कारका मूल जनजातिका बौद्ध हुन् ।

गुरूङ्ग जाति युवा-युवती भएपछि आ-आफ्नो टोलमा साँझतिर रोदीघर गई आ-आफू हाँसखेल, रसबसगर्ने चलन छ । यो झन्दै नेवार जातिको रसरङ्ग गर्न जाने (ख्यालि च्वंवइथें) जस्तै हो । गुरूङ्ग जातिमा एक दुईवटा बेग्लै चालचलन छ । जस्तै विवाह गरेपछि बुहारी धेरैजसो माइतीमा नै बस्छिन् । अनि समय समयमा मात्र लोग्नेकोमा जान्छिन् । यसरी हुँदा हुँदै जब बुहारी बच्चाको आमा बन्छिन्, त्यतिबेला मात्र उनीहरूको साँच्चै राम्रो विवाह भएको भान गर्छन् । बच्चाको आमा भइसकेपछि मात्र उनीहरू सधैं लोग्नेको घरमा बस्ने गर्छन् । अझ केटीको दाइजो पनि आमा भइसकेपछि मात्र लोग्नेको घरमा पुऱ्याइदिन्छ । गुरूङ्ग जातिमा पहिलो छोरा जन्मने बेला बच्चाको दोश्रो जन्मदिनमा आफ्नो चोकमा वा आफ्नो घर आँगनमा (लाछिइ) पुतपुत्ते भन्ने नाच नाच्न लगाउनुपर्छ । यस्तो नाच नाच्ने बच्चाहरूलाई आफूले सक्दो खुवाई पिलाई ३०/- रूपैयाँ ४०/- रूपैयाँ पैसा दिन्छन् । अनि यिनीहरूको चूडाकर्म गर्ने काममा काठमाडौंका ज्यापू जाति बन्धहरूको जस्तै टुप्पी राख्ने गर्दछन् । यो काम धेरैजसो बच्चाहरू पाँच वर्ष हुने बेला गर्ने



https://dhamma.digital

हुन्छ । यो काम गर्न मामाहरू भए पुग्छ ।

गुरूङ्ग जाति नक्षत्र हेरी नाम अथवा बगाई पठाउँछन् । अनि उनीहरूको किरिया बस्ने एक वर्ष हुन्छ, तर दाजु भाइको किरिया बस्नेबेला १४ दिनमा किरिया बस्ने फुकाइन्छ। एक वर्षमा आमा बुबाको किरिया फुकाइन्छ । आजकाल यसलाई कम गरी ६ महिना गरेका छन् । यो किरिया फुकाउनेहरूलाई पाया भनिन्छ । यसबेला सिङ्ग भएको झ्ला भन्ने मान्छेको प्रतिमूर्ति बनाएर डोरीले बाँधेर डोरीको अर्को टुप्पो समाती, टाढा बाहिर लगी भेडाको बच्चालाई घ्याब्रेबाट पूजाआजा सकाई बाहिर दोबाटो अथवा चौबाटोमा लगी मार्छ । यसो गर्दा पितृऋणबाट वा मातृऋणबाट मुक्त हुने विश्वास गर्छन् वा मातृ-पितृ स्वर्ग गमन भएको विश्वास गर्छन् । आमाबाबुको सम्झनामा पोखरी बनाउने, सतल बनाउने पनि गर्छन् । गुरूङ्ग जातिको चारघलेको संस्कार विधि तामाङ्ग र शेर्पा जातिको पूजाआजासँग मिल्छ । कास्की जिल्लाको गुरूङ्गहरू बीच सोरथि र घाण्डो भन्ने तान्त्रिक चाड छ। घाण्डु भन्ने नाच श्री पञ्चमीको दिनदेखि वैशाख पूर्णिमा सम्म नचाइन्छ । यो नाचमा ११ वर्ष देखि १८, १९ वर्ष उमेर सम्मका केटीहरू हुन्छन् । यो नाच सिकाउने केटीहरू हुन्छन् । यो नाच नाच्नेहरूलाई देवता चढाइदिने कुरूवा भन्ने हुन्छन् । यो नाच नाच्न सुचि निचि गर्नुपर्छ । केही नियममा पनि बस्नुपर्छ । नेवारहरूको गँ नाच, सिकालि नाच आदि जस्तै नकाप राख्नुपर्दैन । फेरि नाच नाच्ने र नाच सिकाउने केटाहरू हुन्छन् । गुरूहरूले साधना गरी मात्र नाच गर्नेहरू निकाल्छन् । यसरी हेर्नेबेला गुरूङ्ग जातिको नाच बौद्ध तान्त्रिक नाच र प्राचीन मातृ सत्ताको नाच मिसिएको हामीले देख्छौं । गुरूङ्गहरूको संस्कारमा शील समाधिको कुरा खास देखिँदैन । खालि तान्त्रिक देव देवीको सम्बन्ध र यिनीहरूका लामाहरूले पाठ गर्नेमा मात्र बौद्ध संस्कृति देखिन्छ ।

नेवारहरूको गँ नाच, सिकालि नाच आदि जस्तै नकाप राख्नुपर्दैन। फेरि नाच नाच्ने र नाच सिकाउने केटाहरू हुन्छन् । गुरूहरूले साधना गरी मात्र नाच गर्नेहरू निकाल्छन् । यसरी हेर्नेबेला गुरूङ्ग जातिको नाच



https://dhamma.digital

बौद्ध तान्त्रिक नाच र प्राचीन मातृ सत्ताको नाच मिसिएको हामीले देख्छौं । गुरूङ्गहरूको संस्कारमा शील समाधिको कुरा खास देखिँदैन । खालि तान्त्रिक देव देवीको सम्बन्ध र यिनीहरूका लामाहरूले पाठ गर्नेमा मात्र बौद्ध संस्कृति देखिन्छ ।

## (ख) नेपालमा गुरुङ्ग बौद्ध समाज

### इतिहास

परापूर्वकाल देखि नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधतायुक्त रहँदै आएको छ । यस अनुरूप नेपाल सरकारले नेपाल आदिवासी जनजातीमा सुचिकृत गरेका जातीहरू मध्ये गुरूङ्ग जाती पनि एक हो । अन्नपूर्ण हिमाली श्रृङ्गलाको दक्षिणी क्षेत्र मनाङ, मुस्ताङ, लमजुङ, गोरखा, स्याङ्जा, कास्कीको पहाडी क्षेत्र हुँदै पूर्वको संखुवासभाको रूम्जाटार, धनकुटाको माडी खर्क, ताप्लेजुङ, पाँचथर, ईलाम, दार्जिलिङ्ग, आसाम, सिक्किम सम्म यिनीहरूको बसोबास रहेको छ ।

अहिलेको मैलोलिया देशको वरिपरिबाट यो गुरूङ्ग समुदायको सांस्कृतीक विकास भएको भन्ने कुरा गुरूङ्ग समुदायका आख्यान र दस्तावेजहरूमा उल्लेख भएको छ। गुरूङ्गलाई तमु पनि भनिन्छ। तमुका वंशज मंगोलियाबाट चीनको कोकोनार ताल, सिचुवान, युनान, तिब्बतको छ्याम्डो, ल्होक्यां हुँदै नेपालको मुस्ताङ,फलिप्रों, लिप्रो, मनाङको नार हुँदै क्होलामा सन् ५०० तिर नेपाल खाल्डोमा किराँतीहरूले राज्य गरेको समयमा स्थाई बसोबास गरेको र यहाँ उनीहरू १००० वर्षसम्म बसोबास गरेको भन्ने कुरा सन् २००० मा क्याम्ब्रिज विश्वविद्यालय बेलायत र पुरातत्व विभागले गरेको अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको छ ।

प्राचिन कालमा तमूका पुर्खाहरू मंगोलियाबाट खानाको खोजीमा बसाईं सर्दै पश्चिममा किर्गिस्तान, ताजकिस्तान हुँदै पुनः त्यहाँबाट



https://dhamma.digital

मोडिएर चीन, तिब्बत हुँदै हिमाल पर्वत श्रृङ्गला पार गरि नेपालको उच्च पहाडी भूभाग 'मूभ्‍चा ह्युला' मा आएको देखिन्छ। त्यहाँ धेरै समय बसे पश्चातः 'मुँइचा ह्युला'मा ठूलो पहिरो जाने संकेत पाए पछि तिनिहरू मनाङको 'सब्जे ब्राम्ह ऊ' मा बसाईं सरे तर त्यहाँ खेतीपाती नहुने भएपछि उनीहरू शिकार गर्ने पेशामा लागे र शिकार खेल्ने क्रममा उब्जाउ भूमि, शिकार खेल्न उपयुक्त जंगल, मह काट्न सक्ने भिरहरू, जलश्रोतका भण्डार आदि भएको ठाउँ 'क्होला' भेटेपछि उनीहरू राजा सहित 'सब्जे ब्राम्ह ऊ' बाट 'क्होला' मा सरे। उत्तर पश्चिम नेपालको अन्नपूर्ण हिमालको वरिपरि रहेका यिन स्थानहरूबाट यिनीहरू गण्डक क्षेत्र हुँदै पूर्वी नेपालसम्म फैलिएको देखिन्छ।

लेखक जनकराज शर्माले गुरूङ्गहरू 'हुण' जातिका हुन् भन्ने तर्क प्रस्तुत गरेका छन्। 'हुण' हरूको खास निवास स्थान वर्तमान मंगोलिया, मन्चुरिया र यसको उत्तरमा पर्ने साइवेरियाका भूभाग हुन्। पहिले 'हुण'हरूले चीन देखि लिएर मध्य एसियाको सिरदरिया हुँदै अराल सागरसम्म साम्राज्य खडा गरेर राज्य गर्न थाले। पछि 'हुण' हरूमा आपसमा गृहयुद्ध शुरू भयो र इशाको प्रथम शताब्दीको अन्त्य तिर हुणहरूको आपसी संघर्षले उग्र रूप लिएपछि यिनीहरू आफ्नो भूमि छोडेर अन्यत्र भाग्न बाधय भए। हुणहरूको आपसी संघर्षमा तुर्कवंशहरूले लाभ उठाए र आफ्नो साम्राज्य फैलाएर हुणहरूलाइ धपाए। यसरी तुर्कहरूबाट धपाइएका हुणहरू हिमाल पार गरि दक्षिण तिर लागे। दक्षिणतिर लागेका हुणहरू कोंही हिमाली र पहाडी क्षेत्रमा बसोबास गर्न थाले त कोही मैदानी भागसम्म प्रवेश गरे। यसरी उत्तरी क्षेत्रबाट लखेटिएर मैदानी भागमा पुगेका हुणहरूले आफ्ना परम्परागत धर्म त्यागी त्यहीको धर्म संस्कृती बोकी पुनः पहाडी भागमा बसोबास गर्न आएकाहरूमा हिन्दु धर्मको प्रभाव देखिएको छ र यिनीहरूको गुरूङ्ग वंशावलीमा उनीहरू कन्नोजबाट आएका आर्यहरू हुन् भनि लेखिएको छ। त्यस्तै हिमालपारिबाट मैदानी भागमा प्रवेश नगरि नेपालको उच्च पहाडी तथा हिमाली क्षेत्रमा बसोबास गर्ने हुणहरू बुद्धधर्ममा विश्वास



https://dhamma.digital

राख्छन् । यिनै हुणहरू आजका गुरूङ्गहरू हुन् भनिन्छ ।

नेपाल एकिकरण समयमा इमान्दार र सोम्मा बहादुर ठहरिएका गुरूङ्ग जातिलाई पूर्वमा विभिन्न गढी, थुम र किल्लाहरूको अगुवाई गर्न लगाएको इतिहास छ । काजी अभिमान सिं बस्न्यातको समयमा सोलुको डिट्ठा चम्बासिं गुरूङ्गले वि.सं. १८७२ मा आफ्ना फौज मार्फत टिष्टा नदी पारिसम्म बिजय हासिल गरी फर्केर टिष्टा नदीमा आफ्ना हतियारहरू ढाल, खुँडा, खुकुरी र तरवार पखालेको इतिहासमा उल्लेख छ । ति हतियारहरू आज पनि सिलीगुढी निवासी चमबासिं कै सन्तान कर्णेल खड्कसिं गुरूङ्गको घरमा सजाएर राखेको देख्न सकिन्छ । यसरी गुरूङ्गहरू नेपालको पूर्वी सिमाना बाहिर सम्म बसोबास गरेको पाइन्छ ।

**शारिरीक बनोट र पहिचान :**

कवि शिखरनाथ सुवेदीले नेपालका जनजाती पुस्तकमा गुरूङ्ग नश्लबारे यसरी कवितात्मक वर्णन गर्नुभएको छ ।

छोटा छोटा पिडौला, नयन, नङ, नसा केही भित्र गएका,
गाला केही उठेका, गर्दन पिठ्युँ, छाती चेप्टो भएका,
भुसतिघ्रे, विघ्न सुरा गुरूङहरू सबै वैरीलाई भगाई,
गादो पारी खुकुरी भिरीकन हिंड्छन् टोपी कालो लगाई ।

यि शारिरीक पहिचान बाहेक गुरूङ्गलाई छुट्याउने अर्को पहिचान भनेको यिनीहरूको कपाल कडा र ठाडो ठाडो हुनु हो । बुद्धका अनुयायी, मनमा पाप छल रहित, कडा तर स्पष्ट बोलीका गुरूङ्गहरू आफुलाई तमू भन्न रूचाउँछन् । तमुको अर्थ फलामको हतियार लिएर हिंड्ने जाती भनेको हो । तमुहरू आफ्नो कम्मरमा खुकुरी भिडेर हिँड्छन् ।

**गुरुङ्ग जातिको संस्कार :**

प्रत्येक जात जातिमा आ-आफ्नै प्रकारको संस्कार हुन्छन् । गुरूङ्गहरूको मुख्य जातिय संस्कार निम्न अनुसार रहेको छ ।

**१) जन्म :** गुरूङ्गहरूको जन्म संस्कारमा शिशुको जन्म हुना



https://dhamma.digital

साथ समाजको अनुभवी महिलाद्वारा सालनाल काटी शिशुलाई मनतातो पानीले नुहाई, तोरीको तेल लगाई सफा कपडामा बेरेर सुनाइन्छ । शिशु जन्मेको तेश्रो दिन पैंडी बोलाई शिशुको नामाकरण गरिन्छ । शिशु जन्मेको छैठौं दिनको साँझ नवजात शिशुको भविष्य राम्रो होस् भनि शुभमंगल कामनाको लागि थालीमा एक माना चामल, रूपैयाँ, पैसा भेटी राखी थाल माथि नै दियो बालेर शिशुको सिरानीमा राखिन्छ ।

बालक जन्मिएको नौ दिन वा एघार दिनमा न्वारन हुन्छ । बालिकाको सात दिनमा न्वारन गर्ने गरिन्छ । सात माता र नौ पुर्खाको प्रतिकको रूपमा यसलाई लिइने हुनाले बालबालिकाहरूको न्वारनमा पनि सात वा नौ दिनलाई शुभ मानिएको हो । यस दिनमा चोख्याउनेमात्र नभई "था सों प्रिहसों" भनि शान्ति स्वस्ति पुजा पनि गरिन्छ । त्यसै दिन पैंडीले तिन दिनमा जुराएको नाम पुनः सुनाइन्छ । बालबालिकालाई दोष कुदृष्टि नपरोस् भनि छोरा भए नौ सरो धागोमा नौ गाँठो र छोरी भए सात सरो धागोमा सात गाँठो पारेर बेसारमा मोलेर तमू भाषामा स्याइस्याइ भन्दै पवित्र धागो शिशुको घाँटीमा दुवै हातको नाडीमा, दुवै खुट्टाको कल्लीमा र कम्मरमा बाँधि दिने चलन छ ।

**२) पास्नी :** गुरूङ्ग जातिहरूमा छोरा भए ६ महिना र छोरी भए ५ महिनामा पास्नी (अन्नप्रासन) संस्कार गरिन्छ ।

**३) पुटपुटे :** जेठो छोरा जन्मेर हुर्केपछि ३, ५, ७, ९ वा ११ यी बिजोर वर्षहरू मध्ये कुनै एक वर्षमा पुटपुटे संस्कार गरिन्छ । यस अवसरमा पुटपुटे गरिने बालकको घरमा मावली गाउँको नाच नचाइन्छ । भोलिपल्ट बिहान शुभ साइटमा बालकलाई टीका लगाएर शुभआशिष दिइन्छ ।

**४) चुडाकर्म :** सबै छोराहरूको चूडाकर्म संस्कार गरिन्छ । ३, ५, ७, ९, ११ र १५ यी विजोर वर्षहरूमा छोराहरूको चूडाकर्म गरिन्छ । चूडाकर्म गर्दा गाईको गोठ वा गोरूको भकारोमा लगेर कपाल काटिन्छ । यदि गाइको गोठ वा गोरूको भकारो छैन भने आगनको छेउमा यट्नो बनाइन्छ । त्यस ठाउँमा गाई वा गोरूको गोवर पनि



https://dhamma.digital

राखिन्छ। टाट्नोमा गाईको दाम्लो पनि बाँधेर राखिएको हुन्छ। टाट्नोमा बाँधेको गाईको दाम्लोले चूडाकर्म गर्ने बालकको घाँटीमा बाँधिन्छ। बालकको मुखमा नुको ढीका पनि राखिन्छ। यसरी पशु जसरी व्यवहार गरेपछि शुभसाइटमा त्यस वर्षको सगुनी पुरूषले मोहडापट्टिबाट कैंचीले बालकको कपाल काटिदिन्छन्।

**५) गुन्यूचोली संस्कार :** गुरूङ्ग जातिमा छोरीहरूको वर्गबाट बिजोर वर्गमा पैंडीले शुभसाइट जुराई गुन्यूचोली दिने चलन छ। यस कर्मका लागि छोरीको उमेर वर्गबाट गनेर सात वर्ष, नौ वर्ष वा एघार वर्ष उत्तम मानिन्छ। घोडा वर्ग र सर्प वर्गको नौ वर्ष रिमा वर्ग परेको हुनाले यी दुई वगृको नौ वर्षमा गर्न हुँदैन भनिन्छ। यसरी शुभ साइट निकालेर मात्र तमु गुरूङ्ग चेलीहरूमा गुन्यू चोली दिने परम्परा रहेको छ। यसलाई बालिकाबाट वयस्क भएको संकेतको रूपमा लिइने र सामाजिक सांस्कृतिक रूपले जिम्मेवारी लिन सक्षम भएको मानिन्छ।

**६) विवाह संस्कार :** हरेक जातिमा आ-आफ्नै प्रकारका विवाह पद्धति रहेझैं, गुरूङ्ग जातिमा पनि आफ्नै विशेष विवाह पद्धति छ। गुरूङ्ग जातिमा ४ जात र १६ जात भनि छुट्याइएको छ। ४ ठूला जातहरू घले, लामा, घेताने र लामिछाने र साना १६ जातहरू (पज्यू, डो, केपचे, बगचै, महत्वावृङ, डोचै, प्रुचै, थिचै, याचै, खुलाल, कोकै, कुपर्चे, नार्चे, लेगै, रूवचै) आदि हुन्। पहिला ४ जात र १६ जात बिच बिवाह चल्दैन थियो। चार जाते गुरूङ्गहरूमा पनि लामा र घले दुइ जातहरू एउटै गोत्र भएको कारण उनीहरू बीच पनि विवाह भएको पाईदैन। वि.सं. १९२४ मा कर्णेल लक्ष्मण गुरूङ्गको उजुरीले श्री ३ जङ्गबहादुरबाट गुरूङ्गहरूमा ४ जात र १६ जातमा ठूलो सानो भन्ने नभएको फैसला भएको थियो। जसले गुरूङ्ग समाजमा ठूलो र सानो जात भन्ने भावना मेट्न अहं भूमिका खेलेका छ। फेरी आजभोलिको आधुनिकिकरणले यस्तो ठूलो सानो भन्ने भावना हट्दै गएको छ। अहिले विवाहको लागि मुख्य आवश्यक तत्व भनेको गोत्र फरक हुनु पर्ने हो। तमु जातिको विवाह पद्धतिमा मगनी विवाह, प्रेम विवाह, जवर्जस्ती विवाह, बिधुर र

विधवा विवाहलाई उल्लेख गर्न सकिन्छ ।

गुरूङ्ग जातिमा मामा चेला फुपु चेली सोलीडोली पनि चल्छ । नेपालको कानुनमा हिन्दु धार्मिक परम्परा अनुसार जुन सुकै भएपनि गुरूङ्गको हकमा मामाको छोरी रोजीरोजी र फुपूको छोरी खोजी खोजी विवाह गर्ने परम्परालाई मान्यता दिएको पाइन्छ। खेगी (पुरोहित), चोंगी -जजमान तथा भद्रभलादमी) र पैंडी (ज्योतिष) यस जातीका सामाजिक व्यवस्थापनका अभिन्न अङ्ग हुन् । सामाजिक काम कुरामा कुनै नयाँ कामको थालनी वा कामकाज गर्ने क्रममा कुनै विवाद उत्पन्न भयो भने खेगी, चाँगी र पैंडी एकै ठाउँमा भेला भई कसरी यो कार्यलाई सम्पन्न गर्ने भन्ने निर्णय खेगीले गर्दछ भने कुन चाहिं काम गर्दा सबैको भलो हुन्छ भन्ने निर्णय चोंगीले गर्दछ र कुन तिथी मिती पारेर कार्य शुभारम्भ गरे शुभ अशुभ हुन्छ भन्ने निर्णय पैंडीले गर्दछ । तमु समुदाय राष्ट्र निर्माणको धरोहर बन्न सक्नुमा यिनै ऐतिहासिक परम्पराको पृष्ठभूमिले ठूलो योगदान पुऱ्याएको छ ।

**७) मृत्यु संस्कार :** परिवारको कुनै सदस्यको मृत्युले परिवार, आफन्त र समाजमा अशोच, त्रास र चिन्ताको वातावरण सिर्जना गरिदिन्छ । साथै मृतयुले परिवार, नाताकुटुम्बमा अपवित्रता ल्याउने विश्वास पनि गरिन्छ। त्यसैले प्रायः सबै धर्मावलम्बीमा अन्त्येष्टि संस्कार धार्मिक विधिविधान पूरा गरि सतर्कता साथ सम्पन्न गरिन्छ । तमुहरू धार्मिक दृष्टिकोणबाट वोन, बौद्ध तथा हिन्दु धर्ममा विश्वास गर्ने गर्छन् । हालको परिप्रेक्षमा तमुहरूले अन्त्यष्टि संस्कार पनि वोन, बौद्ध तथा हिन्दु तिन धार्मिक विधिअनुसार सम्पन्न गर्ने गरेको पाइन्छ ।

बौद्ध धर्म मान्ने गुरूङ्गहरूको अन्तिम संस्कार लामा विधिद्वारा गरिन्छ। मृत्यु भएको चार दिनपछि दाजुभाई नुनतेलबाट चोखिन्छ। मृतयु भएपछि लामा विधिले साइत हेराइ जंगल लाने चलन छ । मृतकलाई प्राय डाँडामा लगेर सार्वजनिक घाटमा लगेर जलाउने गर्दछ । मृतक परिवारले १३ दिनसम्म नुनतेल बार्ने चलन छ । १३ औं दिनको अन्तिममा मामा, मावली, आफन्तजनहरूलाई बोलाएर भोज खुवाउने



https://dhamma.digital

चलन छ । अन्तिम दिन मामा मावलीहरूबाट भानजा भानजीहरूलाई सेतो टिका, टोटला र खादा लगाई पञ्च भलादमीलाई आँगनमा राखि मृतकका गणगोत्र पुकारी मावली पक्षले मृतकका आफन्तहरूलाई गुन पानीखवाएर जुठो फुकाल्ने चलन छ। मृत्यु भएमो ४९ औं दिनमा फेरी मृतकका आफन्तहरू भेला भइ बत्ती बाल्ने र त्यसै गरी वर्ष दिनमा पनि भेला भई लामा पढाएर मृतकको नाममा बत्ती बाल्ने गर्दछ।

ग्रह नक्षत्र हेरेर अन्तिम संस्कारको मूर्हुत निकाल्ने गुरूङ्ग समुदायमा १३ दिने दाजुभाईले एक वर्ष सम्म बर्खी बार्दछन्। मुर्दा गाड्दा साझा चिहानको व्यवस्था रहेको गुरूङ्गमा चार दिन सम्म लासलाई पथ (अर्घौ) गर्ने गरिन्छ।

**धर्म :**

तमु जातिको प्राचिन धर्म संस्कार प्राकृकि बोन धर्म हो । तमु समाजमा प्राकृतिक वोन संस्कार अन्तर्गत धामी, झाँक्री, पैंडी, पच्यु, घ्याप्र, वोन लामाहरूको महत्वपूर्ण भूमिका हुन्छ। त्यसैले गुरूङ्ग समाजमा जन्म देखि मृत्यु सम्मको भूमिका हुन्छ । त्यसैले गुरूङ्ग समाजमा जन्म देखि मृत्यु सम्मको संस्कार सम्पन्न गर्दा कुल, कुलायन बुझाउँदा, देवी, देउरालीहरूको पुजाआजा गर्दा र बिरामी पर्दा भूतप्रेत पिशाचहरू लगायतलाई पन्छाउने कार्य गरिन्छ । बोनहरू प्राकृतिक दैवी शक्तिमा विश्वास राख्छन् । पहिला तिब्बतीरू पनि वोन धर्म मान्थे । सम्राट स्रङ चोङ गम्पोले सातौं शताब्दीमा वोन धर्म मान्थे । सम्राट स्रङ चोङ गम्पोले सातौं शताब्दीमा वोन धर्म मान्ने राज्य साङसुङलाई तिब्बतमा गाभेका थिए। समूाट सङचङगम्पोले बुद्धधर्म अपनाएपछि पुरा तिब्बतमा बुद्ध धर्म फैलिए साथमा तिब्बत सँग जोडिएको नेपालमा हिमाली तथा उच्च पहाडी भुभागमा पनि बुद्ध धर्मको प्रभाव पऱ्यो । चीनबाट बसाईं सरि तिब्बत भई नेपालमा उच्च भूभागहरूमा बसोबास गर्ने तमुहरूमा पनि बुद्ध धर्मको प्रभाव परेको र तिब्बतबाट मैदानी भागमा प्रवेशगरि पछि नेपाल प्रवेश गरेमा र सेनामा उच्च ओहोडामा बसि कार्य गरेमा



https://dhamma.digital

तमुहरूमा भने हिन्दु धर्मको प्रभाव परेको देखिन्छ । त्यस्तै नेपालमा बाईसै चौविसै राज्य भएको बेलामा कास्कीमा ठकुरी राजा जगति खान शाहीले गुरूङ राज्यलाई आफ्नोमा ल्याएपछि राज्य सत्तामा नजिकका तमुहरूले हिन्दु धर्मलाई आत्मसाथ गरे भने लामा घ्याब्रे पुजारी राखी अर्घौं गरी कुलधर्ममा रहने मैलो गुरूङलाई सेनामा भर्ति नलिने तर ब्राम्हण पुजारी मार्फत दशकर्म गर्नेलाई सकिलो वर्ग भनि सेनामा भर्ती लिइए । शाह काल र राणा कालमा नेपाली जनताहरू माथि खस भाषा र हिन्दु संस्कृती लादिएको र गीर्वाणयुद्धको पालामा त हुकुमी उर्दी जारी गरी तमुहरूमा गुरूङ पुरोहितको ठाउँमा बाहुनबाटै कर्मकाण्ड गराउने संस्कार लादियो । त्यसैले वर्तमानमा गुरूङ्गहरूले बोन धर्म, बौद्ध धर्म र हिन्दु धर्म पनि मान्ने गरेको देखिन्छ ।

**चाडपर्व :**

गुरूङ्गहरूले मनाउने चाडपर्वहरूमा सिल्डो नाल्डो -सिमे पुजा) अर्थात् प्रकृतीका मालिक देवताको पुजा, पशु गोठ लेकमा लग्दा चैत्रमा मनाइने उँभौली र बेंसीमा आदि कार्तिकमा मनाइने उधौली, पशुपंक्षिमा कुनै प्रकारको रोगव्याधी नलागोस र बाली नालीमा कीराफट्याङ्ग्रा नलागोस् भनेर शुक्ल पक्षको चैत्र र श्रावणको पहिलो मंगलवार गरिने पुजा प्हो वापा, नयाँ वर्षको शुरूवाटको रूपमा मनाइने ल्होसार साथै गैडु गैरू पुजा, प्होते लबा -गाउँ पुजा), फैलु -कुल पुजा), तु देउता, थासो वापा आदी लगायत बैशाख पूर्णिमा, श्री पंचमी, साउने संक्रान्ति, नाग पंचमी, दशैं, तिहार, माघे संक्रान्ति, चैत दशैं जस्ता चाडहरू पनि मनाइन्छ ।

**तमु ल्होछार र गुरुङ चाडपर्वहरु :**

भनिन्छ ल्हो पद्धतिको उत्पतीस्थल मङ्गोलियाको तुर्किस्तान हो । ल्हो चीनमा विकास भई विश्वमा विस्तार हुने क्रममा नेपालमा तमु अर्थात् गुरूङ्गहरूले तमु ल्होछार, तामाङले सोनाम ल्होछार र शेर्पाले ग्याल्बो ल्होछार मनाए । जुन ल्होछार मनाएपनि ल्हो, मेवा र पार्ग



https://dhamma.digital

ज्योतिषिय पद्धतीका विद्याहरू हुन् । १२ राशीसँग अन्तरसम्बन्धीत ल्हो पनि १२ वटै हुन्छन् । प्रत्येक ल्हो/मेवाको आफ्नै तत्व हुने गर्दछ । आगो, पानी, फलाम, काठ र माटो ल्हो/मेवाको आ-आफ्नै मानिन्छ । पार्ग भनेको कुण्डली हो । पार्ग (आगो, पानी, फलाम, काठ, आकाश, हावा, माटो र पर्वत) आठवटा चक्र भिडाउँदा शुभ-अशुभ खुट्ट्याउन सकिन्छ । जस्तै बाह्र ल्हो -वर्ग) र तीनको प्राणतत्व यस प्रकार छ :

**वर्ग (ल्हो) प्राण तत्व**

१) मुसा हो वर्गको प्राण तत्व पानी,

२) गोरू ल्होको माटो

३) बाघको काठ

४) खरायोको पनि प्राण तत्व काठ मानिन्छ ।

५) ड्रागन वर्ग ल्होको प्राणतत्व माटो हो भने

६) सर्प ल्होको प्राणतत्व आगो,

७) घोडाको आगो

८) भेडाको प्राण तत्व माटो

९) बाँदरको फलाम

१०) कुखुरीको फलाम

११) कुकुरको प्राण तत्व माटो

१२) सुङ्गुरको पानी

गुरूङ समुदायले पौष १५ गते मनाउने तमू ल्होछार तिब्बतीय ज्योतिषिबाट विकसित ल्हो, मेवा र पार्ग, चिनियाँ ज्योतिष र भारतीय ज्योतिष अनुसारको नक्षत्र, राशी, लग्न, ग्रह, गोचरको समन्वय हो । पौष शुक्ल प्रतिपदाको दिनमा प्रवर्द्धन हुने पौषदि संवतलाई पशिचमेली खगोलशास्त्रीले पनि आत्मसात गर्दै डिसेम्बर २२ तारिखलाई सबैभन्दा लामो रात र सबैभन्दा लामो दिन विश्वास गरिन्छ । ल्हो को अर्थ वर्ष र सरको अर्थ नयाँ हो । तमुको अर्थ फलामको हतियार बञ्चरो धारण गर्ने



https://dhamma.digital

लडाकु । पुष १५ गते गन्मने १२ वर्गभन्दा छुट्टै चमेरो -फोवो) ल्हो मा गनिन्छ तर मृत्यु कर्म गर्दा चराचुरूङ्गी चिरबिराउनु र मलसाप्रोले बाटो काट्नु अघिनै कृयापुत्रीले मृतकलाई पिण्डदिई सक्नुपर्ने हुन्छ । मध्यान्ह १२ बजे पछि अर्कै दिन शुरू हुन्छ, तमु ल्होसार सौर्यमास सम्वत सूर्य उदयसँगै फेरिन्छ । लण्डनस्थिति ग्रिनविच शुन्य डिग्रीदेखि ८६ डिग्री १५ मिनेट पुर्वी देशान्तरस्थित गौरीशंकर हिमालको टुप्पोमा झुल्केघाम लागेपछि नेपालमा दिनवार र वर्ष प्रारम्भ हुने गर्दछ ।

**तमु ल्होसार र मान्यजनको सम्मान**

तिहारमा देउसीमा सङ्गालेका चामल, पैसाले पौष १५ को तमू ल्होछारमा सहभोज मनाउँछन् । केहिले घरबाट चामल रक्सी, माइतीले घ्यु, कुखुरा वा बोका, रोटी रक्सी जुटाउने र नयाँ वर्षका दिन मिठो/मसिनो खाई मनाउँछन् । गुरूङमा आदिकालदेखि पञ्यु, ल्हयेवँ र लामा यी तीन पुरोहितको छुट्टाछुट्टै देवकार्य र पितृकार्य हुन्छन् । ल्होछारमा सिल्दो-नाल्दो-(सिमें-भूमे), खें, माँ -माता-पिता), फैलुपूजा पछि गुम्बामाचिउरीको बत्ती बालिन्छ भने क्युफुई (चोखो पानी), च्यू, अक्षता, धुप, खाप्सियो चढाएर खाईन्छ । एक आपसमा आशिमालाँ भन्दै शुभकामना आदान-प्रदान, मान्यजनबाट वेसारमा दलेको नौसरा, नौगाँठाको डोरा र महिलालाई सात सरा, सातगाँठाको डोरा बाँढिदिने गर्दछन् ।

Dhamma.Digital

**तमू जातिको लोक संस्कृति :**

**१) घाटुनाच :** गुरूङ्ग जातिको एउटा आफ्नै विशेषताले भरिपूर्ण संस्कृती हो । हिमचुली, वरचुली, देवचुली आदिको आराधना नगरी घाटु जाग्दैन । यो घाँटीबाट एक्लै सुर झिक्ने राग भएकोले घाटु भनिएको हो । घाटु दुइ प्रकारको छ- १) सती घाटु र २) बाह्रमासे घाटु । सति घाटुको विधि विधान अलि चर्को छ, यो जुनसुकै समयमा नचाउने हुँदैन तर बाह्रमासे घाटु जहिले जहाँ पनि नचाउन सकिन्छ ।

**२) सोरठी नृत्य :** गुरूङ जातिमा रहेको पृथक किसिमको



https://dhamma.digital

नाच सोरठी पनि हो । साउने संक्रान्ति तमुवानमा वाद्यवादन छुट भएदेखि गुरूङ, मगर र दुरा बस्तीमा सोरठी (सौराष्ट्र) नृत्य थालिन्छ । नृत्य, नागपञ्चमी, माघे संक्रान्ति, श्रीपञ्चमीसम्म हुन्छ । नृत्यलाई स्याङ्जा/तनहुँमा नचरी, पाल्पामा नाँचन्या/करङनाच, गोरखामा पाङ्दुरे र मादले भनिन्छ । गुरू वन्दनाबाट शुरू हुने सारठी नृत्य क्रमशः जन्म, शिकार, जोगी विवाह र विदेश खण्डका हुन्छन् । मारूनी र फुसुङगेले गीत र मादलका तालमा अभिनय गर्दै नाच्ने नृत्यमा बिचबिचमा भिख माग्ने अभिनय हुन्छ । कथाअनुसार राजा जयसिंहकी कान्छी रानी हेमन्तीबाट राजकुमारीको जन्म हुन्छ । यबसाट दाह भएकी जेठी रानीले पण्डित विजयलाई धनलोभमा पारी जन्मिएकी बची मुलमा परेको कारण सात महिनामा राजाको मृत्यु हुने जानकारी दिन्छ । जसको कारण राजाले आफ्नी छोरीलाई सुनको सन्दुकमा राखी जीवितै नदिमा बगाईदिन्छन् । नदीमा बग्दै गरेकी राजकन्यालाई माछा मार्दै गरेका माझीले फेला पारी आफ्नो झुपडीमा लगी पालन पोष गरी हुर्काउँछन् भने हुर्कदै गएकी ती कन्याको सौन्दर्यबाट राजा स्वयम् मोहित हुन पुग्छन् । माझी समक्ष ती कन्यासँग विवाहको प्रस्ताव राख्छन्, वंश खोज्दै जाँदा ती कन्या आफ्नै छोरी भएको थाहा पाए पश्चातापबाट राजा जोगी बनी वनवास जान्छन् । दुःखान्त सन्देशमा आधारित सोरठी नृत्यु क) कृष्ण चरित्र ख) रामायण चरित्र ग) सोरठी सौन्दर्य घ) ख्याली मनोरञ्जन आदिमा पनि नाचिन्छ । दुई युवा महिला भेषमा मारूनी बन्छन् । १५ जना मादल, मजुरा, झ्यालीको तालमा जोशिलो सै, सै भन्दै उफ्रि उफ्रि नाच्दछन् ।चल्ती, चारमात्रमा सोरठी नाचिन्छ ।

**३) मारूनी नाच :** गुरूङ्ग जातिमा प्रचलित नाच मध्ये एक मारूनी नाच हो । यसमा सरस्वती देवीलाई प्रमुख मानि वहाँको पूजा आराधना गरि देवीबाट आशिर्वाद पाएको अभिनय गरि नाचिन्छ । यस नाचमा परम्परागत भेषभूषामा नर्तकहरूले शरीरलाई अनौठो तर भद्र तरिकाले मर्काउँदै नाच्ने गर्छ । उपस्थित अन्य मानिस गीत गाउने, मादल बजाउने गर्छन् ।



https://dhamma.digital

**४) छ्याङ्ड (सेर्को) :** जन्म मृत्युका घटनालाई लयात्मक ढङ्गमा वर्णन गर्ने गीत ह्योंकई र मृत्युपछि मृतात्माको भवचक्र गीतलाई सिर्को र मृत्यु संस्कारलाई टोर्कोई भनिन्छ । मृत्यु संस्कारमा अर्घौंगर्दा नाचिने छ्याङ्ड (सेर्का) नृत्य मृतात्माको पुण्य प्राप्ति र प्राकृतिक सन्तुलन नबिग्रियोस् भन्ने कामना गरिन्छ । कुलपितृसँग क्षमापूजा गरेर मात्र छेले -झ्याम्टा) बाजा बजाउन पाईने छ्याङ्ड (सेर्का) नाच्दा पच्यु गुरूलेदोषलो मन्छाउन लयात्मक ढङ्गमा नै म्हित्रम्हि चिवमै (भद्रभलादमी, रिमै म्होमै (महिला), फ्रेमे र रिमै (युवायुवती), त्हामै (दाजुभाई), नेवामै (परिवारजन), अस्योमै -मावली) डेम (सन्ध्या सम्धी), म्होचम्ह (छोरी, ज्वाईं) को काम कर्तव्य अधिकारका बारे व्याख्या हुने हुँदा छ्याङ्ड (सेर्को) तमु समाजको विधान भन्न सकिन्छ ।

**तमू राज्यका संरचनाहरू:**

नेवारको प्राचिन सङ्घीय राज्य गुथि र थारू, तामाङ, शेर्पा मगर आदि थुप्रै आदिवासीको राज्य सञ्चालनमा आ-आफ्नै ढाँचा परम्परागत मानयता रहे जस्तै तमू राज्य सञ्चालनमा भिन्नै आन्तरिक कानुको व्यवस्था गरिएको पाईन्छ । यस्ता संरचनाहरू निम्न लिखित छन् ।

**क) मुद्दा मामला झगडा मिलाउन ल्क्हेधी :** तमुहरूको मुद्दा झैझगडा मिलाउन क्ल्हे (मुखिया) को नेतृत्वमा छलफल सभा आन्तरिक अदालतका मानिन्छन् । क्लहेधी सभाले भद्रभलादमी म्हिग्रङ्चोडमार्फत छलफल गरी क्ल्हे मुखियाले निर्णय दिने चलन रहेको पाईन्छ । गाउँको समस्या गाउँ-ठाउँमा नै समाधान गरी गाउँमा शान्ति, आपसी प्रेमभाव बढाउने र मुद्दामा जान नपर्ने निर्णायक राजालाई क्लहे भनिन्छ भने राजाको दरबारलाई क्लहेधी भनिन्छ ।

**ख) क्होइवोधी :** मू पुरोहित/गुरू घरलाई क्होइवोधी भनिन्छ । धर्मगुरू/खेगी, पज्यु, क्ल्हेवृ र बोन लामा बसी पूजा चलाउने र क्होइबोधी मार्फत तमु गुरूङ समुदायको प्येताँ ल्हुताँ -धर्मशास्त्र), संरक्षण/सम्वर्द्धन गरिने गरिन्छ । तमु संस्कारहरू करमीम्रोव (छैंठी) नामाकरण (मिथेंव),



https://dhamma.digital

न्हथोष (कान छेड्ने), थासो प्रेंहसां लव (चोख्याउने), मावलीबाट हुने अशिमलां (पुटपुटे उत्सव), कैकोवा (पास्नी), क्रबाव (छेवर-ब्रतबन्ध), ङेविंव (गुन्यु चोली प्रदान), ङेक्रव -विवाह), म्हित्हें (मृत्यु संस्कार) देखि प्होलेबाबा (दोषादोषालो फाल्ने) सम्मको कर्मकाण्ड क्होवोधीमा हुन्छ ।

**ग) छोंज धी :** तमुको प्रतिनिधिसभा/नालसभा नैसंसद पनि हो । गाउँमा जहाँ सरकार छैन, झगडा, मुद्दा मामिला हुँदा मिलाउने सजायँ गर्ने अधिकार राख्छ छोंजधीले । घले राजाहरूले यी नै छोंजधीमार्फत गाउँ-गाउँका भद्रभलादमी जम्मा गरी नीति निर्माण एवं कार्यान्वयन गर्दथे । लमजुङमा मात्र यस्ता आठवटा नालसभा थिए । भनिन्छ, जुन नालसभा छोंजधीमा खेगी (तमु पुरोहित), म्हिग्रँचागे (भद्रभलादमी) बसी राज्यको छलफल गर्थे ।

**घ) रोधी :** रोधी तमुहरूको विशेष संस्कृति हो । एकै उमेरका गुरूङ्ग युवा युवतीहरू एकै ठाउँमा भेला भएर सीप, कला, ज्ञान र सामुहिक व्यवहार सिक्ने स्थानको नाम रोधी हो । रोधी प्राचिन समयमा विद्यमान सामाजिक मूल्य र मान्यतामा आधारित विश्वास तथा सीप सिक्ने पाठशाला हो । यो लोक संस्कृतीलाई जीवन्त तुल्याउने, फुर्सद मिलाएर गाउने, बजाउने, नाच्ने, रमाइलो गर्ने थलो हो र गुरूङ्गहरूको पारस्परिक सहयोग सद्भाव र अनुशासनको व्यवहारिक ज्ञान आर्जन गर्ने विद्यालय हो ।

**ङ) आमा समुह :** आमा समुह महिला जमात हो । बिग्रिएका छोरा, छोरीदेखि महिला/पुरूष, श्रीमान्/श्रीमतीलाई समेत सही मार्गमा ल्याउन भूमिका निर्वाह गर्दै आईरहेको छ ।

**गुरुङका वाद्यवादन र सप्ततालका बाजाहरू :**

**क)** **एकपाटे ङ्ह :** एकपाटे ङ्हपनि तामाङको डम्फु नै हो । पश्चिमका गुरूङको तालबाजा ङ्ह, ध्याप्रिङ (पुरोहित) ले पूजामा बजाउने छालाले बेरिएको छ ।

**ख)** **घोरल सिङ्गी :** तमु झाँक्रीले झारफुकमा घोरलको सिङ



https://dhamma.digital

बजाईन्छ । भूतप्रेत भगाउन, मानिस तथा पशुको रक्षा गर्ने यो बाजा मन्त्र पढ्दै बजाईन्छ ।

**ग)** **ङा :** तामाङ समाजमा ढ्याङ्ग्रो जस्तै तमुको ङा बाजा पुरोहित पच्युले पितृ कार्यमा बजाउने गर्दछन् । एक भागमा छालाले बेरिएको गोलाकार ढ्याङ्ग्रोलाई समाउन डण्ठा हुन्छ भने यो बाजा बाँसको लट्ठीले बजाईन्छ ।

**घ)** **छ्याँला :** छ्याँला तमुहरू ल्होछार धार्मिक अनुष्ठानमा बजाउँछन् । जन्म, मृत्यु संस्कारमा नभैन हुने छ्याला नेवारको झ्याली जस्तै हो ।

**ङ)** **ल्वहुतु :** ढोलकझैं त्वहुतु, पितृ कार्य घेवामा पच्यु पुजारीले दुवै तर्फ छालाले मोडेको ढोलकलाई बेत गजोले ठोकेर बजाईन्छ ।

**च)** **धनुसारङ्गी :** धनुष जस्तो सारङ्गी लोकबाजा तमु भेडा गोठालो वाद्यवादन मानिन्छ । तीन वा चारवटा तारजडित सारङ्गीलाई चौरीको पुच्छरको तारले रेटी-रेटी बजाईन्छ ।

**छ)** **मिर्दुङ्गा :** तनहुँको उत्तरीक्षेत्रमा बसोबास गर्ने, गुरूङमा मिर्दुङ्गा मादलजस्तै दुवैतिर छालाले मोडिएको बाजा हो । रोदीघर उत्सवमा यो बाजा बजाईन्छ ।

**पेशा :**

गुरूङ्गहरूको परम्परागत पेशा खेतीपाती, पशुपालन नै हो । समयकाल सँगै अहिलेका युवाहरू सैनिक पेशा, भारतीय तथा ब्रिटिश सेनामा भर्ति, पुलिसमा भर्ति, पर्यटन व्यवसाय, उद्योग, शिक्षा, प्रशासन, वैदेशिक व्यापार र राजनीतिमा पनि लागेको पाइन्छ ।

**जनसंख्या :**

नेपालमा भएको २०७८ सालको जनगणना अनुसार नेपालमा गुरूङ्गहरू १.९७ प्रतिशत अर्थात ५,२२,६४१ जना छन् । गुरूङ्गहरू कास्की, लम्जुङ, गोर्खा र चितवन जिल्लामा बढी छन् । तर प्रतिशतका



https://dhamma.digital

आधारमा सबभन्दा बढी ५२.४ प्रतिशत अर्थात ३,४२६ जना छन् । गुरूङ्गको संख्या नेपालका ५६ गा.वि.स. ५० प्रतिशत भन्दा बढी र ६२ गा.वि.स.मा २५%-५०% सम्म रहेको छ ।

**श्रोत**

१) श्रेष्ठ पदम, जातजाती र संघीयता, दोश्रो संस्करण, ने.सं. ११४१, प्रकाशक : प्रेमराज बासुकला

२) लोकपाटी न्यूज, २३ पुष २०७६ बुधवार

३) गुरूङ्ग रामप्रसाद, नेपालमा गुरूङ्ग जाती

४) थापामगर, प्रो. समिर, गुरूङ्ग जातिको उत्पत्ति कहाँबाट भयो ? किन मनाउँछन् गुरूङ्गहरू तमु ल्होसार ?, Feb 22, 2016

५) १२ औं राष्ट्रिय जनगणना - २०७८

नोट : 'नेपालमा गुरुङ बौद्ध समाज' सम्बन्धी यो पाठ्यसामग्री भिक्षु सुद्धर्शनद्वारा लिखित पृष्ठभूमि र लेखक देवेन्द्र वज्राचार्यद्वारा लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल ।

Dhamma.Digital



https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

तृतीय पत्र

# नेपालमा बौद्ध समाज

Dhamma.Digital

## एकाइ ३ (ख) : मगर बौद्ध समाज

लेखक : टि.बि.पुन

'पृष्ठभूमि' अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ ३ (ख) : नेपालमा मगर बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

## (क) पृष्ठभूमि

नेपालका विभिन्न मूल जनजाति बौद्धहरू मध्ये मगर जाति जाति पनि एक मूल जनजाति हो, तर अरू जनजातिहरू भन्दा मगर हरूले आफूलाई बौद्ध भन्न बिर्सेका छन् । बौद्ध चालचलन छाडेर गए । यसले गर्दा भेरी नदीको माथितिर बस्ने तिब्बती भाषा बोल्नेहरूले मात्र बुद्धधर्म मानिरहेका छन् भन्ने भ्रम पैदा भइसक्यो । साँच्चै भन्ने हो भने, इतिहासअनुसार खोतलेर हेर्ने हो भने इतिहासको सुरूदेखि मगरहरू बुद्धधर्मसँग सम्बन्धित छन् ।

ललितविस्तरमा शाक्यमुनि बुद्ध लुम्बिनी उपवनमा जन्म हुनुभएको बेला नन्द र उपनन्द भन्ने दुई नागहरूले तातो र चिसो पानीले नुहाइदिएको वर्णन छ । त्यस्तै नै कोलियहरूले आठ भागमा एक भाग बुद्धका अस्थिधातु ल्याएर, ती अस्थि राखेर स्तूप बनाएका थूपवंशमा आएका छन् । यदि यी नागहरू सर्प विशेष जाति होइन, मनुष्य जाति विशेष हुन् भने यी कोलियहरूसँग बसेका यहाँका पुराना जाति हुन् । पछि यी बिस्तारै माथितिर पूर्व-पश्चिम दिशातिर गए । पाल्पालीसेन वंशावली अनुसार एक समय यी एकदमै शक्तिशाली पनि भए । त्यसैले उनीहरूका नाइके अर्थात् मगर राजालाई “नागभूपति” सम्म पनि भन्न थाले, फेरि यिनीहरूको लुम्बिनीको उत्तरमा महाभारत पर्वतश्रृंखलामा “बलढ्याङ गढी” थियो लुम्बिनीको ठीक पूर्वतिरको नवलपरासिका मगर हरूको बस्ती घना भएको देवचुली र वरचुली पर्वत क्रमको फाँट मगर नागराजहरूको राज्य हुनुपर्दछ ।

यी मगरहरू माथितिर उत्तरतिर गएर व्यापक भएर । पाल्पाली मगर र गुल्मीका मगरका बीचमा गई खोजनीति गर्नुपर्ने देखिन्छ ।



https://dhamma.digital

कुनै समय पाल्पा बुद्धधर्म, दक्षिण उत्तरमा तिब्बत चीन सम्मको बौद्ध साँस्कृतिक र आर्थिक प्रचार प्रसारको बाटो थियो । गुल्मीका सुवर्णकार राना मगरले ने. सं. ११९ (वि.सं. १०५६) मा लेख्नुभएका संस्कृत भाषाको "अष्ट सहश्रिका प्रज्ञापारमिता" किताब र लमजुङ्गका गंगा राना मगरले लेखेका संस्कृत भाषाको "अष्ट सहश्रिका प्रज्ञापारमिता" किताब ल्हासाको बौद्ध गुम्बामा पुगेको यसको प्रमाण हो । यसले यो कुरा पनि भन्छ, मध्यकाल अगाडिसम्म मगरहरू बौद्ध ग्रन्थ पढ्ने र बोल्नेहरू थिए ।

मगरहरू उत्तरबाट माथि जाँदै उत्तर पश्चिमतिरको कर्णाली र बीचको गण्डकी प्रदेशको बीचमा पुग्न गए । कर्णालीबाट माथि गएका बौद्ध कला संस्कृतिको एक समयको एकदमै अगाडि रहेको सुर्खेत हुँदै गएको हुनुपर्दछ । कर्णाली र गण्डकीको बीचको क्षेत्र मगरहरूको प्रभुत्व भएको ठाउँ भयो । यस भूभागमा सुनिएका स-साना राज्यहरू "बाह्र मगराति" नामले प्रसिद्ध छन् ।

आजको एककृत नेपाल निर्माण गर्न मगर जातिको एकदमै ठूलो हात छ। कास्की लमजुङ्गदेखि श्री ५ बडा महाराजाधिराजका पुर्वजहरूसँग मिलेर मगरहरूले श्री ५ बडा महाराजधिराज पृथ्वीनारायण शाहलाई चाहिने सहयोग गरे । यसले गर्दा ठकुरी र क्षेत्रीहरूले मगरहरूलाई आफ्नै दाजुभाइ जस्तै माने । साँच्चै भन्ने हो भने, त्यसबेला देखि मगरहरूले आफ्नो संस्कार र धर्मलाई बिर्संदै गए । जब शाहवंशको उन्नति हुँदै गयो मगरहरू मध्ये सेना र दरबारको छायाँमा माथिल्लो तहमा पुगेका मगरहरूले आफूलाई ठकुरी र क्षेत्री धर्म र संस्कारमा मात्र पुऱ्याएका थिएनन् कतिपय मगरहरू ठकुरी र क्षेत्री नै भए । मगरहरूले खानीको काम र कृषि पशुपालन काम अतिरिक्त सैनिक पेशा पनि आफ्नो माने । यिनीहरू लुम्बिनी, राप्ती र धौलागिरी अञ्चलमा मात्र होइन तराईसम्म पनि फैलिए । अधिराज्यको ठाउँठाउँमा तामा खानीमा काम गर्दागर्दै ढुङ्गाको काम गर्ने र घर बनाउने काममा पनि दक्ष हुँदै गए । बाक्लो बस्ती छाडेर गएका मगरहरूले नेपाली र तिब्बती भाषा नै आफ्नो भाषा जस्तै माने ।



https://dhamma.digital

मगरहरू अनुशासन र बहादुरीमा एकदमै नामी छन् । घरका ठूलाबडालाई एकदमै मान राख्छन् । मगरहरू फैलिँदै गए अनुसार विभिन्न थरका पनि भए । आले, आग्री, बेदलासी, राना, कसु, भुसाल, मरकुल, बुढाथोकी, एसमाली, घर्ती, थापा, पुन, गुरूङ्गचन, भुरूङ्गचन, भस्की, रेवाली, हिस्की, रखाल, सिदारी, थुम्सिङ्ग यस्ता नै थर हुन् । आले थरमा दूध आले, फेंदी आले, तोर्थाकी आले, सूर्यवंशी आले भनेका पनि छन् । त्यस्तै नै थापामा पनि तुङ्गलामी, अस्लामी, प्रलामी, दर्लामी, राजसकोति, सिंजापती, सिंजाली र फेवाथापा छन् । पुनमा तिर्के, पेगेल पुन छन् भने घर्तीमगरमा पनि रूमखामी, बैजाली तिर्के, फुङ्गजा, रोकाहा, घर्ती छन् । त्यस्तै रानामा खसु भुसाल, मुर्त छन् ।

मगर जातिका रीतिथिति एकदमै छ्यासमिस भइसकेको छ । म्याग्दी र डोल्पाका मगरहरू धेरैजस्ता अरू नै मगरहरू भन्दछन् । आफू नजिक भएका जातिका रीतिथितिसँग संगत गर्नुपर्ने भएर मगर जातिको रीतिथिति पनि भिन्न भिन्न ठाउँमा भिन्न भिन्न देखा परे । उत्तरतिर रहेका मगरहरूको रीतिथिति र ब्राह्मण क्षेत्रीहरूसँग बस्नेका रीतिथिति फरक छन् । त्यसै पनि यति कुरा स्पष्ट हुन्छ, यिनीहरूको पुरानो रीतिथिति मङ्गोलियन समूहको रीतिथिति हो । यिनीहरूको धेरै ठाउँमा "मामाचेली फुपुचेली" को "मामाचेल फुपुचेला" सँग विवाह हुन्छ । उमेर भएपछि आफूलाई मन पर्ने केटीलाई हाँसी-खेली, मन परेपछि तानेर लगी विवाह गर्ने चलन छ । यसलाई "केटी छोप्ने" भनिन्छ ।

विवाह गरेको केही समयपछि केटा-केटी जोडी केटीको आमाबुबाकहाँ छ्याङ्ग र खानेकुरा लिएर जान्छ । यतिबेला नै "काख छोडाउने" भनी केटीको बुबालाई पैसा दिन्छ । त्यसको तीन दिन पछि "पाइला फर्काउने" भनी केटीको आफ्नो घरमा जानुपर्छ । त्यतिबेला नै आमाबाबुले आफ्नो छोरीलाई भाँडाकुँडा, गरगहना, कपडा दिई पठाउँछन् ।



https://dhamma.digital

# (ख) नेपालमा मगर बौद्ध समाज

## (क) मगर परिचय

नेपालका प्रमूख जाति मगर यो देशका प्राचीन मूलनिबासी भूमिपुत्र हुन् । मगर नामाकरण कसरी रह्यो ? यस सम्बन्धमा बिभिन्न मतहरू रहेका छन् । खासगरि मगर शब्द 'मंङगल' 'मङंगोल' 'मङङर' 'मंग्वर' 'मगध' आदि शब्दहरू अपभ्रंश भएर 'मगर' भएको विश्वास गरिन्छ । मगरहरू मंगोल मूलका हुन् । बुद्धकालीन लिच्छवी, बृजि, नाग, कोलीय, शाक्य आदि जातिहरू मगरका पुर्वज हुन् सक्दछन् । राजा पृथ्वीनारायणशाहको नेपाल एकीकरण पूर्व बाइसे चौबिसे राज्यहरू अर्न्तगत मगरातमा मगरहरूका आफ्नै ससाना गणराज्यहरू थिए । आफ्नै शासकीय राज्य भएका कारण मगर शाषक जातिमा गनिन्छन् । राजा पृथ्वीनारायणशाहले आफूलाई "म मगरातको राजा हुँ ।" भनेर गर्व पनि गर्दथे । कसैकसैले त पृथ्वीनारायणशाहलाई मगर नै हुन पनि भन्दछन् ।

मगरका प्राचीन ऐतिहासिक बसोबास भूमि मगराँत हो । मगराँत उहिले बिशाल राज्य थियो । पछि खुम्चिएर नेपाल अधिराज्यको मध्य पश्चिमी पहाडी भूभागमा बसोबास गर्ने मगर भए । मगरहरूको प्राचीन राज्य भएको आदिम मूल थातथलोलाई मगराँत भनियो । मगराँतबासी मगरहरू अहिले नेपालका पूर्व मेचीदेखि पश्चिम महाकाली उत्तर हिमालय पर्वतदेखि दक्षिण तराईसम्म यत्रतत्र छरिएर बसोवास गरेका छन् । नेपालको मध्य पश्चिमी पहाडी भूभाग- लुम्बिनी, धौलागिरी, गण्डकी, राप्ती-भेरी-कर्णाली गण्डक प्रश्रव क्षेत्रहरू- तनहूँ, स्याङ्जा, बागलुङ, म्याग्दी, पर्वत, गुल्मी, पाल्पा, रूपन्देही, कपिलवस्तु, उत्तरी नवलपरासी, अर्घाखाँची, प्यूठान, रोल्पा, रूकुम, सल्यान, दाङ, सुर्खेत, डोल्पा, धादिङ, गोरखा, जाजरकोट, दैलेख आदि स्थानहरूमा आजपनि मगर जातिको सघन बसोबास छ । भारतको दार्जलिङ, सिक्किम, देहरादुन, अलमोडा, काँगडा, नागलैण्ड, धर्मशाला, भाक्सु, असाम, अरूणाचल, मणिपुर,



https://dhamma.digital

त्रिपुरा, मेघालय, हिमाञ्चल प्रदेशमा पनि मगरहरूको व्यापक बसोबास छ । बिदेश खासगरि भुटान, बर्मा, थाइलैण्ड हिजआज हङ्कङ, यूके, अमेरिकामा समेत मगरहरूको बसोबास रहेको छ । नेपाल सरकारको २०६८ सालको राष्टिय जनगणना अनुसार मगर जातिको कूल जनसंख्या १८,८७,७७३ (७.१४%) छ । बिदेशी भूमिमा छरिएर रहेका मगरहरूको संख्यालाई समेत गणना गर्ने हो भने कूल मगर जनसंख्या पच्चीसदेखि तीसलाखसम्म हुनुपर्दछ भन्ने अनुमान छ ।

## (ख) मगर भाषा

मगरहरूले बोल्ने आफ्नै मातृ भाषाहरू छन् । मगर भाषा भोटबर्मेली भाषिक परिवार अर्न्तगत बोलिने भाषा हो । मगरका ३ प्रकारका भाषाहरू छन्– (१) मगर ढूट भाषा- नेपालको मध्यमाञ्चल पाल्पा, स्याङजा, तनहूँ र नवलपरासीको उत्तरी भूभाग यस भाषाको मूल थातथलो हो । भाषिक आधारमा यो नेपालको बाह्र मगरात क्षेत्र हो । नेपाल लगायत, भारत, भुटानका मगरहरू ढूट मगर भाषा बोल्दछन् । (२) मगर खाम (पाङ) भाषा- नेपालको मध्य पश्चिमाञ्चल ¿कुम, रोल्पा, बागलुङको उत्तर-पश्चिमी निसिभुजी क्षेत्र खाम भाषाको मूलथलो हो । भाषिक आधारमा यो नेपालको अठार मगरात क्षेत्र हो । (३) काइके भाषा- नेपालको उत्तरी डोल्पा जिल्ला ताराकोट, सहतारा, तुप्पतारा जस्ता केहि स्थानहरू काइके भाषाको मूल थातथलो हो । थोरै संख्याका मगरहरू यो भाषा बोल्दछन् । मगर भाषाको आफ्नै अक्खारिका लिपि छ । यो लिपि भगवान बुद्धको पालिभाषा लुम्बिनीको अशोक स्तम्भमा कुदिएको ऐतिहासिक बुद्ध (ब्राह्मी) लिपिसँग सम्बन्धित छ ।

## (ग) मगरका थरहरू

मगर जातिका कैयौ.एकहजार भन्दा बढिनै अनगिन्ती थरउपथरहरू छन् । मगरका प्रमुख थरहरू– (१) रोकामगर–यस भित्र एकदर्जन थरहरू छन् । (२) बुढामगर/बुढाथोकीमगर– यसभित्र दुईदर्जन थरहरू छन् । (३) आलेमगर– यसभित्र साढे दुईसय थरहरू छन् । (४) थापामगर– यसभित्र साढे चारसय थरहरू छन् । (५) घर्तीमगर– यसभित्र पाँचदर्जन थरहरू छन् । (६) रानामगर– यसभित्र दुईसय



https://dhamma.digital

बढि थरहरू छन् । (७) पुनमगर– यसभित्र सातदर्जन बढी थरहरू छन् । हिन्दू जनैधारी क्षेत्री-खस र बाहुनसँग मगरका कतिपय मिल्दाजुदा थरहरू छन् । ती हुन्- रोका, भण्डारी, बराल, घिमिरे, चौहान, थामी, खड्का, सापकोटा, भुसाल, रिजाल, रिमाल, मास्की, कँवर, उचही, थापा, राणा, रिजाल, भण्डारी, सिजापति, लामिछाने, खत्री, गजमेर, खाती, गन्धर्व, चौहान, पाँडे, पौडेल आदि थुप्रै थरहरू छन् ।

## (घ) मगर संस्कृति

मानव समुदायको बिकास क्रममा मानवले नै सृजना गरेका भौतिक तथा अभौतिक पक्षहरू संस्कृति हुन् । मगरहरू संस्कृतिका धनी जाति हुन् । मगरका मनोरञ्नात्मक लोक संस्कृति– यानीमाया, सुनिमाया, सोरठी, ख्याली, कौडा, सालेजो, ज्योमारे, यौनाट, घाटु, झाम्रे, चुडका, दोहोरी गीतहरू हुन् । मेलापर्म, रामरमिता, चाडपर्व आदिमा लोकगीत गाएर, मादल डम्फूको तालमा नाचेर रमाइलो हाँसीमजाक गर्ने उनीहरूको रसिलो स्वभाव हुन्छ । नेपाली मुख्य चाडपर्वहरू– दसैं, तिहार, तिज, माघे-साउने संक्रान्ती, उधौली-उभौली, भूमे पर्व, बाजेबजै पुजा, चण्डी, बैसाख पुर्णिमा, ल्होसार, फागुन १५ (मगर दिवस) मगरका मिश्रित चाडपर्वहरू हुन् । यी चाडपर्वहरूमा बर्त-उपासना, धार्मिक अनुष्ठान कार्य भन्दा खानपिन, मोजमज्जा-मनोरञ्जनमा रम्ने, आफ्न्ती नातागोतासंग भेटघाट गर्ने, दिल बहलाउने, रसरंग, हाँसो-ठट्यौली रमाइलो गर्ने, खाइपिइ आनन्द लिएर चाडपर्व( मनाउने गर्दछन् । परम्परागत मगर पहिरन– लोग्ने मानिस कछाड, भोटो, अस्कोट, गादा, टोपी, शिरमा फेटा बाँध्ने, कम्मरमा खुकुरी, आँसी खुप्रेटो भिर्ने गर्दछन् । स्वास्नी मानिस गुन्यू, चोलो, टेकी, घलेकी, पटुकी लगाउँदछन् । कर्मु मजेत्रो ओढ्छन् । महिलाका गरगहनाहरू- कानमा ढुँग्री, मारमली, नाकमा फुली, मुन्द्री, बुलाकी, घाँटीमा हम्मेल, कण्ठीमाला, हातमा रैया, बालो लगाउँदछन् । मगरका परम्परागत विवाह आफ्नै नातागोता भित्र मामाचेली-फूपूचेला र फूपूचेली-मामाचेलोमा गर्ने चलन छ । चेलीमाइती कुटुम्ब भित्रै विवाह हुने संस्कृति भएकाले उनीहरूमा नयाँ साइनो खोजिरहनु आवश्यक पर्दैन । मगर समाजमा निकै हदसम्म नारी स्वतन्त्रता



https://dhamma.digital

छ । विवाहमा सिँन्दूर दिइदैन । मगर बुहारीले सासुससुरा जेठाजू अगाडि घुम्टो ओढनु पर्दैन्, स्वास्नी मानिसले पेवामा आफू खुशी गर्न पाउँदछन्, अविवाहित झुमा बसेकी छोरीले छोरा सरह अंश पाउँदछन् । उनीहरू घरमूलि सरह हुन्छन् । विवाहिता भएर अन्यत्र गएपनि महिलाको आफ्नो पेवा सम्पत्तिमा हक लाग्दछ । लोग्नेसँग राम्रो सम्बन्ध नमिलेमा पनि इज्जतकासाथ आफ्नै माइत फर्केर बस्न सक्दछन् । श्रीमान मरिसकेपछि विधवा महिलाले सेतो कपडा लगाउँदैनन् । दोस्रो विवाह गर्न सक्द्छन् । माइतीमा पनि घरज्वाई रहेर बस्न सक्दछन् । पहिले विधवा भाउजुलाई देवरले सेहार्ने चलन थियो । आफूलाई मन परेको केटीलाई पुरूषले गौडा कुरेर विवाह गर्ने चलन थियो । महिनावारी हुँदा पर सर्दैनन् । मासिक धर्म अछूत अशुद्ध हुँदैन् । उपल्लो र तल्लो जातको बिभेद जातभातको भावना छैन् । भातभान्सामा समान साम्यगाम्य व्यबहार गरिन्छ । बुद्ध जयन्ती बैशाख पुर्णिमाको दिन घाटु नाच्ने, भेजा कचहरी सभा बस्ने, अर्मापर्मा जस्ता संस्कृतिहरू अझै मगर समाजमा जीवित छन् । यस्ता अनेकौ प्रगतिशील बौद्ध संस्कृतिहरू मगर समाजमा पाइन्छन् । मगर सोझो इमान्दार जाति ढाट्छल नगर्ने बौद्धशील स्वभाव भएका कारण पनि उनीहरू बौद्ध हुन् । मगरका संस्कृतिहरू बौद्ध संस्कृति समान छन् । संस्कृतिहरू  समयानुकूल परिवर्तनशील हुन्छन् ।

**(ङ) मगरका धर्म**

अहिले धार्मिक प्रभावनुसार मगरहरू आफूलाई कोही बौद्ध, कोही हिन्दू, कोही प्रकृतिपूजक भन्दछन् । ऐतिहासिक रूपमा हेर्दा मगरहरू बौद्ध हुन् । मगर जातिसँग बुद्ध धर्मको ऐतिहासिक समानता सम्बन्ध छ– भगवान बुद्ध जन्मदा नन्द र उपनन्द नाम गरेका तत्कालीन बौद्ध नाग (मगर) राजाहरूले बुद्धलाई तातो-चिसो पानीले नुहाई स्याहार-सुसार गरेका थिए । पाल्पाको सेन वंश इतिहासमा मगर राजालाई नागराजा भनिएको छ । बौद्ध ललितबिस्तरमा उल्लेख गरिएका नागराजा अरू कोही नभएर मगर राजाहरू नै हुन् । मगध नागहरूले नै बनाएको प्राचीन बस्ती थियो । ती नाग जातिलाई मगः पनि भनिन्थ्यो । सम्राट अशोकले रामग्रामको स्तुप खोतलेर त्यस भित्रको अस्तुधातु निकालेर



https://dhamma.digital

बितरण गर्न खोज्दा नाग मगरहरूले सुरक्षा गरि स्तुपा खोतल्न दिएका थिएनन्। ती नागहरू कै सन्तान मगर जाति हुन। लुम्बिनी, कपिलबस्तु, रूपन्देही, रामग्राम आदि क्षेत्र उहिले मगरातमा पर्दथ्यो । यस क्षेत्रमा मगरको ऐतिहासिक बसोबास थियो ।

ई.सं.११०० तिरको एक ताम्रापत्रमा मग्वंर (मगर) विषय (जिल्ला) कै उल्लेख परेको छ। मगर शब्दको उल्लेख ईश्वीको दशौं शताव्दी एउटा हस्तलिखित बौद्धग्रन्थ अष्टसाह्रश्रिका प्रज्ञापारमितामा छ । सो ग्रन्थ सार्ने व्यक्ति मगर थिए। गुल्मीका सुवर्णकार रानामगर (बि.सं.१०५६) र लमजुङका गंगा रानामगर (बि.सं.११२६) ले संस्कृत भाषामा बौद्धग्रन्थ 'अष्टस्राहसिका प्रज्ञापारमिता' अनुवाद गरेका थिए । ती बौद्ध ग्रन्थहरू पण्डित राहुल सांकृत्यायनले आफ्नो तिब्बत धर्म यात्राको क्रममा तिब्बतको ङोर गुम्बामा फेला पारेका थिए। बुद्धको जन्मस्थल लुम्बिनीको अशोक स्तम्भमा कुदिएको अक्खा अक्षर मगर लिपि मगर भाषाको हो । सोही अशोक पिलर खम्बामा उल्लेखित लुम्बिनी नामाकरण मगर भाषामा रहेको छ। इतिहासकार बालचन्द्र शर्माका अनुसार– सेनवंशी राजा तुथारायपछि उनका छोरा दिमीरावले नाग जाति (मगरहरू) लाई पराजित गरि आफ्नो राज्य बिस्तार गरे । मगर प्राचीन नागका सन्तान भएको कुरा उल्लेख गरेका छन् । चितौरगढमा शासन गर्ने मगरका पुस्ताहरू मिन्चाले नुवाकोटमा र खाम्चाले पाल्पा भिरकोटमा शासन गरे । मिन्चाले हिन्दू धर्मको अनुसरण गरे । खाम्चा र उनका सन्तानले मगर भएर बुद्ध धर्मको अनुसरण गरे भनि बिदेशी लेखक फ्रान्सिस टुकरले पनि उल्लेख गरेका छन् । मगर राज्य पाल्पा र भिरकोट बौद्ध राज्यहरू थिए । नेपालको गण्डक मैदान कपिलबस्तुबाट बौद्ध धर्म बिकसित भएकाले बौद्ध धर्मलाई 'गण्डकी सभ्यता' पनि भनिन्छ । यसरी प्राचीन समयदेखि मगरहरूले बुद्ध धर्म परम्परागत रूपमा मान्दै आएको प्रष्ट देखिन्छ । समाजशास्त्री डोरबहादुर बिष्टका अनुसार– "मध्य युगसम्म खसान र मगरातका राजाहरू सबै बौद्ध धर्मालम्बी थिए । कोही पनि हिन्दू भइसकेका थिएनन् । मगरका राजा रजौटा र भारदारहरूलाई फकाएर उनीहरूले बिलकुलै नबुझेको नसुनेको नयाँ धर्ममा विश्वास दिलाउँन बाहुनलाई मनग्गे झुठको सहारा लिन परेको



https://dhamma.digital

थियो । नेपाल एकीकरणकर्त्ता राजा पृथ्वीनारायणशाहबाट मगर राज्यहरू ध्वस्त गरिए । नेपाललाई असली हिन्दूस्थाना बनाउने हिन्दूकरण प्रक्रिया सुरू गरिए । हिन्दू वर्णाश्रम धर्मलाई राष्टिय मान्यता दिएपछि राणाकाल, पंचायतकालमा अत्यधिक मगरहरू हिन्दूकृत हुन पुगे । उनीहरूलाई हिन्दू बनाइए ।

बि.सं.२०४६ साल निरंकुश पंचायती व्यबस्थाको अन्तपछि २०५३ साल मगरहरूले संस्थागत संगठित रूपमा मगर बौद्ध समाज गठन गरे । २०५५ साल एक अर्न्तराष्टिय धर्म सम्मेलनद्धारा मगरको धर्म बौद्ध निर्णय गरिए पछि मगर संघले २०५७ साल मगरको पहिचानगत जातीय धर्म बौद्ध औपचारिक घोषणा गर्यो । मगर समुदायमा जर्वजस्त लादिएको हिन्दू धर्म पुरोहितवादलाई बिस्थापित गर्दै आफ्नै मौलिक बुद्ध धर्म पुर्नस्थापना गरे । कुटुम्बवाद (छोरी/भान्जा पुज्ने परम्परा) लाई प्राथमिक्ता दिए । मगर वापा/मापा र भिक्षु/गुरूमाद्धारा गरिने बौद्ध संस्कार धर्मलाई पनि थप मान्यता प्रदान गरे ।

### (च) मगर संस्कार

विधि पद्धति र व्यवहारको सहि अभ्यास मन, वचन र शरीरद्धारा गरिने कुसल पुण्य कार्य संस्कार हो । दु:ख मुक्त गरेर सुखको संञ्चार गर्नु संस्कारको उद्देश्य हो । मगरका कतिपय परम्परागत चलन चल्तीमा रहेका अलिखित, अव्यबस्थित संस्कारहरूलाई संस्थागत रूपमा व्यबस्थित लिपिबद्ध गर्दै थेरवाद बौद्ध संस्काहरू अपनाएका छन् । यी मगर संस्कार पुस्तकहरूमा उल्लेख गरिएका छन् । ती प्रमुख र गौण संस्कारहरू यसप्रकार छन् । **(१) दैनिक नित्य पूजा–** दैनिक विहान बुद्ध पूजा शील प्राथना हुन्छ । **पतिपत्ति पुजा–** मन, वचन र शरीर कर्म शुद्धिका लागि ध्यान भावना हुन्छ । **आमिस पूजा–** बुद्ध मूर्ति, जल, धुप (सुगन्ध), बत्ति, पुष्प, खाधान्न चढाएर पूजा हुन्छ । **(२) गर्भ मंगलम संस्कार–** स्त्रीको पेटभित्र गर्भ बसेको ३ महिनामा भ्रूण सुरक्षा पूजा हुन्छ । **(३) नामाकरण संस्कार–** बच्चा जन्मेको पाँचौ दिनमा बच्चाको नाम राखिन्छ । **(४) अन्न प्राशन संस्कार–** बच्चालाई ५/६ महिनापछि पहिलो पटक ठोस खाना सुरूवात गर्दा पूजा हुन्छ । **(५) केश कम्पन संस्कार–** बच्चा ३ वर्ष



https://dhamma.digital

पुगेपछि कपालको रौं पहिलो पटक खौरने चुडाकर्म हुन्छ। **(६) विधारम्भ संस्कार–** बच्चा जन्मेको ३/५ बर्षमा पहिलो पटक अक्षराम्भ हुन्छ। **(७) विबाह संस्कार–** पुरूष महिलाको विवाहयोग्य उमेर पुगेपछि विवाहलाई औपचारिक मान्यता दिने काम हुन्छ। **(८) प्रर्वज्या संस्कार–** ७ वर्षको उमेरपछि श्राणमेर/श्राणमेरी संस्कार । बर्माको चलन ३,५,७ दिन १ महिना, १ बर्ष वा श्रद्धा इच्छा अनुसार गरिन्छ। यसैलाई मगरहरू छेवर गर्ने भन्दछन्। **(९) उपसम्पदा संस्कार–** गृहत्यागी भिक्षु दिक्षा २० बर्ष माथिकालाई ५ वा १० भिक्षुहरूद्वारा दिक्षा दिइन्छ। **(१०) मृत्यू वा दाह संस्कार–** मानिसको मृत्युपछि मृतक शुद्धिकार्य गरिन्छ। शुद्धिकार्य उही दिन, तीन दिन, पाँचौ वा सातौ दिन भूगोल अनुसार संस्कार गर्दछन्।

मगरका अन्य सहायक वा गौण संस्कारहरू पनि छन्। बृद्धबृद्धाहरूका सुस्वास्थ्य आयु आरोग्य र दिर्घायुको मंगल कामना गर्दै बृद्ध पूजा (चौरासी पूजा), पितृ (दिवंगत) र कूल (जीवित) कूलपितृ पूजा हुन्छ। नयाँ जग राख्दा शिलान्यास वा उद्घाटन पूजा हुन्छ। गृह प्रवेश, घरपैंचो पूजा हुन्छ। जन्मोत्सवमा मंगलकामना परित्राण हुन्छ। घरजग्गा, धनसम्पत्ति, वाहन आदि भौतिक सम्पत्ति प्राप्ति लाभ हुँदा, दुःख बिरामी हुँदा तथा अन्य चाडपर्वहरूमा परित्राण पाठ गर्दछन्। बुद्ध विहार आदिमा गएर शील प्रतिष्ठित भिक्षु, श्रामणेर, अनगारिकाहरूबाट पञ्चशील/अष्टशील ग्रहण गर्दछन्। भोजन दान र दानपुण्य कार्य गर्दछन्। परित्राण पाठ गर्नाले सबै किसिमका बिघ्नवाधा भयअन्तरायहरू हटेर जान्छन्। स्वस्ति शान्ति मंगल हुन्छ। गृहस्थ गुरू/आचार्य तथा शिलवान उपासक/उपासिका (वापा/मापा) जानकारबाट संस्कार गर्ने गराउने गर्दछन्। मगरहरूले आफ्ना जातीय संस्कार-संस्कृतिहरूलाई समयानुकूल परिस्कार-परिमार्जन र सुव्यबस्थित गर्दै लगिरहेका छन्।

नोट : 'नेपालमा मगर बौद्ध समाज ' सम्बन्धी यो पाठ्यसामग्री भिक्षु सुद्धर्शनद्वारा लिखित पृष्ठभूमि र लेखक टि.बि. पुनद्वारा लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल।



https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

तृतीय पत्र

# नेपालमा बौद्ध समाज

Dhamma.Digital

## एकाइ ४ (क) : थारू बौद्ध समाज

लेखक : भिक्षु सिरि वजिर स्थविर

'पृष्ठभूमि' अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ ४ (क) : थारू बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

## (क) पृष्ठभूमि

नेपालका बौद्धहरूमध्ये आदिम मूल जनजाति थारू पनि बौद्ध हो भनेर अलि झन आवाज उठ्दै आएको छ। पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म उत्तरको मदेश त्यस्तै चुरे र महाभारत पर्वतको मदेश थारूहरूको बासस्थान हो । यी बासस्थान मध्ये कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ्ग, कपिलवस्तु, रूपन्देही, नवलपरासी, चितवन, बारा, पर्सा, रौतहत धनुषा, सिराहा, सप्तरी, महोत्तरी, सुनसरी, मोरङ्ग र झापा आदि जिल्लाको नाम प्रख्यात छ । जङ्गल बाक्लो भएको बेला सर्प, बिच्छी, बाघ, भालुको बथान धेरै हुंदा र औंलो ज्वरोको बिगबिगी हुँदा यी ठाउँहरूमा थारूहरूमात्र बस्दथे । बाटो, पानी, बिजुलीको व्यवस्था हुँदै आएपछि जङ्गल, सर्प, बिच्छी विशेषतः औंलो ज्वरोको उन्मूलनपछि थारूहरूको बासस्थान साँगुरो हुँदै अरू जात-जातिका मानिसहरू बढी बसोबास गर्दै ल्याए । चापागाउँमा अवस्थित शिवदेव (प्रथम) को अभिलेखमा भएको **'स्थरूद्रङ्ग'** शब्दको **'थारू'** सँग सम्बन्ध भएको छ भने लिच्छवि युगसम्म उपत्यकामा पनि आइपुगेको प्रमाणित हुन्छ । यिनीहरूको जनसंख्या ४० लाखभन्दा बढी छ । थारूहरूको कोचि (कोलिय ?), राणा, मझीयार, चौधरी, गच्छेदार, तवदार, विस्वास, मगर र पंजियार आदि उपजाति पनि छ ।

थारूबारे एकसय वर्ष पहिले एच्. एच्. रिजलेल (H. H. Risley) अध्ययन गरेदेखि धेरै मानिसहरूले धेरै-थोरै अध्ययन गरिसके । तर स्वयं थारू जातिका अधिकृत विद्वानहरूले यस विषयमा पूर्ण अध्ययन गरेको देखिँदैन । त्यसैले थारू जातिको मूल बासस्थान देखि लिएर जुनसुकै कुरामा फरक फरक विचार आएको देखिन्छ । तर पनि हिजो-



https://dhamma.digital

आज पुरानो जगमा नयाँ घर बनाइरहेको भने देखिँदै गएको छ, अनुभव गर्दै आएको छ ।

थारूहरू भारतको राजस्थान र सिन्धुको बिचमा अवस्थित मरूभूमि “थार” बाट आएको हो भन्ने कुरामा अब धेरै गरेर विचारले सत्य नभएको कुरा सिद्ध भईसकेको छ । “थार” शब्द स्वयं पुरानो छैन तर निर्जन मरूभूमिबाट जुन जाति उठेर आउने सम्भव छैन भनेर बाबुराम आचार्यले थारूहरूको मूल बासस्थान हिमालयबाट उता जान सक्दैन भनेर भन्नु भएको छ । त्यस्तै डोर बहादुर बिष्टको विचारमा पनि गंगा-जमुना जस्तो उब्जाउ मैदान पार गरेर नेपालको तराई पुग्न सक्ने देखिँदैन । उहाँको विचारमा थारूहरूको पहिलो बासस्थान तराइ नै हो भनेर नभनी हुँदैन ।

कसैको विचारमा थारूहरू राजस्थानबाट भाग्दै आएको राजस्थानी महिलाहरूको सन्तान हो । थारू उपजाति “राणा” भएको विवाहमा ज्वाईं हुनेले तलवार समातेर जाने, बेहुलीहरू दाइजोसँगै विषको भाँडो दिएर पठाउने, जुठो माझ्दा पहिला खुट्टाको बुढी औंला छुने परम्परा यस विचारकहरूले उल्लेख गर्छ । तर यो परम्परा त्यति जुधेरमा मात्र यो कुरा पूरा हुँदैन । मगर, राणा भएर उनीहरू मगधबाट आएको राजघरानी हुनसक्दैन । श्री हगसन ९ः च। द्यबथबल ज्यमनकयल० को भनाइ अनुसार औंलो ज्वरो पचाउनको लागि ३ हजार वर्ष लाग्छ । थारू जातिकाहरूले तराइको औंलो ज्वरो पचाइसकेका छन् । त्यसैले उनीहरू ३ हजार वर्ष पहिलादेखि नै तराइका सर्वेसर्वा हो । त्यसैले पनि यिनीहरू राजस्थानबाट आएका भन्ने कुरामा सत्यता पाईंदैन ।

कसैको विचारमा थारूहरू तिब्बत, चीनबाट आई पश्चिम नेपाल हुँदै तराइ मैदानमा बस्न आएको हो । कमला सांकृत्यायनको भनाई अनुसार थारू खमेर जातिसँगको सम्बन्ध भएकाहरू हो । त्यस्तै कसैको धारणानुसार थारू मंगोल बथानबाट आएको हो भने इमानसिं चेमजोंग र प्रेमबहादुर लिम्बुको विचारमा यिनीहरू किरात वंशज हो । रामानन्द प्रसाद सिंहले थारू “थार” मरूभूमि वा राजस्थानी सन्तानको कुरामा



https://dhamma.digital

फरक हुँदै यिनीहरूको मूल बासस्थान कपिलवस्तुको स्थापनाकालदेखि कपिलवस्तुको भन्नु भएको छ। कपिलवस्तु थारूवान् मध्ये मूल बासस्थान भएकोले यसलाई जोड दिएको छ। श्री जनकलाल शर्माको भनाई अनुसार र श्री मातृका प्रसाद प्रधानको भनाइ अनुसार बुद्ध-धर्मको "थेर" शब्द नै अर्थात् "थेरवाद" प्रति आवद्ध भएकोले उनीहरूलाई थारू भनिएको हो। यता श्री सिंहले थारू र शाक्य एउटै नै भएको कुरा स्वीकार गर्नु भएको कुरा यहाँ उल्लेखनीय छ। कपिलवस्तुको शाक्य थारूहरूले आज औंलो ज्वरो पचाइसकेका छन्। यसरी ३ हजार वर्षभन्दा बढी यहाँ थारूवानमा बसेकोले यो सम्भव भएको हो।

थारूहरूको संस्कारमा गहिरिएर हेर्ने हो भने बौद्ध संस्कारका स्वरूप देखिन्छ। थारूहरूले व्रत उपवासलाई मान्छ। कहिल्यै पनि यज्ञ, होम गर्दैन। यिनीहरूको मथमुरैन वा मुरेन गर्ने बेलामा सिङ्गै टाउको मुण्डन गर्छ। टुपी राख्नुपर्दैन। यसरी मुण्डन गर्दा फरीयामा कपाल थाप्नुपर्छ। त्यस्तै थापेको कपाल नदीमा बगाइ दिन्छन्। पाहुनाहरू आएको बेलामा कपडा बिछ्याई स्वागत गरिन्छ। थारू महिलाहरू स्वतन्त्र महिला जातिकाहरूको हो। लोग्नेको मृत्यु हुँदा पनि देवरसँग अथवा अरू मनपर्ने केटासँग विवाह गरेर जीवन बिताउन उनीहरूलाई कुनै बाधा छैन। लोग्ने मरेपछि जन्मभर विधवा भएर बस्नुपर्दैन। अथवा लोग्ने मरेर अरू कोहिसँग जीवन बिताउँदै पानी नै नचल्ने भएर अभिशापमय जीवन बिताएर बस्नुपर्दैन। अझ एकपटक छाडेर अर्कोसँग गएर आफ्नै पहिलाको लोग्नेसँग जीवन बिताउन पनि सामाजिक मान्य व्यवस्था छ। अर्को कुरा रजस्वला भएको बेला खाना पकाउने जस्ता काम छाडेर बस्नुपर्दैन। पहिला रजस्वला हुँदा सम्म केही पनि ठूलो नियम छैन। विवाह हुनुभन्दा अगाडि गर्भवती भएर बच्चा भएकोलाई लांछना लगाउँला भनी डराएर मार्नु पर्दैनथ्यो। बरू सामाजिक विधि-मान्यता लिनु हुन्छ। यी सबै संस्कार प्राचीन कपिलवस्तुको शाक्यहरूको स्वतन्त्र महिला-संस्कार वा यौन सम्बन्धमा हातानाताको बलियो बन्धन नभएको संस्कारसँग नजिक सम्बन्ध छ। त्यसैले श्री केनेथ मोरगनले



https://dhamma.digital

(Mr. Kenneth Morgan) ठिकै भनेका छन् - “थारू रीतिस्थिति बौद्ध रीतिस्थितिसँग सम्बन्ध छ” ।

थारू भाषामा आज पूर्वी र पश्चिमी थारू भाषा अनुसार कुनै कुनै फरक छ। एक समयमा मैथिलीको पूर्व रूपको थारू भाषामा आज भोजपुरी र अवधिको प्रभाव परिसकेको छ। तर वास्तवमा थारू भाषामा पुरानो नाम श्री रामानन्द प्रसाद सिंहको भनाइ अनुसार “मगह” हो । त्रिपिटकको भाषा अर्थात् बुद्ध वचनको भाषालाई आजभोलि पालिभाषा भने पनि यो नाम पछिको हो । यो भाषालाई पहिला मागधी वा मगधी पनि भनिन्छ। यसरी पुरानो थारू भाषा बुद्धले बोल्नु भएको मागधीको मगह हो । श्री सिंहले लेख्नुभएको थारूहरूको आफ्नो आफन्त वा साथीहरू भेट्दाखेरी भात खाइसक्यो भनेर सोध्न “ओदन (Odana) ” खाइसक्यो भनेर भन्छ। यो ओदनको अर्थ पालि वा मागधी भाषामा “जा” हो। सिद्धार्थको बुबाको नाम शुद्धोदन (शुद्ध+ओदन) हो ।

थारूहरूको घर घरमा “थान” छ। यस थानमा कुनै देव देवीको मूर्ति छैन। वास्तवमा यो माटोको डल्लो वा माटोको उठेको एक भाग हो। यो थूर वा स्तूपको सानो सानो स्वरूप हो। मोरङ्गको गाउँमा अहिले पनि माटोको चिबहाल बनाउने संस्कार बाँकी छ। घर बाहिर चोकमा पनि यस्तो माटोको थुप्रो मात्र हुन्छ। यो पनि चैत्यको प्रारूप हो। पछि गएर यसलाई कहिँ हनुमान भन्न थाल्यो, कहिँ यस्तो माटोको थुप्रोलाई कुनै अर्को नामाकरण गर्न थाल्यो । जनै लाउनु नपर्ने थारूहरूलाई यो अरू अरू धर्मको प्रभाव हो ।

थारूहरू समाउ रंगको बलियो शरीर भएको, अग्लो शरीर भएकाहरू त्ते । थारूहरूको शरीर बुद्धको मूर्तिसँग समान भएको श्री रामानन्द प्रसाद सिंहले भन्नुभएको छ । थारू महिलाहरू उभिराखेको बेलामा लुम्बिनीमा रहेको महामायादेवीको मूर्तिको तुलनामा त्यति राम्रो छैन । महामायादेवीको मूर्तिको खुट्टामा देखिएको ठूलो कलि अहिलेसम्म थारू महिलाहरूले चाँदीको ठूलो कलि लगाउने गरेको छ। श्री जगमान गुरूङ्गले उपत्यकाका ज्यापु महिलाहरूले हाकुपर्सि र लुगा लगाउने



https://dhamma.digital

रहन-सहन थारू महिलाहरूको रहन-सहनसँग समान रहेको कुरा लेख्नु भएको छ। उपतयकाका ज्यापुहरू पनि वृजि मल्लहरू भएकोले कपिलवस्तु, लुम्बिनी र देवदहको थारू महिलाहरूसँग यसरी मिल्ने (उलाइगु) स्वाभाविक नै हो।

थारूहरू साह्रै सोझा र मिजसिला छन्। घुमाउरो कुरा, गुज्मुज भएको विचार, मुख राम्रो मन कालो उनीहरूको छैन। झगडा उनीहरूमा साह्रै कम छ। झगडा भइहालेमा पनि गल्तीलाई केलाउने, सफा गर्ने सामाजिक व्यवस्थाले नै गर्छ। यो गणतन्त्रात्मक राजनैतिक र सामाजिक संस्कार बाँकी रहेको हो। तर गएको शताब्दीदेखि झन्झन् यो सोझाहरूलाई कानुनको जालमा फसाउने अरूहरूले गर्दा गर्दै आएको छ। सर्प-बिच्छी त्यस्तै मलेरिया सँग संघर्ष गरेर आफ्नो गर्दै आएको उनीहरूको बासस्थान खोसिँदै लगेको छ। हुँदै जाँदा आफ्नो ठाउँबाट आफूलाई निकाली बस्नुपर्ने थारूहरू नै आज बढेको छ। ऋण बोकेर जन्म भएको यिनीहरू ऋण बोकेर नै मरेर जाने गर्छन्। वन र खेतको जङ्गली जनावरहरूलाई लट्ठीले मात्र पिटेर धपाउन सक्ने यिनीहरू आज आएर मानिसहरूको जालले, कानूनले, अड्डा-अदालतको जालझेलले बाँधी आर्थिक रूपले परतन्त्र बनाइ दियो।

थारूहरूले खेतको काम पुरूष-महिला मिली गर्ने गर्छन्। फेरी पुरूषहरूले वनमा शिकार गर्न जाने महिलाहरूले नदी, पोखरीमा गई माछा समाउने गर्ने गरेको देखिन्छ। गाई, भैंसी पुरूषहरूले विचार पुऱ्याउने गर्छन् भने महिलाहरूले खसी, सुंगुर, परेवाको विचार पुऱ्याउने गर्छन्। घाँसको ढक्की र कलः राम्रोसँग बनाउनमा र छ्वालीको पंखा बनाउनमा थारू महिलाहरू साह्रै माथि छन्। कमाउने काम जस्तो हो त्यस्तै नै खर्च गर्नमा पनि थारूहरू आ-आफू स्वतन्त्र छन्। पुरूष-महिलाहरू काम-कुरामा त्यसरी माथि पुग्नु पनि आ-आफू स्वतन्त्र गर्ने संस्कार पनि एउटा राम्रो नमुना हो।

थारू जातिको एउटा विशेषता के हो भने घर भित्र र बाहिर चित्रकला हुनु हो। बाहिरको ढोकादेखि घरको कोठा, भित्ता सबै ठाउँमा



https://dhamma.digital

फूल, पंक्षी, झ्यालको बुट्टाले भरिएको हुन्छ। यो चित्रमा मयुर एउटा-दुईटा भएकै हुन्छ। थाहरूहरूको मनपर्ने मासु मध्ये मयुरको मासु हो। यहाँ नै अशोकको चुलोमा मयुरलाई झन् झन् कम गरी मारेको अशोकको अहिंसा नीतिको र मौर्यवंशको मयुरको मासु मनपराएको देखाउने अभिलेख सम्झना आउँछ। श्री सिलभान लेभी (Sylvan Lescy) र श्री तारानाथले चम्पारण जिल्लालाई अशोकको बाजे चन्द्रगुप्त मौर्यको जन्मस्थान भनेर उल्लेख गरिएको छ। यो चम्पारण वास्तवमा मयुरको मासु मनपराउने थारूहरूको ठाउँ हो।

अशिक्षाले आँखा बन्द गराइरहेका र आर्थिक दासताले हटाएका थारूहरू अहिले ब्युँझिएका छन्। हामीहरू बुद्धको शाक्य र कोलिय वंशको बौद्धहरू हो भनेर भन्नमा गौरव मान्छन्। कैलाली, धनगढी सबैको सहयोगले एउटा विहार बनायो। सुर्खेतको ठूलो र पुरानो काँक्रे विहारमा थारू राजा दंगी शरणको श्रद्धा पनि खस राजाहरूको श्रद्धासँगै आकर्षित भएको कुनै आश्चर्य कुरो होइन। सप्तरीको सीतापुर गाउँ विकास समितिको सिरस्थानमा शाक्यमुनि बुद्ध, लोकेश्वर, हरिततारा आदिको आठौं शताब्दीतिरको ढुंङ्गाको मूर्ति भेट्टाएकोले थारूहरू झन् उत्साहित भएका छन्। यो ठाउँ जहाँ बुद्ध मूर्तिहरू फेला पारे, अहिलेसम्म पनि थारूहरू पुजारी भइराखेकोले झन अन्वेषणको ढोका खोलिदिएको छ।

वस्तुतः थारूहरूको मूल स्थान ३ हजार वर्षदेखि उनीहरूको बासस्थान, धार्मिक रीति, स्वतन्त्र महिला संस्कार, भाषा, चैत्य स्वरूप वा माटोको थुप्रोको पूजा गर्ने धर्म, जिउडाल, वस्त्र, गरगहना सरल, स्वच्छ स्वभाव, मयुरप्रतिको अनुराग, जीवन शैली अनि थारूवानमा प्राचीन बुद्ध बौद्ध देवीहरूको मूर्ति फेला पारेको प्रमाणले भनेको छ कि थारूहरू बुद्धकालीन बौद्धहरू नै हो। त्यसपछि पनि बौद्ध हो। त्यसैले अहिले पनि थारूहरूले हामीहरू बोद्ध भनेर बुझ्दै जानेछन्। यसमा कुनै पनि शंका नै छैन।



https://dhamma.digital

# (ख) नेपालमा थारू बौद्ध समाज

## परिचय

नेपालका बौद्धहरूमध्ये मूल आदिबासी थारू पनि बौद्ध हुन् भन्ने विषयमा विभिन्न किसिमका अध्ययनहरू भएरहेका छन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नेपालको तराई र भित्री मधेश परापूर्वकालदेखि थारूहरूको बासस्थान रहेको छ ।

### बासस्थान

थारूका बासस्थानहरूमध्ये कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत, दाङ्ग, कपिलवस्तु, रूपन्देही, नवलपरासी, चितवन, पर्सा, बारा, रौतहत, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी,सुनसरी, मोरङ्ग , झापा, काटमाण्डौ आदि जिल्लाहरू हुन् ।

### विगत

तराईमा जङ्गल बाक्लो भएका बेला सर्प, बिच्छी, बाघ, चितुवा, सुगुर, भालुजस्ता घातक जनावर र औलो ज्वरोको बिगबिगी धेरै हुँदा पनि थारूहरू यी ठाउँहरूमा बस्दथे । बाटो, पानी, बिजुली र कीटनाशक रसायनहरूको व्यवस्था हुँदै आएपछि जंगल, सर्प, बिच्छी विशेषतः औलोको उन्मूलनपछि थारूहरूको बासस्थानमा अरू जात-जातिका मानिसहरूको बसोबास दिनानुदिन बढ्दै गयो र थारूहरू आफ्नै थलोमा दिनका दिन माँसिदै गए ।

### ऐतिहासिकता

चापागाउँमा अवस्थित शिवदेव (प्रथम) को अभिलेखमा भएको 'स्थरूद्रङ्ग' शब्दको 'थारू'सँग सम्बन्ध रहेको छ भने लिच्छवी युगसम्ममा उपत्यकामा पनि थारुहरू आइपुगेको प्रमाणित हुन्छ ।

### जनसंख्या

२०७९ सालको जनगणना अनुसार नेपालमा थारुहरूको जनसंख्या १८ लाखभन्दा पनि बढी छ ।



https://dhamma.digital

**थारूका उपथरहरू**

थारूहरूका उपथरहरू धेरै छन् । पछिल्लो अध्ययनका अनुसार अधिराज्य भर करीब एक हजार भन्दा पनि धेरै थारूहरूका थर छन् जसमध्ये कोची (कोलिय), मझियान, धमियान, चौधरान, खाँ-खमान, ईसरान, गच्छदार, तवदार, विस्वास, माझी, राणा, लेखी, गौर-गोबिन, सिंह, खाँ-खमान, जसराज, गजराज, थनैत, फनैत, जलपैत, लोहबैरिया, पंजियार आदि केही यहाँ उल्लेख गर्न सकिन्छ ।

थारू बारे एक सय वर्ष पहिले एच. एच. रिजलेले अध्ययन गरेदेखि अहिले सम्म धेरै मानिसहरूले अध्ययन गरिसकेका छन् । तर स्वयं थारू जातिका विद्वानहरूले यस विषयमा पूर्ण अध्ययन गर्नमा चासो राखेको पाइँदैन । त्यसैले थारू जातिको मूल बासस्थानदेखि लिएर जुनसुकै कुरामा फरक-फरक विचार आएको देखिन्छ ।

**थारुहरुको उद्गम थलो**

थारूहरू भारतको राजस्थान र सिन्धुको बीचमा अवस्थित मरूभूमि "थार" बाट आएका हुन् भन्ने कुरा अब धेरै विचारहरूले सत्य नभएको कुरा सिद्ध गरिसकेका छन् । "थार" शब्द स्वयं पुरानो छैन र निर्जन मरूभूमिबाट कुनै जाति उठेर आउने सम्भव नभएको उल्लेख गर्दै बाबुराम आचार्यले थारूहरूको मूल बासस्थान हिमालयबाट टाढा जान सक्दैन भन्नुभएको छ । त्यस्तै डोर बहादुर विष्टको विचारमा पनि गङ्गा-जमुना जस्तो उब्जाउ मैदान पार गरेर नेपाल तराईको विषम ठाँउमा आएको सम्बन्धमा कुनै तर्क नै देखिँदैन । उहाँको विचारमा थारूहरूको पहिलो बासस्थान नेपालको तराई नै हो ।

कसै-कसैको विचारमा थारूहरू राजस्थानबाट भाग्दै आएका राजस्थानी महिलाहरूका सन्तान हुन् । कारण, थारू उपजाति "राणा" भएको विवाहमा ज्वाईं हुनेले तरवार समातेर जाने, बेहुलीहरूले दाइजोसँगै विषको भाँडो दिएर पठाउने, जूठो माझ्दा पहिला खुट्टाको बुढी औंला छुने लगायतका परम्परा यस विचारका आधारहरू हुन् ।



https://dhamma.digital

तर यति मात्र परम्परा मिल्दैमा पनि यो प्रमाणित हुँदैन । मगर या राना भएकै कारण उनीहरू मगधबाट आएको राजघरानी हुनसक्दैन् । हडसनको भनाइ अनुसार औलो ज्वरो पचाउनका लागि कुनै समुदायले कम्तीमा ३ हजार वर्ष त्यही ठाउँमा बसेको हुनुपर्दछ । थारू जातिका मानिसले तराईको औलो ज्वरो पचाइसकेका छन् । त्यसैले उनीहरू ३ हजार वर्ष पहिलादेखि नै तराईका बासिन्दा हुन् भन्न सकिन्छ । यसरी पनि थारूहरू राजस्थानबाट आएका हुन् भन्ने कुरा पर्याप्त प्रमाण नहुँदा प्रामाणिक मान्न सकिन्न ।

केही विद्वान्हरूका अनुसार थारूहरू तिब्बत, चीनबाट यहाँ आई पश्चिम नेपाल हुँदै तराईको मैदानमा बस्न आएका हुन् । कमला साङ्कृत्यायनका अनुसार थारू खमेर जातिसँग सम्बन्ध भएको मङ्गोल बथानबाट आएको जाति हो भने इमानसिं चेमजोंग र प्रेम बहादुर लिम्बूको विचारमा यिनीहरू किरात वंशी हुन्। स्व. रमानन्द प्रसाद सिंहले थारू "थार" मरूभूमि वा राजस्थानी सन्तान भन्ने कुरामा विमति राख्दै यिनीहरूको मूल बासस्थान कपिलवस्तुको स्थापनाकालदेखि कपिलवस्तु हो भन्नुभएको छ । कपिलवस्तु थरूवान् मध्ये मूल बासस्थान भएकोले यसलाई जोड दिएको छ। जनकलाल शर्मा र मातृका प्रसाद कोइरालाको भनाइ अनुसार बुद्ध-धर्मको "थेरवाद" परम्पराप्रति आबद्ध जाति नै क्रमशः थारू भनिन थाल्यो । यता श्री सिंहले थारू र शाक्य एउटै नभएको कुरा स्वीकार गर्नुभएको यहाँ उल्लेखनीय छ । कपिलवस्तुका शाक्य थारूहरूले आज औलो ज्वरो पचाइसकेका छन् । यसरी तीन हजार वर्षभन्दा बढी यहाँ थरूहटमा थारूहरू बसेकाले यो सम्भव भएको हो ।

**थारु संस्कृति**

थारूहरूको संस्कारमा गहिरिएर हेर्ने हो भने बौद्ध पन देखिन्छ । थारूहरूले व्रत-उपवासलाई मान्दछन् । उनीहरू कहिल्यै पनि यज्ञ, होम, जापमा विश्वास गर्दैनन् । उनीहरूको मथमुरैन वा मुरेन गर्ने बेलामा सिङ्गै टाउको मुण्डन गर्छन् । टुपी राख्नुपर्दैन । यसरी मुण्डन



https://dhamma.digital

गर्दा फरियामा कपाल थाप्नुपर्छ । त्यस्तै थापेको कपाल नदीमा लगेर बगाइन्छ । पाहुनाहरू आएका बेला कपडा बिछ्याई स्वागत गरिन्छ । थारू महिलाहरू आफ्ना घर-व्यवहार मा स्वतन्त्र हुन्छन् । लोग्नेको मृत्यु हुँदा पनि देवरसँग अथवा अरू मनपर्ने केटासँग विवाह गरेर जीवन बिताउन उनीहरूलाई कुनै बाधा छैन । लोग्ने मरेपछि जन्मभर विधवा भएर बस्नुपर्दैन । त्यस्तो अवस्थामा विवाह गर्दा पानी नै नचल्ने भएर अभिशापमय जीवन बिताउनुपर्दैन । अझ एकपटक छाडेर अर्कोसँग गएर आफ्नो पहिलाको लोग्नेसँग जीवन बिताउन पनि सामाजिक रूपमा स्वीकार्य मानिन्छ । अर्को कुरा थारू महिलाहरू रजस्वला भएका बेला अन्य केही जातीय परम्परामा जस्तो खाना पकाउने लगायतका काम छाडेर बस्नुपर्दैन । पहिला रजस्वला हुँदासम्म केही पनि ठूलो नियम छैन । विवाह हुनुभन्दा अगाडि गर्भवती भएर बच्चा भएकालाई लाञ्छना लाग्ला भनी डराएर मर्नु पर्दैनथ्यो । यी सबै संस्कारहरू प्राचीन कपिलवस्तुका शाक्यहरूको स्वतन्त्र महिला-संस्कार वा यौन सम्बन्धमा हाडनाताको बलियो बन्धन नभएको संस्कारसँग सम्बन्धित छन् । त्यसैले श्री केनेथ मोरगनले (:च. प्भललभतज :यचनबल) ठीकै भनेका छन् - "थारू रीतिस्थितिको बौद्ध रीतिस्थितिसँग खास सम्बन्ध छ" ।

**थारु भाषा**

आज पूर्वी र पश्चिमी थारू भाषामा केही फरक पन भेटिन्छ । धेरै समयदेखि घना वन-जङ्गल छिचोल्दै बस्तीका लागि उपयुक्त भू-भागको खोजी गर्दा टाढिएका उनीहरूको एउटै भाषा र संस्कृतिमा केही फरकपन आउनु कुनै अस्वाभाविक कुरा होइन । स्व. श्री रमानन्द प्रसाद सिंहको भनाई अनुसार थारू भाषा "मगह" भाषा हो । त्रिपिटकको भाषा अर्थात् बुद्ध वचनको भाषालाई आजभोलि पालि भाषा भने पनि यो नाम पछिको हो । यो भाषालाई पहिला मागधी वा मगधी भने गरिन्थ्यो । यसरी पुरानो थारु भाषा बुद्धले बोल्नुभएको मागधीको मगह हो । भाषाविद्हरूका अनुसार थारूहरूले आफ्ना आफन्त वा साथीहरू भेट्दा "ओदन" खाइसक्यौ रू भनेर सोध्छन् । यो ओदनको अर्थ पालि



https://dhamma.digital

वा मागधी भाषामा "भात" हो । सिद्धार्थका पिताको नाम शुद्धोदन (शुद्ध+ओदन) हो । ओदनको अर्थ हो भात । श्री सिंहले पनि यो प्रसङ्गलाई उल्लेख गर्नुभएको पाइन्छ ।

थारूहरूका गाँउमा "थान" हुन्छ । यस थानमा कुनै देवदेवीको मूर्ति हुँदैन । बरु मूर्तिको साटो माटोको डल्लो वा माटोका उठेका भागहरू हुन्छन् । यो थूर वा स्तूपको सानो-सानो स्वरूप हो । मोरङ्गको गाउँमा अहिले पनि माटोको चिबहाल बनाउने संस्कार बाँकी छ । घर बाहिर चोकमा पनि यस्तो माटोको थुप्रो मात्र हुन्छ । यो पनि चैत्यको प्रारूप हो । पछि गएर यसलाई कहीँ हनुमान् भन्न थाल्यो, कहीँ यस्तो माटोको थुप्रोलाई कुनै अर्को नामकरण गर्न थालियो । जनै लाउनुपर्ने संस्कार अन्य जातिको धार्मिक प्रभाव हो ।

**थारुको स्वभाव**

थारूहरू प्रायः श्याम वर्णको बलियो र अग्लो शरीर भएका हुन्छन् । थारू महिलाहरू मायादेवी मन्दिरको महामायादेवीको मूर्तिको तुलनामा महामायादेवीको मूर्तिको खुट्टामा भएको ठूलो कल्ली अहिलेसम्म थारू महिलाहरूले लगाउने चाँदीको ठूलो कल्ली उस्तै-उस्तै खालका छन् । जगमान गुरूङ्गले उपत्यकाका ज्यापू महिलाहरूले लगाउने हाकुपर्सी र उनीहरूको रहन-सहन थारू महिलाहरूको रहन-सहनसँग समान रहेको कुरा लेख्नुभएको छ । उपत्यकाका ज्यापूहरू पनि वृज्जी मल्लहरू भएकाले कपिलवस्तु, लुम्बिनी र देवदहका थारू महिलाहरूसँग यसरी मिल्नु स्वाभाविक नै हो ।

थारूहरू साह्रै सोझा र मिजासिला स्वभावका हुन्छन् । घुमाउरो कुरा, रुमलिएको विचार र मुख राम्रो मन कालो स्वभाव थारूहरूलाई मन पर्दैन । झगडा उनीहरूमा साह्रै कम छ । झगडा भइहालेमा पनि गल्तीलाई केलाउने, सफा गर्ने सामाजिक व्यवस्थाले नै गर्छ । यो गणतन्त्रात्मक राजनैतिक र सामाजिक संस्कार थारू समुदायमा अझै पनि बाँकी रहेको छ ।



https://dhamma.digital

**थारुका पेशा**

थारूहरूले खेतको काम पुरुष-महिला मिली गर्ने गर्छदन् । पुरुषहरूले वनमा शिकार गर्न जाने र महिलाहरूले नदी, पोखरीमा गई माछा समाउने गरेका पनि देखिन्छ । गाई, भैंसी पुरुषहरूले हेर्ने गर्छन् भने महिलाहरूले खसी, सुंगुर, परेवा आदि पाल्ने गर्छन् । घाँसको ढक्की र कल राम्रोसँग बनाउनमा र छ्वालीको पङ्खा बनाउनमा थारू महिलाहरू साह्रै सीपालु छन् । उनीहरू कमाउने र खर्च गर्ने मामिलामा उत्तिकै स्वतन्त्र छन् ।

थारू जातिको एउटा विशेषता के हो भने उनीहरूको घरभित्र र बाहिर कलायुक्त चित्रहरू हुन्छन् । बाहिरको ढोकादेखि घरको कोठा, भित्ता सबै ठाउँमा फूल, पंक्षीहरू कोरिएका हुन्छन् । झ्यालका बुट्टाले त्यसमा थप सौन्दर्य थपेको हुन्छ । यस्ता चित्रमा एकदुई मयूरको बिम्ब अनिवार्यजस्तै हुन्छ । थाहरूहरूको मनपर्ने मासुमध्ये मयूरको मासु हो । मयूरको पालन गर्ने तथा मयूरको मासु मन पराउनेहरूको वंश नै मौर्य वंश हो भन्ने कुरामा प्रायः एकमत पाइन्छ । सिलभान लेभी (Sylvan Levy) र तारानाथले चम्पारण जिल्लालाई अशोकका बाजे चन्द्रगुप्त मौर्यको जन्मस्थान भनेर उल्लेख गरेका छन् । यो चम्पारण मयूरको मासु मनपराउने थारूहरूको ठाउँ हो । यस सन्दर्भमा सम्राट् अशोकको भान्सामा मयूरको मासु क्रमशः घटाउने गरेको प्रसङ्ग स्मरण हुन्छ ।

अशिक्षाले ज्ञानको आँखा कमजोर रहेका थारूहरू अहिले ब्युँझँदै छन् । आफूहरूको पहिचान शाक्य र कोलियका सान बुद्धको वंशसँग जोडिएकामा गर्व गर्छन् । सुर्खेतको ठूलो र पुरानो काँक्रे विहारमा थारू राजा दंगी शरणको श्रद्धा र खस राजाहरूको श्रद्धासँगै जोडिने कुरा कम महत्वको होइन । सप्तरीको सीतापुर गाउँ विकास समितिको सिराथानमा शाक्यमुनि बुद्ध, लोकेश्वर, हरिततारा आदिका आठौं शताब्दीतिरका ढुंङ्गाका मूर्तिहरू भेटिएकाले थारू समुदाय उत्साहित भएको छ । यो ठाउँ जहाँ बुद्धका मूर्तिहरू फेला परे, अहिलेसम्म पनि थारूहरू पुजारी भइराखेकोले झन अन्वेषणको ढोका खोलिदिएको



https://dhamma.digital

छ । लुम्बिनीका थारूहरूले थारू बौद्ध समाज स्थापना गरी बुद्ध जन्म भूमिमा बौद्ध धर्म दर्शनको अध्ययन र अभ्यास गर्थ थालेका छन् । यसै समाजले अन्य वरिपरका जिल्लाहरूमा पनि बुद्ध धर्म र परियत्ति शिक्षाको प्रचार प्रसारमा अग्रसर भइरहेका छन् । रूपन्देही जिल्लाका अधिकांश पाठशालाहरूमा बुद्ध शिक्षा र परियत्ति शिक्षा मौलाउँदैछ ।

वस्तुतः थारूहरू आफ्ना मूल घरमा आजभन्दा ५ हजार वर्षअगाडिदेखि नै यो ठउँमा बस्दै आए पनि २५०० वर्ष अगाडिदेखि आफ्ना बासस्थानमा धार्मिक रीति, स्वतन्त्र महिला संस्कार, भाषा, चैत्यस्वरूपको माटोको थुप्रोको पूजा गर्ने धर्म, जिउडाल, वस्त्र, गरगहना, सरल, स्वच्छ स्वभाव, मयूरप्रतिको अनुराग, सादा जीवनशैली अनि थारूवानमा बुद्ध बौद्ध देवीहरूको प्राचीन मूर्ति फेला परेको प्रमाणबाट स्पष्ट हुन्छ कि थारूहरू बुद्धकालीन बौद्धहरू नै हुन् र त्यसपछि पनि बौद्ध हुन् । त्यसैले अहिले पनि थारूहरूले आफूहरू बौद्ध भएको कुरा बुझ्दै गएका छन् ।

*नोट : 'नेपालमा थारु बौद्ध समाज' सम्बन्धी यो पाठ्यसामग्री भिक्षु सुद्धर्शनद्वारा लिखित पृष्ठभूमि र लेखक भिक्षु सिरिवजिर स्थविरद्वारा लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल ।*

Dhamma.Digital



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

तृतीय पत्र

# नेपालमा बौद्ध समाज

Dhamma.Digital

## एकाइ ४ (ख) : शेर्पा बौद्ध समाज

लेखक : भिक्षु ज्ञानेन्द्र

https://dhamma.digital

# एकाइ ४ (ख) : नेपालमा शेर्पा बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

नेपालका बौद्ध जातिहरूमा शेर्पा पनि एक महत्वपूर्ण जाति हुन् । नेपालको पहाडी क्षेत्र, तिब्बत स्वायत्त क्षेत्रको तिङग्री काउन्टी र हिमालयमा बसोबास गर्ने तिब्बती जातीय समूहहरू मध्येमा शेर्पा जाति एक हो । शेर्पा वा शेर्वा शब्द शेर्पा भाषाको शब्द अर्थ पूर्वबाट आएको भन्ने अर्थमा लिईन्छ। जसले पूर्वी तिब्बतको भौगोलिक क्षेत्रलाई बुझाउँछ। तिब्बतको पूर्वमा रहेको खाम क्षेत्रका मानिसहरूको समूहलाई "स्यार खम्बा" (पूर्वी खामबाट आएका मानिसहरू) भनिन्थ्यो र उनीहरू बसोबास गर्ने ठाउँलाई "स्यार खुम्बु" भनिन्थ्यो। समय बित्दै जाँदा स्यार खुम्बुका बासिन्दा "स्यार खम्बा" लाई शेर्पा भनिन्थ्यो ।

शेर्पा जाति नेपालको आदिवासी जनजातिमा सूचित जाति हुन् । यस जातिको आदिथलोको रूपमा सोलोखुम्बुको उत्तरी क्षेत्रलाई मानिन्छ । शेर्पा जातिहरू नेपालका विभिन्न हिमाली जिल्लाहरूमा छरिएर रहेका छन् । नेपाली शेर्पाहरूको जनसंख्या ५,२०,००० रहेको २०६८ को जनगणनाले देखाएको छ । नेपाल बाहेक चीन (तिङग्री काउन्टी), भुटान, भारत (सिक्किम, नागाल्याण्ड, मिजोरम, मणिपुर, अरूणाचल प्रदेश, आसाम, पश्चिम बङ्गालमा दार्जिलिङ) आदि क्षेत्रमा पनि शेर्पाहरूको बसोवास रहेको छ। नेपालमा रहेका शेर्पा जातिहरूमा ह्योल्मो, जिरेल आदिलाई मुख्य जातिको रूपमा लिईन्छ । उनीहरूले बोलिने भाषा तिब्बती भाषासंग मिल्दोजुल्दो रहेको छ ।

अधिकांश शेर्पाजाति नेपालको पूर्वी क्षेत्र र तिङग्री काउन्टीमा बसोबास गर्दछन्, यद्यपि केही पश्चिममा रोल्वालिङ उपत्यका, बिगु र काठमाडौंको उत्तरमा रहेको हेलम्बु क्षेत्रमा बसोबास गर्छन् । शेर्पाहरूले गोम्पाहरू स्थापना गर्छन् जहाँ उनीहरूले आफ्नो धार्मिक परम्पराको



https://dhamma.digital

अभ्यास गर्छन् । तेङ्बोचे सोलुखुम्बुको पहिलो ब्रह्मचर्य गुम्बा थियो । शेर्पा भाषा तिब्बती-बर्मी भाषाको दक्षिण शाखामा पर्दछ, जुन पूर्वी तिब्बत (खम्बा) र मध्य तिब्बती बोलीहरूसँग मिश्रित छ । यद्यपि, यो भाषा ल्हासा तिब्बतीबाट अलग छ र ल्हासा भाषीहरूको लागि अस्पष्ट रहेको छ ।

हालैका वर्षहरूमा पश्चिमा देशहरूमा विशेष गरी संयुक्त राज्य अमेरिकामा बसाइँ सर्ने शेर्पाहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । नेपालको सन् २०११ को जनगणनाअनुसार पाँच लाख १२ हजार ९४६ शेर्पा सीमाभित्र रहेका छन् । शेर्पा समुदायका सदस्यहरू जीविकोपार्जनको रूपमा पर्वतारोहणमा आफ्नो सीपको लागि परिचित छन् ।

**इतिहास :**

तिब्बतदेखि सोलुखुम्बुसम्म विभिन्न समयमा, चार मौलिक शेर्पा जातिहरूको प्रादुर्भाव भएको थियो । मिनयाग्पा, थिम्मी, सेर्तवा र चावा । यी चार समूहहरू क्रमशः २० भन्दा बढी विभिन्न कुलहरूमा विभाजित भएका छन् जुन आज पनि अस्तित्वमा रहेका छन् । शेर्पा आप्रवासीहरूले हिमालय पार गर्नुअघि यु र साङ हुँदै यात्रा गरेका थिए । शेर्पाहरू लगभग ६०० वर्षअघि तिब्बतबाट पश्चिममा रोङ्सार हुँदै र पछि नाङ्पाला पास हुँदै नेपाल बसाइँ सरेको निष्कर्ष निकालेको छ । सन् १९७६ मा खुम्बु राष्ट्रिय निकुञ्ज बन्यो र शेर्पाहरूको लागि पर्यटन एक प्रमुख आर्थिक आर्जनको आधार बन्यो ।

हालैको नेपाल एथ्नोग्राफिक म्युजियम (२००१) को एक अध्ययनले शेर्पा जाति वर्तमान नेपालको अभिन्न अङ्ग भएको निष्कर्ष निकालेको थियो । परापूर्वकालदेखि नै शेर्पाहरू अन्य किरात नेपाली जनजातिहरू जस्तै हिमालय क्षेत्रभित्र एक ठाउँबाट अर्को ठाउँमा सर्ने गर्दथे र पशुपालक र व्यापारीको रूपमा जीवन बिताउँथे ।

**धर्म :**

शेर्पाहरूले मूलरूपमा बुद्धधर्मलाई मान्दछन् । बुद्ध धर्मको



https://dhamma.digital

“प्राचीन“ निकाय निङ्मापाको अभ्यास उनीहरू गर्दछन् । यो तिब्बतको सबैभन्दा पुरानो बौद्ध सम्प्रदाय हो । यस निकायका प्रणेताको रूपमा पद्मसंभव (सामान्यतया गुरू रिन्पोछेको नामले चिनिन्छ) हुन् । उहाँद्वारा ८ औं शताब्दीमा बुद्धधर्ममा बोन धर्मका केही विशेषता समावेश गरी निङ्मापा निकाय स्थापना गरेका थिए । यसमा स्थानीय देवताहरूको समावेशमा जोड दिन्छन् । बुद्ध र महान् बौद्ध देवताहरूका अतिरिक्त शेर्पाहरू हरेक पहाड, गुफा र वनमा बसोबास गर्ने असंख्य देवीदेवता र दानवहरूमा पनि विश्वास गर्छन् । यिनीहरूलाई बौद्ध धार्मिक जीवनको ढाँचामा बुनेका पुरातन अभ्यासहरूद्वारा सम्मान गर्नुपर्दछ । धेरै ठूला हिमालय पर्वतहरू पवित्र मानिन्छन् ।

धेरै जसो शेर्पाहरू सगरमाथाको क्षेत्रभित्र रहने गर्दछन् । शेर्पाहरूले सगरमाथालाई चोमोलुङ्मा भन्छन् र यसलाई “विश्वकी आमा” भनेर सम्मान गर्छन् । मकालु पर्वतलाई देवता शंकर (शिव) को रूपमा सम्मान गरिन्छ । प्रत्येक कुलले निश्चित पर्वत शिखरहरू र तिनीहरूका सुरक्षात्मक देवताहरूको आदर गर्दछ ।

शेर्पाहरूको धार्मिक कार्यहरूमा लामाहरू (बौद्ध आध्यात्मिक नेताहरू) र गाउँहरूमा बस्ने अन्य धार्मिक अभ्यासकर्ताहरूद्वारा अध्यक्षता गरिन्छ । समारोह र अनुष्ठानको अध्यक्षता गर्ने गाउँका लामा ब्रह्मचारी भिक्षु वा विवाहित गृहस्थ हुन सक्छन् । शेर्पा धर्मको एउटा महत्वपूर्ण पक्ष गोम्पा हो । गोम्पा भनेको गाउँ वा गुम्बाका लागि प्रार्थना स्थल हो । सोलुखुम्बु क्षेत्रमा धेरै गोम्पाहरू छन् । यस ठाउँमा करिब दुई दर्जन गुम्बा छरिएर रहेका छन् । गुम्बाहरूमा लामा वा भिक्षुहरू (कहिलेकाहीं भिक्षुणीहरूको) समुदायहरू बस्छन् जसले बुद्धधर्मको चर्या गर्दछन् । उनीहरूले ब्रह्मचर्यको भाकल लिन्छन् र सत्य र धार्मिक ज्ञानको खोजीमा समुदायवाट टाढा रहेर जीवन बिताउँदछन् । उनीहरूलाई समुदायले सम्मान र समर्थन गर्दछ । बाहिरी संसारसँग तिनीहरूको सम्पर्क गुम्बाको अभ्यास र वार्षिक उत्सवहरूको समयमा मात्र हुन्छन, जुनबेला बाहिरका मानिसहरू निमन्त्रणा गरिन्छन् । साथै अन्त्येष्टिमा



https://dhamma.digital

पवित्र ग्रन्थहरूको पठन पाठन गर्नको लागि पनि गृहस्थहरूसंग सम्पर्कमा आउँछन् ।

**पर्वतारोहण** :

धेरै शेर्पाहरू आफ्नो स्थानीय क्षेत्रमा कुलीन पर्वतारोही र विशेषज्ञको रूपमा उच्च मानिन्छन् । तिनीहरू हिमालय क्षेत्रका प्रारम्भिक अन्वेषकहरूका लागि बहुमूल्य हुन् । विशेष गरी सगरमाथा चढ्ने अभियानहरूको लागि, यस क्षेत्रका शिखरहरू र पासहरूको चरम उचाइमा गाइडको रूपमा सेवा गर्दै उनीहरू जीवन निर्वाह गर्दछन् । प्रायः विदेशीहरूले हिमालयमा पर्वतारोहण अभियानका लागि नियुक्त गरिएका लगभग कुनै पनि गाइड वा आरोही शेर्पाहरू हुने भएकोले विदेशीहरूसित उनीहरूको राम्ररी सम्बन्ध रहेको हुन्छ । शेर्पाहरू अन्तर र्राष्ट्रिय पर्वतारोहण र पर्वतारोहण समुदायमा उनीहरूको कठोरता, विशेषज्ञता र धेरै उच्च उचाइमा अनुभवको लागि प्रसिद्ध छन् । यो अनुमान गरिएको छ कि शेर्पाहरूको आरोहण क्षमताको एक भाग उच्च उचाइमा बाँच्नको लागि आनुवंशिक अनुकूलनको परिणाम हो ।

**शेर्पा पहिरन** :

पुरूषहरूले किटिकाउ भनिने लामो बाहुला भएको लुगा लगाउँछन्, जुन घुँडाभन्दा केही तल झर्छ । छुरालाई कम्मरमा कारा भनिने कपडाको स्यासले बाँधेर तोलुङ भनिने थैलीजस्तो ठाउँ बनाउँछ, जसलाई स-साना सामान भण्डारण र बोक्न प्रयोग गरिन्छन् । महिलाहरूले परम्परागत रूपमा लामो बाहुला भएको भुइँ-लम्बाइको बाक्लो ऊनको लुगा लगाउँछन् जसलाई टोङ्गोक भनिन्छ । गर्मी मौसममा रातोक (ब्लाउज) लगाउँछन् । यी रंगीन धारीदार एप्रोनको साथ लगाइन्छ । मेटिल एप्रोनहरू अगाडि र गेवे पछाडि लगाइन्छ, र एक साथ एम्बोस्ड सिल्भर बकसुआद्वारा एक साथ राखिन्छ जसलाई केइटिग भनिन्छ । शेर्पा पहिरन तिब्बती पहिरनसँग मिल्दोजुल्दो छ । अहिले बढ्दो रूपमा, घर-काटेको ऊन र रेशम कारखाना-निर्मित सामग्रीद्वारा प्रतिस्थापित भइरहेको छ । धेरै शेर्पाहरू पनि अहिले तयारी पश्चिमी पहिरन लगाउँछन् ।



https://dhamma.digital

**उल्लेखनीय व्यक्तित्वहरू :**

शेर्पा समुदायहरू हिमाल आरोहण कार्यमा अग्रणी हुन् । सगरमाथाको पहिलो आरोही नेपाली शेर्पा पर्वतारोही तेन्जिङ नोर्गे हुन् । सन् १९५३ मा उनी र एडमन्ड हिलारी सगरमाथाको चुचुरोमा पुग्ने पहिलो व्यक्ति बनेका थिए । नोर्गेका छोरा जामलिंग तेन्जिङ नोर्गेले पनि सन् १९९६ मा पर्वतारोही एड भिस्टर्स र अरासेली सेगारासँग आफ्नो बुबाको सम्मानमा सगरमाथा आरोहण गरेका थिए । सन् २००१ मा तेम्बा छिरी शेर्पा १६ वर्षको उमेरमा विश्वको सबैभन्दा कान्छो सगरमाथा आरोही (गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल) बनेका छन् ।

सन् २००३ मा शेर्पा पेम्बा दोर्जे र ल्हाक्पा गोलुले आधार शिविरबाट सबैभन्दा छिटो सगरमाथा चढ्न सक्ने भनेर प्रतिस्पर्धा गरेका थिए । सन् २००३ मे २३ का दिन दोर्जे १२ घण्टा ४६ मिनेटमा सगरमाथाको चुचुरोमा पुगेका थिए । त्यसको तीन दिनपछि गोलुले १० घण्टा ४६ मिनेटमा आफ्नो कीर्तिमान तोडेका थिए । २१ मे २००४ मा, दोर्जेले फेरि ८ घण्टा १० मिनेटको कुल समयको साथ दुई घण्टा भन्दा बढी समय सुधार गरे ।

सन् २०११ मे ११ का दिन आप्पा शेर्पाले एक्काइसौं पटक सगरमाथाको चुचुरोमा सफलतापूर्वक पाइला टेकेका थिए । उनले सन् १९८९ मा २९ वर्षको उमेरमा पहिलो पटक सगरमाथाको आरोहण गरेका थिए ।

पासाङल्हामु शेर्पा सगरमाथाको चुचुरोमा पुग्ने पहिलो नेपाली महिला आरोही हुन् तर आरोहणका क्रममा उनको मृत्यु भएको थियो । सन् २०११ मे २० का दिन मिङ्मा शेर्पा विश्वका १४ वटै अग्ला हिमाल आरोहण गर्ने पहिलो नेपाली र पहिलो दक्षिण एसियाली बनेका थिए । यस प्रक्रियामा, मिङमाले नयाँ विश्व रेकर्ड कायम गरे - उनी पहिलो प्रयासमा सबै १४ वटा शिखर आरोहण गर्ने पहिलो पर्वतारोही बने ।



https://dhamma.digital

सन् २०१२ मे १९ का दिन १६ वर्षीय निमाछम्जी शेर्पा सगरमाथा आरोहण गर्ने सबैभन्दा कान्छी महिला बनेकी थिइन् । यसअघि सन् २००८ मा १६ वर्षको उमेरमा सगरमाथा आरोहण गरेका निमडोमा शेर्पाले कीर्तिमान बनाएका थिए ।

छुरीम सन् २०१२ मे १२ र मे १९ मा दुई पटक सगरमाथा आरोहण गरेकी शेर्पा (नेपाल) लाई गिनिज बुक अफ वर्ल्ड रेकर्डले एकै आरोहण मौसममा दुई पटक सगरमाथा आरोहण गर्ने पहिलो महिला शेर्पाको रूपमा मान्यता दिएको थिया ।

सन् २०१३ मा ३० वर्षीया छाङ दावा शेर्पा १४ वटा अग्ला हिमाल आरोहण गर्ने सबैभन्दा कान्छो आरोही बनेकी थिइन ।

सन् २०१४ जुलाई २६ का दिन पासाङ ल्हामु शेर्पा अकिता, दावा याङजुम शेर्पा र माया शेर्पाले विश्वको दोस्रो अग्लो केटुको ८,६११ मिटर (२८,२५१ फिट) अग्लो शिखर आरोहण गरेका थिए । यसो गर्दा यी तीन जना नेपाली महिला आरोहीले सगरमाथाभन्दा निकै कठिन चुनौती ठानेर आरोहण गर्ने पहिलो महिला टोली बनेका छन् ।

माउन्टेन गाइड कर्मारिता शेर्पाले सगरमाथाको चुचुरोमा सफल आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका छन् । हालसालै, उनले ७ मे २०२२ मा २६ औं पटक हिमाल आरोहण गरेका थिए र ७ मे २०२१ मा आफ्नै रेकर्ड तोडेका थिए । आप्पा शेर्पा र फुर्बाटासी शेर्पाले २१ पटक सफल आरोहण गरिसकेका छन् ।

आरोही पीके शेर्पा र उनका १४ वर्षीय छोरा सोनाम शेर्पाले जलवायु परिवर्तन र ग्लोबल वार्मिङबारे विश्वव्यापी जागरण अभियानको नेतृत्व ‘फस्ट फादर एण्ड सन माउन्टेनियर्स’ को नेतृत्व गर्नेभएका छन् ।

**शेर्पाहरुले मनाउने परम्पराहरू :**

शेर्पाहरूले मनाउने पर्वहरूमा मुख्यतः लोसार, दुम्जे, मणिरिम्दु हुन् ।

**लोसारः** लोसार वा ल्होसार भनेको नववर्ष हो । अंग्रेजी



https://dhamma.digital

महिनाको फेब्रुअरीमा उनीहरूले ल्होसार मनाउँछन्। शेर्पाहरूले मनाउने ल्होसारलाई ग्याल्पो ल्होसार भनिन्छ। दुईहप्तासम्म विभिन्न तवरले नाचगान तथा विशेष परिकार खाएर यस पर्व मनाउने गर्दछन्।

**दुम्जे :** दुम्जे पर्व गुरू रिम्पोछे वा पद्मसम्भव गुरूको जन्मदिवसको रूपमा मनाउने चलन रहेको छ। ल्होसारको दुईमहिना पनि यस पर्व धुमधामका साथ मनाउँछन्। नेपालको जुनीवेशीमा मनाउने दुम्जे पर्व हेर्नको लागि पर्यटकहरू पनि उत्सुकतापूर्वक त्यहाँ जाने गर्छन।

**मणिरिम्दु :** गुरू पद्मसम्भवले धर्मस्थापना गरेको दिनको स्मरण गरी मणिरिम्दु पर्व मनाउँछन्। यस पर्व १९ दिनसम्म लगातार मनाइन्छ। विशेष सगरमाथाको क्षेत्रमा रहेको त्यांगबोचे गुम्बामा यस पर्व मनाउँछन्। अक्टोवर नवम्बर महिनामा पर्ने यस पर्वमा धेरै मानिसहरू जमघट हुने र विभिन्न मुखौटाहरू लगाएर नृत्य गर्ने र विभिन्न परिकारहरू खाएर यस पर्व मनाउने गर्दछन्।

Dhamma.Digital



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

तृतीय पत्र

# नेपालमा बौद्ध समाज

Dhamma.Digital

## एकाइ ५ : नेपाली बौद्ध समाजमा थेरवादी परम्पराको व्यापकता

लेखक : डा. त्रिरत्न मानन्धर

https://dhamma.digital

# एकाइ ५ : नेपाली बौद्ध समाजमा थेरवादी परम्पराको व्यापकता

नेपाल मण्डलमा थेरवाद बुद्धधर्मको पुनर्जागरणकाल २० औं शताव्दीको प्रारम्भमा भएको थियो। यस समय पश्चात थेरवादी भिक्षु तथा अनागारिकाहरूको शासनिक योगदान तथा उपासक उपासिकाहरूको श्रद्धा एवं सहयोगको फलस्वरूप नेपाली बौद्ध समाजको धार्मिक तथा सांस्कृतिक व्यवहारमा व्यापक परिवर्तन आएको सर्वविदित विषय रहेको छ । थेरवादी परम्पराका अनुयायीहरूको विभिन्न ठोस अभियान तथा प्रयासबाट भइआएको परिवर्तन तथा यसको प्रयोगमा आएको व्यापकता यहाँ चर्चा गर्न लागिएको छ ।

## १. बौद्ध ज्ञानमाला भजन

थेरवाद शासनलाई विकास गर्ने कार्यमा बौद्ध ज्ञानमाला भजनको प्रारम्भिक भूमिका रहेको देखिन्छ । थेरवाद बुद्ध शासनको पुनर्जागरण सँगसँगै ज्ञानमाला भजनको पनि प्रचार भएको थियो । यसले धार्मिक जागरणका साथै सामाजिक जागरणमा पनि उत्तिकै योगदान दिएको थियो । अन्य धर्मको भजन जस्तै भक्ति गीतमा मात्र सीमित नभई यसले समग्र समाजमा भाषिक, सामाजिक र धार्मिक जागरण कार्य गर्ने संस्थाको रूपमा काम शुरु गरेको थियो । नेपालमा ज्ञानमाला भजन खलः सन् १९३७ (वि.सं १९८४) को राणाकालमै थेरवाद बुद्धधर्मको पुनर्जागरणसंगै शुरु भएको थियो । सामाजिक जागरणको गीत तथा भजनहरू नेपालका विभिन्न ठाउँमा गाउने गरेकोबाट आफ्नो शासन सत्तानै पलटिएला भन्ने डरले राणा प्रधानमन्त्री जुद्ध शमशेरले ज्ञानमालामा बन्देज लगाएको थियो । तापनि जनमानसबाट उर्लेको यसको विकासमा अवरोध ल्याउन सकेन । उल्टो यसको लोकप्रियता दिनानुदिन बढ्दै गयो ।



https://dhamma.digital

ज्ञानमालाको भजन गर्नको लागि स्वयम्भूमा ज्ञानमाला भजन सतल नामाकरण गरेर भजनको कार्यक्रमलाई निरन्तरता दिने कार्य भयो जसको अद्यापि सम्म निरन्तरता भइरहेको छ। ज्ञानमाला भजनको प्रभावले विभिन्न गाउँ गाउँमा पनि बुद्धधर्म प्रचार हुन पुग्यो। फलस्वरूप अहिले प्रत्येक थेरवाद विहारहरूमा ज्ञानमाला भजन खलः भनेर संगठित भइरहेको देख्न सकिन्छ। पुनर्जागरण पछिको प्रारम्भिक समयदेखी लिएर अहिलेसम्म पनि विभिन्न बौद्धकार्यकलापहरू जस्तै बुद्धपूजा, महापरित्राण, धर्मदेशनाको आदि कार्यक्रममा ज्ञानमाला भजन खलःको तर्फबाट बुद्धको सन्देशयुक्त भजन गाएर शुरु गर्ने चलन अद्यापि चलिरहेकै छ।

ज्ञानमाला भजनको माध्यमबाट नेपालका भिक्षुहरू महाप्रज्ञा, भिक्षु प्रज्ञानन्द महास्थविर, भिक्षु शाक्यानन्द, भिक्षु अनिरुद्ध, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि, भिक्षु सुदर्शन आदि अग्रज भिक्षुहरूले बुद्धको सन्देशलाई जनमानसमा प्रवाहित गर्नुभएको थियो। यसबाहेक नेपालका प्रसिद्ध साहित्यकारहरूले पनि बुद्धको शिक्षालाई गीतमा ढाल्ने काम गरेर आफुलाई मात्र नभई अरुलाई पनि सद्धर्मको रस चखाउने कार्य भयो। विशेष गरेर नेपालका सुप्रसिद्ध कविकेशरी चित्तधर ह्रदय, योगवीरसिंह कसाः, सिद्धिचरण श्रेष्ठ, दुर्गालाल श्रेष्ठ आदि नेपालका ख्यातिप्राप्त व्यक्तित्वहरूले ज्ञानमालाको लागि गीत रचना गर्नुभई धर्मजागरणमा थप पाइला बढाउनुभयो।

भिक्षु धम्मालोक र भिक्षु अमृतानन्दको प्रयासमा ज्ञानमाला पुस्तक प्रकाशन शुरु भएको थियो। बुद्धधर्मको सन्देश अन्तर्निहित गीतहरू लेख्नमा भिक्षुहरू, कविहरू, सर्वसाधारणहरूले निरन्तरता दिंदै गए। फलस्वरूप नेपालमा अहिले सम्म सर्वाधिक संस्करण निस्केको बौद्धपुस्तकको रूपमा ज्ञानमाला भजनको पुस्तक नै हुनगयो।

प्रारम्भकालमा स्वयम्भूको सत्तलबाट शुरुवाट भएको ज्ञानमाला भजनको परम्परा नेपालमा आजको दिनमा पुगेर समग्र उपत्यकाका विहारहरूमा मात्र नभई उपत्यका बाहिर पनि विस्तार भई नेपालमा आज बौद्ध ज्ञानमाला भजन एउटा महासंघ बनिसकेको अवस्था छ।



https://dhamma.digital

## २. भिक्षुहरूलाई देश निकाला र धर्मोदय सभाको उदय

सन् १९४४ मा राणा प्रधानमन्त्री जुद्धशमसेरले बुद्धधर्मको प्रचार गर्न प्रतिवन्ध लगाउने कार्य भएको थियो । तर यस्तो आदेश तत्कालीन भिक्षुहरूले अवज्ञा गरेको कारणले त्यही वर्ष नेपालका आठजना भिक्षुहरूलाई देश निकाला गरियो । त्यतिबेला देश निकालामा पर्नुभएका तत्कालीन भिक्षुहरू थिए: भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि, श्रामणेर प्रज्ञारस, श्रामणेर रत्नज्योति, श्रामणेर अग्गधम्म तथा श्रामणेर कुमार । देश निकालाको आदेश हुँदा वर्षावासको महिना थियो । वर्षावासको समयमा भिक्षुहरूले विहार छाडेर अन्यत्र जान नहुने नियम भएकोले देशनिकालाको आदेश केहि महिना पछाडी सार्ने अनुरोध बौद्ध समुदायले गरेको थियो । तर राणा शासकहरूले विनय नियमको केही महत्व राखेनन् । उनीहरूले आफ्नो आदेश तत्काल कार्यान्वयन गराइ छोड्यो । त्यसबेलासम्म नेपालमा अनागारिकाहरू पनि उल्लेख्य मात्रामा धर्मप्रचार प्रसारमा संलग्न भइसकेका थिए । तर उनीहरूलाई महिलावर्ग भएको हिसाले वर्षावास पुरा नहुँदासम्म विहारमा बस्न अनुमति दिइयो ।

निष्काशित भिक्षुहरू भारतको सारनाथमा पुगी त्यही वर्ष भिक्षु चन्द्रमणी महास्थविरको अध्यक्षतामा धर्मोदय सभाको स्थापना गरे । उक्त संस्थाको सचिव पदमा भिक्षु अमृतानन्द रहनु भयो । धर्मोदय सभाले बुद्धधर्म प्रचारको लागि महत्वपूर्ण उद्देश्य राखेर दीर्घकालीन योजना सार्वजनिक गर्ने कार्य भयो । ती तोकिएका योजनाहरू निम्न थिए :

१. नेपालका विभिन्न ठाउँमा बौद्ध स्कुलहरू खोल्ने

२. बौद्धहरूको बाहुल्यता भएको प्रत्येक शहर र गाउँमा विहार निर्माण गरेर भिक्षुहरूद्वारा दैनिक रूपमा बौद्ध गतिविधि तथा स्वास्थ्य सेवा प्रदान गर्ने ।

३. नेपालभाषा तथा नेपाली भाषामा बौद्ध ग्रन्थको अनुवाद तथा बुद्धधर्मका साहित्यहरू सृजना गर्ने



https://dhamma.digital

४. नेपालीहरूलाई बुद्धधर्ममा शिक्षित गर्ने

५. नेपाली र अंगेजीमा पत्रिका प्रकाशन गर्ने

६. नेपालका पुराना बौद्ध स्मारकहरू विशेष गरेर लुम्बिनी र कपिलवस्तुलाई सरकारद्वारा संरक्षण र सम्बर्द्धन गराउन विशेष पहल गर्ने

७. विदेशी बौद्धहरूलाई नेपालमा आमन्त्रण गर्ने

८. बौद्धहरूलाई अन्य धर्ममा परिवर्तन गर्ने संस्थागत प्रयासलाई निस्तेज पार्ने

## ३. श्रीलंकाका भिक्षुहरूको देन

थेरवाद पुनर्जागरणकालमा महत्वपूर्ण भूमिका खेल्नुहुने विदेशी भिक्षुहरूमा भिक्षु नारदको अग्रणी भूमिका रहेको छ। उहाँ नेपालमा धेरै पटक आउनु भई धर्म प्रचार प्रसारमा महत्वपूर्ण योगदान दिनुभयो। विशेष रूपले श्रीलंकाबाट बोधिबृक्ष, अस्थिधातु ल्याउनुभई आनन्दकुटीमा लंकाराम चैत्य निर्माणमा विशेष भूमिका खेल्नुभयो। उपत्यकाका विभिन्न ठाउँमा धर्मदेशना दिनुभयो। उहाँको नेपालप्रतिको मित्रता तथा हितैषि व्यवहारको कारणले उहाँलाई उपत्यकाका जनताहरूले नागरीक अभिनन्दन गरेका थिए।

वि.सं २००३ सालमा काठमाडौंको यटखा बहालमा उहाँलाई गरेको नागरीक अभिनन्दन समारोह नै नेपालको सबभन्दा पहिलो सार्वजनिक सभा ठहरियो। भिक्षु अमृतानन्दको संयोजकत्वमा भएको उक्त सभामा तत्कालीन गृहस्थ उपासकहरू तीर्थनारायण मानन्धर, द्वारिकादास श्रेष्ठ तथा पूर्णमान उपासकको विशेष भूमिका रहेको थियो। राणा प्रधानमन्त्री पद्‌मशमसेरको तर्फबाट उहाँको प्राइभेट सेकेटरी सुब्बा दीपराज मानन्धरले स्वागत गर्नुभएको सो सभामा भिक्षु नारदबाट अंग्रेजीमा दिनुभएको प्रवचनको भिक्षु अमृतानन्दबाट अनुवाद गर्नुभएको थियो। उक्त सारगर्भित मन्तव्यबाट उपस्थित श्रोताहरूलाई प्रभावित तुल्याएको थियो।



https://dhamma.digital

भिक्षु नारद नेपालको अत्यन्त हितैषिको रूपमा बारंबार नेपाल आउनु हुने क्रममा सन् १९४७ मा उहाँले श्रीलंकाबाट बुद्धको अस्थिधातु दुई टुक्रा ल्याउनु भई आनन्दकुटी विहारको प्रांगणमा लंकाराम चैत्य स्थापना गरी वर्षको एकपटक सावर्जनिक प्रदर्शन गर्ने निर्णयका साथ त्यस चैत्यको गर्भमुनी राख्न लगाउनु भएको थियो । त्यही वर्ष उहाँले श्रीलंककाको अनुराधपुरबाट ल्याउनुभएको बोधिवृक्ष पनि आनन्दकुटी विहार संगैको जंगलमा रोप्नुभएको थियो । तेस्रो पटक नेपाल आगमन हुँदा उहाँले अस्थिधातु राख्न बनाइएको लंकाराम चैत्यको उद्घाटन गर्नुभएको थियो ।

त्यस्तै उहाँसँगै सद्भावना मण्डलको सदस्यको रूपमा आउनु हुने भिक्षु पियदस्सीले पनि नेपालमा बुद्धधर्म प्रचारको काममा संलग्न हुन धेरैपटक नेपालमा आउनुभएको थियो । नेपालमा विभिन्न ठाउँमा प्रवचनको रूपमा बौद्ध परियत्तिका विद्यार्थीहरूलाई धर्म अध्ययनमा प्रेरणा दिनेकार्य गर्नुभएको थियो । श्री लंकाका नारद थेर र पियदस्सी भन्तेको नेपालप्रतिको सद्भावना स्वरूप श्रीलंका सरकारले थेरवाद पुनर्जागरणको प्रारम्भकालदेखी हालसम्म पनि नेपालीहरूलाई बुद्धधर्म र औपचारीक शिक्षाको लागि छात्रवृत्ति दिई श्रीलंकाका विभिन्न पिरिवेण र विश्वविद्यालयमा अध्ययनको सुअवसर प्रदान गर्दै आइरहेको छ । यसरी नेपालमा थेरवाद पुनर्जागरणको लागि श्रीलंकाले महत्वपूर्ण योगदान दिनुभएको छ ।

### ४. अखिल नेपाल भिक्षु महासंघको स्थापना

वि.सं २००७ सालमा नेपालमा प्रजातन्त्र आएपछि देश निकाला गरिएका भिक्षुहरू नेपालमा फर्कने क्रम शुरु भयो । भिक्षुसंघमा सदस्यहरूको संख्या उल्लेखनीय मात्रामा पुगिसकेपछि त्यसलाई संस्थागत गर्न एउटा औपचारिक संघको आवश्यकता महशुस गरियो । प्रजातन्त्रको प्राप्ति भएको वर्षमा नै वि.सं २००७ मा अखिल नेपाल भिक्षु महासंघ नाममा स्थविरवादी भिक्षुहरूको एक महासंघ स्थापना भयो ।



https://dhamma.digital

नेपालमा अखिल नेपाल भिक्षु संघको स्थापनाले सबै नेपालीहरूलाई बुद्धधर्मको नेतृत्व गर्नको लागि मार्ग प्रशस्त गरेको छ। नेवार जातिमा शाक्य, बज्राचार्य, उदास, मानन्धर, महर्जन, तण्डुकार, चित्रकार आदिका साथै अन्य जनाजातिमा तामाङ, गुरुङ, मगर आदि कुलका साथै ब्राम्हण र क्षेत्री जातिका कुलपुत्रहरूले पनि प्रव्रजित हुनथाले जसबाट बुद्धशासनलाई बलियो आधार बन्दैगयो । यसप्रकार समावेशि नीतिलाई थेरवादी बौद्ध परम्पराले शुरुदेखी व्यवहारमा ल्याएको पाइन्छ ।

## ५. नेवार समुदायमा आफुलाई बौद्ध हुँ भन्नमा गौरव भावना

वि.सं २००७ सालमा नेपालमा जहानीया शासनको अन्तभई प्रजातन्त्रको उदय भएको लगत्तै नेपालका बौद्ध समुदायमा पनि तिव्र परिवर्तनहरू आयो । प्रजातन्त्र स्थापना संगै पुनर्जागरित थेरवाद बुद्धशासनबाट पनि तिव्रगतिमा धर्म प्रचारप्रसार गर्ने कार्यको थालनी भयो। नेपालका बौद्ध जातिका रूपमा रहेका बज्राचार्य, शाक्यका साथै अन्य नेवार जातिहरूले यस कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। त्यतिबेला तुलाधर जातिका व्यवसायीहरू तिब्बतमा व्यवसाय गर्न जाने चलन थियो। त्यहाँ व्यवसाय गरेर बस्नुभएका व्यापारीहरूबाट पनि नेपालमा थेरवाद बुद्धशासनको लागि नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो । पुनर्जागरण पछिको थेरवाद बुद्धशासनमा सर्वप्रथम संघनायक हुने मौका प्राप्त गर्नुभएका प्रज्ञानन्द महास्थविर ईतुंबहालको उदास (तुलाधर) समुदायबाट प्रव्रजित हुनुभएको थियो।

त्यस्तै अनागारिकाको रूपमा महिलाहरूलाई शिक्षा तथा धर्ममा जागरण ल्याउने कार्यमा अग्रणी भिक्षुणी धर्मचारी थिइन् । प्रव्रजित हुनु अगाडि धर्मचारी असनका तुलाधर परिवारकी छोरीबेटी लक्ष्मीनानी थिइन् भने विवाह पछि उनी इटुंबहालको बनिया परिवारकी बुहारी थिइन्।

त्यस्तै गृहस्थहरूमा पनि भाजुरत्न कसाः, योगविरसिंह कंसाकार, मणिहर्ष, ज्ञानज्योति, सानुरत्न स्थापित, लोकरत्न उपासक आदि सबै



https://dhamma.digital

तुलाधर समुदायका थिए। यो समुदाय बौद्ध जागरणप्रति जागरुक भएको फलस्वरूप नेपालका अन्य समुदायलाई पनि बौद्धजागरणमा प्रेरित गर्ने काम भयो। विशेष रूपले बुद्धशिक्षाको बारेमा अनभिज्ञ भएको कारणले बुद्धधर्मलाई आफ्नै धर्म हो कि होइन भन्ने अन्यौलमा रहेका मानन्धर, चित्रकार, महर्जन, तण्डुकारहरू पनि बुद्धको शिक्षाबाट प्रभावित भएर हामी बौद्ध हौं भन्नमा गौरव हुने वातावरण बनेको थियो।

## ६. नेपालको बौद्ध जगतमा चतुपरिषदको भूमिका

भगवान् बुद्धले बुद्धधर्मलाई निरन्तरता दिइराख्नको लागि चतुपरिषदको महत्वलाई प्रकाश पार्नुभएको थियो। नेपालमा पनि पुनर्जागरण कालदेखी नेपालका विभिन्न समुदायबाट भिक्षु भिक्षुणीहरू बन्ने कम रहेको छ। हाल भिक्षुणी शासनको सट्टा अनागारीका गुरुमा भन्ने चलन छ। थेरवाद बुद्ध शासनको लागि महत्वपूर्ण योगदान दिने धेरै भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूले महत्वपूर्ण योगदान दिएर जानु भएको छ र यो कमको निरन्तरता भई नै रहेको छ। नेपालका अग्रज भिक्षुहरूमा भिक्षु महाप्रज्ञा, भिक्षु प्रज्ञानन्द, भिक्षु शाक्यानन्द, भिक्षु अनिरुद्ध, भिक्षु धर्मालोक, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु बुद्धघोष, भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, भिक्षु सुद्धर्शन, भिक्षु ञाणपुणिक आदि।

अनागारिका गुरुमाहरूमा अनागारिका रत्नपाली, धर्मपाली, संघपाली, धर्मचारी, शुशीला, धम्मवती, माधवी, सत्यशिला, ञाणशीला, धम्मदिना, उत्पलवर्णा, कमला आदि।

उपासकहरूमा भाजुरत्न कंसाकार, मणिहर्ष ज्योति, ज्ञान ज्योति कंसाकार, राजमान डंगोल, महारत्न, ज्ञानमान शाक्य, लोकरत्न, तीर्थनारायण मानन्धर आदि।

उपासिकाहरूमा ......चम्पावती बनिया, बद्रीमाया मानन्धर, कयो अजि, मिठाइ अजि, ल्यासे अजि, नानीमैंया मानन्धर आदि।

यी चतुपरिषद्हरू नै थेरवाद बुद्धशाशनको मुख्य जनशक्ति हो।



https://dhamma.digital

## ७. विहारहरूको निर्माण र धार्मिक गतिविधिहरूको विकास

थेरवाद बुद्धधर्म व्यापक प्रचार हुँदै आएपछि भिक्षुहरूको संख्या पनि बढ्न थाल्यो । अनि भिक्षुहरू बस्नको लागि आवश्यक विहारहरूको निर्माण हुने कार्यको पनि थालनी भयो ।

बौद्ध विहारको कुरा गर्दा नेपालको थेरवाद पुनर्जागरणकालमा स्वयम्भूको दक्षिणमा अवस्थित किण्डोल विहार र किण्डोल उपासिकारामलाई पहिलो थेरवादी गतिविधि भएको विहारको रूपमा लिन सकिन्छ । पछि भिक्षु धम्मालोकबाट स्वयम्भू डाँडाको दक्षिणपत्ति रहेको ठाउँमा आनन्दकुटी विहार स्थापना गर्नुभयो । यसरी विहार निर्माण कार्य पछि उपत्यकाका विभिन्न ठाउँमा तथा उपत्यका बाहिर पनि विहारहरू क्रमशः बन्न थाल्यो ।

युवा भिक्षुहरूको संख्या वृद्धिसंगै विहारहरूको उल्लेखनीय वृद्धिहुने क्रम पनि शुरु भयो । किम्डोल र आनन्दकुटीमा मात्र सीमित भिक्षुहरूले उपत्यकाका अन्य ठाउँमा पनि विहारको व्यवस्था गर्दै जानुभयो । प्रारम्भिक दिनमा पुराना बौद्ध स्थल तथा सार्वजनिक ठाउँ आदिमा पुराना संरचनाहरूको जिर्णोद्धार गरेर भिक्षुहरू उक्त ठाउँमा बस्ने अनुकूल बनाउने काम भयो । काठमाडौंमा भिक्षु सुदर्शन महास्थविरबाट गणमहाविहारको जिणोद्वार गर्नुभयो । त्यस्तै भाजुरत्न साहुको प्रयासबाट काठमाडौंको मुटु नघःलमा

श्रीघः विहार स्थापना भयो । त्यस्तै ललितपुरमा श्री सुमंगल विहार, शाक्यसिंह विहार, मणिमण्डप विहार, भक्तपुरमा बौद्ध समकृत विहार, मुनी विहार, बनेपामा सुदर्शन विहार, चन्द्रकीर्ति विहार आदि ठाउँहरूमा भिक्षुहरू बस्नुभई दैनिक धार्मिक कार्यकलापमा संलग्न हुनुभयो । उपत्यका बाहिर बुटवल, पनौति, पोखरा, तानसेन, लुम्बिनी, कपिलवस्तु, नारायणघाट, हेटौंडा, वीरगंज, त्रिशुली, भोजपुर, चैनपुर, बागलुंग, चत्तरा, धरान, धनगढी, उर्लावारी, विराटनगर, झापा आदि ठाँउमा विहारहरू बन्ने र धार्मिक गतिविधि शुरु हुने क्रम जारी भयो ।



https://dhamma.digital

विहारहरू बनाउने तथा सञ्चालन गर्नेमा विशेष योगदान दिनुहुने भिक्षुहरूमा भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु अमृतानन्द, भिक्षु अनिरुद्ध, भिक्षु बुद्धघोष, भिक्षु अश्वघोष, भिक्षु सुमंगल, भिक्षु सुदर्शन, भिक्षु कालुदायी, भिक्षु ज्ञानपुर्णिक, भिक्षु मैत्री, भिक्षु, बोधिसेन, भिक्षु गुणघोष, भिक्षु शीलभद्र लगाएत अन्य भिक्षुहरूले पनि अग्रणी भूमिका खेल्नुभएको थियो ।

भिक्षुहरूमात्र नभई नेपालको थेरवाद शासनलाई अभिवृद्धि गर्न विभिन्न स्थानमा विहारहरू निर्माणमा अनागारिका गुरुमाहरूले पनि अग्रणी भूमिका खेल्नुभएको छ । विशेष रूपले अनागारिका धम्मवतीले आफ्नो वाकसिद्धि प्रवचनले उपासक उपासिकाहरूको मन जितेर उपत्यकाको मुटुमै धमकीर्ति विहार निर्माण गर्नुभयो । उहाँले ध्यानकेन्द्रको रूपमा अन्तर्राष्ट्रिय ध्यानकेन्द्र शंखमोल, बनेपाको ध्यानकुटी विहार निमार्णमा पनि विशेष योगदान दिनुभएको थियो । धर्मकीर्तिकै शाखाको रूपमा, सुलक्षणकीर्ति, बसुन्धरा विहार, लुम्बिनीमा गौतमी विहार आदि विहारहरू निर्माण गर्नुभयो । विभिन्न बौद्ध गतिविधि संचालन गरी युवाहरू तथा उपासक उपासिकाहरूमाझ सर्वाधिक लोकप्रिय गुरुमाको रूपमा उहाँ प्रतिष्ठित हुन सफल हुनुभयो ।

## ८. प्रारम्भिक बौद्ध कार्यक्रम र गतिविधिहरू

थेरवाद शासनको पुनर्स्थापनासँगै थेरवाद परम्परा अन्तर्गतका विभिन्न संस्कृति, संस्कार र पर्वहरू पनि शुरु हुँदै गयो । जन्मले मात्र बौद्ध भनिरहेकाहरूलाई कर्मले नै बुद्धको शिक्षालाई अंगिकार गराउनको लागि थेरवादी भिक्षु तथा संस्थाहरूले महत्वपूर्ण भूमिका निभाउनुभयो ।

### बुद्धपुजा र धर्मदेशना

थेरवाद शासनको जग बलियो हुँदै गएको क्रममा बुद्धधर्म प्रचार प्रसारलाई तिव्रता दिने कार्यमा सर्वप्रथम नेपालका विभिन्न ठाउँमा विभिन्न कार्यकलाप हुँदैगयो । त्यस क्रममा सबभन्दा पहिलाको कार्यक्रम थियो विभिन्न स्थानमा बुद्धपूजा र धर्मदेशनाको कार्यक्रम । पहिलो



https://dhamma.digital

गतिविधिको रूपमा विभिन्न ठाउँमा, टोलमा बुद्धपुजा र धर्म देशनाको कार्य र त्यस पश्चात धर्मदेशनाको कार्यक्रम गर्ने क्रम शुरु भयो । त्यसबेला मानिसहरू बुद्धलाई पुजागर्दा अन्य देवी देवताहरूलाई जसरी अक्षता, फूल, नैबैद्य चढाएर मात्र पुजा गर्दथे। त्यस परम्परालाई थेरवादी भिक्षुहरूले केही परिवर्तन गरी नौवटा बुद्धगुण, छवटा धर्मगुण र नौवटा संघ गुणलाई प्रकाश गर्दै किस्तिमा पुष्प धुप, अन्न, फलफूल, बत्ति आदि राखेर चारैतिर उपासकहरू उभिएर पालैपालो त्यस किस्तिलाई एकले अर्कोलाई हस्तान्तरण गर्दै अन्तमा बुद्ध प्रतिमा अगाडि व्यवस्थित रूपले राखेर सबै बसेर त्रिशरण र पञ्चशील ग्रहण गर्ने र तत्पश्चात सबै बसेर जलपुजा, खाद्यपुजा, धूपपुजा, पुष्पपुजा आदिका पालि वाक्य वाचन गरेर पुजा सम्पन्न गर्ने परम्पराको थालनी भयो ।

त्यसपछि भिक्षु वा अनागारिकाहरूबाट बुद्धका शिक्षाको बारेमा धर्मदेशना गर्ने कार्य गरी सबैलाई धर्मको बारेमा अववोाध गराउने कार्य गर्दै लग्नुभयो । पुण्य कार्यपछि पुण्यानुमोदन र दान प्रदानको कार्यगर्ने एउटा नौलो परम्पराको शुरुवाट भयो । यसप्रकार बुद्ध पुजा र धर्म देशनाको कार्यक्रमको निरन्तरताले जनमानसलाई बुद्धशिक्षाबारे जानकारी प्राप्त गर्ने महत्वपूर्ण अवसर प्राप्त भयो । त्यस्तै पञ्चशील पालन बुद्धधर्मको न्यूनतम चर्या भन्ने बारेमा पनि ज्ञान भयो ।

बुद्धको नाउँमा पुजाआजा मात्र गरिने समुदायलाई सार्वजनीन शिक्षाको रूपमा रहेको बुद्धशिक्षा प्राप्त भयो । यसबाट मानिसहरूले नैतिक आचरण, चित्तको एकाग्रताको अभ्यासबाट जीवनलाई महत्वपूर्ण उपलव्धि भएको महशुस गर्न थाले । उपत्यकाका टोल टोलमा मात्र नभई गाउँ गाउँमा र पछि उपत्यका बाहिर पनि बुद्धपुजा र धर्मदेशनाका कार्यक्रमहरू शुरु हुँदै गयो । फलस्वरूप उपत्यकाका गाउँहरूमा र उपत्यका बाहिर पनि धर्म प्रचारका वातावरण बनाउने कार्यमा भिक्षुहरू, अनागारिकाहरू, उपासक तथा उपासिकाहरू लाग्न थाले ।

केही निश्चित समुदायमा मात्र केन्द्रित बुद्धशिक्षालाई सार्वजनीन गर्ने अभियानको रूपमा विभिन्न ठाउँमा बुद्धपूजा, धर्मदेशना,



https://dhamma.digital

महापरित्राणपाठ आदि कार्यक्रमहरू काठमाडौ उपत्यका तथा उपत्यका बाहिरका ठाउँमा पनि हुन थाल्यो । धर्मको नाउँमा मात्र पुजाआजा र कर्मकाण्डमा अल्झिरहेका मानिसहरू माझ प्रज्ञाज्ञान युक्त जीवनोपयोगी उपदेशहरूको निरन्तरताले अन्धकारमा रुमल्लिरहेका जनमानसमा एक किसिमको मानसिक उत्सुकता जगाउने काम गर्‍यो । कुनैपनि जाति, वर्ग, वर्ण, लिंग र समुदायको भेदभाव नरहेको त्यस गुणधर्मको महिमा नेपाली जनताहरू बीच छोटो समयमै अवगत हुन पुग्यो । अझ नेपालका विभिन्न जातजातिका कुलपुत्र र कूलपुत्रीहरू प्रव्रजित हुने क्रमले बुद्धधर्म सबैको साझा धर्मको रूपमा प्रस्तुत हुन पुग्यो ।

## ९. थेरवाद बौद्ध संस्कृति, संस्कार र पर्वहरू मनाउने नयाँ परम्परा

### बैशाख पूर्णिमा वा बुद्धजयन्ती महोत्सव

सिद्धार्थको जन्म, बुद्धत्वलाभ र बुद्धको महापरिनिर्वाण भएको त्रिसंयोग दिन बैशाख पूर्णिमालाई भव्य रूपमा मनाउने चलन नेपालमा भोजपुरबाट शुरुभएको थियो । काठमाडौं उपत्यकामा सार्वजनिक समारोहको रूपमा २०११ सालमा राजा त्रिभुवनको अध्यक्षतामा स्वयम्भूको भुईखेलमा बुद्धजयन्ती मनाउने कार्यको थालनी भएको थियो । पछि यस महत्वपूर्ण समारोहलाई संस्थागत रूपमा मनाउन बुद्ध जयन्ती समारोह समिति गठन भयो । उक्त समारोह समितिले आनन्दकुटी विहारमा बिहानदेखि बुद्धपूजा, अस्थिधातुको प्रदर्शन र सर्वसाधारणलाई क्षीर भोजन तथा दिउँसो सार्वजनिक सभागर्ने कार्यको शूरुवाट हुन थाल्यो । त्यस सार्वजनिक सभामा सरकार प्रमुख वा प्रधानमन्त्रिलाई मुख्य अतिथिको रूपमा निम्त्याएर अन्य बौद्ध देशका राजदुतहरूलाई विशेष अतिथीको रूपमा निमन्त्रणा गर्ने कार्य र प्रत्येक तिन बर्षमा एकचोटी राष्ट्राध्यक्ष वा राजालाई नै निम्त्याएर सार्वजनिक सभा मनाउने चलनको शुरुवाट भएको थियो । प्रत्येक तीन वर्षमा आनन्दकुटीमा भएको अस्थिधातुलाई काठमाडौं शहर परिक्रमा गराउने कार्यपनि निरन्तर रूपमा सम्पन्न भइरहेको छ । विगत केहि वर्षदेखि बुद्धजयन्ती समारोह



https://dhamma.digital

समितिबाट नेपालका विभिन्न जिल्लाहरूमा पनि बुद्धजयन्ती मनाउने प्रचलनलाई बढावा दिन बैशाख पूर्णिमाको दिनको लागि भिक्षुहरू तथा अनागारिकाहरू पुग्ने व्यवस्था पनि गर्दै आइरहेको छ ।

### आषाढ पूर्णिमा महोत्सव

आपाढ पूर्णिमा पनि बौद्धहरूको लागि महत्वपूर्ण पर्वको रूपमा मान्ने चलन विभिन्न बौद्ध देशहरमा रहेको छ । यस दिन भगवान बुद्धको जीवनका महत्वपूर्ण घटना भएको दिनको रूपमा लिन्छ । बोधिसत्वको गर्भ प्रवेश, महाभिनिष्क्रमण, सर्वप्रथम धर्मदेशना वा धर्मचकप्रवर्तन, यमक प्रातिहार्य देखाउनु भएको, अभिधर्मको देशना, वर्षावास प्रारम्भ तथा प्रथम संगायनको शुरुवाट भएको महत्वपूर्ण योग भएको उक्त दिनलाई आषाढ महोत्सवको रूपमा नेपालका विभिन्न ठाउँहरूमा धुमधामका साथ मनाउन चलन पनि चल्दै आइरहेको छ । त्यआषाढ पूर्णिमाको दिनलाई भव्य उत्सवको रूपमा मनाउन उपत्यका तथा उपत्यका बाहिरका विहारहरूमा विभिन्न कार्यकमहरू गरिंदै आइरहेको छ । वि.स. २०४० सालमा गणमहाविहारबाट समिति नै निर्माण गरी केहीवर्ष भगवान बुद्धको मूर्तिलाई हात्तिमा राखी नगर परिकमा गर्ने परम्परा शुरु गरेको थियो । तर यो परम्परा केहि वर्षमात्र भयो । त्यसदिन विभिन्न विहारमा धर्मचक सुत्रको देशना, प्रवचन कार्यकम आदिको निरन्तरता भइरहेको छ ।

### शस्त्रपरित्याग दिवस

बुद्ध सासनलाई महत्वपूर्ण योगदान दिनुहुने ई.पू तेस्रो शताव्दीका मौर्य सम्राट अशोक शुरुमा धेरै चण्ड स्वभावको थियो । तर श्रामणेर निग्रोध र भिक्षु मोग्गलिपुत्ततिस्सको उपदेशबाट धर्मप्रति श्रद्धालु भई धर्माशोक हुनुभयो । उहाँले कलिंगयुद्धमा मारिएका मानिसहरूको विभत्स लाश देखेर र बुद्धबचनको प्रभावले युद्ध प्रति विरक्तिएर आइन्दा आफ्नो साम्राज्य बढाउने उद्देश्यले लडाई नलड्ने प्रणगरी शस्त्र त्याग गरेको थियो जसलाई विजयादशमी पनि भनिन्छ । उक्त दिनलाई बौद्धहरूको



https://dhamma.digital

मान्यता अनुसार शस्त्रपरित्याग परित्याग दिवसको रूपमा मनाउने चलन पनि शुरु भयो । यस दिनको अवसरमा नेपालका केहि बौद्धहरूले २०५० देखि शस्त्रपरित्याग दिवस मनाउने चलन प्रारम्भ गरेको थियो । युवा बौद्ध समूहबाट संघाराम विहारमा उक्तदिनको महत्वलाई प्रचार गर्ने हेतुले एक प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो । त्यससाल देखी विभिन्न ठाउँमा यो दिवस मनाउने चलन रह्यो । शस्त्रपरित्याग दिवसको सकारात्मक प्रभावको रूपमा हिन्दुहरूको महानपर्वको रूपमा रहेको दशैंको विजया दशमी पर्वमा पनि हिंसामय दसैं मनाउने कार्यलाई बन्द गर्नुपर्छ भन्ने जागरुक हिन्दुहरूले समेत आवाज उठाउन थालेको छ । बौद्ध क्षेत्रमा शस्त्रपरित्याग दिवस कार्यक्रमलाई निरन्तरता दिने कार्य थेरवाद केन्द्रिय दायक परिषदबाट विभिन्न ठाउँमा मनाउने कार्यगर्दै निरन्तरता दिइरहेको छ ।

**महापरित्राण पाठ तथा अभिधर्म पाठ**

थेरवादको जागरणसँगै परित्राण पाठ र महापरित्राण पाठको प्रचलन शुरु भएको हो । परित्राण पाठको शुरुवाट भगवान् बुद्धको पालामा नै भएको कुरा वैशालीमा दुर्भिक्ष हुँदा भगवान्ले भिक्षु आनन्दलाई रत्न सुत्रको पाठ गर्न लगाएको घटनाले प्रष्ट गर्दछ । सामान्यत साना ११ वटा सुत्रहरूको वाचन जुन भिक्षुहरूले बुद्धपुजा, भोजन निमन्त्रणा आदिको समयमा गरिन्छ त्यसलाई चुल परित्राण पाठ गर्ने भनिन्छ । औपचारिक रूपमा मण्डप बनाएर उत्सवका साथ अहोरात्र वा पुरा दिन लगाएर गरिने चतुभाणवारमा भएका ३२ वटा साना र ठुला सुत्रहरूको पाठलाई महापरित्राण भनिन्छ । शुरुमा महापरित्राण पाठ अहोरात्र गर्ने चलन थियो । तर पछि बिहान शुरु गरी साँझसम्म गर्ने चलन भयो ।

थेरवाद पुनर्जागरणपछि महापरित्राण पाठ गर्ने चलन सबभन्दा पहिला भिक्षु अमृतानन्द महास्थविरको नेतृत्वमा वि.सं १९९८ मा स्वयम्भू पर्वस्थानमा भएको थियो । हिन्दुधर्ममा गरिने यज्ञ परम्परा तथा बज्रयान बुद्धधर्ममा पञ्चरक्षा पाठ गरेको देखिरहेका र सुनिरहेका बौद्धहरूको लागि महापरित्राण एक नौलो परम्परा जस्तो भयो । तर



https://dhamma.digital

पछि बुद्धद्वारा देसित सुत्रहरूको वाचन हुने यस कार्यक्रम छोटो समयमा नै लोकप्रिय हुन थाल्यो । प्रत्येक थेरवादी बौद्धहरू विभिन्न निमित्तमा परित्राण गर्न श्रद्धा उत्पन्न गर्न थाले । राणाकालमा बुद्धधर्ममाथि अन्याय भएको थियो । राणाशासन पतन भएको लगत्तै त्रिभुवन राजाको पालामै तत्कालीन राजपरिवारहरूको आयोजना तथा भिक्षु अमृतानन्दको पहलमा नारायणहिटी राजदरवारमा समेत महापरित्राण पाठ भएको थियो । तत्पश्चात प्रत्येक राजाको जन्मदिनमा आनन्दकुटी विहारमा परित्राण पाठ गर्ने चलन नेपालमा राजतन्त्र कायम रहेसम्म अनवरत रूपले भएको थियो ।

महापरित्राणको लोकप्रियता वर्तमान समयमा निकै बढेको छ । काठमाडौं, भक्तपुर, ललितपुर बाहिक उपत्यकाको बाहिर बनेपा, धुलिखेल, पनौति, रानीपौवा, त्रिशुली, तानसेन, पोखरा, नारायणगढ, हेटौंडा, धरान, विराटनगर, उर्लावारी लगाएत पूर्व नेपालदेखि पश्चिम नेपालका विभिन्न जिल्लाहरूमा महापरित्राणको पाठको कार्यक्रम संचालन हुँदै गयो ।

अन्य कार्यक्रम भन्दा महापरित्राणको कार्यक्रमले भगवान बुद्धको मूल सुत्रहरूको बारेमा प्रत्यक्ष जानकारी प्राप्त गर्ने मौका जनमानसलाई प्राप्त भयो । पालि भाषामा वाचन गरिने परित्राणको नेपालभाषामा पनि अनुवाद गरेर बुझाउने क्रमले शुद्ध बुद्धवचनको श्रवणसँगै त्यसमा अन्तर्निहित गम्भीर विषयवस्तुकोबारेमा पनि जानकारी प्राप्त गर्ने सुअवसर जनमानसलाई प्राप्त भयो । अनागारिका गुरुमाहरूबाट समेत महापरित्राण पाठको आयोजना गर्दा परित्राणको महत्वको बारेमा सुत्रहरूसँगै अर्थहरू पनि बताउने कार्यबाट अझ बढी मानिसहरूले परित्राणको महत्व बुझ्ने अवसर मिल्यो ।

हिन्दु परम्परामा र बज्रयान बौद्ध परम्परामा वाचन गरिने संस्कृतका मन्त्रहरू, स्त्रोत्र पाठ तथा पञ्चरक्षा सुत्रहरूको श्रवण गर्ने परम्परा चलाउँदै आएका नेपाली बौद्धहरूको लागि बुद्धको श्रीमुखबाट वाचन गरिएका पालि भाषाका सुत्रहरूले सकारात्मक प्रभाव पारेको देखिन्छ । यसकोबारे नेपालका प्रथम संघनायक भिक्षु प्रज्ञानन्द



https://dhamma.digital

महास्थविरले परित्राण पुस्तक प्रकाशित गर्नुभयो । पुस्तकमा आफ्नो भनाइमा महापरित्राणबाट उपासक उपासिकाहरूलाई प्रत्यक्ष लाभ भएको कुरा लेख्नुभएको छ । परित्राण श्रवणबाट मनलाई शान्त र आनन्दित पारेको अभिव्यक्तिले परित्राणको परम्परा विकास हुँदै गयो । नेपालको इतिहासमा ज्ञानमाला पछि धेरै पटक छापिने पुस्तकको रूपमा परित्राण पुस्तक प्रसिद्ध भयो ।

नेपालमा भगवान् बुद्धको गम्भीर धर्म दर्शन अभिधर्म पाठ गर्ने चलनको प्रारम्भ धर्मकीर्ति विहारबाट श्रद्धेय धम्मवती गुरुमांको अगुवाइमा शुरु भएको छ । सर्वप्रथम धम्मवती गुरुमांको ६५ औं जन्मोत्सवको उपलक्ष्यमा वि.सं. २०५६ साल श्रावण ७ गतेदेखि ७ दिनसम्म भिक्षुसंघकोतर्फबाट अभिधर्म पाठ गराउने चलन शुरु भएको हो । धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्ष्यमा हरेक वर्ष अभिधर्म पाठ गर्ने कार्यक्रम अटुट रूपले निरन्तर अघि बढ्यो । पछिबाट विशेषतः धर्मकीर्ति विहारका उपासक धन बहादुर नकर्मिको प्रयासमा धर्मकीर्ति विहार बाहेक अन्य स्थानहरूमा पनि अभिधर्म पाठ गराउने अभियान थालियो । शुरुमा भिक्षुसंघबाट मात्र अभिधर्म पाठ भइरहेकोमा पछिबाट अनागारिका गुरुमांहरूबाट पनि अभिधर्म पाठ गर्ने चलन शुरु गरियो ।

वर्तमान समयमा नेपाली बौद्ध समाजमा विशेषत नेवार बौद्ध समुदायमा विशेष अवसरहरूलाई लिएर महापरित्राण पाठ तथा अभिधर्म पाठ गराएर दानधर्म आदि पुण्य कार्य गर्ने प्रचलनको लोकप्रियता बढ्दै आएको देखिन्छ ।

**कथिन चीवर दान**

थेरवाद परम्पराको महत्वपूर्ण उत्सवको रूपमा कथिन चीवर दानको परम्परा पनि एक हो । थेरवादको पुनर्जागरणकालमा कथिन चीवर दानको परम्परा त्यति थिएन । तर भिक्षु सुदर्शन महास्थविरबाट कीर्तिपुरमा गरिएको ऐतिहासिक कथिन उत्सवबाट यसको महत्व सबैले बुझ्ने मौका प्राप्त भयो । त्यस ऐतिहासिक कथिनदानपछि उपत्यकाका विहार तथा उपत्यका बाहिरको विहारहरूमा महत्वपूर्ण उत्सवको रूपमा



https://dhamma.digital

मनाउने चलन चल्यो । थेरवादी परम्परामा आषाढ पूर्णिमादेखि आश्विन पूर्णिमासम्म वर्षादको महिना हुने भएकोले भिक्षुहरू यताउता नगइकन तीन महिनासम्म एउटै विहारमा बसेर गुणधर्म पालनगर्ने परम्परालाई वर्षावास भनिन्छ । भिक्षुहरूको वरिष्ठताको मापदण्डको मापन, कुनै भिक्षु कतिचोटी वर्षावास बसेको छ त्यसको आधारमा गरिन्छ। भगवान् बुद्धको समयदेखि चलनचल्तीको यो विनय नियमलाई प्रत्येक थेरवादी देशहरूमा अद्यापि निरन्तरता भइरहेको छ । वर्षाबासको समाप्तिपछि चीवर दान दिने उत्सवलाई कठिन उत्सव भनिन्छ। नेपालमा पनि यस परम्पराको शुरुवाट थेरवादी भिक्षुहरूको प्रादुर्भावदेखि निरन्तर रूपमा भइरहेको छ ।

कथिन चीवरको वास्तविकता जनमानसलाई बुझाउन कीर्तिपुरमा बि.सं २०३१ कार्तिकमा भिक्षु सुदर्शन महास्थविरको नेतृत्वमा गरिएको कथिनदान ऐतिहासिक बन्यो । यसको कारण एकैदिन कपासलाई धागो बनाई, धागोलाई तानमा राखेर कपडा बुनी, त्यसलाई रंगाई, सिलाई गरी एकैदिनमा चीवर निर्माण गरी कठीनपूर्वक चीवर दानदिने कार्य सम्पन्न भएको थियो ।

विशेष रूपले वर्षावास समाप्त भएको एकमहिना थेरवादी उपासक उपासीकाहरू भिक्षुसंघ तथा अनागारीकाहरूलाई दानदिने उत्सबको रूपमा लिने गरेको छ। हाल एकजना मात्र दाता वा परिवारले मात्र नभई समूहमा मिलेर उपासक उपासिकाहरूले कठिनोत्सव गर्ने परम्पराले सामान्यत सबैले पुण्य गर्न चाहनेहरूको लागि अवसर मिल्ने भएको छ ।

कथिन उत्सबले नेपालको सम्बन्ध विदेशी बौद्धहरू संग परिष्कृत गर्न मौका प्रदान गरेको छ । विभिन्न बौद्ध देशका उपासक उपासिका अझ राज्यस्तरबाट समेत नेपालका विभिन्न विहारमा कठिनोत्सबको दाताको रूपमा कार्यक्रम आयोजना गर्ने क्रम पनि बढिरहेको छ । यसलाई सुखद कुराको रूपमा लिनुपर्दछ। थाईलैण्ड, मलेशिया, म्यानमार, हंगकंग, जापान आदि ठाउँबाट नेपालमा कथिनोत्सब मनाउने परम्परा



https://dhamma.digital

शुरु भैरहेको अवस्था छ । यस अन्तर्गत शाक्यसिंह विहार, नगरमण्डप श्रीकीर्ति विहारमा र मुनिविहार भक्तपुमा थाईलैण्डका संघराजको तर्फबाट धेरैपटक कथिनोत्सब मनाउने कार्य भैसकेको छ । विश्वशान्ति विहारमा धेरैजसो मलेशियाका उपासक उपासिकाहरू आउनुभइए कथिनोत्सब मनाउने कार्य निरन्तररूपमा भइरहेको छ ।

**आयु संस्कार परित्याग दिवस**

भगवान् बुद्धले आफ्नो परिनिर्वाणको ठीक तीन महिना अगाडि माघपूर्णिमाको दिन आयु संस्कार परित्याग गर्नुभई तीन महिना पछि ८० वर्षको उमेरमा महापरिनिर्वाण हुने घोषना गर्नुभएको थियो । यसै दिनको सम्झनामा नेपालमा आयुसंस्कार परित्याग दिवसको रूपमा मनाउने परम्परा करीब बि.सं २०५५ तिरबाट शुरु भएको छ । गणमहाविहारमा भिक्षु सुबोधानन्द महास्थविरको अध्यक्षतामा र ज्ञानमान शाक्यको पहलमा भएको यसकार्यको लागि न्युरोडका भ्वाईस अफ रेडियो परिवारका न्हुछेरत्न शाक्य तथा दिलरत्न शाक्यको प्रायोजकत्वमा आयुसंस्कार परित्याग दिवश मनाउने चलनको शुरुवाट भएको थियो । यस कार्यक्रम मार्फत भगवान्बुद्धको आयुसंस्कार परित्यागको सन्दर्भमा घटेका घटना र यसदिनको महत्व प्रकाश पार्ने हिसाबले पुस्तिका प्रकाशन गरी वितरण पनि गरिएको थियो । यस कार्यक्रम शुरुका चारवर्ष जति भगवान् बुद्धको मूर्तिलाई नगर परिक्रमा गराई मनाउने कार्य भएको थियो । हाल यस कार्यक्रमको निरन्तरता नगदेश ठिमीका कृष्णकुमार प्रजापतिको नेतृत्वमा सम्पन्न भइरहेको छ ।

## १०. संस्कार र चाडपर्वमा थेरवाद बुद्धधर्मको प्रभाव

नेपालका थेरवादी बौद्धहरूमाझ संस्कारहरू गराउने कार्यमा थेरवादको पनि प्रभाव देखापरेको छ । संस्कार कर्म र पर्व मनाउँदा कहिलेकाँहि बुद्धले मार्गनिर्देशन गरेको शील समेतलाई उलंघन गर्नुपर्ने परिस्थितिबाट टाढा रहन थेरवाद परम्पराबाट हिंसारहित पर्व तथा संस्कार कर्मको सम्पादन गर्ने कार्यको शुरुवाट भएको हो । विभिन्न चाडपर्वको



https://dhamma.digital

समयमा हिंसा र बलिदिने पर्वमा थेरवाद बुद्धधर्मको प्रभावको कारणले हिंसाकर्म छोडेर शीलसम्पन्न भई संस्कार कर्म मनाउने क्रान्तिकारी परिवर्तन आएको छ ।

हिन्दुहरूको महान चाड दसैं तथा अन्य देवाली आदि पर्वहरूको समयमा बलि दिने कार्यबाट बौद्धहरू अलग भैसकेको छ। त्यस्तै जन्मँदा, न्वारान गर्दा, व्रतवन्ध, ईहि, बारातयेगु, विवाह, मृत्यु, श्राद्ध आदिलाई सरल रूपले गर्न भिक्षु संघलाई आमन्त्रण गरेर त्यस कार्यको सम्पादन गर्ने प्रवृतिको थालनी भएको छ। केटाहरूको व्रतबन्धको सट्टा विहारमा श्रामणेर बनाएर, केटीहरूलाई बारा तयेगु (गुफा राख्ने) संस्कारको सट्टा ऋषिनी बनाएर विहारमा अष्टशील पालन गराउने कार्यहरू भैरहेको छ । विवाहमा पनि भिक्षु तथा अनागारिकाहरूको अगाडी केटा र केटीले आआफ्नो तवरले पति, पत्निको कर्तव्य निर्वाह गर्छु भन्ने प्रतिवद्धता गराएर विवाह मंगल सम्पादन गर्ने, मृत्युको समयमा मत्तक वत्थ दान दिन लगाउने तथा मृतकको वार्षिकीमा भिक्षुसंघबाट परित्राण पाठ गराएर संस्कार कर्म गर्ने प्रचलन बढ्दो छ । विभिन्न कर्मकाण्ड र विशेष पुरोहितको उपस्थितिमा मात्र गर्नुपर्दछ भन्ने मान्यताबाट पछि हट्दै कुलका थकालीको उपस्थितिमा त्रिशरण, पञ्चशील, र त्रिरत्न वन्दना गरी घरैमा वा विहारमा विभिन्न संस्कारहरू सम्पादन गर्न सकिने कुरालाई विशेषगरी थेरवाद परम्पराका बौद्धहरूले कार्यान्वयन गरिरहेका छन् ।

थेरवाद परम्परामा कसरी संस्कार कर्म गर्ने भन्ने कुरालाई स्पष्ट्याउन भिक्षु अश्वघोष महास्थविर तथा धर्मरत्न शाक्यबाट संस्कार पद्धति र बौद्ध संस्कार पद्धतिको किताव पाठकसामु आइसकेको छ । नेवार बौद्धहरूभन्दा जनजाति बौद्धहरूले यस संस्कार कर्मको पुस्तक अनुशरण गर्ने प्रवृति बढ्दो छ । विशेष गरेर थारु समुदायमा थारु पण्डितहरू, मगर समुदायमा वाप्पाहरूले बौद्ध संस्कार पद्धति अनुसार आफ्नो संस्कार कर्मको तालिम दिने कार्य भइरहेको छ ।



https://dhamma.digital

## ११. बौद्ध तीर्थयात्राको आरम्भ

भगवान बुद्धले आफ्नो जीवनमान कालका चार स्थानलाई चार संवेजनिय स्थल भनेर घोषणा गर्नुभएको थियो । ती ठाउँहरू हुन्:

लुम्बिनी: जहाँ सिद्धार्थको जन्मभयो ।

बुद्धगया: जहाँ सिद्धार्थले बुद्धत्व प्राप्त गर्नुभयो

सारनाथ: जहाँ भगवानले धर्मचक्र प्रवर्तन गर्नुभयो

कुशीनगर: जहाँ भगवानको परिनिर्वाण भयो ।

श्रद्धालुहरू उक्त पवित्र स्थानहरूमा पुगेर धर्मप्रति श्रद्धा तथा धर्म अभ्यासमा प्रेरणा जगाउन सक्ने भनी भगवान् बुद्धले यसलाई दर्शनीय स्थलको रूपमा लिनुभएको थियो । यसै कुरालाई हृदयंगम गरी थेरवाद शासनको शुरुवाटसँगै नेपालका उपासक उपासिकाहरूलाई ती विभिन्न स्थानहरूमा सामूहिक रूपमा तीर्थयात्रा लैजाने परम्पराको शुरुवाट भयो । विशेषरूपले स्वयम्भु ज्ञानमाला भजन खल:का सदस्यहरूको पहलमा पहिलो ऐतिहासिक तीर्थयात्रा २०२३ सालमा सम्पन्न भयो । भिक्षु सुदर्शन त्यसबेला श्रामणेर हुनुहुन्थ्यो । उहाँको नेतृत्वमा ३२५ तीर्थयात्रीहरूलाई १५ दिनसम्म चार संवेजनिय स्थलका साथै भारतका अन्य शहरहरूमा स्पेशल रेलको व्यवस्था गरी तीर्थयात्रा सम्पन्न गरेको थियो ।

यस ऐतिहासिक तीर्थयात्राको सफलता पछि पछिल्ला दिनहरूमा पनि यस्ता तीर्थयात्राहरू सम्पन्न हुँदै गए । वि.सं २०२८ सालको दोस्रो तीर्थयात्रा पहिलोभन्दा समय र संख्याको हिसाबले ठुलो थियो । भिक्षु सुदर्शन र तीर्थनारायण मानन्धरको नेतृत्वमा ५२० तीर्थयात्रीहरू सहभागी भएको उक्त तीर्थयात्रालाई भारत सरकारले समेत स्वागत गरेको थियो । नेपाली तीर्थयात्रीहरूको सम्मानमा तत्कालीन राष्ट्रपति नीलम संजिवा रेड्डी र प्रधानमन्त्री इन्दिरा गान्धी समेतले तीर्थयात्रीहरूलाई भेट्ने काम गरेको थियो । राष्ट्रपति भवनको प्रांगणमा सबै तीर्थयात्रीहरूलाई चियापान गराइएको थियो । त्यस्तै वि.सं २०३४ सालमा भएको तीर्थयात्रामा संख्या ६२८ पुगेको थियो । यसरी यी तीन तीर्थयात्राको



https://dhamma.digital

कार्यक्रमले नेपालका बौद्धहरूलाई बौद्धस्थलहरूसँग परिचित गराउने काममा महत्वपूर्ण भूमिका खेल्यो भने अर्कोतर्फ यसले नेपाल र भारतको सम्बन्ध सुमधुर बनाउन पनि मद्धत गऱ्यो । तीर्थयात्राको यस परम्पराको निरन्तरता पछिका दिनमा पनि थेरवादी भिक्षु तथा अनागारिकाहरूको नेतृत्वमा संचालन हुँदैगइरहेको र हाल आएर भारत बाहेक अन्य बौद्ध देशहरू, श्रीलंका, थाइलैण्ड, म्यानमार, भियतनाम, कम्बोडिया, लाओस आदि ठाउँमा पनि निरन्तर तीर्थयात्राको आयोजना हुँदै गइरहेको छ जसबाट नेपाल र अन्य बौद्ध देशहरूसँग सम्बन्ध राम्रो बन्न सघाइरहेको छ ।

## १२. बौद्ध जागरण कार्यक्रमहरूको शुरूवाट र जनजातीहरूबाट बुद्धशिक्षालाई स्वीकार

नेपालका विभिन्न जनजातीहरू विशेष गरेर तामाङ, गुरुङ, शेर्पा, मगर, थारुहरूमा बुद्धधर्मप्रतिको जागरण कार्यपनि थेरवादको पुनर्जागरणपछि भएको हो । अधिकांस गरिबी र अशिक्षामा बाँच्नु परेका यी जनजातीहरू राज्यको एक धर्मप्रति प्रोत्साहन गर्ने नीतिले क्रमशः हिन्दुकरण हुने क्रममा थियो । तर थेरवाद बुद्धशासन अन्तर्गतका विभिन्न संस्थाहरूले समय समयमा गरेको बौद्ध जागरण कार्यक्रमले उनीहरूले बिर्सिसकेका बौद्ध संस्कारहरूलाई पुनः आत्मसात गर्ने अवसर प्राप्त गऱ्यो ।

त्यस्तै २०४६ असोज १३ गते बुद्धविहार भृकुटी मण्डपमा युवा बौद्ध समूहको आयोजनामा बुद्ध धर्म र थारु समाज विषयक एक प्रवचन कार्यक्रम भएको थियो । भिक्षु अमृतानन्दको उपस्थितिमा भएको उक्त कार्यक्रममा पूर्व महान्यायाधीवक्ता रमानन्द प्रसाद सिंहबाट थेर शब्दबाट थारु भएको हो र थारुहरू बौद्धधर्म मान्ने जाति हो भन्ने कुराको सगौरव घोषणा गर्ने कार्य भयो । उहाँले यस अभिप्रायको एक पुस्तक पनि प्रकाशन गर्नुभयो । उहाँको यस घोषणा पश्चात अन्य धेरै थारु विद्वानहरूले थारु भाषामा बौद्ध साहित्य निर्माण गर्ने कार्य गरे । विशेष रूपमा तेजनारायण पंजियारबाट शाक्यमुनी बुद्ध, त्रिरत्न वनहैन - त्रिरत्न



https://dhamma.digital

वन्दना आदि पुस्तक प्रकाशित गरियो। त्यस्तै सुवोध कुमार चौधरी बाट च्भतगचल या :यगचथब भन्ने थारुहरू शुरुदेखि नै बौद्ध भएको प्रमाण दिई एउटा महत्वपूर्ण पुस्तक प्रकाशित गर्ने कार्य भयो । थारुहरूको प्रमुख बस्ति रहेको सप्तरीको मटिगौडामा एक चैत्य निर्माणको कार्य युवा बौद्ध समूहको पहलमा भिक्षु अश्वघोष महास्थविरबाट २०४९ पौष २४ गते शिलान्यास र वि.सं २०५० चैत्र २४ गते भिक्षु कोण्डण्य बाट उद्घाटन गरेपश्चात त्यसै ठाउँमा महान्यायाधीवक्ता रमानन्द प्रसाद सिंहद्वारा विहार निर्माण कार्य भयो ।

बौद्ध जागरण कार्यक्रमको शुरुवाट काठमाडौंको युवा बौद्ध समूह बाट वि.सं २०४७ सालबाट व्यवस्थित रूपमा शुरुगर्ने कार्यभयो । प्रारम्भकालमा एक वा दुई दिवशीय जागरण कार्यक्रम उपत्यकाको विहारमा शूरु गर्ने कार्य गरिएकोमा पछि उनीहरूका गाउँ गाउँमै गएर जागरण कार्य शुरु गरियो। पछि गएर व्यवस्थित रूपमा कार्यक्रम गर्ने क्रममा सातदेखि दश दिनसम्मको जागरण शिविरको आयोजना गरी बुद्धधर्म बारे सविस्तार रूपमा जानकारी दिने कार्यक्रम गरियो । त्यस कार्यका लागि विशेष गरेर दिवंगत भिक्षु सुदर्शन महास्थविर, भिक्षु अश्वघोष महास्थविरबाट प्रमुख भूमिका खेल्नुभएको थियो । युवा बौद्ध समूहले शुरु गरिएको यस जागरण कार्यमा पछि अन्य बौद्ध संस्थाहरूले पनि यस्ता महत्वपूर्ण कार्य सम्पादन गर्ने कार्य भयो।

जनजातिहरू माझ बुद्धधर्म प्रति चेतना जगाउने महत्वपूर्ण कार्यहरूमा वि.सं २०४७ तिर नेपालका छ जना जनजातीका कुलपुत्रहरूलाई प्रवजित गराई बौद्धदेश थाईलैण्डमा अध्यनार्थ पठाउने महत्वपूर्ण कार्य भिक्षु सुदर्शनको नेतृत्वमा सम्पन्न भयो । उक्त पाँच समूहमा, तामाङ, थारु, मगर जातिका बालकहरूलाई श्रामणेरको दीक्षा दिई अध्ययनार्थ थाईलैण्डमा छात्रवृत्तिको व्यवस्था भएको थियो ।

बौद्ध जनजातिहरूमा बौद्ध जागरण आएको फलस्वरूप आदिकालदेखि बौद्ध जनजातिको रूपमा परिचित हुंदै आइरहेका तर अज्ञानतावस अन्य बाह्य धर्म अंगाल्न पुगेका तामाङ जातिहरूमा आफु



https://dhamma.digital

बौद्ध हो भन्ने भावना प्रवलरूपमा विकास भई बुद्धधर्मको अध्ययन गर्ने, आफ्नो संस्कारहरू फेरी जगाउने कार्य भयो । यसै क्रममा वि.सं २०४९ मा तामाङहरूको बाहुल्य भएको ललितपुरको दक्षिणमा अवस्थित नल्लु भन्ने गाउँको हात्ती डाँडामा एउटा बौद्धचैत्यको स्थापना भयो । तामाङ जातिमा यसरी बुद्धधर्मप्रति अभिरुचि बढाउने कार्यमा विशेषरूपले नेपाल तामाङ घेदुङ का सीताराम तामाङ र पर्शुराम तामाङहरूले महत्वपूर्ण योगदान दिने कार्य गरेको थियो ।

त्यस्तै लुम्बिनीको उत्तरतिर रहेको रूपन्देह जिल्लाका मगर जातिहरूमा पनि बौद्ध जागरण कार्यक्रम बाट आफुहरू बौद्ध हौं भन्ने जागृत भयो । गोरे बहादुर खपाङिग र एम.एस थापा मगरहरूको विशेष पहलमा मगरहरूमा बौद्ध जागरण कार्यक्रम हुँदै गयो । त्यसको नतीजा स्वरूप वि.सं २०५५आश्विन ३ गते विर्तामोडमा आयोजना भएको केन्द्रिय मगर संघको सम्मेलनमा मगरहरू बौद्ध भन्ने घोषणा गरियो । बौद्ध जागरणको कार्यक्रमपछि मगरहरूले बौद्ध संस्कार नै मगरहरूको संस्कार हो भन्ने सन्देश दिने कार्य भयो । यस अभिप्रायको सन्देश मगरहरूको पत्रिका ''लाफा '' मार्फत प्रचार प्रसार गर्ने कार्य भयो ।

## १३ . बौद्ध परियत्ति शिक्षाको विकास

बुद्धभूमि नेपालमा बुद्धशिक्षाप्रति पुनर्जागरण ल्याउने कार्यपनि थेरवादको पुनर्जागरण पश्चातमात्र भएको भन्दा अत्युक्ति नहोला । सर्वसाधारणलाई बुद्धको अमृतमय शिक्षालाई औपचारिक रूपमा दिनेकार्यको शुभारम्भ वि.सं. २०१९ सालमा भयो । परियत्ति स्थापनाको महत्वपूर्ण शुरवाट नेपालको बागमति अंचल नुवाकोट जिल्लाको त्रिशुलीमा भएको हो । वर्षावासको क्रममा तीन महिनाको लागि आइपुग्नुभएका भिक्षु बुद्धघोष महास्थविर समक्ष त्रिशुलीमा बस्नुभएका धर्मरत्न त्रिशुलीबाट बुद्धधर्म अध्ययन गर्नको लागि परियत्ति शिक्षाको संचालनको लागि प्रार्थना गर्नुभएको थियो । अनागारिका सुशिला सहितको पहलमा त्रिशुलीमा परियत्तिको शुभारम्भ भएको थियो । यसरी त्रिशुली नदिको किनारामा अवस्थित सुगतपुर विहार परियत्तिको उद्गमस्थल हुनपुगेको थियो ।



https://dhamma.digital

अखिल नेपाल भिक्षु महासंघको संरक्षकत्वमा २०२० बाट संस्थागतरूपमा सञ्चालित यस शिक्षणसंस्थामा स्थापनाकालदेखि भिक्षु बुद्धघोषमहस्थविर परीक्षा नियन्त्रक भएर कार्यहरू गर्नु भएको थियो । १० वर्षसम्मको पढाई हुने यस शैक्षिक प्रणालीमा प्रत्येक वर्ष परीक्षा हुने र परीक्षा पास भएका हरूलाई पदक तथा प्रमाणपत्र दिने चलन छ । सातवर्ष सम्म अध्ययन पश्चात 'परियत्ति सद्धम्मपालक' र दशवर्षसम्मको अध्ययन पश्चात 'परियत्ति सद्धम्म कोविद' उपाधि दिने चलन पनि अनवरत रूपमा अगाडि बढिरहेको छ ।

नेपालको एक सानो शहरमा विजारोपन भएको यस शिक्षाले क्रमशः शाखाउपशाख बढाउँदै अहिले सम्ममा ६० भन्दा बढी स्थानमा परियत्ति शिक्षण केन्द्र स्थापना भइसकेको छ । काठमाडौं उपत्यकाका विभिन्न विहारहरूका साथै पूर्वमा धरान, मध्यमाञ्चलमा काभ्रे, पश्चिममा तानसेन र लुम्बिनीका साथै सुदुर पश्चिममा समेत यस शिक्षाले प्रवेश पाइसकेको छ । परियत्तिले उत्पादन गरेका जनशक्तिहरूले विभिन्न नयाँ बौद्ध गतिविधिलाई शुरु गर्नुका साथै बुद्धशिक्षालाई संस्थागत गर्न गरेको प्रयास स्वरूप नै आज नेपालमा बुद्धशिक्षाका विभिन्न विधाहरूमा उच्चशिक्षा संचालनमा आइसकेका छन् । यसकारण आजको बौद्ध शिक्षा अध्ययन गर्ने अवसर नेपाली जनताहरूले प्राप्त गर्न सक्नुमा नेपाल बौद्ध परियत्ति शिक्षाको ठोस भूमिका रहेको स्पष्ट हुन्छ । वर्तमानमा बौद्धहरूको बीचमा परियत्ति शिक्षाको अध्ययन एक अभिन्न अंग जस्तैं देखिएको छ ।

## १४. विपश्यना ध्यान केन्द्रको स्थापना

बुद्धधर्ममा ध्यानभावना एक अत्यावश्यक रूपले गर्नुपर्ने अभ्यास हो । ध्यान भावनाबिना धर्मलाई वास्तविक रूपमा चिन्न सकिँदैन । बुद्धशिक्षामा शील प्रारम्भिक आधार हो भने त्यस आधारमा बसेर समाधिको अभ्यास गर्नुपर्छ त्यसपछि मात्र प्रज्ञा प्राप्तभई सम्पूर्ण दुःखको निरोध हुन्छ ।



https://dhamma.digital

हुन त ध्यान भावनाको अभ्यास थेरवाद बुद्धशासन स्थापना भएको प्रारम्भकालदेखि नै स्थानीय विहारहरूमा सञ्चालन हुँदै आइरहेको थियो । विशेषरूपले भिक्षु महाप्रज्ञा तथा भिक्षु प्रज्ञानन्द महास्थविरबाट विहारमा आउनुहुने उपासक उपासिकाहरूलाई ध्यानभावना सिकाउने कार्य गराउँदै आइरहनुभएको थियो । १९८७ मा भिक्षु प्रज्ञानन्द महास्थविरबाट मातातीर्थमा विपश्यना ध्यान सिकाउनुभएको थियो । बर्माबाट अध्ययन पश्चात फर्कनुभएका भिक्षु बुद्धघोष महास्थविरबाट पनि ध्यान भावनाको महत्वलाई प्रकाश पार्दै पुस्तक लेखन र अभ्यास गराउने कार्य भइरहेको थियो । भिक्षु ज्ञानपुर्णिक "धम्माचरिय" र अनागारीका धम्मवती "धम्माचरिय" हरू बर्मामा अध्ययन पश्चात फर्कनुभएपछि ध्यानभावनाको सम्बन्धमा दिनु भएका प्रवचन आदिले पनि ध्यानभावनाकोबारेमा जिज्ञासा बढ्न गएको थियो । विपश्यना आचार्य सत्यनारायण गोयन्काबाट भारतका विभिन्न ठाँउमा र पछि महाराष्ट्रको इगतपुरीमा स्थायी रूपमा स्थापित विपश्यना ध्यान केन्द्रमा सञ्चालन हुने दश दिवशीय र ३० दिनको विपश्यनाका शिविरमा नेपालका प्रमुख उपासकहरू पनि भागलिन जाने क्रम सुरु भयो ।

यसै बिचमा धम्मवती गुरुमांको प्रयासमा उहाँकी गुरुआमा १९७९ मा म्यानमारबाट अनागारीका दो पञ्ञाचारीको आगमन भयो । धम्मवती गुरुमांको अगुवाइमा व्यवस्थापनमा दो पञ्ञाचारी गुरुमांबाट दैनिक रूपले धर्मकीर्ति विहारमा विपश्यनाको सामूहिक अभ्यास गराउने कार्य शुभारम्भ गर्नुभयो । केही दिनसम्म एक घण्टाको सामूहिक ध्यानको प्रशिक्षण पश्चात बनेपाको ध्यानकुटी विहारमा धर्मकीर्ति विहारको आयोजनामा एक सप्ताहको ध्यान शिविर सञ्चालन गर्नुभयो । नेपालको बौद्ध इतिहासमा ध्यानकुटी विहारमा भएको यो शिविर नै औपचारिक रूपमा आयोजना गरिएको प्रथम विपश्यना शिविरको रूपमा लिन सकिन्छ । उक्त शिविरमा बर्मा भाषामा दो पञ्ञाचारी गुरुमांले दिनुहुने ध्यानको निर्देशनलाई अनागारिका धम्मवती गुरुमांले अनुवाद गर्नुहुन्थ्यो ।

ध्यान भावनाको अभ्यासमा फड्को मार्ने कार्य विपश्यना आचार्य



https://dhamma.digital

सत्यनारायण गोयन्काको नेपालमा आगमन पश्चात भएको थियो । सन् १९८१ मा सर्वप्रथम आनन्दकुटी विहारमा दश दिवशीय ध्यानशिविरको आयोजना भयो । भगवान् बुद्धको शिक्षा मात्र बुद्धिविलासको रूपमा बुझ्न सकिँदैन, विपस्सना भावनाको अभ्यासद्वारा स्वयं अनुभूतिबाट जान्नुपर्ने शिक्षा हो भन्ने सन्देश सहित उहाँबाट सञ्चालन गर्नुभएको विपस्सना ध्यान शिविरबाट नेपालको बौद्ध समुदायमा ध्यान सिक्ने नयाँ लहर आएको थियो । उहाँको दशदिवशीय शिविरको लोकप्रियता दिनानुदिन बढ्दैगयो । अतः अर्को वर्ष सन् १९८२ मा दोश्रो पटक बुढानीलकण्ठको बोर्डिड स्कुलमा आचार्य सत्यनारयण गोयन्काबाट शिविर सञ्चालन भयो । त्यसपछि तेश्रो शिविर सन् १९८३ मा रामसिंह गुरुबाट आनन्दकुटी विद्यापीठमा सञ्चालन भयो । त्यसपछि सन् १९८४ र १९८५ दुईवर्ष भित्रमा आनन्दकुटी विद्यापीठ स्कूलमा चौथो, पाँचौं र छैठौं पटकको तीनवटा दश दिवशिय ध्यान शिविरहरू लगातार सञ्चालन भयो ।

ती शिविरहरूमा भागलिएका अधिकांश व्यक्तिहरूले भगवान् बुद्धले देखाउनुभएको वास्तविक मार्गको बारेमा जानकारी प्राप्त भएको संतोषपूर्ण उद्‌गार व्यक्त गरेका थिए । नेपालका प्रमुख उपासक उपासिकाहरूले भाग लिएको उक्त शिविर पश्चात दशदिवशीय शिविरहरू सञ्चालन गर्न नेपाली बौद्ध समुदायमा एउटा नयाँ जोशजाँगर आयो । नेपालमा विपस्सना ध्यान अभ्यासको जग दरिलो बनाउने उद्देष्यले स्वयं विपश्यना आचार्य सत्यनारायण गोयन्का पटक पटक नेपाल आउनु भएको थियो । उहाँ काठमाडौं आउनुहुँदा राष्ट्रिय सभागृह, प्रज्ञाप्रतिष्ठानको भवन आदि ठाउँमा सार्वजनिक रूपमा विपस्सना ध्यानभावना सम्बन्धी प्रवचनको आयोजनाहरू पनि गरिएको थियो ।

एवं प्रकारले नेपाली बौद्ध समाजमा सतिपट्ठान विपश्यना ध्यान विस्तारै प्रचार प्रसार हुँदै आएको छ । ध्यानको आवश्यकतालाई महसुस गरी ध्यान अभ्यास गर्न र गराउन उपयुक्त वातावरण सहितको एक ध्यानभावना स्थल निर्माण गर्न अति आवश्यक भएको महसुस भयो ।



https://dhamma.digital

बुद्धशिक्षा सम्बर्द्धन एवम् संरक्षण तथा ध्यान शिविर सञ्चालन गर्न एक सुसंगठित संस्था वाञ्छनीय भएकोले वि.सं. २०४२ सालमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको स्थापना भयो । केही वर्षपछि अर्को ध्यानकेन्द्र वि.सं...मा रत्न विपस्सना विहार स्थापना भयो । वर्तमान समयमा सत्यनाराण गोयन्का गुरुले सिकाउने प्रविधिबाट गरिने विपस्सना ध्यान केन्द्रहरू नेपालमा धेरै स्थापना भइसकेको छ। कोभिड १९ को बेला इन्तरनेटको सहायताले zoom मा ध्यान अभ्यास गराउने प्रचलन थेरवादी भिक्षु तथा गुरुमांहरूले ल्याउनुभयो। नेपाली बौद्ध समुदायले ध्यानको महत्व जानेर अब नियमित ध्यान गर्नेहरूको संख्या दिनहुँ बढदै आएको छ। नेपाली बौद्ध समाजको पुरानो रीतिरिवाज, संस्कृति, संस्कार पद्धतिभन्दा नितान्त उच्च तवरले विशुद्धरूपले विपस्सना ध्यान अभ्यास गर्ने गराउने प्रचलन थेरवादी बौद्ध गुरुहरूले स्थापना गर्नुभएको नयाँ परम्परा हो।

## १५. बौद्ध साहित्यको प्रकाशन

विश्वसभ्यताको इतिहाससँग तुलना गर्दा नेपालमा अध्ययन अध्यापनको शुरुवाट निक्कै पछि शुरु भएको देखिन्छ। नेपाल सरकारले देखाएको तथ्यांक अनुसार सन् १९५२/५४ (वि.स.२००९/११) मा नेपालमा जम्मा १०,००० विद्यार्थी थिए तथा ३०० स्कूल थिए। Adult literacy rate ५ प्रतिशत थियो । यस हिसाबले थेरवाद शासन पुनर्जागरणको समय अथवा वि.सं. १९८० को दशकमा त्यो भन्दा बढी जनसंख्या साक्षर हुनसक्ने संभावना कमै हुन सक्ने अनुमान गर्न सकिन्छ। त्यस्तो समयमा पनि थेरवादी भिक्षुहरू, उपासक उपासिकाहरूले शिक्षण क्षेत्रमा पनि जागरण ल्याउने कार्य गरेको थियो । राणा शासनकालमा सामान्य जनतालाई औपचारिक शिक्षाको अवसरबाट वञ्चित गरिएको र बौद्ध साहित्यप्रति शासकहरूको नकारात्मक दृष्टिकोणले त हदै नाघ्ने काम भएको थियो । जंगबहादुरको कालमा पुराना बौद्ध ग्रन्थहरूलाई फाल्न लगाएरको थियो।



https://dhamma.digital

शिक्षाको पारिलो घामबाट बहुसंख्यक जनता बञ्चित गराइएको त्यो परिस्थितिमा अध्ययन गर्नुको महत्वलाई बुझाउन बौद्ध अनागारिका धर्मचारीले ुस्वदेसवासी दाजुकिजा तता केहेँपिं विद्या ब्वना दियेमालु अथवा स्वदेशबासी दाजुभाई दिदीबहिनीहरू शिक्षा ग्रहण गर्नुपऱ्यो भन्ने सन्देशमूलक गीतको रचना गरी शिक्षामा जागरण ल्याउने कार्य भएको थियो । साक्षरता धेरै न्युन भएको त्यस्तो परिस्थितिमा पनि थेरवाद बौद्ध जागरणले बौद्ध साहित्य लेखन र प्रकाशन उल्लेखनीय रूपमा गरेको थियो । यसरी बुद्धभूमिमा बौद्ध साहित्यको प्रकाशनमा महत्वपूर्ण भूमिका खेल्ने काम थेरवाद बौद्ध भिक्षुहरूले र अनागारिकाहरूले गर्नुभएको थियो । तर जंगबहादुरले बौद्ध साहित्यप्रति गरेको रवैया पुनः जुद्धशमशेरबाट दोहोऱ्याउने काम भयो । विशेष गरेर भिक्षु अमृतानन्दद्वारा लिखित नेपालभाषाका बौद्ध पुस्तकहरू, त्रिरत्न वन्दना, पाठ्यसुत्र, धम्मपद, बुद्ध जीवनी, गृही विनय आदि ग्रन्थहरू सन १९४३ मा जफत गरेका थिए ।

शासकहरूको यस्तो रवैयाको बावजूद भिक्षुहरूले बुद्धको अमृतमय शिक्षा जनमानसमा फिजाउने कार्यमा निरन्तरता दिँदै गए । प्रारम्भकालमा भिक्षु महाप्रज्ञाबाट सन् १९३९ मा पालि साहित्यमा अन्तर्निहित बुद्धको जीवनीलाई नेपाली बौद्धहरूको चिरपरिचित ग्रन्थको ललितविस्तर को नाम दिई प्रकाशन गर्नुभयो । उहाँले आफैले प्रेस बनाई पालि भाषाको ललितविस्तरलाई अनुवाद गरी नेपाल भाषामा प्रकाशित गरको थियो । त्यस्तै प्रज्ञानन्द महास्थविर, धम्मालोक महास्थविर, अमृतानन्द महास्थविर, सुबोधानन्द महास्थविर, महानाम महास्थविर, बुद्धघोष महास्थविर, विवेकानन्द महास्थविर, कुमार काश्यप महास्थविर, सुदर्शन महास्थविर, ज्ञानपूर्णिक महास्थविर, अश्वघोष महास्थविर, अनागारिका धम्मवती 'धम्मचरिय' आदि भिक्षु तथा अनागारिकाहरूलाई थेरवाद पुनर्जागरणमा पुस्तक लेखनकार्यमा उल्लेखनीय योगदान दिएका व्यक्तित्वहरूको रूपमा लिन सकिन्छ ।

थेरवादी भिक्षु तथा गुरुमांहरूले ८ वटा महाकुसल मध्ये धर्मग्रन्थ प्रकाशित गर्नु एक हो भन्ने सन्देशलाई समेटी प्रभावशाली



https://dhamma.digital

ढंगले धर्मदेशना गरेर पुस्तक प्रकाशन गर्नमा आर्थिक दाता बन्न प्रेरणा दिनुभयो । आफन्तको पुण्यस्मृतिमा बौद्धपुस्तक प्रकाशन गर्ने नयाँ परम्परा शुरुगर्नुभयो । यस कार्यको थालनी विशेष गरेर धम्मवती गुरुमांले गर्नुभएको हो । हालको समयमा कुनै आफन्त, विशेष गरी दिवंगतको पुण्यस्मृतिमा बौद्ध पुस्तकहरू प्रकाशन गर्ने प्रचलन व्याप्त भइसकेको छ । यसले गर्दा नेपालभाषा र नेपाली भाषामा थुप्रै बौद्ध पुस्तकहरू प्रकाशनमा आउन सकेको छ ।

पछिल्लो समयमा मूल पालि त्रिपिटककै अनुवाद गर्ने महान कार्य पण्डित दुण्दबहादुर वज्राचार्यले शुरु गर्नुभयो । उहाँले वर्षौंदेखि अथक प्रयास गरी मूल त्रिपिटकका ग्रन्थहरू नेपालभाषा र नेपाली भाषामा वीरपूर्ण पुस्तकालयबाट प्रकाशित गर्दै आउनुभएको छ । त्यस्तै भिक्षु धर्मगुप्त महास्थविरबाट अट्ठकथा साहित्य अनुवाद तथा सम्पादन गरेर प्रकाशन गर्न थाल्नुभयो । उहाँले पालि साहित्यका महत्वपूर्ण ग्रन्थहरूसँगै पालि-नेपाली शब्द कोश समेट प्रकाशन गर्नुभयो । अनागारिका अग्गञाणी तथा अनागारिका विमलञाणीले पनि मूल पालिका ग्रन्थहरू अनुवाद गरी प्रकाशन गर्ने कार्य गर्नुभयो । यस प्रकार थेरवादी भिक्षुहरू तथा गुरुमांहरू, तथा उपासक उपासिकाहरूको समेट अथक प्रयासमा नेपालीहरूले आफुले बुझ्ने भाषामा पालि साहित्य अनुवाद भएर आएपछि वर्तमानमा नेपाली बौद्ध समाजमा पालि त्रिपिटक अध्ययन अध्यापन गर्ने अभ्यास व्याप्त भएको छ ।

### १६. बौद्ध पत्रपत्रिकाको प्रकाशन

थेरवाद बुद्धशासनको पुनर्जागरण सँगसँगै बौद्ध पत्रिका प्रकाशन गर्ने कार्यपनि शुरु भएको थियो । नेपालमा प्रेसको सुविधा प्रशस्त नभएको र छाप्ने वातावरण नभएको अनुकूल परिस्थितिमा पनि धर्म र भाषाप्रति श्रद्धालुहरूबाट पत्रपत्रिकाको प्रकाशनकार्य शुरु गरेको थियो । यसै क्रममा जगतमान वा धर्मादित्य धर्माचार्य कलकत्तामा अध्ययनार्थ जानुहुँदा त्यहाँ प्रकाशन हुने 'धर्मदूत' पत्रिकाबाट प्रभावित भएर सन् १९२६ मा 'बुद्धधर्म



https://dhamma.digital

र नेपालभाषा' नामक पत्रिकाको प्रकाशन भएको थियो ।

पछि कलकत्तामा रहेको धर्मोदय सभा नेपालमा ल्याई सकेपछि 'धर्मोदय' पत्रिका प्रकाशन भयो । वि.सं २०२९ सालमा आनन्दकुटी विहारगुठिबाट आनन्दभूमि पत्रिका प्रकाशन गर्ने कार्य भयो । यस पत्रिकाको शुरुका सम्पादक भिक्षु अश्वघोष महास्थविर र व्यवस्थापनमा भिक्षु महानाम थिए । शुरुमा नेपालभाषामा मात्र निस्केको यस पत्रिकामा पछिल्ला समयमा नेपाली र अंग्रेजीमा समेत लेख रचनाहरू छापिने क्रम शुरु भयो । आनन्दभूमि पत्रिका प्रकाशन भएको केही समय पश्चात वि.सं. २०२९ मा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट भिक्षु अश्वघोष महास्थविरकै सम्पादकत्वमा 'धर्मकीर्ति' पत्रिका पनि शुरुमा वार्षिक र पछिबाट बौद्ध मासिकको रूपमा प्रकाशन गर्ने कार्य भयो । उपत्यकामा यी दुई बौद्ध मासिक प्रकाशन भइरहने क्रममा पोखराको धर्मशीला बुद्ध विहारबाट पनि मासिक रूपमा धर्मचक्षु नामको पत्रिका तिलकमान गुभाजुको सम्पादकत्वमा निस्कन थाले । मासिक बाहेक विभिन्न विहारहरूबाट वर्षको एकपटक विशेष गरी बैशाख पूर्णिमाको दिन पत्रिका निकाल्न थालेको छ । बुद्ध जयन्तीको शुभ अवसरमा बुद्ध जयन्ती समारोह समितिबाट स्मारिका, संघाराम विहारबाट संघाराम, बौद्ध महिला संघबाट धर्मचक्र, युवा बौद्ध समूहबाट धर्मभूमि, विश्वशान्ति पुस्तकालयबाट विश्वशान्ति आदि वार्षिकरूपमा निस्कने पत्रिकाहरूको उदाहरण हुन् ।

यसरी पत्रपत्रिकाको माध्यमबाट थेरवाद शासनलाई प्रचार प्रसारमा भिक्षु, अनागारिका, गृहस्थ उपासक उपासिकाहरू लागि परेका छन् । यस कार्यबाट नेपाली बौद्ध समाजमा पत्र पत्रिका पढ्ने पाठकहरू तथा पत्र पत्रिकामा लेख रचना लेखेर प्रकाशित गर्ने लेखकहरूको संख्या पनि बढ्दैआएको छ ।

## १७. थेरवादी बौद्ध संघसंस्थाहरूको स्थापना

धमादित्य धर्माचार्यबाट भारतीय भूमिमा बसेर धर्मप्रचार



https://dhamma.digital

गर्दै बौद्धोपासक संघ भनेर थेरवाद शासनलाई सहयोगी संघको रूपमा स्थापना भएको थियो । भारतमा स्थापना भएको धर्मोदय सभाले थेरवाद पुनर्जागरण कालमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । पछि गएर २००७ सालमा अखिल नेपाल भिक्षु संघको स्थापनापछि भिक्षुहरूको तर्फबाट सशक्तरूपमा थेरवाद बुद्धशासनलाई प्रचार प्रसारमा अघिसार्ने कार्यभयो। यस संघको निर्माणपछि थेरवादी भिक्षुहरूको शासनिक कार्यमा सघाउन गृहस्थहरूले पनि विभिन्न संघसंस्था स्थापना गरेर धर्म प्रचारमा लाग्ने कार्यको थालनी भयो ।

युवाहरूलाई धर्मप्रचारमा सक्रिय गराएर उपत्यकाका गाउँ गाउँमा र शहरका विभिन्न टोलटोलमा धर्मको जागरण जगाउने कार्यको थालनी भिक्षु अश्वघोष महास्थविरबाट शुरुवाट गर्नुभएको थियो । नेपाल बौद्ध परिषद नामको संस्था गठन गर्नु भई धर्मको व्यावहारिक ज्ञान युवामाझ परिचित गर्ने उहाँको कार्यले वि.सं को ३० औं दशकमा महत्वपूर्ण भूमिका खेलेको थियो भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, अनागारिका धम्मवती 'धम्माचरिय' आदि भिक्षु तथा गुरुमांहरूबाट दिनुभएको सारगर्भित प्रवचनले बुद्धशिक्षाको बारेमा सिक्न पाई श्रद्धालु भई बुद्धधर्मप्रति समर्पित भएका थिए । यसैको निरन्तरता स्वरूप सन् १९७१ मा धर्मकीर्ति अध्ययन गोष्ठीको शुभारम्भ भयो । अनागारिका धम्मवतीको नेतृत्वमा स्थापित उक्त अध्ययन गोष्ठिबाट युवाहरूलाई शिलशिलाबद्ध रूपमा धर्मप्रति श्रद्धा जगाउने र अध्ययन अध्यापनमा जोडदिने कार्य भयो जसको फलस्वरूप धर्मप्रति दत्तचित भएर लाग्ने मात्र होइन धर्मप्रचार प्रसारमा लाग्न सक्षम युवाहरूको उत्पादन हुने काम पनि भयो ।

यसै क्रममा विश्वबौद्ध भातृत्व संघको युवाहरूको संघको रूपमा युवक बौद्ध मण्डल नेपालको स्थापना स्थानीय ललितपुरका युवाहरूले सन् १९७० मा गरको थियो । यसका विभिन्न संघसंस्थाहरू अहिले नेपालका विभिन्न ठाउँमा छरिएर रहेको छ। धर्मोदयको भगिनी संस्थाको रूपमा यसले आफ्नो कार्यकलापहरू अगाडि बढाउँदै छन् ।



https://dhamma.digital

महिलाहरू पनि संगठित भएर धर्म प्रचारमा लाग्नुपर्ने आवश्यकतालाई महशुस गर्दै सन् १९८१ मा नेपाल बौद्ध महिला संघ स्थापना भयो । बुद्धधर्म प्रवर्धन कार्यमा सहयोग गर्ने, परियत्तिको विकासमा सहयोग गर्ने तथा विपश्यना ध्यानलाई प्रचार गर्ने कार्य, तथा नेपालमा पहिलो बौद्ध म्यूजियम स्थापना गरी सञ्चालन गर्ने कार्यमा यो संस्था मुख्य रूपमा समर्पित भएको छ ।

१९८२ मा विधिवत युवा बौद्ध समूहको नाउँमा स्थापना भइसकेपछि विभिन्न विहारलाई केन्द्रविन्दु बनाएर धर्मजागरणका महत्वपूर्ण कार्य हुँद गयो । भिक्षु सुदर्शन महास्थविरको नेतृत्वमा जनजातिहरूलाई जागरण गर्ने कार्यक्रम शुरु गरी कीर्तिपुरमा बौद्ध जागरण तथा नेतृत्व विकास शिविरहरू संचालन हुँदै गए । यसै कार्यक्रमको निरन्तरता स्वरूप भिक्षु अश्वघोषको नेतृत्वमा संघाराम विहार र बनेपाको ध्यानकुटी विहारमा दर्जन भन्दा बढी पटक सात दिने र दशदिनको जागरण कार्यक्रम सम्पन्न भयो । ठिमीका श्री गोपाल प्रजापति, धर्मसुन्दर शाक्य, श्याम मानन्धरको विशष सक्रियतामा भएको उक्त सप्ताहव्यापी पञ्चशील अभियान बाट ठिमीमा बौद्ध जागरणको थप उत्साहा थपियो र धर्म प्रचार प्रसारमा गति लियो उपत्यका बाहिर पञ्चशील अभियान गर्ने क्रममा २०४५ को फागुनमा श्री धर्मरत्न शाक्य त्रिशुली को पहलमा त्रिशुली बजारमा पञ्चशील अभियान सम्पन्न भयो । यस्तै किसिमले उपत्यकाका विभिन्न गाउँहरू विशेष गरी खोकना,  लुभू, चापागाउँ आदि ठाउँमा पनि पञ्चशील अभियान कार्यक्रमको आयोजना गरियो । त्यसपछि २०४७ देखी जनजातिहरू माझ बौद्धजागरण कार्यक्रम संचालन गर्नेकार्यमा युवा बौद्ध समूहले आफ्नो ध्यान केन्द्रित गरेको थियो । युवा बौद्ध समूहको आयोजनामा  उपत्यका बाहिर पूर्वमा संखुवासभा खाँदबारी देखि पश्चिममा सुर्खेत तथा धनगढिसम्म बुद्धधर्मको परिचय दिने बौद्धजागरण कार्यक्रम सञ्चालन भएको थियो ।

पाटनको ज्योतिदय संघ, सुखी होतु नेपाल, चारुमती बुद्धिष्ट मिसन नेपाल, मेत्तासेन्टर, धर्मविजय पदनम आदि बौद्ध संस्थाहरूले



https://dhamma.digital

थेरवाद शासन अभिवृद्धिको लागि विभिन्न कार्यकलाप अगाडि बढाइरहेको छ । भक्तपुरमा युवा बौद्ध पुचः, मैत्रेय युवा संघले पनि युवाहरूलाई जागरण ल्याउन सक्रिय भइरहेको छ । यस्तै उपत्यका बाहिर धरानमा युवा बौद्ध साथी, पोखरामा युवा बौद्ध संघ, तानसेन, बुटवल, बाग्लुङ, म्याग्दी आदि ठाउँमा पनि विभिन्न संघहरू थेरवाद बुद्धधर्म प्रचार प्रसारमा सक्रिय छन् । बौद्ध ग्रन्थ प्रकाशन गर्ने संस्थाहरूमा वीरपूर्ण पुस्तकालय, धर्मकीर्ति प्रकाशन, धम्म डिजिटल, बौद्ध परियत्ति केन्द्रहरू आदि सक्रिय छन् ।

यस प्रकार थेरवादी भिक्षु तथा गुरुमांहरूको नेतृत्वमा संस्थागत रूपले तीव्र गतिमा बौद्ध गतिविधिहरू अगाडि बढिरहेको वर्तमान नेपाली बौद्ध समाजको विशेषता हो ।

Dhamma.Digital



https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
## तृतीय पत्र

# नेपालमा बौद्ध समाज
## पाठ्यक्रम

**अंक विभाजन** : एकाई १ को ३० अंक, एकाई २ को २० अंक, एकाई ३ को १५ अंक, एकाई ४ को १५ अंक र एकाइ ५ को २० अंक )

जम्मा शिक्षण अवधि १५०

एकाई १ : नेवार बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार
शिक्षण अवधि ४०

एकाई २ : तामांग बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार
शिक्षण अवधि ३०

एकाई ३ (क) : गुरुंग बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार
शिक्षण अवधि २५
(ख) : मगर बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

एकाई ४ (क) : शेर्पा बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार
शिक्षण अवधि २५
(ख) थारु बौद्ध समाज : इतिहास, धर्म, संस्कृति, संस्कार

एकाइ ५ : नेपाली बौद्ध समाजमा थेरवाद परम्पराको व्यापकता
शिक्षण अवधि ३०



https://dhamma.digital

**सन्दर्भ सामग्री :**

भिक्षु सुदर्शन, *बौद्ध संस्कृति*

धर्म रत्न शाक्य, *बौद्ध संस्कार पद्धति*

कोण्डन्य, *नेपालका बौद्ध जनजाती*

निर्जला संग्रौला, *ईटहरीको सप्तरीको तथा मोरङ्गका थारू : एक अध्ययन* शोध-पत्र (स्नातकोत्तर)

जगमान गुरूङ्ग, "धर्मोदय सभा" को दोस्रो राष्ट्रिय बौद्ध सम्मेलनमा बु. सं. २५३३ को कार्यपत्र ।

डा. त्रिरत्न मानन्धर, *नेपालमा थेरवाद बुद्धधर्म* अप्रकाशित अनुसन्धनात्मक लेख, २०८१ ।

*The Real story या The Tharus* को १३ औं महासम्मेलन (२०४७) को स्मारिका ।

तुलाधर, लाभरत्न - *महाप्रज्ञाको आत्मकथा* अनु.(२०१२) काठमाडौं: उपासक उपासिक, बौद्धऋषि महाप्रज्ञा आश्रम

प्रधान, भुवनलाल - *काठमाडौं उपत्यकाका केही सांस्कृतिक छिर्कामिर्का* (२००७) काठमाडौं : सुमित्रा गुरु[a]

प्रधान, भुवनलाल - *नेपालमा बौद्धधर्म* (२०४५) काठमाडौं : प्रज्ञाप्रतिष्ठान

बज्राचार्य, भद्ररत्न- *नेपालमा थेरवादी बौद्ध सम्प्रदाय एक अध्ययन* (२०५८) काठमाडौं : ऋल्ब्क,

महास्थविर, अमृतानन्द - *नेपालमा थेरवाद शासनको इतिहास* (१९८८) काठमाडौं : आनन्दकुटी विहार गुठी

महास्थविर, सुदर्शन - *बौद्ध संस्कृति* (१९९८) काठमाडौं : नगर मण्डप श्री कीर्ति बिहार

महास्थविर, सुदर्शन - *विश्वय् बुद्धधर्म* (१९९६) ललितपुर : धर्मरत्न त्रिशुली



https://dhamma.digital

महास्थविर, सुदर्शन - *महापरित्राण* (२०६८) काठमाडौं : आनन्दकुटी विहार गुठी

महास्थविर, सुदर्शन र दबलकाजी तुलाधर- *नेपाःया थेरवादी बुद्धशासनया इतिहासय् लूपिं सतपुरुषतय्गु लुमन्ति मुनाः* (१९८८) काठमाडौंः कयो मय्जु तुलाधर

मानन्धर, तिर्थ नारायण ( *जिगु लुमन्ति यें दे म्हिगः व थौं* ( ई.सं २००७) काठमाडौंः नेपाल भाषा परिषद

रंजित, देव तथा अन्य (सं) (*युवा बौद्ध समूहको रजत वर्षको स्मारिका* ( ई.सं २००७) काठमाडौंः युवा बौद्ध समूह

रेग्मी, जगदीशचन्द्र - *नेपालको धार्मिक इतिहास* (१९८२)काठमाडौं : रत्न पुस्तक भण्डार

संघरक्षित, भिक्षु - *नेपालमा बुद्धधर्म समुन्नतिको लागि भिक्षु अश्वघोषको देन* (२००४)काठमाडौं : सत्यसन्देश प्रचारक प्रकाशन

शाक्य रत्नसुन्दर - *बौद्धजगतका स्मरणीय व्यक्तिहरु* -भाग ४ (२००३) भक्तपुर : बिबेकानन्द लुमन्ति प्रकाशन

शाक्य रत्नसुन्दर - *बौद्धजगतका स्मरणीय व्यक्तिहरु* -भाग ५ (२००९)काठमाडौं : सुखी होतु नेपाल

शाक्य, सुवर्ण - *नेपाल बौद्ध परियत्ति शिक्षा स्मारिका* (१९८९) ललितपुरः नेपाल बौद्ध परियत्ति शिक्षा रजतजयन्ती समारोह समिति

Gellner, David N. *"Gyanmala Bhajan (Devotional songs)"*. (2008 A.D) UK: Lumbini Nepalese Buddha Dharma Society

Levina, Sarah and David N.Gelner –*Rebuilding of* Buddhism (2005 A.D) London: Harvard University Press

Manandhar, Triratna – *Paritrana Tradition in Nepal* (2003) an unpublished thesis: TU



https://dhamma.digital